जातिशास्त्रीय अध्ययन श्रृङ्खला २८

ताङ्गबे जातिको चिनारी

हरिचन छन्त्याल
फूर्प छिरिङ ताङ्गबे

प्रकाशक

नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

ताङ्बे जातिको चिनारी

लेखकद्वय : हरिचन छन्त्याल र फूर्प छिरिङ ताङ्बे
प्रबन्ध सम्पादक : सरीना गुरुङ
भाषा सम्पादक : पदम राई

प्रकाशक : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर, नेपाल
फोन नं. +९७७-०१-५१८३२५२/५१८३१७४
Email: mail@nfdin.gov.np
URL: www.nfdin.gov.np

सर्वाधिकार : प्रकाशक

प्रकाशन प्रति : ३००
संस्करण : प्रथम, सम्वत् २०७९ (सन् २०२२)

आवरण तस्बिर : **चेतन आनन्द सिंह ताङ्बे**
मुद्रण : क्लासिक प्रिन्टिङ सर्भिस
अनामनगर, काठमाडौं, नेपाल
फोनः +९७७-०१-४१०२६०२

ISBN NO. : 978-9937-9548-8-4

TANGBE JAATIKO CHINARI, RESEARCH & WRITTEN BY ***HARICHAN CHHANTYAL & PHURPA CHHIRING TANGBE. IN 2022***
प्रकाशकको स्वीकृति नलिई समीक्षा र अन्य अनुसन्धानात्मक उद्धरणबाहेक यस पुस्तकको कुनै पनि अंश पुनः मुद्रण गर्न पाइने छैन ।

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

उपाध्यक्षको मन्तव्य

नेपालका आदिवासी जनजातिहरूका मातृभाषा, लिपि, संस्कार-संस्कृति प्रकाशन गर्ने सिलसिलामा '**ताङ्बे जातिको चिनारी**' नामक कृति प्रकाशन गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

नेपालको अमूल्य सम्पत्तिका रूपमा रहेका बहुभाषा, बहुसंस्कृति, बहुधर्म नेपालको विशिष्ट परिचयहरू हुन्। यी अमूल्य निधिहरूको विकास, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मार्फत ५९ समुदायलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरिएको छ। यसै संयन्त्रमार्फत आदिवासी जनजातिसँग सम्बन्धित जाति, भाषा, धर्म, संस्कार-संस्कृति, मातृभाषा साहित्य र समाज विकासमा नेपाल सरकारले प्रोत्साहन गर्दै आइरहेको छ। '**ताङ्बे जातिको चिनारी**' त्यही श्रृङ्खलाको निरन्तरतास्वरूप प्रकाशन गरिएको हो।

प्रस्तुत कृतिले **ताङ्बे** समुदायका भाषिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, आर्थिक र शैक्षिक अवस्थाको उजागर गरी यस क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने अध्येताका लागि महत्वपूर्ण सन्दर्भ सामग्री बन्ने कुरामा कुनै द्विविधा छैन।

अन्त्यमा, लेखकद्वय **हरिचन छन्त्याल** र **फूर्प छिरिङ ताङ्बे** साथै सम्पूर्ण **ताङ्बे** दिदीबहिनी, दाजुभाइहरूको उन्नति, प्रगतिका लागि हार्दिक शुभकामनासहित यस कृतिको लेखन, सम्पादन र प्रकाशनमा संलग्न सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु।

असार, २०७९

.....

(गोकुलप्रसाद घर्ती)

उपाध्यक्ष

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

प्रकाशकीय

जातिशास्त्रीय अध्ययन श्रृङ्खला–२८ मा **ताङ्बे जातिको चिनारी**लाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र ताङ्बे सेवा समाज संघको संयुक्त प्रयासबाट प्रकाशनमा आउन सफल भएको हो ।

नेपालका आदिवासी जनजातिहरूको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक जस्ता विविध विषयहरूमा सहयोग गर्न **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना भएको हो । सम्वत् २०४६ सालको राजनैतिक परिवर्तनपछि नेपालमा **राष्ट्रिय विकास समिति**मार्फत आदिवासी जनजातिहरूलाई सहयोग भइरहेको थियो । सम्वत् २०५८ सालमा ऐनमार्फत **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना र समायोजन भई आदिवासी जनजातिहरूको हितमा वृहत्तर र प्रभावकारी रूपमा यो समुदायको लागि काम गरिरहेको छ ।

पिछडिएका यी समुदायलाई देशको मूल प्रवाहमा ल्याउनको लागि वर्षेनी विभिन्न कार्यक्रम र परियोजनाहरूमार्फत सहयोग भइरहेको छ । आदिवासी जनजातिका बारेमा लेखिएका ऐतिहासिक दस्तावेज, जातीय, भाषिक, सामाजिक, आर्थिक र धार्मिक आदि विविध आयामका दस्तावेजहरूलाई प्रतिष्ठानले कुनै सिधै त कुनै अध्ययन-अनुसन्धान गराई कृतिको रूपमा प्रकाशन गर्दै पाठकसामु ल्याउने काम गर्दै आइरहेको छ । यसैको निरन्तरतास्वरूप '**ताङ्बे जातिको चिनारी**' प्रकाशित गरिएको हो ।

प्रतिष्ठानले सूचीकृत आदिवासी जनजाति समूहहरूको जातीय चिनारी (इथ्नोग्राफिक प्रोफाइल) तयार पार्ने क्रममा अनुसन्धानदाताद्वय **हरिचन छन्त्याल** र **फूर्प छिरिङ ताङ्बे**ले आ.व. २०६७/०६८ मा **ताङ्बे जातिको चिनारी**को अध्ययन-अनुसन्धान गर्नुभएको थियो । सो अध्ययन र लेखन प्रक्रियामा वैज्ञानिक पद्दति, मार्गनिर्देशन, सुपरीवेक्षण कार्य डा. लाल रापचा श्याँकारेलुले र डा. तारामणि राईले विश्लेषणात्मक टिप्पणी गर्नुभएको हो । ताङ्बे जातिको बारेमा यस कृतिले धेरै हदसम्म जान्न र बुझ्नलाई सहयोग पुग्नेछ भन्ने अपेक्षा गरिएको छ । यस प्रकाशित पुस्तकमा व्यक्त विचारहरू लेखकहरूका निजी हुन् ।

अन्तमा अध्ययन-अनुसन्धानदेखि प्रकाशनसम्मको कार्यमा लेखकद्वय, 'ताङ्बे सेवा समाज संघ'को सहकार्य, यो कार्यमा सहयोग गर्नुहुने सहभागीहरू, भाषा सम्पादन गर्नुहुने पदम राई साथै यो पुस्तक प्रकाशनसँग प्रत्यक्ष-परोक्षरूपमा जोडिनुभएका महानुभावहरूलाई एकमुष्ट रूपमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

सरीना गुरुङ
निमित्त प्रमुख
प्राज्ञिक तथा अनुसन्धान महाशाखा

असार, २०७९

ताङ्बे समाज सेवा संघ

केन्द्रिय कार्यालयः प्रस्याङ्ग, पोखरा-५

कास्की, गण्डकी

मुस्ताङ्ग जिल्लाको बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ (साविक छुक्साङ गा.वि.स. वडा नं. १ र २) ताङ्बे गाउँ मुलथलो र मौलिक पहिचान भएको ताङ्बे आदिवासी जनजाति हो । जो राज्यको मूलप्रवाहबाट ऐतिहासकालदेखि किनाराकृत र अदृष्य बनाइएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार सूचीकृत ५९ वटा नेपालका आदिवासी जनजाति मध्ये ताङ्बे जाति पनि एक हो । जसको मौलिक भाषा, धर्म, आर्थिक, सामाजिक, सांस्कृतिक तथा परम्परागत प्रथा जनित प्रशासनिक, व्यवस्थापकीय र कानुनी संरचना एवं अभ्यास छ । मौलिक पहिचान र ऐनमा सूचीकृत भएपनि राज्यको सम्वत् २०६८ को जनगणनामा समेत ताङ्बे जातिको गणना हुन सकेको छैन् ।

परम्परागत रुपमा पशुपालन, व्यापार र कृषि पेशामा संलग्न ताङ्बे जातिले आफ्नो मातृभाषा सेर्के बोल्ने गर्छन । उक्त सेर्के भाषाको प्रयोग क्षेत्र भने साँगुरो हुँदै गएको छ । किनभने आफ्नो जाति भित्र मात्र प्रयोग गर्छन् । प्रशासनिक, सार्वजनिक र सञ्चार आदि क्षेत्रमा प्रयोग हुँदैनन् । विशिष्ट धार्मिक आस्था र संस्कृतिका धनी हामी ताङ्बे जाति सांस्कृतिक सम्पदा र प्राकृतिक स्रोतमा सम्पन्न थियौ र छौं । तथापि राज्यको विविध खाले विभेदपूर्ण नीतिको कारणले स्रोत उपयोग र सम्पदाको विकास एवं विस्तारमा चुनौति थपिएको छ । स्थान र व्यक्तिको नाममा परिवर्तन, मातृभाषामा खस नेपाली र अंग्रजीको प्रभाव, मौलिक धर्म, संस्कृति र परम्परामा हिन्दु तथा पश्चिमी संस्कृतिको प्रभाव बढ्दै गएको छ । जसले हामी ताङ्बे जातिको मौलिक तथा सामूहिक अधिकार र निर्णयका आधारमा विकास भएका भौतिक एवं अभौतिक संस्कृतिहरु संकटपूर्ण अवस्थामा छन् ।

अर्कातिर हामी ताङ्बे जाति सम्बन्धी अध्ययन, अनुसन्धान र दस्तावेजीकरण खासै भएको छैन । यस्तो अवस्थामा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले विभिन्न प्राज्ञिक व्यक्तिहरुको संलग्नतामा सूचीकृत आदिवासी जनजातिहरुको जातिशास्त्रीय अध्ययन तथा अनुसन्धान गराएर क्रमशः प्रकाशनमा आएकोमा हर्षित छौं । यसैक्रममा ताङ्बे जातिको विविध पक्षलाई समेटेर ताङ्बे जातिको जातिशास्त्रीय चिनारी नामक पुस्तक प्रकाशन गर्न लागेमा सबै ताङ्बे र ताङ्बे समाज सेवा संघको तर्फबाट प्रतिष्ठानलाई धन्यवाद दिन चाहान्छौं ।

निकै परिश्रम र मेहनतका साथ ताङ्बे जाति सम्बन्धी अध्ययन तथा अनुसन्धान गरेर ताङ्बे जातिको चिनारीलाई पुस्तकको आकार दिनु हुने हरिचन छन्त्याल र वहाँलाई विदोष सहयोग गर्नुहुने फुर्पा छिरिङ ताङ्बे प्रति कृतज्ञता ज्ञापन गर्दछौं । दुवै जनाको प्राज्ञिक लगनशिलता र परिश्रमले नै यो चिनारी प्रकाशन सम्भव भएको हो भन्ने ठम्याइ छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा ताङ्बे जातिको चिनारी (सन् २०२२) प्रकाशन हुन लागेकोमा निकै खुशी छौं । यो अनुसन्धानात्मक कृतिले ताङ्बे जातिको बारेमा केही हद्सम्म भरपर्दो जानकारी दिनेछ भन्ने विश्वास लिएका छौं । यसर्थ लेखकहरुले ताङ्बे जाति/समुदायलाई लगाएको गुण प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

अन्त्यमा ताङ्बे जातिबारे प्रारम्भदेखि प्रकाशनको चरणसम्म सहयोग पुऱ्याउनु हुने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष, सदस्य सचिव, प्राज्ञिक तथा अनुसन्धान महाशाखाका प्रमुखसहित सबै पदाधिकारी र कर्मचारीहरुलाई ताङ्बे जातिको प्रतिनिधिमूलक र प्रथा जनित संस्थाको तर्फबाट धन्यवादसहित आभार प्रकट गर्दछौं ।

.....
चेतन आनन्द सिंह ताङ्बे
सचिव
ताङ्बे समाज सेवा संघ

.....
कसांङ छवाङ ताङ्बे
कार्यभाग अध्यक्ष
ताङ्बे समाज सेवा संघ

लेखकद्वयको भनाइ

नेपाल विविधताको देश हो । त्यही विविधताभित्र मौलिक भाषिक, धार्मिक, सामाजिक, सांस्कृतिक र परम्परागत राजनीतिक प्रणाली आदिको विकास तथा विस्तार भई जीवन्त छन् । जुन नेपालको वास्तविक पहिचान हो । एकातिर विगतदेखि नै राज्यले विविधतालाई स्वीकार गरेन । त्यसैले विभेदपूर्ण तथा एकल पहिचानवादी हस्तक्षेपकारी नीति र कानुन लागू गर्दै आयो र छ । अर्कातिर बसाइँसराइ, आधुनिकताको प्रभाव, परसंस्कृतिकरण आदि कारणहरूले नेपालका विभिन्न आदिवासी जनजातिहरूको पहिचान लोपोन्मुख अवस्थामा पुगेको छ । यसै सन्दर्भमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले गण्डकी प्रदेश, मुस्ताङ जिल्ला, बाह्रगुँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ को ताङ्बे गाउँ मूल थातथलो भएको आदिवासी ताङ्बे जातिको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिकलगायत पक्षलाई अध्ययन गरी ताङ्बे जातिको चिनारी प्रकाशनको जमर्को गर्नु सराहनीय र महत्वपूर्ण कार्य हो । जसले ऐतिहासिककालदेखि किनाराकृत र अदृष्य ताङ्बे जातिको इतिहास, भाषिक, धार्मिक, सामाजिक र सांस्कृतिक पक्षको जगेर्ना गर्न उपयुक्त आधार खडा हुने विश्वास लिएका छौं ।

ताङ्बे जातिको साङ्गोपाङ्गो अध्ययनका लागि हामीलाई छनौट गरी अध्ययन गर्ने अवसर दिएकोमा प्रतिष्ठान र प्राज्ञिक तथा अनुसन्धान महाशाखाप्रति हार्दिक कृतज्ञता टक्र्याउछौं । साथै स्थलगत अध्ययनपूर्व सञ्चालन गरिएको अभिमुखीकरण तालिममा अध्ययन, अनुसन्धान र अवलोकनलगायत अध्ययन कार्यक्षेत्रमा अपनाउनुपर्ने आधारभूत प्रक्रिया, तथ्याङ्क सङ्कलन र विश्लेषण आदिको बारेमा जानकारी र ज्ञान प्रदान गर्नुहुने अनुसन्धान अधिकृत सरीना गुरुङ लगायत प्रतिष्ठानको पदाधिकारी र प्राज्ञिक महाशाखाको कर्मचारीप्रति आभारी छौं । त्यसैगरी अध्ययन प्रतिवेदनलाई समीक्षा गर्नुहुने डा. तारामणि राईप्रति कृतज्ञ छौ । जसको योगदानले प्रतिवेदनलाई ताङ्बे जातिको चिनारीको रूपमा प्रकाशन गर्न सम्भव भयो ।

यस अध्ययनको क्रममा उपयुक्त सूचनादाता र स्थानको छनौट गर्न सहयोग गर्ने स्व. सुशील ताङ्बे, कार्यक्षेत्रमा व्यवस्थापन र आफ्नो जातिको बारेमा महत्वपूर्ण सूचना र जानकारी दिएर अत्यन्त सहयोग गर्ने ताङ्बे समाज सेवा संघका तत्कालीन अध्यक्ष तथा तत्कालीन आदिवासी जनजाति जिल्ला समन्वय समिति मुस्ताङका आदरणीय उपाध्यक्ष उत्तम ताङ्बे, स्थलगत भ्रमणको क्रममा उचित व्यवस्थापन र आफूसँग भएको सूचना प्रदान गर्नुहुने स्व. कर्म ढतुल ताङ्बे लगायत सबै ताङ्बेजनलाई धन्यवाद छ ।

साथै उहाँहरूको सहयोग, सद्भाव र सम्मानप्रति विशेष आभारी छौं ।

क्षेत्रकार्य, संस्थागत जानकारी, सूचनादाता, तथ्याङ्कको प्रमाणिकीकरण, सेर्के भाषाको सम्पादनसहित सिङ्गो अध्ययन प्रतिवेदनलाई पुस्तकको रूपमा प्रकाशनमा योगदान गर्ने ताङ्गबे समाज सेवा संघ, भातृ सङ्गठन, विभिन्न तहका समिति, संघका भूतपूर्व तथा वर्तमान पदाधिकारी, ताङ्गबे जातिको विज्ञ एवं जानिफकार र सूचनादाता, जसले अध्ययनका लागि प्रत्यक्ष-अप्रत्यक्ष योगदान गर्नुहुने सबैप्रति आभारी र ऋणी छौं ।

अन्त्यमा, अध्ययनको लागि प्रेरणा र उपयुक्त वातावरण निर्माणका लागि योगदान गर्ने हाम्रा परिवारका सबै सदस्यप्रति आभारी छौं । पुस्तकमा त्रुटि, भुल, हडबडी, छुट र मतान्तर हुन सक्छन्, यसका लागि हामी क्षमा चाहन्छौं । यस ताङ्गबे जातिको चिनारीको गुण-दोष केलाउने जिम्मा पाठक वर्गको हातमा छ । आवश्यक सल्लाह र सुझावको निम्ति खुल्ला छ । पुस्तकमा ताङ्गबे जातिको ऐतिहासिक, भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक र राजनीतिक परम्परा आदिलाई समावेश गरिएकोले सम्बन्धित जातिको एक महत्वपूर्ण अभिलेख बन्न सक्नेछ भन्ने विश्वास र आशा छ । साथै, ताङ्गबे जातिबारे चासो राख्ने र अध्ययन गर्ने अध्येयताको लागि स्रोत बन्न सक्ने अपेक्षा पनि गरेका छौं ।

असार २०७९

अनुसन्धाता
हरिचन छन्त्याल
फुर्प छिरिङ ताङ्गबे

विषयसूची

अध्यायः एक
अध्ययनको परिचय

१.१. अध्ययनको पृष्ठभूमि १
१.२. समस्याको प्रस्तुति ३
१.३. अध्ययनको महत्व र औचित्य ३
१.४. अध्ययनको उद्देश्य ४
१.५. अध्ययन विधि ४
१.६. अध्ययन क्षेत्रको छनोट ६
१.७. अध्ययनको सीमा ६
१.८. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण ७
१.९. अध्ययनको संगठन ७

अध्यायः दुई
ताङ्गबे जातिको परिचय र उत्पत्तिको इत्तिहास

२.१. पृष्ठभूमि ८
२.२. ताङ्गबेको सामान्य परिचय १०
२.३. उत्पत्तिको इतिहास १३
२.४. विगतमा भएका अध्ययनहरू १३
२.५. ताङ्गबे बुढापाकाहरूको भनाइ २१
२.६. भूमिसम्बन्धी इतिहास २३
२.७. बसाइँसराइको इतिहास २५
२.८. अन्य जातजातिसँगको सम्बन्ध २६
२.९. महत्वपूर्ण पुर्खाहरूको नाम २७
२.१०. इतिहास अवस्था २७

अध्याय: तीन
ताङ्गबे जातिको मूल थातथलो र भूगोल

३.१. भूगोल र पहिचान २८
३.२. मूलथलोको साँधसिमाना (विगत र वर्तमान) २९
३.३. मूलथलो र त्यसको आदिवासी नाम २९
३.४. हालका सघन बसोबास भएको ठाउँहरू ३०
३.५. महत्वपूर्ण भौगोलिक स्थानहरू ३०
३.६. विगतको भूमि, वन, जङ्गल, पानी, खानी, चरन जैविक विविधता वातावरण ३१
३.७. हाल भूमिको स्वामित्व, अधिकार र प्रयोग ३२

अध्याय: चार
सामाजिक संरचना र सम्बन्धहरू

४.१. ताङ्गबे जातिको बासस्थानको प्रकार ३३
४.२. घरको बनावट र प्रयोग ३५
४.३. परिवारको आकार र संरचना ३७
४.४. ल्हिच (थर वा खलक), वर्ग, खम र ल्हः ३९
४.५. नाता प्रणाली र साइनो सम्बन्ध ४२
४.६. नाता कुटुम्बमा विनिमय प्रणाली ५०
४.७. नाता कुटुम्ब प्रणालीको महत्व ५१

अध्याय: पाँच
ताङ्गबे जातिको धर्म र चाडपर्व

५.१. धर्म ५२
५.२. ताङ्गबे जातिको परम्परागत धर्म, विश्वास र दर्शन ५३
५.३. धार्मिक संघ-संस्थाहरू ५३
५.४.ताङ्गबे जातिको देवीदेवता र पूजाहरू ५४
५.५. ताङ्गबे जातिले मनाउने चाडपर्वहरू ६१
५.६. धार्मिक तथा सांस्कृतिक सम्पदा ६६
५.७. धर्म र लैङ्गिक सम्बन्ध ७०

५.८. पूजा, चाडपर्व र लैङ्गिक सम्बन्ध ७०
५.९. धार्मिक र सांस्कृतिक परिवर्तन ७१

अध्यायः छ
ताङ्गबे जातिको जीवन चक्रीय संस्कारहरू

६. प्रमुख संस्कार ७३
६.१. गर्भावस्था र जन्मावस्था ७३
६.२. ठि (चोख्याउने) ७४
६.३. भिसी त्हाङप (बच्चा बाहिर निकाल्ने) ७५
६.४. चोङघिङ ७५
६.५. फोदोमाकी ७६
६.६. विवाह ७६
६.७. थर्च्याङ ८१
६.८. मृत्यु संस्कार ८३
६.९. मृत्युपछिको जीवनसम्बन्धी विश्वास ८८
६.१०. ताङ्गबेको संस्कार र लैङ्गिक सम्बन्ध ८९

अध्यायः सात
लोक संस्कृति र परम्परा

७.१. लोकवार्ता ९०
७.२. लोकगीत र नाच ९०
७.३. लोक (संगीत) बाजा ९२
७.४. प्रमुख खाना ९२
७.५. परम्परागत जातीय भेषभूषा ९३
७.६. दैनिक रूपमा प्रयोग गर्ने सामग्रीहरू ९४
७.७. पाहुनाको सत्कार ९५

अध्याय: आठ
भाषिक, शैक्षिक र स्वास्थ्य अवस्था

८.१. ताङ्गबे भाषा (सेर्के) ९६
८.२. शैक्षिक अवस्था १०१
८.३. स्वास्थ्य अवस्था १०४

अध्याय: नौ
परम्परागत आर्थिक पद्धति

९.१. आर्थिक प्रणाली १०८
९.२. परम्परागत पेशा र जीविकोपार्जन पद्धति १०९
९.३. अतिरिक्त उत्पादन र वितरण प्रणाली ११४
९.४. खाद्य सुरक्षा ११४
९.५. भू-स्वामित्व ११५
९.६. पारिवारिक जमिनको स्वामित्वको ढाँचा र लैङ्गिक पक्ष ११६
९.७. श्रम विभाजन ११६
९.८. प्राकृतिक श्रोत साधनको व्यवस्थापन प्रणाली ११७
९.९. परम्परागत ज्ञान, सीप र प्रविधि ११७
९.१०. परम्परागत आर्थिक संस्था, यसको उपयोगिता र योगदान ११८
९.११. गैर परम्परागत पेशा ११८
९.१२. आर्थिक जीवनमा आएका परिवर्तन र असरहरू ११९

अध्याय: दश
राजनैतिक र प्रशासनिक संरचना

१०.१ ताङ्गबे जातिको परम्परागत राजनैतिक र प्रशासनिक संरचना
(अधिकार, जिम्मेवारी र प्रतिनिधित्व) १२१
१०.२. परम्परागत न्यायिक प्रणाली १२७
१०.३. परम्परागत व्यवस्थापिका प्रणाली १२८
१०.४. ताङ्गबे जातिको राजनैतिक इतिहास १३०
१०.५. जातीय मुक्ति र आदिवासी अधिकार आन्दोलनमा संलग्नता १३२
१०.६. जातीय संस्थाको अवस्था, महासंघ तथा प्रतिष्ठानसँगको सम्बन्ध १३२

१०.७. आदिवासी पहिचान र अधिकारसम्बन्धी सचेतनाको अवस्था १३३
१०.८. राजनैतिक स्वायत्तताको इतिहास र वर्तमानको चाहना १३४
१०.९. विद्यमान वहिष्करण, परामर्श र समावेशीकरण तथा सहभागिता अवस्था १३४
१०.१०. ताङ्बे जातिको परम्परागत परामर्श र सहभागिताको पद्धति १३५
१०.११. स्थानीयस्तरमा आदिवासी र गैर आदिवासीसँगको सम्बन्ध १३६

अध्यायः एघार
सारांश र निष्कर्ष

११.१. सारांश १३७
११.२. निष्कर्ष १४०

अनुसूचीहरू

अनुसूची : १ यार्तोङ् पर्वको अवसरमा गाउने गीत १४३
अनुसूची : २ धज्याङ् पर्वको अवसरमा गाउने गीत १४६
अनुसूची : ३ थर्च्याङ्ग संस्कारमा गाउने गीत १५०
अनुसूची : ४ सेर्के भाषाको केही शब्दहरू १५७
अनुसूची : ५ सूचनादाताको नामावली १६५

सन्दर्भ-सूची १६६

तालिकाको विवरण

तालिका नं. १	ताङ्बे जातिको ऱ्हिचको विवरण	४०
तालिका नं. २	ताङ्बे जातिमा भएको वर्गहरुको विवरण	४१
तालिका नं. ३	रक्त सम्बन्धको मुख्य नाताहरु	४३
तालिका नं. ४	संयुक्त रुपमा बाबु-आमाबाट बन्ने सहायक नाताहरु	४४
तालिका नं. ५	बाबुको दाजुभाइपट्टिका नाताहरु	४४
तालिका नं. ६	बुबाको दिदी बहिनीपट्टिका नाताहरु	४६
तालिका नं. ७	आमापट्टिको नाताहरु	४७
तालिका नं. ८	श्रीमतिपट्टिबाट बन्ने नाताहरु	४८
तालिका नं. ९	विभिन्न पेशा व्यवसायमा आवद्ध ताङ्बे जातिको विवरण	११०
तालिका नं. १०	फोदोमाकीमध्येबाट समुह वा समिति गठनको लागि प्रतिनिधित्व हुने सदस्य संख्याको निर्धारण विधि	११०

अध्यायः एक

अध्ययनको परिचय

१.१. अध्ययनको पृष्ठभूमि

नेपाल भौगोलिक, प्राकृतिक, जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधताको देश हो । यहाँ विभिन्न जात/जातिको बसोबास रहेको छ । नेपालमा सम्वत् २०६८ को तथ्याङ्कअनुसार १२३ भाषा र १२५ जातजाति रहेको छन् । यी जातजातिमा मंगोल-किरात, आर्य, द्रविड मूलका हुन् । धार्मिक दृष्टिमा हिन्दू, बौद्ध, इस्लाम, किरात, बोन्पो, क्रिस्चियन, शिख र प्राकृतिक धर्मसहित १० वटा धर्म मान्ने मानिस छन् ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत ५९ वटा आदिवासी जनजातिमध्ये गण्डकी प्रदेश मुस्ताङ जिल्ला बाह्रगुँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ (साविक छुसाङ गासम्वत् वडा नं. १ र २) ताङ्गबे गाउँ मूलथलो भएको जाति ताङ्गबे हो । उनीहरूले आफूलाई ताङ्गबे र ताङ्गबेतानी भनेर चिनाउँछन् । ताङ्गबे भन्दा उत्तरतिरका मुस्ताङबासी (ल्होमानथाङ)ले तईप, तीनगाउँले थकाली, मार्फाली थकाली र थकालीले ताङ्बोतेन र मनाङेहरूले तोङ्तेन भन्दछन् । नेपाल सरकारको तथ्याङ्कमा भने ताङ्गबे मौलिक र भिन्न जातिको रूपमा गणना गरिएको छैन, अन्य जातिमा समावेश गरिएका छन् ।

ताङ्गबे जातिको आफ्नै भाषा छ, जसलाई सेर्के भाषा भनिन्छ । लेखनमा देवनागरी लिपिको प्रयोग गरिन्छ । पुराना पुस्ताले मातृभाषा बोल्ने भए पनि नयाँ पुस्ता सबैले भाषा बोल्दैनन् । सेर्के भाषाको व्याकरण, शब्द सङ्कलन, शब्दकोश निर्माण र पुस्तकहरू प्रकाशन हुन सकेको छैनन् । यसले गर्दा भाषा लोपोन्मुख अवस्थामा रहेको संकेत गर्छ ।

ताङ्गबे जातिको उत्पत्ति र इतिहाससम्बन्धी तथ्य र प्रमाणहरू पाइएका छैनन् । उनीहरूको इतिहासले स्पष्ट रूप लिएको छैन । मौखिक भनाइ, किंवदन्ती, श्रुति, लोकवार्ता, भौतिक र अभौतिक संस्कृतिको पनि दस्तावेजीकरण हुन सकेको छैन । जसले गर्दा उनीहरूको पहिचानका आधारहरू बिस्तारै कमजोर हुँदै गएका छन् । ताङ्गबे परम्परा र सभ्यताअनुसार प्रयोग हुने वस्तु, व्यक्ति, सांस्कृतिक सम्पदाका

नाम तथा संवाद र सञ्चारका शब्दहरू आधुनिक शिक्षा प्रणाली लागू र शिक्षाको माध्यम भाषा खस नेपाली भएपछि नेपालीकरण हुँदै गएको छ । सेर्के भाषा अन्य जात र जातिसँगको माध्यम भाषा नभएकोले पनि असर गरेको छ। जसले पहिचानका आधारलाई थप कमजोर बनाएको छ।

ताङ्गबे जाति र सेर्के भाषा सरकारी तथ्याङ्कमा समावेश नभएकाले ताङ्गबे जातिको जनसङ्ख्या र भाषा वक्ताको सङ्ख्या एकिन छैन । उनीहरूको आन्तरिक जनसङ्ख्या विवरण र स्थलगत अध्ययनअनुसार ताङ्गबे जातिको कुल जनसङ्ख्या ६२८ छ । जसमा महिला ३१३ र पुरुष ३१५ रहेको छन् । वर्तमानमा ताङ्गबेहरू मूलथलो ताङ्गबे गाउँ तथा बसाइँसराइपछि जोमसोम, पोखरा र काठमाडौँ बसोबास गर्छन । कृषि, पशुपालन र व्यापार ताङ्गबे जातिको मुख्य पेशा हो । पहिले नेपाल, भारत र तिब्बतबिच हुने व्यापारमा मुख्य कर्ताको रूपमा रहेका थिए । ताङ्गबेहरू तिब्बतसँगको व्यापार बन्द भएपछि जोमसोम, पोखरा र काठमाडौँ आदि स्थानमा व्यापार सुरु गरेका थिए र गर्छन् ।

ताङ्गबे जातिको मौलिक प्रथाजनित राजनैतिक, न्यायिक र व्यवस्थापकीय संस्था एवं नीति, नियम र कानुन रहेका छन्, जुन हालसम्म पनि समाजमा सक्रिय छ । कार्यपालिका र न्यायपालिकाको भूमिका घेन्प, घेन्प च्याङ्प र छोक्पोले गर्छ । व्यवस्थापिकाको कार्य झोम्पो र फोदोमाकीले गर्दै आएको छ । प्राकृतिक स्रोत साधनको व्यवस्थापन, धार्मिक, सांस्कृतिक र सामजिक कार्यको नीति-नियम, सिँचाइ व्यवस्थापन, सार्वजनिक जग्गा-जमिनको संरक्षण, उक्त स्थानमा हुने फलफूलको व्यवस्थापन, आपसी मनोमालिन्यको मेलमिलाप, अन्य गाउँ र समुदायसँगको असमझदारी समाधान गर्ने आदि सम्बन्धी सबै कार्य प्रथाजनित संस्था र कानुनद्धारा सम्पन्न गरिन्छ ।

राज्यको मूलप्रवाहबाट बहिष्करण र बञ्चितिकरणमा परेका आदिवासी समुदायमध्ये ताङ्गबे जाति पनि एक हो । राज्यको विभिन्न निकाय र अंगहरूमा उनीहरूको उपस्थिति शून्य प्राय रहेको छ । उनीहरूको पहिचान र अधिकार स्थापित गर्न, रैथाने ज्ञान, सीप, कला र प्रविधिको संरक्षण एवं विकास गर्न राज्य उदासिन छ । समृद्ध नेपाल र सुखी नेपालीको भाष्यमा ताङ्गबे हराएका छन् । राज्यको आधुनिक भौतिक, सांस्कृतिक, भाषिक र शैक्षिक विकास आदिले ताङ्गबे हुनुको सत्व (सार)लाई कमजोर बनाएको राज्यलाई हेक्का छैन । ताङ्गबे जाति

हुनुको सत्व (सार)लाई जोगाउन, पहिचान र अधिकारलाई स्थापित गर्न ताङ्गबेहरू सचेत हुँदै अन्य आदिवासी जनजाति एवं उत्पीडित वर्ग समुदायसँग हातेमालो गर्न आवश्यक छ।

१.२. समस्याको प्रस्तुति

ताङ्गबे जाति नेपालको आदिवासी, ऐतिहासिक मूलथलो, छुट्टै भाषा, संस्कृति, प्रथाजनित संस्था कानुन, धर्म, ऐनमा सूचीकृत र पहिचान भएको जाति भए पनि राज्य र तथ्याङ्क विभागले चिन्न नसकेको र अदृष्य अवस्थामा छन्। अर्कातिर उनीहरूको पहिचानको आधारसम्बन्धी गहन अध्ययन र अनुसन्धान कमी, दस्तावेजीकरण एवं लेखन नभएकोले सिङ्गो जातिको पहिचान नै संकटको अवस्थामा छ। जसले गर्दा उनीहरूले हजारौँ वर्ष लगाएर विकास गरेको भाषा, संस्कृति, परम्परा, राजनीतिक र आर्थिक पद्धति, विश्वास तथा आस्थासहित सिङ्गो सभ्यता नै लोप हुने अवस्थामा पुगेको छ। त्यसैले, ताङ्गबे जातिका यी लोपोन्मुख अवस्थामा रहेका सम्पदाहरूको अभिलेखीकरण गरेर संरक्षण र संवर्द्धन गर्नु नितान्त आवश्यक रहेको छ। यस अध्ययनले मुख्यतया निम्नलिखित समस्याहरूको समाधान खोज्ने प्रयास गरेको छ।

१) ताङ्गबे जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पहिचानको अवस्था कस्तो रहेको छ ?

२) ताङ्गबे जातिको उत्पत्ति, मूलथलो र ऐतिहासिक पृष्ठभूमि के कस्तो रहेको छ ?

३) प्रथाजनित संस्था, कानुन र नीति, नियमको अवस्था कस्तो छ ?

४) ताङ्गबे भाषाको अवस्था कस्तो छ ?

माथिका प्रश्नहरूको उत्तरको खोजीमा यो अध्ययन केन्द्रित रहेको छ।

१.३. अध्ययनको महत्व र औचित्य

सङ्ख्यात्मक हिसाबले अल्पसङ्ख्यक रूपमा रहेको ताङ्गबे जातिको यस जातिशास्त्रीय अध्ययनले उनीहरूको इतिहास, भूगोल, आर्थिक, सामाजिक, शैक्षिक र परम्परागत राजनैतिक अवस्थाबारे चित्रण गर्ने प्रयास गरेको छ। जसले ताङ्गबे जातिको पहिचान र अधिकार स्थापनाको लागि सहयोग गर्नेछ। साथै अध्ययनले उनीहरूको जातीय पहिचान र वास्तविकताको क्षेत्रमा ठोस महत्व राख्नेछ। त्यसैले, यस अध्ययनको सैद्धान्तिक र व्यावहारिक महत्व रहनेछ।

यसका अतिरिक्त ताङ्गबे जातिको उत्थानका निम्ति योजना बनाइ कार्यान्वयन गर्न सम्बन्धित संस्था, नेपाल सरकार, विज्ञ व्यक्ति वा संस्थालाई पनि यो अध्ययन महत्वपूर्ण हुनेछ।

१.४. अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य ताङ्गबेहरूको ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको साङ्गापाङ्गो रूपमा सिंहावलोकन गर्नु हो। साथै परम्परागत राजनैतिक, प्रशासनिक, न्यायिक प्रणालीबारे अध्ययन र दस्तावेजीकरण गर्नु पनि रहेको छ। यस अध्ययनको अन्य उद्देश्यहरू निम्नलिखित छन् :

१. ताङ्गबे जातिको ऐतिहासिक पक्षबारे अध्ययन र दस्तावेजीकरण गर्नु।
२. परम्परागत सामाजिक, धार्मिक, सांस्कृतिक, भाषिक र आर्थिक अवस्थाको विश्लेषण गर्नु।
३. लोप हुन लागेका उनीहरूको संस्कारहरू प्रकाशमा ल्याउनु।
४. ताङ्गबेहरूको परम्परागत राजनैतिक, प्रशासनिक र न्यायिक प्रणालीहरूको उल्लेख गर्नु।
५. विभिन्न निकाय र पक्षका कार्यक्रममा उनीहरूको परामर्श, सहभागिता र समावेशीकरणको अवस्थाबारे जानकारी सङ्कलन गर्नु आदि।

१.५. अध्ययन विधि

१.५.१. तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनको प्रकृतिको आधारमा तथ्याङ्क परिणात्मक र गुणात्मक दुवै रहेका छन्। साथै यहाँ आवश्यक पर्ने सूचना, जानकारी तथा तथ्याङ्कहरू प्राथमिक (Primary) र सहायक (Secondary) स्रोतका रूपमा विभाजन गरी सङ्कलन र विश्लेषण गरिएको छ।

१. प्राथमिक स्रोत

प्राथमिक स्रोतमा ताङ्गबे जातिको बसोबास रहेको मुस्ताङ जिल्लाको बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ स्थित ताङ्गबे गाउँ, जोमसोम र पोखराको

स्थलगत भ्रमण गरी प्रत्यक्ष अवलोकन तथा खोजबिन गरिएको छ । स्थलगत अध्ययन भ्रमणका क्रममा सामूहिक तथा व्यक्तिगत छलफल, अन्तर्वार्ता, अवलोकन, रेकर्डिङ, फोटो सङ्कलन र कार्यक्रमको सहभागिताबाट आएका तथ्यहरूलाई प्रमुख आधार बनाइएको छ । जानिफकारसँगको अन्तर्वार्ता तथा समूह छलफललाई विशेष जोड दिइएको छ । ताङ्गबे जातिको जातीय संस्थाका पदाधिकारीहरू, गाउँ प्रमुख (घेन्प) साथै प्रबुद्ध व्यक्तिहरूबाट प्राप्त सूचना र तथ्यहरूलाई पनि अध्ययनमा समेटिएको छ ।

२. **द्वितीय स्रोत**

ताङ्गबे जाति र गाउँसहित मुस्ताङ जिल्लाबारे विभिन्न विद्वान् तथा लेखकहरूको अध्ययन-अनुसन्धान तथा लेख-रचनालाई यस स्रोतमा राखिएको छ । सरकारी कार्यालय, ताङ्गबे जातिको संस्था र अन्य सङ्घसंस्थाबाट प्राप्त विवरणलाई महत्वपूर्ण द्धितीय सामग्रीका रूपमा लिइएको छ । विभिन्न पुस्तकालयका पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित ताङ्गबे जातिसम्बन्धी लेख र रचनाहरूलाई पनि सहायक स्रोतमा समाविष्ट गरिएको छ ।

यसरी सङ्कलन गरिएका प्राथमिक र द्धितीय स्रोतका तथ्याङ्कहरूलाई निश्चित गुण, विशेषता एवं प्रकृतिका आधारमा वर्गीकरण, सम्पादन, संहितीकरण र प्रशोधन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । यसका साथै सङ्कलित तथ्याङ्कलाई तुलनात्मक र वर्णनात्मक विधिबाट पनि प्रस्तुत गरिएको छ ।

१.५.२. तथ्याङ्क सङ्कलन विधि

१. **अन्तर्वार्ता**

ताङ्गबे जातिको भाषा, संस्कृति, धर्म, संस्कार, प्रथाजनित संस्था र कानुन, सामाजिक संरचना आर्थिक पद्धति एवं मूलथलोको साँध सिमानाबारे संरचित/असंरचित प्रश्नावली र चेकलिष्टको आधारमा विभिन्न व्यक्ति, जानिफकार, संस्थाका पदाधिकारी, मुख्य सूचनादातासँग अन्तर्वार्ता लिएर आवश्यक सूचना र जानकारी सङ्कलन गरिएको छ ।

२. **अवलोकन**

ताङ्गबे जातिको मूलथलो ताङ्गबे, मुख्य बसोबास रहेको जोमसोम र पोखराको

क्षेत्रगत अवलोकन गरिएको छ । यस क्रममा विशेषत उनीहरूको सामाजिक संरचना, भूगोल, बसोबास, घर तथा दैनिक जीवन र अन्य भौतिक संस्कृतिसम्बन्धी सूचना र जानकारी सङ्कलन गरिएको छ ।

३. **समूह छलफल**

ताङ्गबेहरूको पुर्ख्यौली भूमिको साँध सिमाना, संस्कार-संस्कृति, धर्म, प्रथाजनित संस्था र कानुन आदिबारे आवश्यक सूचना सङ्कलनको लागि ताङ्गबे समाज सेवा संघका पदाधिकारी र मुख्य सूचनादाताहरूसँग समूह छलफल गरिएको छ ।

४. **मुख्य सूचनादातासँग अन्तर्वार्ता**

ताङ्गबे जातिको इतिहास लगायत विविध पक्षबारे आवश्यक सूचना र जानकारी सङ्कलनको लागि घेन्प, थुङ्ला, संस्थाको निवर्तमान तथा वर्तमान पदाधिकारी र जानिफकार मुख्य सूचनादाता रूपमा रहेका छन् । उनीहरूसँग चेकलिष्टको आधारमा अन्तर्वार्ता लिएर सुचना सङ्कलन गरिएको छ ।

१.६. अध्ययन क्षेत्रको छनोट

अध्ययन क्षेत्रको रुपमा ताङ्गबे जातिको मुख्य बसोबास भएको गण्डकी प्रदेश मुस्ताङ जिल्ला बाह्रगाउँ मुक्तिनाथ गाउँपालिका वडा नं. ३ (साविक छुसाङ गाविस वडा नं. १ र २) ताङ्गबे गाउँ थियो । मूलथलो ताङ्गबेबाट बसाइँसराइ गरी गएको स्थान जोमसोम, पोखरा र काठमाडौँ हुन । तर त्यसमध्ये अध्ययनको लागि ताङ्गबे गाउँ, जोमसोम र पोखरालाई छनौट गरिएको थियो ।

१.७. अध्ययनको सीमा

यस अध्ययनको सैद्धान्तिक र व्यावहारिक महत्व हुँदाहुँदै पनि अध्ययनको उद्देश्यतर्फ सम्बन्धित विषय मूल रूपमा प्रवाहित हुन सकोस् भनी अध्ययनलाई सीमाबद्ध गरिएको छ । ती सीमाहरू निम्नानुसार रहेका छन् :

१. अध्ययन क्षेत्र ताङ्गबे गाउँ, जोमसोम र पोखरा भएकोले यसबाट प्राप्त निष्कर्षहरू अन्य स्थानका ताङ्गबेसँग मेल नखान सक्छ ।

२. अध्ययन छोटो समयावधिमा गरिएको हुनाले प्राप्त भएका सबै तथ्याङ्कहरू पर्याप्त नहुन सक्छन् ।

३. अध्ययन सीमित साधन र समयमा गरिएको हुँदा ताङ्गबे जातिको सबै पक्षको विस्तृत अध्ययन गर्न सकिएको छैन ।

४. अध्ययन कुनै सिद्धान्तिक दृष्टिकोणको आधारमा गरिएको छैन । यस अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक रूपमा ताङ्गबे जातिको ऐतिहासिक, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक र रहनसहन, जनजीवनको अवस्था, उत्पत्ति, पुख्यौंली भूमि, वनजङ्गल, चरन, हालको जग्गाजमिनको स्वामित्वको अवस्थाबारे उल्लेख गरिएको छ ।

१.८. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययनको उद्देश्यअनुसार सङ्कलन गरिएको तथ्याङ्कको गुण, विशेषता र प्रकृतिको आधारमा विश्लेषण, संश्लेषण र वर्गीकरण गरी प्रस्तुत गरिएको छ । गुणात्मक तथ्याङ्कलाई तथ्यपरक र बोधगम्य बनाउन आवश्यकताअनुसार वर्णन, व्याख्या र विश्लेषण गरिएको छ । परिणात्मक तथ्याङ्कलाई आवश्यकताअनुसार साङ्ख्यिक औजार प्रतिशत, औसत र तालिकीकरण आदिको प्रयोगद्धारा विश्लेषण गरिएको छ । प्रस्तुतीकरणमा सघन वर्णानात्मक पक्षलाई जोड दिएको छ । साथै आवश्यकताअनुसार विश्लेषणात्मक पक्षलाई पनि स्थान दिएको छ ।

१.९. अध्ययनको संगठन

यस अध्ययनलाई ११ वटा अध्यायमा संगठित गरिएको छ । अध्याय एकमा अध्ययनको परिचय, अध्याय दुईमा ताङ्गबे जातिको परिचयसहित उत्पत्तिको इतिहासबारे वर्णन गरिएको छ । तेश्रो अध्यायमा ताङ्गबे जातिको भूगोललाई समावेश गरिएको छ । चौथो अध्यायमा ताङ्गबेको सामाजिक संरचना र सम्बन्धहरू, पाँचौ अध्यायमा धर्म र चाडपर्व, छैठौं अध्यायमा ताङ्गबे जातिको जीवन चक्रीय संस्कार, सातौं अध्यायमा लोकसंस्कृति र परम्परा, आठौं अध्यायमा ताङ्गबे जातिको भाषिक, शैक्षिक र स्वास्थ्य अवस्था, नवौं अध्यायमा आर्थिक प्रणाली र दशौं अध्यायमा राजनैतिक र प्रशासनिक संरचनाको अवस्थालाई प्रस्तुत गरिएको छ । अन्तिम एघारौं अध्यायमा सारांश र निष्कर्ष पस्किएको छ । अन्त्यमा अनुसूचीमा सेर्के भाषाको केही शब्दहरू, यार्तोङ चाड तथा थर्च्याङमा गाइने गीत, सूचनादाताको नामावली र सन्दर्भ सामग्री समावेश गरिएको छ ।

अध्यायः दुई

ताङ्गबे जातिको परिचय र उत्पत्तिको इत्तिहास

२.१. पृष्ठभूमि

नेपाल विविध जात, जाति, भाषा, धर्म र संस्कृतिले भरिपूर्ण छ। त्यसैले वर्तमान नेपाल भूगोलभित्र भिन्नभिन्न अनेक मौलिक सभ्यता जीवित रहेका छन् । यी नेपालको विविध जात, जाति र सभ्यताको विकास सन्दर्भमा मानवशास्त्री, समाजशास्त्री, भू-गर्भविद्हरूको अध्ययन-अनुसन्धानअनुसार विभिन्न मत र भनाइहरू रहेका देखिन्छन् । कुन समयमा कुन जाति समुदाय कस्तो अवस्थामा सबैभन्दा पहिले यस भूमिमा आएर बसोबास गर्न थालेका थिए भन्ने भनाइमा एक मत भएको भने पाइदैन। अर्कातिर जे, जति अध्ययन र लेखन भएका छन्, ती प्राय काठमाडौँ खाल्डो (पहिले नेपाल भनेर चिनिने) र त्यहीको बासिन्दाको बारेमा लेखिएका थिए र छन्। ती अध्ययनले काठमाडौँभन्दा टाढाको भूगोल, समुदाय र सभ्यताको भरपर्दो र विश्वसनीय विषय समावेश गरेको पाइदैन ।

नेपालमा पनि ढुङ्गे र जङ्गली युगमा विभिन्न समुदायका मानिसले घुमन्ते जीवन, कन्दमूल खोजेर खाने, रुखका बोक्रा र जनावरको छाला लगाउने, ढुङ्गा एवं काठका हतियारले वन्यजन्तु शिकार गर्ने तथा खाने र ओडारमा बस्ने गरेका थिए। समयक्रमसँगै सुरक्षा, सहज तथा सरल जीवन लागि स्थायी रूपमा बस्ने र खेतीपाती आरम्भ, परिवारको व्यवस्थापन, भाषाको विकास र सामाजिक अभ्यास गरेका थिए होलान् । तर ती सबैबारे वर्तमानसम्म तथ्य र प्रमाणको अभाव नै रहेको छ।

नेपालमा जे जति जाति छन्, तिनीहरूको जीवनशैली, सामाजिक व्यवहार, संस्कृति, भाषा, आस्था, विश्वास, आर्थिक प्रणाली, परम्परा र व्यवसाय आदि एक आपसमा भिन्नभिन्न किसिमको भएको पाइन्छ। जसले गर्दा एक जातिको अर्को जातिका भन्दा पृथक पहिचान छन् । परापूर्वकालदेखि घुमन्ते जीवनबाट निश्चित भूगोलमा बसोबास र सभ्यताको विकास गरेका पृथक पहिचानसहितका आदिवासी नेपालमा ५९ वटा सूचीकृत छन् । कतिपय भने सूचीकरणमा समावेश हुन सकेका छैनन्। तीबारे गहिरो जातिशास्त्रीय अध्ययन हुन भने सकेको

छैन । तथापि नेपालको विविधताबारे स्वदेशी र विदेशी अध्येयताहरूले अध्ययन र उल्लेख भने गरेका छन् ।

नेपालका विभिन्न जातिको बारेमा जनकलाल शर्माको लेख्छन् (सम्वत् २०३९)- 'आजको नेपाली जातिमा सूक्ष्म रूपले हेरे नृतात्विक दृष्टिले प्रधानत छ प्रकारका जातिको अवशेष पाइन्छ । ती क्रमशः नेग्रिटो, आग्नेय, मङ्गोल-किरात, द्रविद, पश्चिमी वृत्तमुण्ड र आर्य वा नार्डिक हुन् ।'

हर्क गुरुङ (सन् २००६) को अनुसार नेपालको हिमाली अवस्थिति बाजजुद दुई पुराना सभ्यताको दोसाँध हुनाले जातीय विषय महत्वपूर्ण छ । नेपाल एउटा सिमान्त भूमिको रूपमा उत्तरी मगोलाई र दक्षिण ककेशाई मूलका जातिको संगमस्थल बन्न पुग्यो । कोशी क्षेत्रमा मंगोलाई किरातीहरू भोट, पहाड तथा मधेशमा व्याप्त भए भने कर्णाली क्षेत्रमा ककेशाई खसहरू पहाडदेखि भोटसम्म फैलिए । माझको गण्डकी क्षेत्र भने तिनीहरूको जम्काभेट थलो हुन गयो । त्यसैले त टोनी हागन लेख्छन् (सन् २००१)- 'नेपालजस्तो सानो भूभाग भएको देशमा विद्यमान यतिविध्न जातीय, भाषिक र सांस्कृतिक विविधता अन्त सायदै पाइला । त्यसैले नेपाललाई एसियाको जातीय सङ्गमस्थल भन्न सुहाँउछ । झट्ट हेर्दा जनसङ्ख्याको वितरण गन्जागोल खालको देखिन्छ । कुनै जाति कुनै निश्चित ठाउँमा मात्र सीमित नरहेर अनौठो छरिएका छन र एक अर्कासँग छ्यासमिस भएर बसेका छन । तै पनि खासखास जातीय समूह, खासखास उचाइका क्षेत्रमा बस्ने गरेको भने पाइन्छ ।'

प्रयागराज शर्मा (सन् २००४) का अनुसार हिमालय (नेपाल) हिन्दुहरू (बाहुन र क्षेत्री) र विभिन्न आदिवासी जनजाति समूहको सम्पर्क क्षेत्र भएको छ । नेपालको यो सम्पर्क अनुभवले विरलै दक्षिण एशियाको हिन्दु क्षेत्रमा यस्तो अद्वितीय अनुभव दिएको छ । दुईवटा समूहको अन्तरक्रिया सम्भवत भारतीय उपमहाद्धीपमा नै नमुना हो । अन्तरक्रिया इतिहासको लामो समयदेखि भएको हो । राज्यले यी दुई समूहबिच विकास भएको निश्चित सामजिक सम्बन्धलाई औपचारिक कानुनी मान्यता दिएको छ । यी माथिका विद्धानहरूको भनाइले नेपाल विविधताले भरिएको, भिन्न मौलिक सभ्यता र पहिचान भएको राज्य हो भन्ने पुष्टि गर्दछ ।

नेपालमा आदिमकालदेखि प्रकृतिसँग निकतम् रहेर बसोबास गर्दै आएका पृथक जातीय पहिचान भएका धेरै जाति छन् । त्यसैले सम्वत् २०७२ मा जारी

भएको नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशषेतायुक्त भौगोलिक विविधतामा रहेका समान आकंक्षा र नेपालको राष्ट्रियता स्वतन्त्रता, भौगोलिक अखण्डता राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सुत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भनेर परिभाषित गरेको छ । ती विभिन्न जातिको आफ्नो मौलिक भाषा, धर्म र संस्कृति छन । त्यसैले नेपाल विविधताको देश हो ।

हिमाली भेकमा ताङ्गबे, बाह्रगाउँले, तीन गाउँले थकाली, शेर्पा, थकाली, व्यासी, मुगाल, डोल्पो र तोप्केगोला आदि छन् । पहाडी भेकमा मगर, गुरुङ, दुरा, छन्त्याल, राई, लिम्बू, माझी, बोटे, सुनुवार, सुरेल, लेप्चा, चेपाङ, बराम, राउटे, याक्खा, कुसुण्डा आदि छन् । तराईमा थारु, ताजपुरिया, मेचे, झाँगड, राजवंशी र राजी आदि छन् । त्यसैले गोविन्द न्यौपाने लेख्छन् (सन् २०००) 'उत्पत्तिको हिसाबले मंगोल किरात, आर्य, अष्ट्रिक, द्रविड जातिको बसोबास छ । त्यसैगरी नेपालमा भोट-बर्मेली, भारोपेली, अष्ट्रिक, द्रविद गरी चार भाषिक आधार भएका भाषाहरू बोल्छन् ।'

हाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार सूचीकृत ५९ वटा आदिवासी जनजाति रहेका छन् । यी विभिन्न आदिवासी जनजातिको पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्म आ-आफ्नो खास खास भौगोलिक क्षेत्र, मौलिक धार्मिक, भाषिक, सांस्कृतिक र प्रथाजनित संस्था एवं कानुन आदि रहेको छ । उनीहरूको आफ्नै मौलिक आर्थिक जीवनपद्धति रहेको छ । ती विभिन्न आदिवासी जनजातिमध्ये मुस्ताङ जिल्लाको साविक छुक्साङ गा.वि.स. वडा नं. १ र २ साथै हाल बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ ताङ्गबेमा मुलथलो भएको ताङ्बे[1]जाति पनि एक हो ।

२.२. ताङ्गबेको सामान्य परिचय

ताङ्गबे जाति गण्डकी प्रदेश (साविक पश्चिमाञ्चल विकास क्षेत्र, धवलगिरी अञ्चल) को मुस्ताङ जिल्लाको बाह्रगुँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ ताङ्गबे (साविक छुक्साङ गा.वि.स. वडा नं. १ र २) गाउँमा बसोबास गर्ने नेपालको एक आदिवासी हो । यस जातिको मुख्य बसोबास रहेको ठाउँलाई ताङ्गबे भनिन्छ ।

---

१. यस अध्ययनमा ताङ्गबे, ताङबेतानी र ताङ्गबेतेन शब्दलाई पर्यावाची शब्दको रूपमा प्रयोग गरिएको छ ।

जुन ताङ्गबे जातिको नामबाट नामकरण भएको हो।[२] ताङ्गबे गाउँ मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोमबाट करीब १५ कि.मी. टाढा र समुद्र सतहदेखि ३०१७ मि. (गुरुङ १९८०) को उचाइमा अवस्थित छ। यहाँको हावापनी चिसो भएको हुनाले हिउँदको समयमा हिउँ जम्दछ। त्यसैले हिउँदको समयमा ताङ्गबेहरू जाडो छल्न र व्यापारको लागि परम्परागत रूपमा बेनी, बागलुङ, पोखरा र बटौलीतिर झर्ने चलन थियो र छ।

ताङ्गबे बुढापाकाको भनाइअनुसार पुख्र्यौली गाउँ ताङ्गबे, जोमसोम, पोखरा, काठमाडौँ गरी जनसङ्ख्या करिब १००० देखि १२०० को हाराहारीमा रहेको अनुमान गरिएको छ। तथापि उनीहरूको आन्तरिक तथ्याङ्कअनुसार भने अनुमान गरेभन्दा जनसङ्ख्या कम रहेको छ । यस जातिले नेपाल सरकारको ११औँ पटकसम्मको जनगणनासम्म पहिचान पाउन सकेको छैन। यस जातिबारे तथ्याङ्क शाखा कार्यालय बागलुङद्धारा प्रकाशित जिल्लाको वस्तुगत विवरण मुस्ताङ- २०६५ र २०७२ तथा जिल्ला विकास समितिको कार्यालय मुस्ताङद्धारा प्रकाशित संक्षिप्त जानकारीमा पनि कुनै उल्लेख भएको पाइदैन । जुन राज्यले आफ्नो राज्यभित्र रहेको जातिलाई सही रूपमा पहिचान गर्न नसकेको स्पष्ट हुन्छ। मूलथलो ताङ्गबे गाउँबाट प्रायः ताङ्गबेहरूको बसाइँसराइ जोमसोम, पोखरा र काठमाडौँमा रहेको छ। यसका अतिरिक्त उनीहरू रोजगारी तथा व्यापारको क्रममा अमेरिका, अष्ट्रेलिया र युरोप लगायतका विदेश भूमिमा पनि पुगेका छन्।

ताङ्गबे गाउँमा परापूर्वकालदेखि नै ३२ म्हेपिच्चे[३] (चुल्हो) बस्दै आएका छन्। सम्वत् २०६८ सम्म ३२ मध्ये पनि केवल २३ म्हेपिच्चेमात्र गाउँमा बस्ने गर्छन्। त्यसमध्ये पनि प्रायः घरमा आफन्तलाई राख्ने गरेका छन्। गाउँमा बस्ने कुल जनसङ्ख्या ११३ जना रहेको छ। जसमा महिलाको सख्या ५५ छ भने पुरुषको सङ्ख्या ५८ रहेको छ।[४] बाँकी जनसङ्ख्या जोमसोम, पोखरा र काठमाडौँ आदि क्षेत्रमा बसोबास गर्दछन्। मुस्ताङ जिल्लाको वस्तुगत विवरणअनुसार ताङ्गबे गाउँमा १३४ जनसख्या रहेको छ।[५] सम्वत् २०७६ सम्मको ताङ्गबे समाज सेवा

---

२. मिति २०६८।३।५ गते उत्तम ताङ्गबेसँग जोमसोममा भएको कुराकानीमा आधारित।

३. यसले घरधुरीलाई जनाउँछ। यस जातिमा भने चुल्हो भन्ने चलन छ।

४. सम्वत् २०६८ मा गरिएको स्थलगत अध्ययन र २०७६ पोखरामा गरिएको समूह छलफलमा आधारित।

५. जिल्ला वस्तुगत विवरण मुस्ताङ- २०६५।

संघको आन्तरिक तथ्याङ्कअनुसार कुल जनसङ्ख्या ६२८ जना रहेको छ । जसमा महिला ३१३ जना र पुरुष ३१५ जना छन् । उमेरअनुसार ० देखि १८ वर्षसम्म ९२ जना, १९ देखि ५७ वर्षसम्म ३९१ जना, ५८ देखि ६९ वर्षसम्म ७९ जना र ७० वर्षभन्दा बढी उमेरका ६६ जना रहेका छन् ।[६]

जनसङ्ख्याको हिसाबले ताङ्बे जाति अल्पसंख्यक जाति हो । सरकारको तथ्याङ्कमा समावेश नभएकोले ताङ्बे जाति सम्वत् २०७४ साल वैशाख ११ गते नेपाल सरकारद्धारा राजपत्रमा प्रकाशित अल्पसङ्ख्यकको समूहको सूचीमा समेत समावेश छैन ।

यस जातिको छुट्टै मातृभाषा रहेको छ । जसलाई अरु जातिहरूले ताङ्बे भाषा भन्दछन् । ताङ्बे आफैंले सेर्के भाषा भन्छन् । जुन भाषा तत्कालीन बाह्रगाउँ क्षेत्रका सबै बासिन्दाले बोल्ने गर्छन् । सेर्के भाषा भोट-बर्मेली परिवारभित्रको भाषा हो (पाण्डेय सम्वत् २०६०) । ताङ्बे मातृभाषीको अनुसार सेर्के भाषाको केही शब्दहरू गुरुङ, थकाली र तामाङ भाषासँग मिल्दोजुल्दो छ । बुढापाकाको अनुसार वर्तमान समयमा ३० वर्षभन्दा बढी उमेरका र ताङ्बे गाउँमा नै बसोबास गर्ने व्यक्तिहरूमात्र मातृभाषा बोल्छन् । पुख्यौंली स्थानबाट बसाइँसराइ गरेकामध्ये १५-३० वर्ष बिचका व्यक्तिहरूले सेर्के भाषा बालेको बुझ्दछन् । तर संवाद र बोलचालमा मातृभाषाको प्रयोग अन्त्यन्त कम गर्छन् । त्यसबाहेक १५ वर्ष भन्दा कम उमेरका बच्चाहरूले भने सेर्के भाषा केही बुझे पनि प्रयोग गर्दैनन् । जुन अवस्थाले यो भाषा अद्योगतितिर लागेको संकेत गर्छ ।

ताङ्बे जातिले बुद्ध धर्म मान्दछन् । तर कतिपय सांस्कृतिक र धार्मिक कार्यहरू बोन धर्मअनुसार पनि सम्पन्न गर्दै आएका छन् । त्यसैले ताङ्बेहरू पहिले बोन धर्म अनुयायी थिए भन्ने संकेत गर्छ । उनीहरूले प्राय संस्कारहरू भने बुद्ध धर्मको विधि विधानअनुसार लामाद्धारा सम्पन्न गर्छन् । बसाइँसराइ गरेका ताङ्बे व्यक्तिहरूमा भने अन्य धर्म, संस्कार-संस्कृतिको प्रभाव परेको पाइन्छ । यस जातिको आफ्नो मौलिक उत्पादन प्रणाली, संस्कृति, आस्था र विश्वास रहेको छ ।

ताङ्बेभन्दा उत्तरतिरका मुस्ताङबासीले यस जातिलाई तईप भन्दछन् । तीनगाउँले थकाली, मार्फाली थकाली र थकालीले भने ताङ्बोतेन भन्दछन् । त्यसैगरी

---

६. सुशीलकुमार ताङ्बे र फूर्पछिरिङ ताङ्बे द्धारा सङ्कलित आन्तरिक तथ्याङ्क विवरण ।

मनाङेहरूले तोङ्तेन भन्दछन् । नेपाल सरकारको तथ्याङ्कमा गुरुङ भनेर समावेश गरिएका छन् । तर यस जातिले आफूलाई ताङ्बे एवं ताङ्बेतानी जाति नै भनेर चिनाउँछ । ताङ्बेको मौलिक मातृभाषा, संस्कार-संस्कृति, परम्परा, उत्पादन प्रणाली, सामूहिकताको भावना, परम्परागत संगठन, आस्था र विश्वास छ । चन्द्रबहादुर ताङ्बे (गुरुङ)ले शारीरिक विशेषताको उल्लेख गर्दै लेख्छन्- 'लाम्चो अनुहार, बाटुलो कालो आँखा, उठिएको रातो गाला मझौला हष्टपुष्ट शरीर, शरीरमा रौं कम, चौडा पाइताला, छाला गहुँ गोरो आदि भएको तथा आफ्नै भिन्न भाषा, भेषभुषा, लवाइखवाइ तथा संस्कार रहेको ताङ्बे जातिको जनसङ्ख्या ६ सय भन्दा बढी रहेको छ ।' यी माथिका विशेषताहरूले ताङ्बे नेपालको मौलिक पहिचानसहितको आदिवासी भएको जनाउँछ । त्यसैले ताङ्बेहरूले आफूलाई छुट्टै पहिचान भएको नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने आदिवासी भनेर नै चिनाउँछन् ।

२.३. उत्पत्तिको इतिहास

मुस्ताङ जिल्लामा रहेका जाति, सभ्यता र भौगोलिक अवस्था बारेमा विभिन्न स्वदेशी तथा विदेशीद्धारा अध्ययन तथा अनुसन्धान भएको छ । केही प्रतिवेदन र दस्तावेज प्रकाशमा पनि आएका छन् । तथापि मुस्ताङ जिल्लामा नै पुख्यौंली बसोबास गर्ने ताङ्बे जातिको उत्पत्ति र सभ्यताको बारेमा भने हालसम्म कुनै स्पष्ट लेख्य इतिहास पाउन सकिएको छैन । त्यसैले यस जातिको उत्पत्तिको इतिहासको प्रमुख श्रोतहरू भनेका विगत समयमा विभिन्न व्यक्तिहरूले गरेका केही अध्ययन-अनुसन्धानमा आधारित स्रोत, किंवदन्ती तथा ताङ्बे बुढापाकाको भनाइहरू हुन् ।

२.४. विगतमा भएका अध्ययनहरू

विगतमा विशुद्ध ताङ्बे जातिको उत्पति र ताङ्बे गाउँको सभ्यताको विकाससम्बन्धी सघन अध्ययनहरू भएको पाइदैन । नरेश्वरजंग गुरुङ, मधुसदन पाण्डेय, नारायणप्रसाद क्षेत्री, हर्क गुरुङ, बालकृष्ण काउछा मगर, ज्योति भट्टचन र चन्द्रबहादुर ताङ्बे आदिले ताङ्बे जातिको बारेमा उल्लेख गरेका छन् । गुरुङ, नरेश्वरजंग (सन् १९७७:३९५-३००)का अनुसार 'मनाङ जिल्लालाई पर्यावरणीय आधारमा ३ क्षेत्रमा विभाजन गरिएको छ । जसमा न्यस्याङ, नार्फू र ग्यसुम्डो

हुन् । न्यस्याङ क्षेत्रमा ६ वटा गाउँहरू थिए । जसमा ख्यङ्सर (न्याग्चे), मनाङ (मानो), ब्रग्या (भ्रका), न्याग्याल (ब्हङ्बा), ध्यारु (ख्याह्रु) र पिसिङ (पि वा पिसो) हुन् । मनाङका गाउँलेका अनुसार ताङ्बेचेहरू न्यस्याङ उपत्यकाका पहिलो बासिन्दा हुन् । सम्भवतः तिनीहरू तिब्बतबाट यस उपत्यकामा आएका थिए । उनीहरूबाट अन्य गाउँलेहरू निकै शोषित थिए । अन्त्यमा वरिपरिका अन्य गाउँका बासिन्दाहरूद्धारा ताङ्बेचेहरू लेखिटिए । मनाङबाट उनीहरू बाह्रगाउँतिर भागे र ताङ्बे भन्ने स्थानमा बसोबास गर्न थाले । ब्रग्या (भ्रका) गाउँमा ताङ्बेथेका पुर्खाको घरहरूको अवशेष रहेको छ । मनाङ गाउँका केही व्यक्तिहरूको अनुसार उनी (ताङ्बेचे)हरू ३०० वा ४०० वर्ष अगाडि गएका थिए ।' गुरुङको अनुसार ताङ्बे जाति हालको स्थानमा मनाङ जिल्लाको ब्रग्या भन्ने गाउँबाट आएका थिए । जो न्यस्याङ उपत्यकाका पहिलो मूलबासी हुन् ।

पाण्डेय, मधुसुदनको अनुसार (सम्वत् २०६५:३३) 'ताङ्बे गाउँकै मूल बासिन्दाका नाताले यिनीहरू ताङ्बे भनिएका हुन् । तिब्बती भाषामा 'ताङ'को अर्थ लखेटिएका र 'वे'को अर्थ जाति भन्ने हुन्छ । त्यस हिसाबले यो जाति तिब्बततिरबाट लखेटिएको जाति रहेछ भन्ने बुझिन्छ । यिनीहरू गाउँमा हुल्याहा काम गर्ने उपद्रो मच्चाउने गर्थे अरे । त्यसैले गाउँबाट लखेटिएका हुन् भनेर भनिन्छ । ताङ्बेहरू आजभोलि ठकुरी, गुरुङ, थकाली लेख्न रुचाउँछन् ।' पाण्डेयको यस भनाइअनुसार यो जाति तिब्बतबाट आएको र ताङ्बे गाउँमा बसेकोले सोही ठाउँका नामबाट ताङ्बे जाति नामकरण भएको पाइन्छ । पाण्डेयको यस भनाइसँग ताङ्बेको प्रतिनिधिमूलक संस्था ताङ्बे समाज सेवा संघ, मुखिया, जानिफकार र बुढापाकाहरू असहमत रहेका छन् । उनीहरूको भनाइअनुसार लेखकले स्थलगत अध्ययन नगरेको, भरपर्दो स्रोतको अभाव र विनाप्रमाण माथिको भनाइ लेखेको बताउँछन् । बुढापाकाहरू ठाउँको नामबाट यस जातिको नामकरण नभई यस जाति बस्ने गरेको हुनाले गाउँको नाम ताङ्बे हुन गएको र आफ्ना पुर्खाहरू मनाङबाट आएको बताउँछन् ।

क्षेत्री, नारायणप्रसाद (सम्वत् २०४४: ३४८) ले 'पहिलेको बाह्र गाउँमा वर्तमान मुक्तिनाथ गाउँ पञ्चायत, कागबेनी गाउँ पञ्चायत र घुसाङ (छुसाङ) गाउँ पञ्चायत पर्दछ' भनेर यस जातिको गाउँलाई बाह्रगाउँ क्षेत्रभित्र समावेश गरेका छन् । त्यसैगरी उनले (सम्वत २०४४: ३५१) 'यहाँको (बाह्र गाउँ) मुख्य जाति तिब्बती मुलका

भएता पनि सम्वत् १८४७ भन्दा अघिदेखि नै यस क्षेत्रमा जुम्लाबाट विष्ट, शाही र भण्डारी (भन्टा देवता मान्ने) आदि जाति आएर बसोबास गरेको देखिन्छ' भनी उल्लेख गरेका छन् । क्षेत्रीले जुम्लाबाट विष्ट, शाही र भण्डारी आएको लेखे पनि बाह्रगाउँका आदिवासी कहिले आएका हुन उल्लेख गरेको छैनन् ।

क्षेत्रीले (सम्वत २०४४:५४) 'मुस्ताङ जिल्लामा मावननिर्मित र प्रकृति निर्मित दुई किसिमका गुफाहरू देखिएका छन् ।' भन्दै ताङ्गबे गाउँ नजिकै कालीगण्डकी नदीको किनारमा अवस्थित गुफाको बारेमा उल्लेख गरेका छन् । उनले (सम्वत २०४४:५८-५९) अगाडि लेख्छन्- 'छुसाङ गाउँको ताङ्गबेदेखि काली किनारमा (भीर माथि) एउटा ठूलो ओडार छ । यसमा जाने मार्ग छैन । पहिला यो काली किनारमै थियो । कालीले सो स्थानमा आफ्नो मार्ग खोली दुवै किनार काटी तल धसिएकाले पहाड अग्लो भएर गुफा भीरमा रहेको हो । यसमा पनि ६०-७० वर्ष पहिलेसम्म मानिसहरू बसेका थिए । नदीको प्रकोपले गर्दा मानिस अन्यत्र सरेका हुन् भन्ने केही स्थानीय मानिसको भनाइ छ ।' क्षेत्रीले ताङ्गबे भन्ने स्थानको उल्लेख गरेता पनि त्यहाँ बसोबास गर्ने जातिको बारे केही उल्लेख गरका छैनन् । यसका साथै गाउँ नजिकै भएको गुफामा ६०-७० वर्ष अगाडिसम्म मानिस बसेको भनेका छन् । तर स्थानीय ताङ्गबेहरूका अनुसार ताङ्गबे गाउँमा बस्ती बसेपछि उक्त गुफामा मानिस बस्न धेरै पहिले छोडेको हुन् । हाल नदीदेखि गुफासम्मको उचाइ र गुफाको अवस्थालाई नियाल्दा पनि ६०-७० वर्ष पहिलेसम्म मानिस बसेका थिए भन्न कठिन छ ।

त्यसै गरी गुरुङ, डा. हर्क (सन् २००७:१७०) को अनुसार 'गाउँ (ताङ्गबे) मा करीब ३० वटा घरहरू थिए । गाउँलेहरू आफूलाई मनाङबाट आएका घले र गुरुङ भनी चिनाउँथे ।' उनको अनुसार यस जातिहरू घले वा गुरुङ भएको र मनाङबाट आएका थिए । गुरुङको भनाइ र हाल ताङ्गबे गाउँमा भएको घरधुरी सङ्ख्या तथा बुढापाकाका भनाइ एक आपसमा नजिक रहेको छ ।

काउछा मगर, बालकृष्ण (सन् २००३:२०)को अनुसार 'नेपालको दुर्गम जिल्ला (मुस्ताङ), दुर्गम जिल्लाको ताङ्गबे विकट गाउँ र नेपालको दुर्लभ जातिअन्तर्गत पर्ने ताङ्गबेहरूको झण्डै दुई हजार जनसङ्ख्या छ । ताङ्गबेको पुख्यौंली बसोबास मनाङ भएको पाइन्छ । पुख्यौंली बसोबास मनाङ भएकोले मनाङेसँग भाषा मेल खानुपर्थ्यो, तर गुरुङ, थकाली, बाह्रगाउँलेसँग भन्दा पनि मनाङेसँग भाषा

ठ्याक्कै मिल्दैन ।' मगरले ताङ्गबेहरू जनसङ्ख्या र अन्य जातिसँगको भाषिक सामीप्यताबारे उल्लेख गरेका छन् ।

मेचीदेखि महाकालीसम्म भाग ३ मा उल्लेख भए अनुसार (२०३१:५३०) ' ल्होमान्थाङदेखि दक्षिण र पाँच गाउँभन्दा उत्तरको क्षेत्रलाई बाह्रगाउँ भनिन्छ र त्यस क्षेत्रका बासिन्दालाई बाह्रगाउँले । यो क्षेत्रमा अघि बाह्र वटामात्र गाउँ हुँदा हुन्, तर हिजोआज १८ गाउँ छन् । जसमध्ये मुक्तिनाथ क्षेत्रका ६ गाउँ पनि पर्दछन् । भाषा र भेषभूषाको दृष्टिबाट यिनीहरू लोवाजस्तै तर पाँच गाउँले र थकालीहरूभन्दा फरक छन् ।'

यही भनाइसँग मिल्दो भनाइ लालबहादुर पुनको पनि रहेको छ । उनका अनुसार (सम्वत् २०६८:२-३) बाह्रगुँलेले आफ्नो भाषामा बाह्रगुँ क्षेत्रलाई बाह्रगुँ नै भन्दछन् । त्यहाँ बस्ने मानिसहरूलाई बाह्रगुँले भनिन्छ । (...) वर्तमान राज्य संयन्त्र[७]ले यसलाई ४ वटा गाविसहरूमा विभाजन गरेको पाइन्छ । गाविसको दृष्टिकोणबाट बाह्रगुँलाई (...) कागबेनी गाविसभित्र (क) कागबेनी (ख) पाग्लीङ (ग) दगर्जोङ (घ) फलेक (ङ) सान्दा र (च) तिरी छन् । साथै मुक्तिनाथ गाविसभित्र (क) पूराङ्ग (ख) झारकोट (ग) खिङ्गा र (घ) लुभ्रा छन् । त्यस्तै झोङ्ग गाविसभित्र (क) झोङ्ग (ख) छुङ्गर (ग) पुटाक छन् । त्यसरी नै छुक्साङ्ग गाविसभित्र (क) छुक्साङ्ग (ख) ताङ्गबे (ग) तेताङ्ग (घ) चैले (ङ) ध्याकर र (च) समर पर्दछन् ।'

ताङ्गबे जानिफकारका अनुसार ताङ्गबे मौलिक पहिचान भएको छुट्टै आदिवासी जाति हो । लोवाले ताङ्गबे जातिलाई तईप भन्छन् । बाह्रगाउँ क्षेत्रभित्र ताङ्गबे जातिको मुख्य बस्ती समावेश गरे पनि ताङ्गबे जाति बाह्रगाउँलेभन्दा भिन्न जाति हो ।

ताङ्गबे, चन्द्रबहादुरका (अप्रकाशित) अनुसार 'ताङ्गबेका ताङ्गबेहरू मनाङ जिल्लाको भुर्जो भन्ने ठाउँबाट यहाँ (ताङ्गबे) बसाइँ सरी आएका हुन् । उत्तर मनाङको भ्राका गाविसअन्तर्गत यो भुर्जो गाउँ तथा वरिपरिका गाउँहरूबिच गाउँ

---

७. सन् २०१५ मा नेपालमा राज्य पुनःसंरचना पछि बाह्रगाउँलाई बाह्रगुँ मुक्तिक्षेत्र गाउँपालिका नामकरण गरिएको छ । साथै सो क्षेत्रमा पर्ने साविकका ४ वटा गाविसहरूलाई ५ वटा वडामा विभाजन गरिएको छ । उक्त वडाहरूमध्ये ताङ्गबे जातिको मूलथलो वडा नं. ३ मा पर्दछ ।

सीमा निर्धारण एवं प्राकृतिक स्रोत उपभोग गर्ने सम्बन्धमा बारम्बार वादविवाद तथा झैंझगडा हुने गर्दथ्यो । ताङ्गबेहरू शारिरिक, मानसिक, आर्थिक पक्ष आदि दृष्टिकोणबाट अरुहरू भन्दा बढी बलिया, चतुर, सक्षम तथा मुर्ख थिए । बलियाले दुब्लोलाई, धनीले गरिबलाई तथा मुर्खले सोझालाई हेप्ने, थिचोमिचो गर्ने तथा आफ्ना अधिनमा राख्न खोज्ने मानवीय प्रवृति एवं स्वभाव नै हुन् । यसर्थ उनीहरू कतिसम्म क्रुर, निर्दयी तथा बदमास थिए भने आफ्ना घोडाका लामा लामा पुच्छरका फेदीमा काँडाका झ्याङ, मुठ्ठा बाँधेर विरोधी गाउँबस्तीका भर्खरै पाक्न लागेका अन्नबालीमा बेतोडसँग कुदाउने र ती अन्न बाली क्षण भरमै माटोमा मिसाइ सखाप पार्ने गर्दथे । यस अन्याय, दमन तथा शोषणबाट विरोधीहरू सबै साह्रै आजित, दुःखित तथा आक्रोशित भई उनीहरूले मुस्ताङको ल्हो क्षेत्रतिरबाट एकदमै धेरै तन्त्रमन्त्र जान्ने एक जना अवतारी लामालाई मनाङमा ल्याई ध्यान तपस्या एवं पूजापाठ गर्न लगाइ भुर्जो गाउँको सिँचाइ कुलोको पानीको मुहान नै पुनः नफुट्ने तथा ननिस्कने गरी सुकाइदिए । यसरी खेतबारी पशुपंक्षी तथा मानिसका लागि अति आवश्यक पानीको स्रोतको व्यवस्था गाउँमा नरहेपछि ताङ्गबेका ताङ्गबे (जाति) मुस्ताङ जिल्लाको ताङ्गबे (गाउँ)मा बसोबास गर्न आइपुगे । ताङ्गबे तोड्देनबाट अपभ्रंश भई बनिएको नयाँ शब्द हो । तोड्देनको शाब्दिक अर्थ स्थानीय भाषामा कुनै एक ठाउँबाट खेदिएर, सिद्धिएर, मासिएर गएको मानिसहरूको एक समूह, बथान वा जमात हुन्छ। भुर्जोमा अझै पनि छोर्तेन, माने, जाँतो, ओखल, घर, गोठ, खेतबारी आदिको भग्नावशेषहरू देख्न सकिन्छन् । हाल त्यस ठाउँ वरिपरि सल्ला धूपीका नयाँ बोट बिरुवा हुर्कदै फस्टाउदै गइरहेको छन् ।' गुरुङले ताङ्गबे जातिको पुख्यौंली थातथलो, चरित्र र बसाइँसराइ गरी मुस्ताङ जिल्लाको ताङ्गबे गाउँमा आउनुको कारण विस्तृत रूपमा उल्लेख गरेका छन् ।

त्यसैगरी ताङ्गबे, सुशील र फूर्प छिरिङ ताङ्गबे (ताङ्गबे जातिको परिचय अप्रकाशित प्रतिवेदन) ले पनि चन्द्रबहादुर ताङ्गबेको भनाइलाई साभार गरेका छन् । उनीहरूको अनुसार 'ताङ्गबेतानीहरू मनाङ जिल्लाको भुर्जो गाउँबाट बस्ती सरी यहाँ आएका हुन् । ताङ्गबेतानीहरू पहिले मनाङभन्दा उत्तरमा भ्राका गाविस अन्तर्गत भुर्जो गाउँमा बस्दथे । जमिन र वनको लागि छिमेकी गाउँहरूसँग झगडा चलिरहन्थ्यो । ताङ्गबेतानीहरू निकै शक्तिशाली थिए । ताङ्गबेतानीहरू बलिया सक्षम र मूर्ख थिए । बलिया र शक्तिशालीले निर्धोलाई हेप्ने मानवीय प्रवृतिका कारण विपक्षीको लटरम्म

बाली पाकेको खेतमा घोडा दौडाइ दिएर तहसनहस पारी दिने गर्थे । ताङ्गबेतानीले दिएको दुःखबाट आजित भएर छिमेकी गाउँहरू मिली मुस्ताङतिरबाट जान्ने लामालाई ल्याई तन्त्रमन्त्र गरि सिँचाइको पानीको मूल नै सुकाइदिए । फलस्वरूप खेतीको लागि पानी नभएपछि बसाइँ सार्न बाध्य भएर मुस्ताङ जिल्लामा आए । मनाङेहरू ताङ्गबेतानीलाई तोङ्देन भन्छन् । तोङ्बेको अर्थ मासिनु, हराउनु भएकोले तोङ्देनबाट ताङ्गबोतेन भएको भन्ने कथा छ । अहिले पनि मनाङ जिल्लाको भुर्जो भन्ने ठाउँमा ताङ्गबे गाउँको भग्नावशेष छ । भत्केको घर, गोठहरू, छ्योर्तेन, जाँतो ओखलहरू देख्न सकिन्छ ।' ज्योति भट्टचन (ताङ्गबे जातिको इतिहास र संस्कृति अप्रकाशित)ले पनि यही भनाइलाई साभार गरेका छन् ।

यसै भनाइमा छिरिङ, टसी (विष्णु अर्पण) ताङ्गबे सहमत हुँदै ताङ्गबे मनाङबाट नै आएको हो । जहाँ पुरानो बस्ती भएको गाउँ, गुम्बा र छोर्तेनको सबै जानकारी मनाङेहरूसँग छ । हामी जान सकेका छैनौं । उपल्लो मुस्ताङबासीले ताङ्गबेलाई तैव (तइ) भन्छन् । ताङ्गबेको बसोबास गर्ने भूमिलाई तई ल्हम्बु भन्ने गरिन्थ्यो । पहिले ताङ्गबे जातिको भूमि स्यल्ह् (स्युल) हो ।[८]

त्यसैगरी उक्याव, ताम्ला र श्याम अधिकारी (सन् २०००:६२) का अनुसार मुस्ताङ जिल्लाको १२ गाउँले क्षेत्रमा अवस्थित ताङ्गबे गाउँका निवासीहरूलाई ताङ्गबे भन्दछन् । यिनीहरूको रहनसहन, भाषा, संस्कृति अन्य १२ गाउँलेहरूको जस्तै ल्होपाहरूसँग मिल्दछ । बौद्ध धर्मावलम्बी ताङ्गबेहरूको पम्परागत पेशा नुन व्यापार थियो । तर सो नुनको व्यापार बन्द भएको धेरै वर्ष भयो । हाल त्यहाँका ताङ्गबेहरू अन्य व्यापार-व्यवसाय र केही सीमित सङ्ख्यामा कृषिमा लागेका छन् । केही परिवार पोखरातिर पनि बसाइँ सरेका छन् । उक्याव र अधिकारीले ताङ्गबेको बसोबास क्षेत्र, धर्म, व्यावसाय र बसाइँसराइबारे उल्लेख गरेका छन् ।

त्यसैगरी रम्बले, चार्ल्स र क्रिष्चियन सेबर (सन् १९९५:१०८-१०९) का अनुसार 'सेर्के भाषा बोल्ने पाँचवटा गाउँलाई सामूहिक रूपमा स्युल भनिन्छ । जुन तिरिभन्दा उत्तर र समरभन्दा दक्षिणमा अवस्थित छ । ताङ्गबे गाउँलाई तिब्बती भाषामा त्यइ भनिन्छ । ताङ्गबेमा ३१ घर र ६ वटा सहायक घर छन् । जसमध्ये ३ घर भूमिहिन

८ टसी छिरिङ ताङ्गबे पुख्यौली थलो मुस्ताङ जिल्ला बाह्रगुँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं १ ताङ्गबेमा जन्मे, हुर्केका व्यक्ति हुन् । हाल उनी पोखरामा बसोबास गर्छन् । उनीसँग सम्वत् २०७६ मङ्सिर १ गते पोखरामा गरिएको व्यक्तिगत कुराकानीमा आधारित ।

रहेका छन् । पाँचगाउँमध्ये ताङ्गबे (त्यइ) गाउँको जनसङ्ख्या युवाहरूको अस्थायी र स्थायी बसाइँसराइको कारण कम हुँदै गएको छ । वर्तमानको बस्ती दुई वटा भग्नावेशको बिचमा रहेको छ। जुन भग्नावेशको नाम भने छैन । स्थानीय बासिन्दाले सामान्यतया डोङ्गजोङ्ग (पुरानो किल्ला) भन्छन् ।' लेखकहरूले अनुसार सेर्के भाषिक क्षेत्र, घरधुरी र गाउँको अवस्थितिको बारेमा उल्लेख गरेका छन् । जुन हर्क गुरुङको अध्ययनसँग नजिक रहेको छ ।

त्यसैगरी ज्याक्सन, डेभिड पि. (सन् १९७८:१९५-९९) का अनुसार बाह्रगाउँ नाम सामान्यतया गाउँको सङ्ख्या र प्रशासनिक उपयुक्तताको लागि प्रयोग गरिएको हुन सक्छ । जहाँ एकभन्दा धेरै आदिवासी जनजातिहरूको (Ethtnic groups) बसोबास रहेको छ । बाह्रगाउँ नामले पाँचगाउँभन्दा उत्तर, ल्हो (मुस्ताङ भोट) भन्दा दक्षिण, न्यास्याङ (मनाङ भोट) भन्दा पश्चिम र डोल्पा भन्दा पूर्वको भूभागलाई समावेश गरेको देखिन्छ । माथिल्लो थाकखोलाको विगत सेरिब राज्यसँग सुरु हुन्छ । जुन बाह्रगाउँ क्षेत्र र त्यसको दक्षिण भूभागमा अस्तित्वमा रहेको थियो । त्यतिबेला सेरिब तिब्बतद्धारा शाषित थियो । पछि सन् ७०५ मा तिब्बतको राजाको मृत्यु भएपछि सेरिबले स्वतन्त्र राज्यको लागि विद्रोह गऱ्यो ।' यसरी ताङ्गबे जातिको क्षेत्रलाई बाह्रगाउँ क्षेत्र र तत्कालीन समयमा सेरिब राज्यमा समावेश गरिएको ज्याक्सनले उल्लेख गरेका छन् ।

यी माथि उल्लेखित लेखकहरूको अनुसार ताङ्गबे जाति मंगोलियन वंश एवं तिब्बततिरबाट मनाङ हुँदै हालको गाउँमा बस्न आइपुगेको देखिन्छ । विगतमा ताङ्गबे जातिको भूमिलाई बाह्रगाउँको क्षेत्रभित्र समावेश गरिएकोले छुट्टै उल्लेख गरिएको देखिँदैन । तर उनीहरूको साँध सिमानासहितको मूल थातथलो रहेको छ। ताङ्गबे वा ताङ्गबेतानी छुट्टै जाति भए पनि सरकारी कागजात र बाह्य समाजसँग पहिचान लुकाएर बसेको पाइन्छ । तर आफ्नो जाति, समाज र गाउँमा भने छुट्टै मौलिक पहिचान भएको आदिवासी ताङ्गबे हुन् ।

ताङ्गबे जातिको मौलिक पहिचान हुँदा हुँदै पनि कागजात र बाह्य समाजमा अन्य जातिको रूपमा पहिचान हुनुको विभिन्न आयाम र कारणहरू रहेका छन् । पहिलो, विगत लामो समयदेखि राज्यको नेपालको आदिवासी जनजातिलाई अन्यीकरण गर्ने विभेदकारी नीति, कानुन र नियमको कार्यान्वयन कर्ताहरु हुन् । जसको तितो अनुभवबारे टसी छिरिङ ताङ्गबे भन्छन्, सम्वत् २०१८/०१९ सालमा म विद्यालय

भर्ना हुँदा विद्यालयका शिक्षकहरू मुस्ताङ जिल्लाबाहिरका नेपालीभाषी बाहुन र क्षेत्री समुदायका थिए । शिक्षकलाई ताङ्गबेहरूको नाम उच्चारण गर्न कठिन भएकोले मेरो नाम विष्णु अर्पन ताङ्गबे (गुरुङ) लेखिदिए । म नयाँ नाम पाएकोमा खुशीले मक्ख भएँ । अर्कातिर ताङ्गबे जाति लेख्दा र भन्दा तेरो गाउँको नाम हो ताङ्गबे, कहाँ जातिको नाम हुन्छ भनेर प्रश्न गर्थे । जसले जातिको नाम गुरुङ लेख्नुपर्ने अवस्था आयो । स्कुल भर्ना हुँदा, नागरिकता लिँदा र जग्गा, जमिन, व्यापार र व्यवसाय आदिको क्रममा कुनै पनि सरकारी कागजात तयार गर्दा जातिको नाम अनिवार्य लेख्नुपर्ने अवस्था थियो । जबकि सो चलन हाम्रो ताङ्गबे जातिमा थिएन । सिधै नाम लेख्ने चलनमात्र थियो । व्यक्ति, ठाउँ र वस्तुको नामसमेत नेपाली भाषाअनुसार नामकरण हुँदै गयो । जसले ताङ्गबे आदिवासीको पहिचान लोप हुनुमा योगदान गऱ्यो ।[९] टसी छिरिङ ताङ्गबेको जस्तै तितो अनुभव प्राय सबै ताङ्गबेहरूसँग रहेको छ ।

दोश्रो, नेपाली समाजमा भएको वर्ण व्यवस्था र जात प्रथा तथा सोको आधारमा प्रचलित जातीय स्तरीकरण हो । राज्यको नीति, सरकारी निकायका प्रतिनिधि र मूलधारका जातले रैथाने आदिवासी जनजातिलाई जातीय स्तरीकरणका आधारमा उचनिच देखाउने र जङ्गली जाति भन्ने होच्याउने चलन थियो र छ । जसले गर्दा अरु जातिले जस्तै यस जातिले पनि पहिचान पाएका अन्य जाति गुरुङ नामले परिचित भएको पाइन्छ । तेश्रो, ताङ्गबे आफैमा जातीय पहिचानको लागि सचेत नहुनु हो । आफ्नो भूगोल, मौलिक भाषा, धर्म, संस्कृति र परम्परा भएर पनि ताङ्गबे जाति छुट्टै नेपालको आदिवासी जनजाति हो भनेर आफ्नै जातिको नाम प्रयोग कम गर्नु नै समुदायको कमजोरी भएको पाइन्छ ।

चौथो, राज्यले ताङ्गबे वा ताङ्गबेतानीको जनसङ्ख्या गणना गरेको छैन । जनसङ्ख्या गणना नगरिनुको पछाडि पनि दुई वटा कारण पाइन्छ । एक, राज्यको विभेदकारी नीति, गणकको सोच र दोष हो । जनगणनामा गणकको जिम्मेवारी ताङ्गबेले पाएका थिएनन् र छैनन् । जसले गर्दा गणकले उनीहरूलाई अन्य समुदाय, धर्म र भाषाको समूहमा समावेश गरिदिएका छन् । परिणाम उनीहरूको जनसङ्ख्या नेपाल सरकारको तथ्याङ्कमा देखिँदैन । दुई, ताङ्गबेहरू आफै जनगणनाको समयमा संस्थागत रूपमा जागरुक भएर समुदायमा जनचेतना फैलाउने

---

९ टसी छिरिङ ताङ्गबेसँग सम्वत् २०७६ मङ्सिर १ गते पोखरामा गरिएको व्यक्तिगत कुराकानीमा आधारित ।

कार्य गरेको देखिँदैन । जसको परिणाम जनसङ्ख्या राज्यको आँकडामा देखिएको छैन ।

पाँचौ, अध्येता र लेखकले यस जाति र गाउँको बारेमा थोरै उल्लेख गरे पनि उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक पहिचानसम्बन्धी पक्षहरूको उल्लेख गरेको पाइदैन । अर्थात ताङ्गबेबारे अध्ययन कम हुनु हो । यी विविध कारण र आयामहरूले गर्दा ताङ्गबे जातिको सामूहिक पहिचान सरकारी दस्तावेजहरूमा पाइदैन ।

२.५. ताङ्गबे बुढापाकाहरूको भनाइ

ताङ्गबे जातिको उत्पतिको इतिहासको एक भरपर्दो श्रोत ताङ्गबे बुढापाकाहरूको भनाइहरू हुन् । जुन भनाइहरू पुराना पुस्ताबाट क्रमशः नयाँ पुस्ता जनजिब्रोमा हस्तान्तरण हुँदै आएको छ । ताङ्गबेहरूको इतिहासको सन्दर्भमा फूर्प छिरिङका अनुसार हाम्रो ताङ्गबे जाति धेरै पहिले मनाङबाट ताङ्गबे गाउँमा आई बसोबास गरेका हुन् । पहिले यस जातिमा जातीय स्तरीकरण थिएन । उनीहरूलाई केवल नामले मात्र बोलाउने गरिन्थ्यो । पछि पृथ्वीनारायण शाहको पालादेखि हिन्दुकरण गर्ने उद्देश्यले यस जातिको मूलथलो ताङ्गबेमा अरु जातिलाई पठाउने गरेको हो । हिन्दु धर्मअनुसारको चाडपर्व मनाउनेलाई तत्कालीन समयमा जिल्ला प्रशासन कार्यालयमार्फत बजेट विनियोजन गरिन्थ्यो । हिन्दु धर्म र वर्ण व्यवस्थालाई राज्यले अवलम्बन गरेपछि नामसँगै अन्य जाति लेख्न थाले । अझै पनि सरकारी कार्यालयहरूमा ताङ्गबे जातिका व्यक्तिहरूको नामलाई अपभ्रंश (बिगारेर) गरेर लेखिदिने गर्दछन् । यस जातिको भाषा छुट्टै छ, जुन गुरुङ जातिसँग केही मात्रामा मिल्दछ ।[१०]

फूर्प छिरिङको भनाइप्रति सहमति जनाउदै दिलिपसिंह ताङ्गबे भन्छन्- यो जातिको पुर्खाहरू चीन तिब्बत हुँदै मनाङ जिल्लामा आएर बसोबास गरेका थिए । मनाङमा अझै यस जातिको पुरानो बस्तीको भग्नावशेष भएका कुरा मनाङेहरू बताउँछन् । पछि यो जाति त्यहाँबाट हालको ताङ्गबेमा आएर बसोबास गरेका हुन् । कुन-कुन समयमा मनाङबाट मुस्ताङको ताङ्गबेमा आएर बसे भन्ने लिखित मिति अझै

---

१० मिति २०६८।२।२८ फुर्पा छिरिङसँग पोखरामा भएको कुराकानीको आधारित । छिरिङ जातीय संस्थाको केन्दीय सचिव हुन् ।

थाहा भएको छैन । यस जातिले बोल्ने भाषालाई सेर्के भाषा भनिन्छ ।[११]

उत्पतिको इतिहास सम्बन्धमा उत्तम ताङ्गबेको भनाइअनुसार यो जाति मंगोलियन वंशको हो । धेरै पहिले पुर्खाहरू चीन तिब्बतबाट मनाङमा आएर बसोबास गरेका थिए । मनाङमा यस जाति बसेको गाउँको अझै पनि भग्नावशेष रहेको जानकारी मनाङेहरूबाट भएको छ । त्यहाँ जान सकिएको छैन । कालान्तरमा मनाङमा यस जातिको पुर्खा र त्यहाँका अरु समुदायको बिचमा झगडा भयो । त्यसैले छिमेकी गाउँका समुदायले तन्त्रमन्त्र जानेको ठूलो लामा बोलाएर ताङ्गबे जातिको सिँचाइ गर्ने र खानेपानीको मुहान सुकाइ दिएकोले बाध्य भएर ताङ्गबे पुर्खाहरू त्यहाँबाट हालको मुस्ताङ जिल्लाको बाह्रगुँ मुक्तिक्षेत्र गापा वडा नं. ३ (साविक छुक्साङ गा.वि.स.को वडा नं. १ र २) मा अवस्थित ताङ्गबे गाउँमा करिब १७/१८ सय वर्ष अगाडि आएर बसोबास गरेका थिए । यसरी सबै समुदाय मनाङबाट मुस्ताङ आएकोले पहिलेको बस्ती उजाडिएको थियो । मनाङबाट सबै समुदाय आएको हुनाले मनाङेहरूले यस जातिलाई तोङदेन भन्दछन् । जसको अर्थ हराएर वा भागेर गएको जाति भन्ने बुझाउँछ । सुरुमा यो जाति हालको ताङ्गबे गाउँमा आएर गुफामा बस्ने, खेतीपाती, पशुपालन, कन्दमुल सङ्कलन र शिकार गरेर जीवन निर्वाह गरेका थिए । उनीहरू आएको ३/४ सय वर्षपछि त्यहाँको भौगोलिक बनावटअनुसार माटो, काठ, ढुङ्गा आदिले घर बनाएर गाउँ बसालेका थिए । सोही समयमा दरबार पनि बनाएको अनुमान गर्न सकिन्छ । जुन दरबार हाल भग्नावेषको अवस्थामा रहेको छ । यो जातिको नाम पहिले नै ताङ्गबे भएकोले हालको गाउँको नाम यसै जातिको नामबाट रहन गएको हो । यो जातिको नामकरण गाउँको नामबाट भएको होइन ।[१२]

उत्तम ताङ्गबेको भनाइमा सहमति जनाउँदै देवसिङ ताङ्गबे भन्छन्- यो जाति विक्रम सम्बत सुरु हुनुभन्दा अगाडि हालको ताङ्गबे गाउँमा आएको हो । पुर्खाहरू अनपढ र अशिक्षित भएकोले आफ्नो इतिहासलाई लिखित गर्न सकेनन् । केवल उनीहरूले जीवन निर्वाहको लागि मात्र काम गरे । जसले गर्दा जातिको इतिहास र सभ्यतासम्बन्धी जानकारी मौखिक रूपमा रहन गयो ।[१३]

---

११ मिति २०६८।२।२९ दिलिपसिंह ताङ्गबेसँग पोखरामा भएको कुराकानीमा आधारित । उहाँ जातीय संस्थाको पूर्व केन्द्रीय अध्यक्ष हुन् ।

१२ मिति २०६८।३।५ गते उत्तम ताङ्गबेसँग जोमसोममा भएको कुराकानीमा आधारित । उहाँ जातीय संस्थाको केन्द्रीय अध्यक्ष हुन् ।

१३ मिति २०६८।३।६ गते जोमसोम निवासी देवसिंह ताङ्गबेसँग गरेको कुराकानीमा आधारित ।

माथिको सबै भनाइहरू एकआपसमा मिल्दोजुल्दो देखिन्छन् । साथै कर्साङ छङ ताङ्गबे,[१४] कर्म ढतुल ताङ्गबे,[१५] सुशीलकुमार ताङ्गबे[१६] लगायत प्रायः सबै ताङ्गबे बुढापाका र जानिफकारहरू माथिका भनाइहरूप्रति सहमत देखिन्छन् । यस जाति मंगोलियन वंशको हुनुको साथै चीन, तिब्बत हुँदै मनाङ जिल्लामा शताब्दी सुरु हुनभन्दा अगाडि पुर्खाहरू आएका थिए । पछि मनाङबाट करिब १७/१८ सय वर्ष अगाडि हालको स्थानमा आएका थिए भन्ने बुझिन्छ । यस जातिमा पहिले जातीय स्तरीकरण थिएन । नेपालमा हिन्दु धर्म र वर्ण व्यवस्था राज्यद्धारा संरक्षित भएपछि नामको पछाडि जातजाति लेख्नै पर्ने बाध्यता भयो । सोहि क्रममा यस जातिले आफ्नो नामसँग गुरुङ जाति लेख्न थालेको देखिन्छ ।

नेपालको मुस्ताङ जिल्लाको ताङ्गबे गाउँ पुर्ख्यौली बसोबास एवं भाषा, धर्म, संस्कृति, रीतिरिवाज, परम्परा, प्रथाजनित संस्था र नियम भएको, नेपाल सरकारद्धारा सूचीकृत (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार) ५९ आदिवासी जनजातिमध्येको सुविधा वञ्चित समूहअन्तर्गत पर्ने नेपालको आदिवासी जनजाति (राष्ट्र) ताङ्गबे हो ।

२.६. भूमिसम्बन्धी इतिहास

विगतदेखि नै ताङ्गबे जातिको भूमि हालको बसोबास रहेका ताङ्गबे गाउँ र त्यस वरिपरि रहेको भू-भाग हो । जुन भूमि कालीगण्डकी नदीको दायाँ र बायाँ क्षेत्रमा फैलिएर रहेको छ । ताङ्गबे बुढापाकाहरूको भनाइअनुसार ताङ्गबे पुर्खाहरू सुरुमा मनाङबाट आएर उक्त भूमिमा बसोबास गर्न थालेका हुन् । पुर्खाहरू पहिले ताङ्गबे भूमिअन्तर्गत कालीगण्डकी नदीको दायाँबायाँ किनारमा पानीको सतहभन्दा केही माथि गुफा र ओडार बनाएर बसेका थिए । जुन सुरक्षाको दृष्टिकोणले उपयुक्त थियो । अर्कातिर घर बनाउनको लागि आवश्यक सामग्रीहरूको अभाव र स्थायी बसोबासको चलनको कमीले गुफा र ओडारमा बसेका अनुमान गर्न सकिन्छ । पुर्खाहरू बसेका ती गुफा र ओडारहरू भने अझै देख्न सकिन्छ ।

---

१४ कर्साङ छङ ताङ्गबे पोखरा निवासी हुन् ।

१५ कर्म ढतुल ताङ्गबे ताङ्गबे गाउँ निवासी साथै थर्च्याङ संस्कार पूरा गरिएको व्यक्ति हुन् । उनीसँग मिति २०६८।३।८ गते गरेको अन्तर्वार्तामा आधारित ।

१६ सुशीलकुमार ताङ्गबे जातीय संस्थाका अध्यक्ष हुन् ।

ताङ्गबे भूमिको धेरै जसो भू-भाग बलौटे माटो र चट्टानयुक्त अग्ला-अग्ला पहाडहरू रहेका छन् । केही भागमात्र समथर परेको छ । उक्त भूमि समुद्री सतहभन्दा करिब २५०० मि. भन्दा माथिको उचाइमा पर्छ । ताङ्गबे भूमिमा हिउँदमा हिउँ जम्ने, वर्षामा पानी कम पर्ने, सुक्खा र तीव्र वेगले हावा चल्ने गर्छ । जसले गर्दा खाद्यान्न बाली कम उत्पादन हुने र वनजङ्गलको कमी रहेको छ ।

ताङ्गबे जातिको जीवनमा प्रत्यक्ष असर गर्ने गरी राज्यले भूमिमाथि हस्तक्षेप गरको तथ्यगत र लिखित इतिहास भने पाइदैन । तथापि स्युल राज्यको उदय र पतन, जुम्ला राज्य र पर्वत राज्यबिचको लडाइँ एवं पृथ्वी नारायण शाहको भौगोलिक एकीकरणजस्ता घट्नाले भने ताङ्गबे भूमिमाथि अवश्य प्रभाव पारेको थियो । पञ्चायतीकालमा प्रशासनिक निकायको सीमा निर्धारण गर्ने क्रममा ताङ्गबे भूमिलाई छुक्साङ गा.वि.स.को १ र २ नं. वडामा विभाजित गरेको थियो । उक्त २ वटा वडाहरूबाहेक उनीहरूको भूमिलाई टुक्राएर अर्को वडा वा गाविसमा गाँभिएको थिएन । गाउँलाई दुईवटा वडामा विभाजन गरे पनि उनीहरूको पुख्यौंली भूमि परापूर्वकालदेखि भोगचलन गर्दै आएका थिए र छन् । सन् २०१५ को राज्य पुनःसंरचनापछि भने ताङ्गबे भूमि बाह्रगुँ मुक्ति क्षेत्र गाउँपालिका वडा नं. ३ मा समावेश गरिएको छ ।

उनीहरूले गाउँ वरिपरि खेतीपाती, पशुपालन, सिकार, घाँस दाउरा र जडिबुटी सङ्कलन गर्थे र गर्छन् । व्यापारबाहेक यी पेशाहरूको आधारमा ताङ्गबेहरूको जीवन निर्वाह हुँदै आएको छ । उनीहरूको जीवन र भूमिबिचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । भूमि सुरक्षाको लागि 'हाम्रो गाउँको भूमि अरु जाति वा समूहले कहिल्यै हरण गर्न सकेनन् । खम्पा काण्डको समयमा ताङ्गबे गाउँ र ताङ्गबे क्षेत्र खम्पा निषेधित थियो । जसमा ढव दोर्जेको महत्वपूर्ण भूमिका रहेको छ ।[१७] यो भनाइमा सहमति जनाउदै कर्म ढतुल ताङ्गबे थप्छन्- 'हामीले अरुको भूमिमाथि पनि हस्तक्षेप गरेनौ' ।[१८] भूमि अरुले हरण गरेको वा उनीहरूलाई विस्थापन गरेको इतिहास नभएको बुढापाकाहरू भनाइहरूबाट थाहा हुन्छ । विभिन्न समयमा पशु चरन क्षेत्रको निम्ति छिमेकी गाउँसँग भने सामान्य झगडा हुने गर्दथ्यो ।

---

१७ मिति २०६८।३।५ गत उत्तम ताङ्गबेसँग जोमसोममा गरेको कुराकानीमा आधारित ।

१८ मिति २०६८।३।८ गते कर्म ढतुलसँग उहाँको निवासताङ्गबेमा गरेको कुराकानीमा आधारित ।

२.७. बसाइँसराइको इतिहास

ताङ्गबे जातिको निम्ति आफ्नो पुर्ख्यौंली भूमि निकै प्यारो छ । उनीहरू आफ्नो बसोबास रहेको भूमि र त्यहाँको वातावरणअनुसार ज्ञान, सीप र प्रविधि विकास गरी बाँच्न सिकेका थिए र छन् । जसले गर्दा उनीहरूलाई अन्य स्थानमा बसाइँ सरेपछि नयाँ वातावरणमा घुलमिल गरी गाउँको जस्तो जातीय पहिचान र सम्मान पाउन त्यति सहज थिएन र छैन । स्वभाविक र परम्परागत रूपमा चलिरहेको जीवनपद्धतिलाई परिवर्तन गरेर नयाँ ढंगको पद्धतिको विकास गर्न र संक्रमणको अवस्थामा बाँच्न कठिन हुन्थ्यो र हुन्छ । कुनै पनि व्यक्ति, समूह वा जातिले नयाँ स्थान, समाज र वातावरणमा समायोजन हुन र पहिचान एवं हैसियत स्थापित गर्न विभिन्न अवरोधको सामना गर्नुपर्दथ्यो र पर्छ । त्यसैले पहिले आफ्नो मूलथलो वा गाउँ छाडेर बसाइँसराइ गर्ने चलन न्यून थियो, तर सहज जीवन निर्वाह र विभिन्न अवसरको खोजीको कारण मानिसले आफ्नो मूलथलो भने समयक्रमसँगै छाड्दै चलनको विकास भयो । जुन प्रक्रियाबाट यो जाति पनि अछुतो छैन ।

यस जाति ताङ्गबे गाउँबाट बसाइँसराइ गरेको इतिहास त्यति पुरानो छैन । ताङ्गबेहरू सम्वत् २००० सम्म खासै बसाइँसराइ गरेका थिएनन्, तर सम्वत् २००७ सालको राजनीतिक परिवर्तनपछि मूलथलो ताङ्गबेबाट बसाइँसराइ गर्न थालेको बुढापाकाहरू बताउँछन् । यो जातिका मानिसहरू मुख्य गरी व्यापार व्यवसाय, उच्च शिक्षा आर्जन र सहज जीवन निर्वाह आदिको क्रममा ताङ्गबे गाउँबाट जोमसोम, पोखरा, काठमाडौँ र विदेशमा अमेरिका, अष्ट्रेलिया, युरोपका विभिन्न देशमा स्थायी वा अस्थायी रूपमा बसाइँसराइ गरेका छन् ।

ताङ्गबे जातिको बसाइँसराइ सन्दर्भमा भट्टचन, ज्योति (ताङ्गबे जातिको इतिहास र संस्कृति अप्रकाशित)ले घटलाग्दो सन्दर्भसहित लेख्छन्- 'चीनमा माओत्सेतुङले साम्यवादी व्यवस्था स्थापना गरेपछि तिब्बतका धार्मिक शासक दलाई लामा भारतमा शरण लिन पुगे । नेपालमा साम्यवादी विचारधारा रोक्ने पर्खालका रूपमा प्रयोग गर्ने भारतीय नीतिको परिणामस्वरूप मुस्ताङमा भारतीय चेकपोष्ट कायम गरी सदियौंदेखि भारत तिब्बतको व्यापारिक नाका कोरला सम्वत् २०१६ सालपछि बन्द गरियो । भारतीय र स्थानीय सामानहरू तिब्बत लैजाने, तिब्बती र स्थानीय सामान नेपालको पहाडी एवं तराई क्षेत्र तथा भारतसम्म पुऱ्याउने व्यापारिक जातिहरू

थकाली र ताङ्गबेहरूलाई सबैभन्दा बढी मार पऱ्यो । कृषि योग्य भूमिको न्यूनता रहेको ताङ्गबेवासी आफ्नो पुख्यौंली भूमि छोडेर जीवन धान्नका लागि दक्षिणी भेकका सहर र बस्तीहरूमा सर्न बाध्य भए । त्यसैगरी सम्वत् २०२१ सालमा ताङ्गबेका मुख्य व्यापारी ढावा त्होर्छे ताङ्गबेको व्यापारको क्रममा घाँसा गाउँ नजिकै खम्पाहरूले गोली हानी हत्या गरे । सोपछि भन ताङ्गबेहरू जीवन जोगाउन पोखरा सर्नुबाहेक अर्को उपाय पाएनन् ।' भट्टचनले तिब्बतमा भएको राजनीतिक परिवर्तनले व्यापारी जाति ताङ्गबे र थकालीलाई कसरी प्रभाव र असर पऱ्यो भन्ने विषयलाई प्रस्तुत गरेका छन् । जसले उनीहरूको बसाइँसराइको इतिहासमाथि प्रकाश पारेको छ ।

त्यसैगरी ताङ्गबे जातिको सामाजिक नियम अुनसार पनि बसाइँसराइ गरेको पाइन्छ । पुरानो सामाजिक नियमअनुसार बहुपति प्रथाअनुसारको विवाहप्रति असहमत भएर जेठो छोराबाहेक अन्य भाइहरूले आफ्नो इच्छा बिमोजिम विवाह गरेमा अंशको रूपमा ढाक्पु (काँसको थाल र कचौरा) लिएर गाउँ छोड्नुपर्थ्यो । जसले गर्दा धेरै ताङ्गबेहरू मुख्य थलोबाट जोमसोम, पोखरा र काठमाडौँ बसाइँसराइ गरेका थिए ।

ताङ्गबे जातिको मूलथलो ताङ्गबेबाट अन्यत्र बसाइँसराइ गरेको इतिहास लामो छैन । बुढापाकाको भनाइअनुसार केवल ७/८ दशकको इतिहासमात्र छ । तर उनीहरूको उत्पत्तिसम्बन्धी ऐतिहासिक बसाइँसराइ भने अलि पुरानो छ । उनीहरू तिब्बतबाट मनाङको भुज्रो, त्यसपछि मुस्ताङको ताङ्गबे र क्रमशः जोमसोम, पोखरा, काठमाडौँ र विदेश भूमिमा बसाइँसराइ गरेका छन् । तथापि पुख्यौंली भूमि ताङ्गबेको जग्गा जमिन बिक्री गर्ने र पूर्ण रूपमा छोड्ने भने गरेका छैनन् ।

२.८. अन्य जातजातिसँगको सम्बन्ध

ताङ्गबे जातिको मूलथलोमा पहिले अन्य जातजातिहरूको बसोबास थिएन । त्यसैले उनीहरूको सम्बन्ध छिमेकी गाउँमा बस्ने बाह्रगाउँले, ल्होवा, तीन गाउँले थकाली, मार्फाली थकाली, थकाली, गुरुङ र लोमान्थाङ क्षेत्रका अन्य आदिवासी जनजातिहरूसँग थियो र छ । ती जातिहरूसँगको सहअस्तित्वको सम्बन्ध पहिलेदेखि वर्तमानसम्म सम्मानजनक र सौहार्दपूर्ण रहेको छ । पञ्चायतकालदेखि ताङ्गबे गाउँमा थोरै दलितहरूको बसोबास रहेको छ । दलितसँगको सम्बन्ध पनि सहयोगी र समन्वयात्मक खालको रहेको छ । समग्रमा ताङ्गबे जातिको माथि उल्लेखित सबै जातजातिहरूसँग सामानान्तर र सन्तुलित सम्बन्ध रहेको छ । यस

जातिको आर्थिक, सांस्कृतिक र सामाजिक सम्बन्ध र समानता छिमेकी जातिसँग निकट रहेको छ। भाषिक निकटता बढी गुरुङसँग रहेको छ।

२.९. महत्वपूर्ण पुर्खाहरूको नाम

यस जातिसम्बन्धी अभिलेख, वंशावली आदिको लिखित दस्ताबेज पाउन सकिएको छैन। त्यसैले उनीहरूको पुर्खासम्बन्धी धेरै कुरा प्रष्ट छैनन्। उनीहरूको आदिम पुर्खा को थिए ? के गर्दथे ? कस्ता थिए ? कहाँ थिए ? कसरी जीवन निर्वाह गरेको थिए जस्ता तथ्यहरू वस्तुपरक रूपमा उल्लेख गर्न कठिन छ। त्यसैले ताङ्गबे जातिका पुर्खाहरूले प्राचीन र मध्यकालीन समयमा समाजको सु-व्यवस्था लगायत न्यायिक, आर्थिक, सामाजिक र सुरक्षा आदि कार्यहरू कसरी गरेका थिए। उक्त महत्वपूर्ण कायहरू गर्ने पुर्खाहरू को-को थिए। कतै नाम उल्लेख र प्रस्तुत भएको पाइदैन। उनीहरूको लोक कथामा पनि पुर्खाको नाम ताङ्गबे गाउँको मुखियाबाहेक अरु उल्लेख भएको पाइदैन।

२.१०. इतिहास अवस्था

यस जातिको प्राचीन र मध्यकालीन तथा आधुनिक कालसम्मको इतिहास अलिखित नै रहेको छ। जे जति इतिहास छन्, प्रायः सबै मौखिक छन्। उत्पति लगायत अन्य विषयको इतिहासबारे अध्ययन- अनुसन्धान भएको भए पनि बाहिर प्रकाशनमा आएको पाइदैन। जसले गर्दा वर्तमानसम्म पनि यस जातिको इतिहास मौखिकमा नै सीमित रहेको छ। उनीहरूको भूमिबारे विभिन्न लेखक र अध्येताहरूले उल्लेख गरेका छन्। तर सो स्थानमा बसोबास गर्ने जातिबारे उल्लेख गरेको त्यति पाइदैन।

अध्यायः तीन

ताङ्गबे जातिको मूल थातथलो र भूगोल

३.१. भूगोल र पहिचान

आदिवासीको पहिचान भाषा, संस्कृति, धर्म, आस्था, विश्वास, भावना र परम्परासहित भूगोलसँग पनि जोडिएको हुन्छ। जुन आदिवासीको लागि अनिवार्य शर्त हो। त्यसैले ताङ्गबे जातिको जातीय पहिचानको एउटा आधार उनीहरूको पुर्खाहरूले परापूर्वकालदेखि उपभोग गर्दै आएको भूमि हो। वर्तमान अवस्थामा उपभोग गरिरहेको भू-भाग, बुढापाकाहरूको भनाइ र उनीहरूको विगतदेखि हालसम्म बसोबास गरेको क्षेत्रको आधारमा यस जातिको भूगोल नेपालको प्रशासनिक विभाजनअनुसार बाह्रगुँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ (साविका छुक्साङ गा.वि.स.को वडा नं. १ र २) मा पर्ने ताङ्गबे गाउँ वरिपरिको हिमाली भू-भाग हो। यस जातिको नामबाट नै गाउँको नामकरण भएको हुनाले ताङ्गबे भन्नाले जाति नाम र बसोबास गर्ने भूमिलाई जनाउँछ। उनीहरूको भूगोल मध्यकालसम्म सेरिब र पछि मुस्ताङ राज्यमा रहेको विभिन्न अध्येयताले उल्लेख गरेका छन्।

पहिले भूमिको मालिक स्वायत्त रूपमा ताङ्गबे आफैं थिए। जमिन उपभोग गरेबापत कोही कसैलाई कुत वा कर तिर्नु पर्दैन थियो। त्यसैले ताङ्गबेहरूले स्वायत्त रूपमा समाजमा अमनचयन कायम गर्ने तथा कहाँ, कति, कसरी खेती गर्ने, कसरी सिँचाइको व्यवस्था गरी जमिनका सदुपयोग गर्ने र जडीबुटी सङ्कलन, चरन क्षेत्रको व्यवस्थापन आदि कुराहरू त्यति बेलाको छोक्पो/घेन्प[१९] र गाउँलेहरूको रोहबरमा निर्णय गर्ने चलन थियो। सबै ताङ्गबेहरूको रोहबरमा घेन्पको निर्णयअनुसार भूमि व्यवस्थापन गरिन्थ्यो। तर हाल उनीहरूको दृष्टिकोणमा भूमिको मालिक आफै भएता पनि अन्तत्वगोत्वा राज्यको अभिन्न अंगको रूपमा रहेको छ। त्यसैले वर्तमान समयमा उनीहरूको नाममा भएको जग्गाको कर राज्यलाई तिर्नुपर्दछ।

ताङ्गबे जातीय पहिचान र भूमिलाई एक आपसबाट अलग बनाएर हेर्न सकिदैन।

---

१९. गाउँको प्रशासनिक र न्यायिक व्यक्ति वा मुखिया।

उनीहरूले सो ठाउँको ढुङ्गा, माटो, खोला, नदी र वनजङ्गलसँग जीवन्त सम्बन्ध कायम गरी जातीय पहिचान र सभ्यताको विकास गरेका छन् । परापूर्वकालदेखि नै उनीहरूसँग भौगोलिक अवस्था र वातावरणअनुसारको उत्पादन प्रणाली, सामूहिक भावना, आर्थिक पद्धति, आस्था र विश्वास रहेको छ । त्यसैले ताङ्बे जातिको पहिचान ताङ्बे भूगोलसँग जोडिएको छ । विभिन्न कालखण्डमा उनीहरूको भूगोललाई अन्य छिमेकी जातजातिले अतिक्रमण गरेको इतिहास छैन् ।

३.२. मूलथलोको साँधसिमाना (विगत र वर्तमान)

विगतमा ताङ्बे जातिका पुर्खाहरूको अधिकार र स्वामित्वमा भएको भू-भागको सिमाना कहाँदेखि कहाँसम्म थियो ? त्यसलाई कसरी भोगचलन गरेका थिए ? भन्ने कुराहरू प्रष्टसँग कही र कतै उल्लेख गरेको पाइदैन । त्यसैले यस जातिको पुर्खाहरूको समयमा भएको भू-भागको चार किल्ला वा सिमाना निर्धारण गर्न कठिन रहेको छ । तथापि हालका बुढापाकाहरूको भनाइमा यस जातिले हाल जति भू-भाग उपभोग गर्दै आएका छन् । पुर्खाहरूको समयमा पनि त्यति नै रहेको थियो । तर नारायणप्रसाद क्षेत्री (सम्वत् २०४४:३४८) ले 'पहिलेको बाह्र गाउँमा वर्तमान मुक्तिनाथ गाउँ पञ्चायत, कागबेनी गाउँ पञ्चायत र घुसाङ (छुसाङ) गाउँ पञ्चायत पर्दछ' भनेर यस जातिको भूमिलाई बाह्रगाउँ क्षेत्रभित्र समावेश गरेका छन् । जुन कुरामा ताङ्बेहरू सहमत छैनन् । साथै क्षेत्रीले पञ्चायतकालको भू-भागको सिमानालाई आधार मानेका छन । ताङ्बे जातिका बुढापाका र जानिफकारका अनुसार ताङ्बेको जातिको मूलथलोको साँध सिमाना निम्नानुसार रहेको छ ।

पूर्वी सिमाना	: उडकरी हुँदै म्हुई ल ।
पश्चिमी सिमाना	: फलघं ल्ह (हिमश्रंखला) हुँदै म्हेनिखङ खोल्सो ।
उत्तरी सिमाना	: तोर्पी स्हन्हाक
दक्षिणी सिमाना	: मरपिस न्हाक (कोन्च्यो म्हेन्ताङ) हुँदै धिलुक्पा (सेन्ताक खोला)

३.३. मूलथलो र त्यसको आदिवासी नाम

माथि उल्लेखित चार किल्लाभित्र विभिन्न पहाड, वनजङ्गल र खोलाहरू पर्छन् । ती सबैको नाम ताङ्बे भाषामा थिए । तर आजभोलि भने नेपाली भाषाको प्रभावले

नामहरू अपभ्रंश हुन थालेका छन् । यस जातिको मूलथलोको केही आदिवासीय नामहरू निम्नप्रकार छन् ।

खोलाको नाम : घिङग्योसिङ, साताङ र सेन्ताक आदि ।

पहाड र वनजङ्गलको नाम : लेनथाङ (जङ्गल), स्याईल्ह (पहाडको नाम), पुङचोल्ह (पहाडको नाम), स्या (भेडा, बाख्रा चराउने ठाउँ), मेन्जेथाङ (फाँट) उभिभ्रा (ठूलो भीर), भ्राओल (रातो भीर), पयाङ् ठे (गोरेटो बाटो), घ्यलम् (बाटो), स्या (बाख्रा चराउने ठाउँ) आदि ।

३.४. हालका सघन बसोबास भएको ठाउँहरू

ताङ्गबे जातिको पुर्खाहरू बस्दै आएको भू-भाग माथि उल्लेख गरिसकिएको छ । त्यसैले उनीहरूको पुर्खाहरू सघन रूपमा बसोबास गरेको स्थान ताङ्गबे गाउँ नै हो । मूल थलोबाट बसाईंसराइ गरेर सघन रूपमा बसोबास गरेको ठाउँहरू जोमसोम, पोखरा र काठमाडौं हो । विशेषत बसाइँ सरी गएका स्थानमा व्यापार र व्यवसाय सञ्चालन गरेका छन् ।

३.५. महत्वपूर्ण भौगोलिक स्थानहरू

यस जातिको भू-भागमा पर्ने महत्वपूर्ण स्थानहरूको नाम नेपालीकरणलगायत अन्य भाषामा नामकरण भएको पाइदैन । केही प्रभाव भने अवश्य परेको छ । साथै उनीहरूको ऐतिहासिक स्थानहरूको महत्व पनि कम भएको छैन । केही महत्वपूर्ण ठाउँहरू यसप्रकार रहेका छन् ।

झोङ्को

यस जातिको पुर्खाहरूले बनाएको दरबारको नाम हो झोङ्को । ताङ्गबे गाउँको तल्लो किनारमा अवस्थित यस दरबारको छाना र माटोबाट निर्मित पर्खालको केही भाग भत्किएको भए पनि केही भाग भने बाँकी रहेको छ । ताङ्गबे जातिको बुढापाकाका अनुसार उक्त दरबारमा राजा बसेको र

अन्य मानिसहरू वरिपरि घर बनाएर बसोबास गरेको बताउँछन् । ढुङ्गा, माटो र काठबाट बनाइएको उक्त दरबार धेरै पुरानो भएको बुढापाकाको भनाइ छ, तथापि दरबारसम्बन्धी तथ्यगत प्रमाण र दस्तावेज भने छैन । समुदाय र राज्यको तर्फबाट उक्त दरबारलाई संरक्षण गरिएको पनि छैन । यसको ऐतिहासिक महत्व लोप हुने अवस्थामा छ ।

उभी



यो ताङ्गबे गाउँभन्दा केही तलको पहाडमा बनाइएको गुफा हो । यस गुफामा ताङ्गबे जातिको पुर्खाहरू १२०० देखि १५०० वर्ष अगाडि बसोबास गरी जीवन निर्वाह गरेको विश्वास गर्दछन् ।

घिङघोङ

यो ताङ्गबे गाउँको पश्चिमपट्टि कालीगण्डकी नदीको दायाँ किनारस्थित भित्तामा बनाइएको गुफा हो । यहाँ गुम्बा बनाई पूजा गर्ने चलन थियो र छ ।

३.६. विगतको भूमि, वन, जङ्गल, पानी, खानी, चरन जैविक विविधता वातावरण

ताङ्गबे जातिको पहिचान जीवनपद्धति, ज्ञान, सीप, प्रविधि, आस्था, विश्वास आदि ताङ्गबे भूमि, वन, जङ्गल, पानी, चरनसँग अन्योन्याश्रित रूपमा जोडिएको छ । नेपालको प्रशासनिक विभाजनको क्रममा भौगोलिक सिमाना निर्धारण कार्यले यस जातिको वन, जङ्गल, पानी, चरन क्षेत्रलाई दायाँ बायाँ बनाएको छैन । ताङ्गबेहरूले आफ्नो भू-भागमा विगतदेखि हालसम्म कृषि तथा पशुपालन व्यवसाय गरेर जीवन निर्वाह गरिरहेका छन् । यस जातिको भू-भागमा रहेको वनजङ्गल, चरन माथि उल्लेख गरिसकेको हुनाले केवल प्रमुख जैविक वस्तुहरूको नामहरू निम्नानुसार उल्लेख गरिएको छ ।

जडीबुटीहरू : यार्चागुम्बा, माझु, प्राङ्न्हो, ऱ्हिवो, झुमा, घोर्ने, कोमति, धुर्कुम, टसीमांकु आदि ।

बोटबिरुवाहरू : धूपी, लेकाली सल्ला, तङलङ, बकाइनो आदि ।

वन्यजन्तुहरू : चितुवा, बाघ, स्याल, फ्याउरो, खरायो, नाउर आदि ।

पंक्षीहरू : काङ निमा, धेखेन, काखा, ताङचो, कु धाक धाक, प्यांङच, नेहाङ, तीन ख्युर, झ्यार केह, कुकु, करङघोरङ, तिह्या, प्याङ जह, पुप्छी, घोम्हा, डेप्टयाक्यो, घोच्रो आदि ।

फलफूलहरू : स्याउ, खुरपानी, खलाह, ध्यखम, खाला, ताङ्जो, सुन्दु, च्यूली, भुली आदि ।

तरकारीहरू : आलु, बन्दाकोपी, काउली, सागसब्जी, सिमी लगायत ३०/४० भन्दा बढी तरकारी पाइन्छन् ।

३.७. हाल भूमिको स्वामित्व, अधिकार र प्रयोग

यस जातिको भूमिमाथिको स्वामित्व, अधिकार विगत आफैमा कायम रहेको थियो । जमिनलाई कसरी उपयोग गर्ने, के बाली लगाउने, कसरी व्यवस्थापन गर्ने, कसरी अरुबाट सुरक्षा गर्ने भन्ने जिम्मेवारी र दायित्व ताङ्गबेहरूको नै थियो । नेपाल एकीकरणपछि पनि उपभोग र प्रयोगको दृष्टिकोणले आफ्नो भूमिको मालिक ताङ्गबे आफै भएकोले संरक्षण पनि उनीहरूले नै गरेका छन् । सरकारी नीतिको कारण उनीहरूले लालपूर्जा लिएको जग्गा जमिनको कर नेपाल सरकारलाई बुझाउँछन् । साथै राज्यको नीति-नियमभन्दा बाहिर रहेर त्यहाँको जग्गा जमिन उनीहरूले आफ्नो व्यक्तिगत र समूहको नाममा दर्ता गराउन नसक्ने अवस्था भएको छ । जबकि पहिले आफ्नो जातिको आवश्यकताअनुसार प्रयोग गर्न सक्थे । राज्यको पहुँचको कमी र भौगोलिक विकटता आदि कारणले गर्दा जबरजस्ती विस्थापन र भूमिहरण भएको छैन । त्यसैले हालसम्म आफ्नो मूलथलोबाट विस्थापित हुनु परेको छैन ।

ताङ्गबे जातिका मानिसहरूले मूलथलोको जमिनलाई बेचबिखन गर्ने चलन छैन । उनीहरूले जमिनलाई स्केलले मापन गरी आर्थिक वस्तुको रूपमा प्रयोग गर्दैनन् । ताङ्गबे गाउँमा बस्नको लागि सोही जातिमा जन्म लिनुपर्छ, कि त ताङ्गबे केटीसँग विवाह गर्नुपर्छ । यसले भूमिलाई खण्डीकरणबाट जोगाउने गर्दछ । मुस्ताङ जिल्लाका सबै आदिवासीमा प्राय यो चलन रहेको छ ।

अध्यायः चार

सामाजिक संरचना र सम्बन्धहरू

४.१. ताङ्गबे जातिको बासस्थानको प्रकार

ताङ्गबे गाउँ समुन्द्र सतहदेखि ३०१७ मिटरको उचाइमा कालीगण्डकी नदीको बायाँका किनारमा अवस्थित रहेको छ। यस गाउँमा करीब १५/१६ सय वर्ष अगाडिबाट माटो, काठ, ढुङ्गाको उपयोग गरी एकदेखि तीन तलासम्मका थेप्चा घरहरू बनाएर बस्ती बसाएको अनुमान गर्न सकिन्छ । यद्यपि यसको लेख्य प्रमाण र दस्तावेजहरू भने छैनन् । गाउँमा घरहरू बनाएर बस्नुभन्दा अगाडि यो जातिको पूर्वजहरू वरिपरिका पहाडहरूमा गुफा बनाएर बसोबास गरेको बुढापाकाहरू बताउँछन्।



जुन कुरा त्यस गाउँको वरिपरि भएको पुराना गुफाहरूले पनि प्रमाणित गर्दछन्। ती गुफाहरू समय क्रमसँगै भत्कदै गएको हुनाले भग्नावशेषको रूपमा रहेको छ। गाउँको दक्षिणमा पुरानो माटोले बनाइएको दरबार रहेको छ। उक्त दरबार किल्लाजस्तो अग्लो रहेको छ। उक्त दरबारको धेरैजसो भाग भत्केको अवस्थामा रहेको छ।

पहिले सबै ताङ्गबेहरू गाउँमा नै बसोबास गरेको हुनाले उक्त गाउँ आफैमा पूर्ण समाज थियो। समाजका हरेक प्रकार्य त्यहीभित्र नै सञ्चालन र पूरा हुने गर्दथ्यो। ताङ्गबे गाउँमा ३२ चुल्हो रहेको छ। उक्त ३२ चुल्होभित्रमा नै दाजभाइ, माइती कुटुम्बले बसोबास गरेका छन्। विवाह, मृत्यु संस्कार, थर्च्याङ र चाडपर्व तथा पूजाहरू गाउँभित्र हुने पहिलेदेखिको परम्परा हाल पनि कायम छ। त्यसैले एउटा समाज चल्नको लागि आवश्यक पर्ने तत्व र चलन ताङ्गबे गाउँमा थियो र छ।

समय क्रमअनुसार केही ताङ्गबेहरू जोमसोम, पोखरा, काठमाडौँ बसाइँसराइ गरेका छन् । उनीहरू पनि नयाँ ठाउँमा सकेसम्म नजिक-नजिक घर बनाएर बसोबास गरेको पाइन्छ ।

पहिलेदेखि नै एउटै स्थान र गाउँमा बसोबास गरेकोले घरहरू निकै गुज्जुमुज्ज छन् । एउटा घर अर्को घरसँग जोडिएका छन् । यसरी बसोबास गर्दा सुरक्षित हुने साथै अप्ठ्यारो पर्दा एक आपसमा सहयोगको आदानप्रदान तथा सूचना संप्रेषण गर्न पनि सजिलो हुन्छ । अर्कातिर छरिएर बसोबास गर्दा उत्पादनशील जमिनको खण्डीकरणले अन्न उत्पादनमा कमी भएर जीवन निर्वाह गर्न कठिन हुने भएकोले पनि एकै ठाउँमा बसोबास गरेको कुरा बुढापाकाहरू बताउँछन् । जसलाई ताङ्गबे भूमीको भौगोलिक अवस्थाले पनि पुष्टी गर्छ ।

जातीय बनोटअनुसार ताङ्गबे गाउँमा पहिले विशुद्ध एउटै जाति भए पनि हाल भने विश्वकर्माहरू पनि बस्दछन् । अझ वर्तमान समयमा अस्थायी रूपमा रोजगारीको निम्ति बस्ने मान्छेको सङ्ख्या धेरै नै रहेको छ । यसै प्रसङ्गमा कर्म ढतुल ताङ्गबेको भनाइ यस्तो रहेको छ । 'सबैभन्दा पहिले ताङ्गबे गाउँमा ताङ्गबे जाति बसोबास गरेको हुनाले अन्य जातिको मिसावट नभएको र पछिमात्र दलित समूहको विश्वकर्माहरू यस गाउँमा कामको सिलसिलामा आएका हुन् । दलितहरूको आर्थिक अवस्था कमजोर भएको र जीवन निर्वाहमा समस्या परेको हुनाले अन्यत्रबाट उनीहरू यस गाउँमा आएका हुन् ।'[२०]

यससँगै पञ्चायत व्यवस्था लागू भएपछि राज्यलाई हिन्दुकरण र नेपालीकरण गर्ने नीतिअनुसार समानता र जातीय भेदभाव नभएको समाजमा वर्ण व्यवस्था र जात प्रथा बमोजिमका समुदायलाई बसाइँको लागि राज्यबाट नै प्रोत्साहित गरिएकाले विश्वकर्मा ताङ्गबे आएको भनाइ पनि रहेको छ । साथै विश्वकर्मा आउनुभन्दा अगाडि दसैं र तिहारजस्ता हिन्दु धर्मसँग सम्बन्धित चाडपर्व मनाउने ताङ्गबेहरूलाई थाहा थिएन । तर पछि नवआगन्तुक विश्वकर्माले मज्जाले दसैं र तिहार मनाउन सुरु गरे । रैथाने ताङ्गबेलाई कुनै प्रभाव पारेको थिएन र छैन ।

ताङ्गबे गाउँ वरिपरि चारैतिर गुम्बा, छोर्तेन र थानहरू निर्माण गरिएको छ । जहाँ ताङ्गबेहरूले परम्परागत रूपमा मान्दै र पुज्दै आएको विभिन्न देवीदेवताहरूको

---

२० कर्म ढतुल ताङ्गबेसँग मिति २०६८।३।८ गते गरेको अन्तर्वार्तामा आधारित ।

फरक फरक समयमा पूजा गर्ने गर्दछन् । यसले ताङ्गबेहरूको आध्यात्मिक पक्षलाई देखाउँछ । गाउँ छिर्नको लागि पूर्वपट्टि एउटा द्धार (ढोको) बनाइएको छ । गाउँलाई मुख्य गरी उत्तरतिर र दक्षिणतिरबाट मूलबाटोले छोएको छ । मूलबाटो भन्नाले घोडा खच्चड, गाईवस्तु र मानिस सजिलै हिँड्न सक्ने बाटोलाई जनाउँछ । हाल भने सोही बाटो हुँदै कालीगण्डकी कोरिडोर निर्माणाधीन अवस्थामा रहेको छ । उत्तरको बाटो छुसाङ हुँदै उपल्लो मुस्ताङ र चीनको सिमाना कोरलासँग जोडिएको छ । त्यसैगरी दक्षिणको बाटो कागबेनी, जोमसोम, बेनी हुँदै पोखरा, भैरहवा र भारतको सिमाना बेलहनियासँग जोडिएको छ । जुन बाटोले नेपालको राजधानी काठमाडौँसम्म जोड्न पनि सहयोग गरेको छ । यही बाटो भएर पहिले थकाली र ताङ्गबेले तिब्बत एवं नेपालको पहाड, तराई तथा भारतसँगको व्यापार सञ्चालन गरेका थिए । पूर्व र पश्चिमबाट पनि बाटो जोडिएका छन् । प्रत्येक दिशामा छोर्तेनहरू पनि निर्माण गरिएको छ ।

गाउँको उत्तर र पश्चिमतिर स-साना काल्ना (ढिक) भएका तह-तह बारीहरू रहेका छन् । जहाँ ऊवा, जौं, फापर र आलु लगायतका विभिन्न तरकारी लगाउने गर्छन् । साथै बारीमा स्याउ, खुरपानी र आरु आदि फलफूलका बोटहरू छन् । यस गाउँमा सिँचाइ तथा खानेपानीको समस्यालाई हल गर्नको निम्ति गाउँको पूर्वपट्टि रहेको खहरे खोलाबाट कुलो खनेर गाउँको नजिकै ठूलो पोखरी बनाएर रातभरी पानी जम्मा गर्ने गर्दछन् । जुन पोखरीको पानी सिँचाइ साथै खानेपानीको लागि उपयोग गर्दछन् । ताङ्गबे गाउँ केही समथर स्थानमा भएता पनि गाउँको तल-माथि, दायाँ-बायाँको जमिन भने माटो तथा बालुवासहितको भिरालो रहेको छ । गाउँभन्दा माथि पहाड छ । धेरै उचाइ र माटोमा चिस्यानको अभावले गर्दा गाउँ वरिपरि ठूला-ठूला बोटबिरुवाहरू छैनन् । त्यसैले काठ र दाउराको आपूर्ति गर्नको लागि घोडा र खच्चड लिएर निकै टाढा-टाढा जानुपर्ने कुरा बुढापाकाहरू बताउँछन् । वृक्षारोपण गर्न थालेपछि भने खेतबारीको छेउछाउमा भने बोटबिरुवाहरू रहेका छन् ।

४.२. घरको बनावट र प्रयोग

ताङ्गबे गाउँ सीमित क्षेत्रभित्र गुजुमुज्ज रूपमा थेप्चा घरहरूले सिंगारिएको छ । ताङ्गबे जातिले मूलथलोको भौगोलिक अवस्था र आवश्यकताअनुसार स्थानीयस्तरमा उपलब्ध हुने साधन र श्रोतको प्रयोग गरेर घर बनाउने गर्छन् ।

परम्पराअनुसार घरमा घर जोडेर गुजुमुज्ज घर बनाउने परम्परा छ । जसले गर्दा एक छिमेकको घर अर्को छिमेकीको घरसँग जोडिएका छन् । परम्परागत रूपमा परापूर्वकालदेखि नै ढुङ्गाको जग, माटोको पर्खाल र छाना भएको दुईदेखि तीन तला र थप आधा तलाको घर बनाउने चलन रहेको छ । ढुङ्गाको अभाव र धेरै वर्षा नहुने भएकोले माटोबाट पर्खाल र छाना बनाउने चलन छ । घरको निरल तथा दलिन, झ्याल, ढोका, लिस्नु, खाँबो बनाउन भने काठ प्रयोग गर्छन् । घर प्रायः आयतकार र थेप्चा आकारका छन् । यसरी माटो, ढुङ्गा र काठ मिलाएर परापूर्व कालदेखि घर बनाउने चलन भएको बुढापाकाहरू बताउँछन् । घरको डिजाइन र निर्माण बुढापाकाको अनुभव, घर बनाउने मान्छेको चाहना, जग्गाको उपलब्धता तथा आवश्यकताअनुसार बनाउने चलन रहेको छ । अझैसम्म पनि यस किसिमको घर बनाउने चलन जीवित रहेको छ ।

घर बनाउनलाई घडेरीको माटो राम्रो नराम्रो कस्तो छ भनी लामालाई हेराउने चलन छ । लामाले पात्रोअनुसार माटो हेरेपछि यदि राम्रो रहेछ भने धूपधजा र अक्षतापातीले *नाङे टसी त्हाङप* भन्दै पूजा गर्दछ । पूजापछिमात्र घडेरीमा ढुङ्गाको जग हालिन्छ । जग हाल्नुभन्दा पहिले जगको ढुङ्गा राख्नको लागि लामाको भनाइ बमोजिम काठ वा फलाम कुन वस्तुले जग खन्ने भन्छ, सोही वस्तुले पहिलोपटक माटो खन्नुपर्छ । त्यसपछिमात्र जगमा ढुङ्गा राखिन्छ । जग राख्ने समयमा उक्त स्थानमा घर बनाउने व्यक्तिसहित उसको आमा, बुबा जीवित हुनुपर्छ । जग हालेपछि ५/७ वर्षपछि पनि सो स्थानमा घर बनाउन सकिन्छ । लामाले पूजाआजा गरेपछि घर बनाएमा भूतप्रेत भएमा नाश हुने साथै त्यस घरमा सहकाल हुने, परवार फैलने, शान्ति र सुख हुने, बिरामी नपर्ने आदि विश्वास रहेको छ ।

परम्परागत रूपमा घरको विभिन्न भाग वा स्थानलाई उपयोग र प्रयोग गर्ने चलन पनि हिमाली, पहाडी र तराईको आदिवासीबिच भन्नता रहेको छ । ताङ्बे जातिको घर विभिन्न खण्डमा छुट्याइएको हुन्छ । जसमा भुइँतलाको विभिन्न खण्डमध्ये एक खण्डमा आवश्यकताअनुसार गाईवस्तु, कुखुरा, घोडा र भेडा आदि राख्ने चलन छ । अर्को खण्डमा घाँसपात र आवश्यकीय अन्य घरेलु सामानहरू राख्ने गरिन्छ । पहलो तलामा अन्न, बाली काटेर भण्डारण गर्ने र अरु पनि सामानहरू राख्ने गरिन्छ । सबैभन्दा माथिल्लो तलामा भने खाना पकाउने र खाना खाने कोठा, पूजा कोठा,

पाहुना बस्ने र सुत्ने कोठा आदि रहेको हुन्छ । मासुको सुकुटी बनाउने र अन्य आवश्यक पर्ने सामानहरू राख्ने एउटा छुट्टै कोठा अनिवार्य बनाउने चलन छ । घरको छानामा थप देवताको थान हुन्छ, जसलाई थप्साङ भनिन्छ । जुन थप्साङलाई फाक्निङ पर्वको अवसरमा परिवारको सदस्यहरूले पूजा गर्दछन् । यस जातिको अर्को विशिष्ट पहिचान भनेको प्रत्येक परिवारले घरको छानाको डिलमा दाउरालाई लस्करै मिलाएर पाँज्ने चलन रहेको छ । जसले उनीहरूको आर्थिक र सामाजिक हैसियतलाई प्रतिविम्बित गर्दछन् । यदि दाउरा छानामा कम छ भने ऊ गरिब वा आर्थिक रूपमा कमजोर भएको जनाउँछ भने दाउरा धेरै छ भने धनी वा सम्पन्न भएको संकेत गर्दछ ।

घरको भुइँतलाबाट माथिल्लो तलामा जानको लागि एउटा सिङ्गो रुखको मुढालाई कपेर बनाइएको लिस्नु प्रयोग गर्छन् । वर्तमान समयमा लिस्नुको सट्टामा भ्याङ प्रयोग गर्ने प्रचलन बढ्दै गएको छ । पुराना चुल्होहरू माटो र स-साना ढुङ्गाहरूबाट बनाइएको छ । समयको परिवर्तनसँगै चुल्हो बनाउन फलाम र ढुङ्गा प्रयोग गरेको पाइन्छ । स्थलगत अध्ययनको क्रममा केही घरधुरीले सुधारिएको चुल्हो समेत बनाएको र प्रयोग गरेको पाइयो । केही परिवारले आधुनिक त केहीले ग्याँस चुल्होमा खाना पकाउने गर्दछन् । घर बनाउँदा साना-साना झ्याल, ढोका, लिस्नु खण्ड-खण्ड गरेर विभाजन गरेको कोठा, खाना पकाउने ठाउँ, पूजाकोठा अनिवार्य बनाउनु पर्ने हुन्छ । स्थान अभाव र सामाजिक नियमअनुसार घर अनिवार्य रूपमा छिमेकीको घरसँग जोडेर बनाउने परम्परा रहेको देखिन्छ ।

४.३. परिवारको आकार र संरचना

यस जातिमा परिवार एउटा निकै बलियो र महत्वपूर्ण सामाजिक संस्था हो । परिवारमा व्यक्तिले विभिन्न जैविकीय, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक आदि क्रियाकलापहरूसम्बन्धी ज्ञान हासिल गर्छ । जसले परिवार एवं समाजको एउटा परिपक्व तथा जिम्मेवार सदस्य बन्न सहयोग र योगदान गरेको हुन्छ । वर्तमानमा ताङ्गबे जातिमा धेरै जसो पितृवंशीय एकात्मक परिवार रहेको पाइन्छ । ताङ्गबे जाति परम्पराअनुसार मातृवंशीय एवं संयुक्त र बृहत परिवार बस्ने गरेको बुढापाकाहरू बताउने गर्दछन् । अझै पनि ताङ्गबे जातिको केही परिवारहरू संयुक्त परिवारमा बसेको पाइन्छ । समय क्रमसँगै बसाइँसराइ, नयाँ अवसरको खोजी, मानवीय आवश्यकता परिपूर्तिको चाहना र सामूहिकताभन्दा एकल जीवनको

प्रभाव आदिको कारणले हाल ताङ्गबे एकल परिवारमा परिणत हुँदै गएको छ।

आर्थिक क्रियाकलाप गर्ने क्रममा परिवारको विभिन्न सदस्यहरू भने देश-विदेशमा छरिएर रहेका छन् । यदि परम्पराअनुसारको परिवार र परिवारको सदस्य एकै ठाउँमा हुने हो भने सदस्यहरू सङ्ख्या धेरै हुन्छन् । परिवारको सदस्य भन्नाले बा, आमा, बाजे, बज्यै दाजुभाइ, अविवाहित दिदी बहिनी, भतिजा भतिजी, छोराले विवाह गरेर ल्याएको दुलही, नाति नातिनीलाई बुझाउँदछ। यस जातिमा वैवाहिक सम्बन्धको आधारमा श्रीमती वा बुहारीबाहेक अरुले परिवारको सदस्यको मान्यता पाउदैन । श्रीमती र बुहारीबाहेक माइती पक्षका अन्य सदस्यहरूले कुटुम्बको हैसियत प्राप्त गर्दछन् । कुटुम्बलाई सत्कार र सम्मान गर्छन् तर अधिकार हुँदैन । ताङ्गबे जातीमा परिवारको सदस्यता रगत र विवाह सम्बन्धले कायम गर्दछ । परिवारको सदस्यले एउटै चुल्होमा पाकेको खाना खाने गर्दछन् । साथै परिवारको एक जना व्यक्ति घरमूली हुन्छ। घरमूलीले परिवारको व्यवस्थापन, कार्य विभाजन, खेतीपाती र अन्य कार्यको संयोजनकारी भूमिका निर्वाह गर्छ।

ताङ्गबे जातिको परिवार परम्परागत रूपमा मातृवंशीय भए पनि समयक्रमसँगै पितृवंशीय संरचनामा परिणत भएको छ। यद्यपि परिवार पूर्ण रूपमा मातृवंशीबाट पितृवंशीयमा रूपान्तरण भइसकेको छैन । नेपालका अन्य विभिन्न जातजातिका महिलाहरूको तुलनामा ताङ्गबे महिलाहरूको साधन, श्रोतमा बढी पहुँच र नियन्त्रण रहेको पाइन्छ। तथापि परिवारको मूली भने प्रायः पुरुषहरू नै हुने गर्दछन् । पुरुषले घरपरिवारको हेरचाह र व्यवस्थित गर्ने, व्यापार व्यवसाय सम्हाल्ने र पशुपालन आदि कार्य गर्दछन् । उसले परिवारबारे गम्भीर विषयमा निर्णय गर्दा भने अनिवार्य रूपमा महिलासँग सल्लाह गर्ने चलन रहेको छ । सो बाहेक पुरुषहरूले व्यापार गर्ने, खेतको काम गर्ने, पशुपालनको लागि व्यवस्था गर्ने र अतिरिक्त खाद्यान्नको आपूर्तिको चाँजोपाँजो मिलाउने आदि गर्दछन् । महिलाहरूले छोराछोरी हुर्काउने, परिवारका वृद्धवृद्धाहरूको स्याहारसुसार गर्ने, घरमा चाहिने आवश्यक कुराहरू घरमूलीलाई भन्ने, गम्भीर विषयमा घरमूलीलाई आवश्यक सरसल्लाह दिने, धन पैसा तथा अन्नबाली राखनधारन गर्ने, घरको मूल साँचो राख्ने र प्रयोग गर्ने आदि भूमिका निर्वाह गर्छन् ।

पहिले ताङ्गबेहरू संयुक्त र बृहत परिवारमा बस्ने चलन र नियम हुनुको विशेष पक्षहरू रहेका छन् । जसमा उच्च हिमाली क्षेत्रमा अन्न उत्पादनको कमी हुने

भएकोले थप आम्दानीको लागि व्यापार गर्नुपर्थ्यो । व्यापार सञ्चालनको लागि जनशक्तिको आवश्यकता हुन्छ । त्यसैगरी पशुपालनको लागि चौंरी, भेडा तथा च्याङ्ग्रा आदि चराउन उच्च हिमाली क्षेत्र र अन्यत्रको चरन क्षेत्रमा लैजानका थप जनशक्ति चाहिन्थ्यो । गाउँमा खेतीबाली लगाउनु पर्ने हुन्थ्यो । यी आवश्यकताको आधार र उत्पादनशील जमिन खण्डीकरण हुनबाट रोक्ने प्रयास स्वरूप बहुपति प्रथा र संयुक्त परिवारको चलनले स्थान पाएको थियो । यी माथिका सबै कार्य गर्नको लागि एकल परिवारमा कठिन थियो । परिणामतः संयुक्त तथा बृहत परिवारको विकास भएको थियो ।

४.४. ह्रिच (थर वा खलक), वर्ग, खम र ल्हः

नेपालका आर्यमूलको मानिसहरू र आर्य प्रभावित जातजातिहरूको जस्तो यस जातिमा गोत्र आदि भएको पाइदैन । यसका अतिरिक्त थर र उपथर प्रष्ट रूपमा लेख्ने गरेको पनि पाइदैन । केवल व्यवहारत प्रयोग हुँदै आएको पाइन्छ । सम्वत् २००७ सालपछि सरकारी कामकाजको क्रममा मात्र उनीहरूले जातिको नाम लेख्न थालेका हुन् । सो भन्दा पहिले ताङ्गबेहरूमा सिधै फुर्पा छिरिङ, छवाङ डुटु, डुटु स्हाङ्मो, कर्साङ छवाङ र कर्म ढतुलजस्ता आदि नामले परिचय दिने र बोलाउने चलन थियो । विशेषत सम्वत् २०१० को दशकपछि औपचारिक शिक्षाको लागि विद्यालय भर्ना हुने क्रममा नाम नेपालीकरण र नामको पछाडि जातिको नाम लेख्न सुरु भएको थियो ।

विगतदेखि वर्तमानसम्म ताङ्गबेले दाजुभाइ, नाता कुटुम्बमा एक आपसमा फरक-फरक पहिचान दिनको लागि ह्रिच (थर वा खलक) र ल्होवपट्टि भनेर चिनाउने गरेका पाइन्छ । वर्तमानमा यस जातिमा नामको पछाडि थर नलेखी केवल सिधै जातिको नाम लेख्ने चलन रहेको छ । ताङ्गबे जातिमा ह्रिच, ल्होव, वर्ग, खमको आधारमा ग्रह दशा हेराउने, उमेर गणना गर्ने, विवाहको लागि राम्रो नराम्रो हेर्नेसमेत चलन थियो र छ ।

४.४.१. ह्रिच (थर वा खलक)

अन्य जातजातिको विभिन्न थरहरू भएजस्तै ताङ्गबेको परम्पराअनुसार ह्रिच प्रचलनमा रहेको छ । यसैका आधारमा कुन समूह आफ्नो र कुन समूह अर्को हो भन्ने छुट्टिन्छ । साथै सोही आधारमा विवाह कार्य हुने गर्छ । विभिन्न ताङ्गबे

बुढापाका र बुद्धिजीवीका अनुसार यस जातिमा १८ वटा ऱ्हिच छन् । एक ऱ्हिच वा थरको पुरुषले अर्को ऱ्हिच वा थरको महिलासँग विवाह गर्न मिल्दछ । एउटै ऱ्हिच वा थरभित्र विवाह गर्न वर्जित छ । ऱ्हिचले एकै रगतको नाता पर्ने समूहलाई जनाउँछ । त्यसैले आफ्नो ऱ्हिचको पूजाआजा हुँदा अनिवार्य रूपमा दाजुभाइमा समावेश हुनुपर्दछ । सम्वत् २०६८ र २०७६ मा गरिएको स्थलगत अध्ययनअनुसार ताङ्गबे जातिमा १८ वटा ऱ्हिच रहेको छ । ती १८ वटा ऱ्हिचको नाम र सो अनुसारको जनसङ्ख्याको विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. १: ताङ्गबे जातिको ऱ्हिचको विवरण

सि.नं.	ऱ्हीच (थर)	जनसङ्ख्या	सि.नं.	ऱ्हीच (थर)	जनसङ्ख्या
१	धार्के फुञ्जो	२०८	१०	कर्म आङ्दी	१९
२	नेप छि न्हीम	८७	११	पेम धार्के	१२
३	टसी खिक्यप	६५	१२	ऱ्हीत छिरिङ्ग	११
४	ल्हक्य	५३	१३	डुटु	१०
५	न्हर्कि	२८	१४	धव सम्टु	८
६	धव आङ्दी	२८	१५	ल्हपेन	७
७	तेञ्जिङ्ग	२७	१६	पेम्प	६
८	चिपेन	२६	१७	फु भाक्ती	५
९	छेप्ता	२३	१८	कुङ्ग धोर्जे	५
	जम्मा	५४५		जम्मा	८३
कुल जनसङ्ख्या				६२८	

(स्रोतः स्थलगत अध्ययन सम्वत् २०६८ र २०७६)

४.४.२. **वर्ग**

वर्गले जनावरको नामको आधारमा एक वर्षको अवधिलाई बुझाउँछ । उक्त वर्षमा जन्मने व्यक्तिको वर्ग पनि सोही हुन्छ । वर्गको आधारमा व्यक्तिको जन्म कुण्डली, भविष्यवाणी तथा राम्रो नराम्रो, कुन केटा वा केटी बिच विवाह गर्न हुने वा नहुने, मृत्युपछि आकाश वा सागर केलाई दिने भन्ने कुरा बुद्ध धर्मको पात्रोसँग मिलाएर हेर्ने गरिन्छ । सोहीअनुसार संस्कार गर्ने चलन छ । वर्गहरू जम्मा १२ वटा रहेका

छन् । १२ वर्षमा पुनः पहलेकै वर्ग दोहारिन्छ । जस्तै २०६८ सालको वर्ष भिंव वर्ग हो भने यसको १२ वर्ष पछाडिको १३औं वर्ष भिंव वर्ग नै दोहोरिन्छ । यसरी हेर्दा एकै वर्ग भएको व्यक्ति कि त एउटै सालमा जन्मेको हुनुपर्छ । नभए उनीहरूको उमेर फरक १३ वर्ष, २५ वर्ष, ३७ वर्ष वा ४९ वर्ष आदि हुन्छ । सोहि नियमअनुसार एकै वर्गको व्यक्तिहरूको बिचको उमेरको फरक १२/१२ वर्षको पर्न जान्छ । १२ वटा वर्गहरू निम्नप्रकार रहेका छन् ।

तालिका नं. २: ताङ्गबे जातिमा भएको वर्गहरूको विवरण

सिन	वर्गको नाम (सेर्के भाषा)	नेपाली	सिन	वर्गको नाम (सेर्के भाषा)	नेपाली
१	भिंव	मुसा	७	त्ह	घोडा
२	लाङ्	गाई	८	ल्हुक	भेडा
३	त	बाघ	९	टे	बाँदर
४	हे	खरायो	१०	झ्य	चरा
५	ढुक	ड्रागन	११	खि	कुकुर
६	ढुल	सर्प	१२	फा	बँदेल

(स्रोतः स्थलगत अध्ययन भम्रण- २०६८ र २०७६)

४.४.३. खम

खम भन्नाले २ वर्षको अवधिलाई बुझाउँदछ । एक खम बराबर दुई वटा वर्गको अवधि हुन्छ । व्यक्ति जन्मदा नामकरण र भविष्यवाणी गर्ने, साथै राम्रो नराम्रो, कुन केटा वा केटीसँग विवाह गर्न हुने वा नहुने, मृत्युपछि आकाश वा सागर केलाई दिने भन्ने कुरा पात्रोसँग मिलाएर हेर्नको लागि वर्गसँगै खमलाई मुख्य रूपमा आधार मानिन्छ । केटा केटीको खम र वर्गको आधारमा लामा वा पात्रो हेर्न जानेको मानिसले सबै कुरा मिलेको र राम्रो हुने बताएमा मात्र विवाह हुने परम्परागत चलन रहेको छ । यदि खम र वर्ग जुधाएर हेर्दा राम्रो र दीर्घकालीन हुने नदेखिएमा केटाकेटीबिचमा विवाह हुन सक्दैन । उदाहरणका रूपमा केटा र केटी दुवै जनाको खम आगो भए विवाहको लागि राम्रो मानिँदैन । त्यसैले वर्ग र खम यस जातिमा निकै महत्वपूर्ण हुन्छ । वर्ग तथा खम र खलक वा थरको बिचमा कुनै सम्बन्ध हुँदैन । त्यसैले एकले अर्कोलाई कुनै प्रभाव पार्दैन । संस्कार र सांस्कृतिक कार्यहरूमा विशेष महत्व राख्ने खम जम्मा ५ वटा रहेका छन् । जसलाई तल

उल्लेख गरिएको छ।

१. स (माटो)　　२. क्यू (पानी)　　३. फे (फलाम)

४. सिङ् (काठ)　　५. मे (आगो)

४.४.४. ल्ह (देवता)

ताङ्गबे जाति ल्हःको आधारमा पनि वर्गीकृत रहेको छ । ल्हः भन्नाले परापूर्वकालदेखि मान्दै आएको कुल देवतालाई बुझाउँछ। त्यसैले ताङ्गबे जातिले आफू कुन कुलदेवता पुज्ने समूहको सदस्य हो सोहीअनुसार परिचय गराउने गर्छन्। ल्हःहरू निम्नानुसार रहेका छन्।

१. फोलो (फल)　　२. दाङच पेम (दाङ्जे पेम)

३. च्याप्चे (च्याप्थे)　　४. याक्पे स्हयुङ्गर

४.५. नाता प्रणाली र साइनो सम्बन्ध

मानव विकासको क्रमसँगै प्रारम्भिक समाजमा जब विवाहबाट परिवार बन्यो र परिवारबाट जायजन्म हुन थाल्यो। त्यसै बेलादेखि नाता सम्बन्धको विकास भएको मानिन्छ। समाजमा विवाह र रक्त सम्बन्धको आधारमा व्यक्तिहरू एक अर्कामा सम्बन्धित भएका हुन्छन्, जसलाई नाता सम्बन्ध भनिन्छ। यस जातिमा मुख्य गरी रक्तसम्बन्ध र विवाह सम्बन्धका आधारमा नाता कायम भएको हुन्छ। यस बाहेक विरलै मात्रामा धर्मपुत्र, मितेरी र मन्तर सुनेर बनेको नाता सम्बन्ध भएको पाइन्छ। यी नाताहरू अघिल्लो अरु दुई वटा नाताहरू भन्दा कम प्राथमिकतामा पर्दछन् । रगतको नाताबाट बन्ने नातेदारी सम्बन्धलाई रक्त सम्बन्धको नाता भनिन्छ । यसप्रकारको नाताले पुर्खाहरूको वंशलाई निरन्तरता दिएको हुन्छ । मुख्य गरी यसै सम्बन्धका आधारमा बाबुआमाको चल-अचल सम्पत्तिमाथि जेठो छोरोको अधिकार कायम रहेको हुन्छ। रक्त सम्बन्धको आधारमा नातामा छोरा भएता पनि यस जातिमा जेठो छोराबाहेक अरु छोराहरूको पुख्यौंली सम्पत्तिमा कुनै अधिकार र हक लाग्दैन, जुन यस जातिको परम्परा, मुल्य र मान्यता हो । विवाह सम्बन्धको आधारमा बन्ने नातेदारले सम्पत्तिमा कुनै दाबी गर्न पाउदैन।

यो रक्त सम्बन्धको नाता पनि मुख्य र सहायक गरी दुई प्रकारको रहेको छ। ताङ्गबे जातिमा बुबाको वर्ग, खम र खलकलाई प्रतिनिधित्व गर्ने नाताहरू रक्त सम्बन्धको प्राथमिक नाताअन्तर्गत पर्दछन्। यस नातासम्बन्धभित्र बाबुको खलक र उहाँको श्रीमती, आमाछोरा, आमाछोरी, बाबुछोरा, बाबुछोरी, दाजुभाइ, दिदीबहिनी, भाउजू, बुहारी पर्दछन्। तलको तालिकामा मुख्य नाता सम्बन्धको विवरण दिएको छ।

तालिका नं. ३ रक्त सम्बन्धको मुख्य नाताहरू

क्र.स.	नाता सम्बन्ध	नेपाली नाता	ताङ्गबे नाता	बाबुको खलक/पुस्ता
१.	बुबा (F)	बुबा	औ	खलक+१
२.	आमा (M)	आमा	अम	खलक+१
३.	दाइ (eB)	दाजु	आले	खलक+०
४.	भाइ (yB)	भाइ	चेन्च	खलक+०
५.	भाउजू (weB)	भाउजू	चाङ्	खलक+०
६.	बुहारी (wyB)	बुहारी	चाङ्	खलक+०
७.	दिदी (eZ)	दिदी	नन	खलक+०
८.	बहिनी (yZ)	बहिनी	ह्रिङच	खलक+०
९.	छोरा (S)	छोरा	भ्फ	खलक–१
१०.	छोरी (D)	छारी	जामे	खलक–१

(स्रोतः स्थलगत अध्ययन- २०६८ र २०७६)

ताङ्गबे जातिमा आलेले आफूभन्दा जेठो र चेन्चले आफूभन्दा कान्छो उमेरको बाबुको छोरासँगको नातालाई जनाउँछ। त्यसैगरी बुबाको छोरीहरूमध्ये ननले आफूभन्दा जेठी र ह्रिङचले आफूभन्दा कान्छी उमेरको बहिनीसँगको नातालाई बुझाउँदछ। चाङ भन्ने नाताले भने आले र चेन्च दुवैको श्रीमतीलाई जनाउँछ। आफ्नो छोरालाई 'भ्फ' शब्दले नाता सम्बन्ध कायम गर्छ भने जामेले छोरीसँगको नाता कायम गर्दछ।

यस जातिमा रक्त र विवाह सम्बन्धको आधारमा संयुक्त नातासम्बन्ध कायम हुने गर्दछ, जुन नातालाई आमाबाबुबाट बन्ने संयुक्त नाता सम्बन्ध भनिन्छ। जसलाई तलको तालिकामा देखाइएको छ।

तालिका नं. ४ संयुक्त रूपमा बाबु-आमाबाट बन्ने सहायक नाताहरूः

क्र.स.	नाता सम्बन्ध	नेपाली नाता	ताङ्बे नाता	बाबुको खलक/पुस्ता
१.	बुबा-आमाको बाजेको बुबा	बराजु	खे ई खे	खलक+४
२.	बुबा-आमाको बाजेको आमा	बराजु	मम ई मम्	खलक+४
३.	बुबा-आमाको बाजे	जिजु बाजे	खे	खलक+३
४.	बुबा-आमाको बज्यै	जिजु आजी	मम्	खलक+३
५.	बुबा-आमाको बाबु	बाजे	खे	खलक+२
६.	बुबा-आमाको आमा	बज्यै	मम्	खलक+२

(स्रोतः स्थलगत अध्ययन- २०६८ र २०७६)

यस नाताअन्तर्गत ताङ्बे भाषामा खे ई खे, मम ई खे नाता सम्बन्धले आमा र बाबुपट्टिका चार पुस्ता अगाडिको नाता सम्बन्धलाई जनाउँछ । त्यसैगरी खे र मम नाता सम्बन्धले पनि आमा र बाबुपट्टिका तीन र दुई पुस्ता अगाडिको नाता सम्बन्धलाई बुझाउँछ । यी सबै नाताहरू सम्मान गर्नुपर्ने नाताअन्तर्गत पर्दछन् । उनीहरूको उत्तराधिकारीको रूपमा बाबु र त्यसपछि आफू हुने चलन रहेको छ ।

यस जातिमा रक्त (बुबा) सम्बन्धबाट बन्ने सहायक नातासम्बन्ध पनि फरक-फरक रहेको पाइन्छ । जसमा बाबुपट्टिबाट मात्र बन्ने सहायक नाता सम्बन्धहरू यसप्रकार रहेका छन् ।

तालिका नं. ५ बाबुको दाजुभाइपट्टिका नाताहरू

क्र.स	नाता सम्बन्ध	नेपाली नाता	ताङ्बे नाता	बाबुको खलक/पुस्ता
१.	बुबाको बाजेको बुबा	बराजु	खे ई खे	खलक+४
२.	बुबाको बाजे	जिजु	खे	खलक+३
३.	बुबाको बाबु	बाजे	खे	खलक+२
४.	बुबाको दाजु	ठूलो बा	आकेन	खलक+१

क्र.स	नाता सम्बन्ध	नेपाली नाता	ताङ्बे नाता	बाबुको खलक/पुस्ता
५.	बुबाको दाजुको श्रीमती	ठुली आमा	अम थेव	खलक+१
६.	बुबाको भाइ	काका	आक च्याङ	खलक+१
७.	बुबाको भाइको श्रीमती	कान्छी आमा	अम च्यङप	खलक+१
८.	बुबाको दाजुभाइको छोरा (उमेर बढी)	दाजु	आले	खलक+०
९.	बुबाको दाजुभाइको छोरा (उमेर बढी) श्रीमती	भाउजू	चाङ्	खलक+०
१०.	बुबाको दाजुभाइको छोरा (उमेर कम) श्रीमती	भाइ बुहारी	चाङ्	खलक+०
११.	बुबाको दाजुभाइको छोरी (उमेर बढी)	दिदी	नन	खलक+०
१२.	बुबाको दाजुभाइको छोरी (उमेर कम)	बहिनी	ह्रिङच	खलक+०
१३.	बुबाको दाजुभाइको छोरी (उमेर बढी) श्रीमान	भिनाजु	म्हा	खलक+०
१४.	बुबाको दाजुभाइको छोरी (उमेर कम) श्रीमान	बहिनी ज्वाइँ	म्हा	खलक+०
१५	बुबाको दाजुभाइको छोराको छोरा	भतिजा	चेञ्ज	खलक–१
१६.	बुबाको दाजुभाइको छोराको छोरीहरूको	भतिजी	ह्रिङ्ज	खलक–१
१७.	बुबाको दाजुभाइको छोराको छोराको छोरा	नाति	कोञ्च	खलक–२
१८.	बुबाको दाजुभाइको छोराको छोराको छोरी	नातिनी	कोमे	खलक–२

(स्रोतः स्थलगत अध्ययन- २०६८ र २०७६)

बाबुको दाजुभाइपट्टिको नातामा खे ई खे, खे, खे, आकेन, अम थेन, आक च्याङ, अम च्यङप, आले, चाङ्, चाङ, नन्, ह्रिङज, म्हा, चेञ्ज, कोञ्च र कामे पर्दछन् ।

यस नाता साइनोलाई हाडनाता वा सहोदर भाइ खलक भन्ने चलन छ। यस नाता साइनोमा दाजुभाइको सम्बन्ध निकै बलियो रहेको हुन्छ। साथै यस नाताभित्रको विवाह सामाजिक नियम र नीतिअनुसार पूर्णतया निषेधित हुन्छ। यस नाता सम्बन्धका व्यक्तिहरू प्रत्येक पूजाआजा र संस्कारहरूमा परिवारसरह सहभागी चलन छ।

त्यसैगरी सहायक नाता सम्बन्धका रूपमा बुबाको दिदी बहिनीतिरबाट पनि नाता सम्बन्ध कायम भएको हुन्छ। यो नाता बाबुपट्टिबाट बनेको नाता सम्बन्धभन्दा कम महत्वको हुन्छ।

तालिका नं. ६ बुबाको दिदी बहिनीपट्टिका नाताहरूः

क्र.स.	नाता सम्बन्ध	नेपाली नाता	ताङ्गबे नाता	बाबुको खलक/पुस्ता
१.	बुबाको दिदी	फुपू	आन्छ्य	खलक+१
२.	बुबाको बहिनी	फुपू	आन्छ्य	खलक+१
३.	बुबाको दिदी बहिनीको श्रीमान	पुसाजु	ओम्हा	खलक+१
४.	बुबाको दिदी बहिनीको छोरा (उमेर बढी)	दाइ	आले	खलक+०
५.	बुबाको दिदी बहिनीको छोरा (उमेर कम)	भाइ	चेञ्ज	खलक+०
६.	बुबाको दिदी बहिनीको छोरी (उमेर बढी)	दिदी	नन्	खलक+०
७.	बुबाको दिदी बहिनीको छोरी (उमेर कम)	बहिनी	ञ्हिङ्ज	खलक+०

(स्रोतः स्थलगत अध्ययन- २०६८ र २०७६)

यस नाता अन्तर्गत आन्छ्य र ओम्हा सम्मान गरिने नाताहरू हुन। उनीहरूको छोरा बढी उमेरको भएमा आले र कम उमेरको भएमा चेञ्ज तथा छोरी बढी उमेर भएमा नन र कम उमेर भएमा ञ्हिङ्ज भन्ने गरिन्छ। बुबाको दिदी बहिनीको छोरीहरूलाई नन् र ञ्हिङ्ज भन्ने गरिए पनि विवाह गर्न पाइने सामाजिक चलन रहेको छ। यस

जातिमा फुपूको छारीहरूसँगको नाता सम्बन्ध ठट्यौली नाता सम्बन्ध पनि हो।

नाता सम्बन्ध आमापट्टिबाट पनि कायम हुने गर्दछ। जुन निम्न प्रकार रहेको छ।

तालिका नं. ७ आमापट्टिको नाताहरू

क्र.स.	नाता सम्बन्ध	नेपाली नाता	ताङ्बे नाता	बाबुको खलक/पुस्ता
१.	आमाको दाजु	मामा	आस्याङ	खलक+१
२.	आमाको भाइ	मामा	आस्याङ	खलक+१
३.	आमाको दाजुको श्रीमती	माइजू	आनी	खलक+१
४.	आमाको भाइको श्रीमती	माइजू	आनी	खलक+१
५.	आमाको दिदी	ठुली आमा	अङकेन	खलक+१
६.	आमाको बहिनी	छ्यामा	आन्छ्य	खलक+१
७.	आमाको दिदीको श्रीमान	ठूलो बा	ओम्हा	खलक+१
८.	आमाको बहिनीको श्रीमान	सानो बा	ओम्हा	खलक+१
९.	आमाको दाजुभाइको छोरा (उमेर बढी)	दाजै	आले	खलक+०
१०.	आमाको दाजुभाइको छोरा (उमेर कम)	भाइ	चेञ्ज	खलक+०
११.	आमाको दाजुभाइको छोरी (उमेर बढी)	दिदी	नन	खलक+०
१२.	आमाको दाजुभाइको छोरी (उमेर कम)	बहिनी	ञ्हिङज	खलक+०
१३.	आमाको दिदीबहिनीको छोरा (उमेर बढी)	दाजु	आले	खलक+०
१४.	आमाको दिदीबहिनीको छोरा (उमेर कम)	भाइ	चेञ्ज	खलक+०

क्र.स.	नाता सम्बन्ध	नेपाली नाता	ताङ्बे नाता	बाबुको खलक/पुस्ता
१५.	आमाको दिदीबहिनीको छोरी (उमेर बढी)	दिदी	नन	खलक+०
१६.	आमाको दिदीबहिनीको छोरी (उमेर कम)	बहिनी	ह्रिङज	खलक+०

(स्रोतः स्थलगत अध्ययन- २०६८ र २०७६)

आमापट्टिबाट बन्ने नाताहरूमध्ये आमाको दाइ र भाइ तथा उनीहरूको श्रीमतीहरू क्रमशः आस्याङ, आनी हुन् । साथै उनीहरूको छोराहरू बढी उमेर भएमा आले र कम उमेर भएमा चेञ्ज नाता पर्दछन् । त्यसै गरी छोरीहरू बढी उमेरको भएमा नन र कम उमेरको भएमा ह्रिङज नाता पर्दछन् । आमाको दाजुभाइपट्टिबाट नन र ह्रिङज नाता पर्ने चेलीहरूसँग विवाह र ठट्टा गर्न मिल्दछ । आमाको दिदी बहिनीपट्टितिरबाट पर्ने नन र ह्रिङज नाता सम्बन्धमा भने विवाह गर्न वर्जित रहेको हुन्छ ।

यस जातिमा रक्त सम्बन्धका अतिरिक्त विवाह सम्बन्ध आधारमा पनि नाता सम्बन्ध कायम हुने गर्दछ । उक्त नाता सम्बन्धलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८ श्रीमतीपट्टिबाट बन्ने नाताहरू

क्र.स.	नाता सम्बन्ध	नेपाली नाता	ताङ्बे नाता	बाबुको खलक/पुस्ता
१.	श्रीमतीको आमा	सासू	मम्	खलक+१
२.	श्रीमतीको बाबु	ससुरा	खे	खलक+१
३.	श्रीमतीको जेठा बा	जेठा ससुरा	खे	खलक+१
४.	श्रीमतीको जेठी आमा	जेठी सासू	मम्	खलक+१
५.	श्रीमतीको काका	कान्छा ससुरा	खे	खलक+१
६.	श्रीमतीको कान्छी आमा	कान्छी सासू	मम्	खलक+१
७.	श्रीमतीको दाजु	जेठान	स्हयाङ्मो	खलक+०

क्र.स.	नाता सम्बन्ध	नेपाली नाता	ताङ्बे नाता	बाबुको खलक/पुस्ता
८.	श्रीमतीको दाजुको श्रीमती	जेठानी दिदी	नन	खलक+०
९.	श्रीमतीको भाइ	साला	स्हयाङ्मो	खलक+०
१०.	श्रीमतीको भाइको श्रीमती	बहिनी	ञ्हङज	खलक+०
११.	श्रीमतीको दिदी	दिदी सासू	नन	खलक+०
१२.	श्रीमतीको दिदीको श्रीमान	सादु दाइ	छाव	खलक+०
१३.	श्रीमतीको बहिनी	साली	नन	खलक+०
१४.	श्रीमतीको बहिनीको श्रीमान	सादु भाइ	छाव	खलक+०
१५.	श्रीमतीको दाजुभाइको छोरा	भतिजा	स्हयाङ्मो	खलक–१
१६.	श्रीमतीको दाजीभाइको छोरी	भतिजी	झामे	खलक–१
१७.	श्रीमतीको दिदी बहिनीको छोरा	भतिजा	झ	खलक–१
१८.	श्रीमतीको दिदी बहिनीको छोरी	भतिजी	झामे	खलक–१
१९.	श्रीमतीको दाजुभाइको छोराको छोरा	नाति	कोञ्ज	खलक–२
२०.	श्रीमतीको दाजुभाइको छोराको छोरी	नातिनी	कोमे	खलक–२

(स्रोतः स्थलगत अध्ययन- २०६८ र २०७६)

विवाहबाट बन्ने नाताहरूमा श्रीमतीको आमा बाबु खे र मम, दाइभाइ स्हयाङ्मो, दिदी र दिदीको श्रीमान क्रमशः नन र छाव नाता पर्दछन् । श्रीमतीको दाइभाइको छोरा छोरीसँग क्रमशः झामे र झ नाता पर्दछन् ।

यस जातिमा पनि छन्त्याल, थकाली, तामाङ, गुरुङ जातिहरूमा जस्तै परम्परागत रूपमा मामाको छोरा र फुपूको छोरी तथा मामाको छोरी र फुपूको छोराबिच विवाह गर्ने प्रचलन रहेको छ, जसलाई Cross-cousin marriage भनिन्छ । यस किसिमको विवाहलाई ताङ्बे समाजले पनि पहिलेदेखि नै परम्परागत रूपमा स्वीकृत गरेको छ । त्यसैले फुपूको छोरीमा मामाको छोराको र मामाको छोरीमा फुपूको छोराका विवाहको लागि हक लाग्दछ भन्ने मान्यता रहेको छ ।

खाम्स्या पुंप (ठट्यौली नाता)

श्रीमतीको बहिनी, मामा र फुपूको छोरा-छोरीबिच ठट्टा गर्ने चलन रहेको छ । जसलाई ठट्यौली नाता भनिन्छ ।

ढोङचे खोते (मित र मितिनी)

लामाद्धारा ग्रह दशा, मिलाएर साइत हेराइ शुभ समयमा आफ्नो मन मिल्ने साथीसँग एक आपसमा खादा लगाएर मित वा सैना लगाउने चलन रहेको छ । यस दिन छ्याङ तथा रक्सी खाएर रमाइलो पनि गरिन्छ । मित लगाएपछि अंश लाग्ने नभई केवल अप्ठ्यारो परेको बेलामा आर्थिक र श्रम सहयोग गर्ने गरिन्छ । यस बाहेक विभिन्न संस्कार तथा चाडपर्वमा जाँड, रक्सी आदि कोसेलीको रूपमा आदानप्रदान गर्ने चलन रहेको छ ।

धर्मपुत्रको नाता

धर्मपुत्र वा पुत्री राख्ने चलन यस जातिमा परम्परागत रूपमा नभएता पनि पछिल्लो समयमा भने केही व्यक्तिले राख्ने गरेको पाइन्छ । यसरी राखेका छोरा वा छोरीलाई आफ्नो सन्तानलाई जस्तै सुविधा र अधिकार दिने चलन छ । साथै धर्मपुत्र र पुत्रीहरूले पनि आफ्नै बुबाआमाभैं सम्झेर सम्मान गर्ने र वृद्ध अवस्थामा स्याहारसुसार गर्नुपर्छ भन्ने मान्यता छ ।

धेप्प हातवं (छुन नहुने नाता)

यस जातिमा छुन नहुने नातामा श्रीमतीको नन (दिदी) हो ।

४.६. नाता कुटुम्बमा विनिमय प्रणाली

यस जातिमा नाता र साइनो सम्बन्धअनुसार एक आपसमा सर सहयोग, भेटघाट

गर्ने, विभिन्न संस्कार र अवसरमा कोसेली आदानप्रदान, खानपिन र रमाइलो गर्ने आदि प्रचलन रहेको पाइन्छ । यस किसिमको अवसर विशेष गरी भ्हिहुल्ह र च्हेन पूजा, ल्होसार, यार्तोङ तथा फानिङ पर्वहरूमा हुन्छ । पूजा र चाडपर्वहरू बाहेक विभिन्न संस्कारका कार्यहरू सम्पन्न गर्दा पनि कोसेली आदानप्रदान गर्ने र भेटघाट हुने गर्दछन् । विशेषत दिदी बहिनी, दाजुभाइ, रक्त, वैवाहिक तथा मितेरी सम्बन्धका नातेदार र कुटुम्बहरू विवाह, थर्च्याङ, मृत्यु संस्कारको छ्याक्सुम्प, घ्यव, स्याप्चुस्क्यु, ठुलेन आदिको अवसरमा बढी भेटघाट हुने गर्दछन् । नाता कुटुम्बमा छ्याङ, रक्सी, चिया, मासु, रोटी र तरकारी आदि वस्तुहरू कोसेलीको रूपमा लैजाने र ल्याउने प्रचलन निकै रहेको छ । यसबाहेक आवश्यक र अप्ठ्यारो परेको बेलामा आर्थिक सहयोग साथै अर्मोपर्मो गरी श्रमको पनि विनिमय हुने गरेको पाइन्छ। जसको परिणामस्वरूप यस जातिमा नाता तथा साइनो सम्बन्ध निकै बलियो भएको हुन्छ।

४.७. नाता कुटुम्ब प्रणालीको महत्व

यस जातिमा नाता सम्बन्धले उनीहरूको सामाजिक व्यवस्था सञ्चालनमा महत्वपूर्ण भूमिका खेलेको छ। नाता सम्बन्धले नै एक आपसमा सम्बन्ध स्थापित गराइ उनीहरूको सामाजिक अन्तरक्रियालाई निरन्तरता दिने कार्य गरेको छ। त्यसै गरी नाता व्यवस्थाले परिवार, खलक, समाजमा व्यक्तिको हैसियत र सामाजिक सम्बन्धको निर्धारण गरेको पाइन्छ। अर्कातिर नाता सम्बन्धबाट नै वंश स्थापना र परम्पराको निरन्तरता तथा उत्तराधिकारीको निर्धारण भएको हुन्छ । नातागत सम्बन्धले विवाह कार्य सम्पन्न गर्न पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यही नाता सम्बन्धले नै परिवार, खलक, कुटुम्बहरू बिचमा अप्ठ्यारो परेको बेलामा आर्थिक, सामाजिक र सांस्कृतिक सहयोगको आदानप्रदान गर्न टेवा पुऱ्याएको छ। त्यसैले यस जातिमा नाता र साइनो सम्बन्ध निकै महत्वपूर्ण रहेको छ।

अध्यायः पाँच

ताङ्गबे जातिको धर्म र चाडपर्व

५.१. धर्म

अलौकिक, अदृष्य र आध्यात्मिक शक्तिमाथिको आस्था र विश्वास नै धर्मको प्रमुख लक्षण हो। मानव समाज व्यवस्थाको प्रारम्भदेखि नै धर्म सामाजिक गठनमा संगठक अङ्गको रूपमा रहँदै आएको अनुमान गरिएको छ। ब्रम्हाण्ड र जीवनको सृष्टि, मृत्युपछिको रहस्य साथै मृत्युपश्चातको अलौकिक जीवनलाई पूर्ण बनाउने कुरा के हो भन्ने मानिसको जिज्ञासाको परिणामस्वरूप धर्म उत्पत्ति भएको मान्न सकिन्छ। धर्मको आधारमा प्राचीन कालदेखि नै राज्य सञ्चालन भएको इतिहास छ। त्यसैले विगतदेखि वर्तमानसम्म धार्मिक जालोभित्र हरेक व्यक्ति र समाज रहेको छ। त्यसैले विभिन्न अध्येयताले धर्मलाई आध्यात्मिक, प्रकार्य, वर्गीय र शक्ति सम्बन्ध आदि आधारमा विश्लेषण तथा व्याख्या गरेका छन्।

प्रेमकुमार खत्रीका (सम्वत् २०५५:१३२) अनुसार 'धर्मले मानिसको विश्वास प्रक्रियालाई बलियो बनाउने र निश्चित आकार दिने गर्छ। यसले मानव अनुभवमा गहन विचार, ज्ञान थपेर वस्तुमाथिको चिन्तन शक्तिलाई प्रखर बनाउँछ। समाज विकासको क्रममा समय-समयमा अनेक मिथक र जनश्रुति आदिको सिर्जना हुन्छ। पछि गएर ती मिथक र जनश्रुतिले धार्मिक रूप ग्रहण गर्छन।' यसैकारणले हुन सक्छ धर्म मानिसको अभिन्न आस्थाको केन्द्रमा रहदै आएको छ।

नेपालका आदिवासी जनजातिहरूले परापूर्वकालदेखि आफ्नो आस्था र विश्वासअनुसार अलौकिक, अदृष्य र काल्पनिक रूपमा धर्मलाई मान्दै आएका छन्। उनीहरूले धर्मअनुसार विभिन्न प्रकारका देवीदेवताहरूको पूजा गर्ने र चाडपर्व मनाउने गर्दछन्। नेपालमा आदिवासी जनजातिहरूले मौलिक धर्मको रूपमा किरात, बुद्ध, बोन्पो (बोन) र प्राकृतिक आदि धर्म मान्दै आएको देखिन्छ। त्यसबाहेक नेपालमा हाल हिन्दु, क्रिश्चियन, इस्लाम, शिख आदि धर्महरू प्रचलनमा रहेका छन्। जसले नेपालको धार्मिक विविधतालाई झल्काएको छ। नेपालमा प्राचीन समयदेखि हिन्दु धर्मको प्रभाव रहेको पाइन्छ। त्यसैले उक्त धर्मले यहाँको राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई प्रभावित बनाउदै आएको

छ। जसले आदिवासी जनजातिहरूको मौलिक धर्म, विश्वास र आस्थालाई पूर्ण रूपमा विस्थापित गर्न भने सकेको छैन।

५.२. ताङ्बे जातिको परम्परागत धर्म, विश्वास र दर्शन

यस जातिको परम्परागत धर्म बुद्ध हो। त्यसैले उनीहरूको हरेक संस्कार-संस्कृति, आस्था र विश्वासहरू बुद्ध धर्मबाट प्रभावित रहेका छन्। उनीहरूको पूजा गर्ने स्थान गुम्बा र छोर्तेन हुन्। पुजारी वा धार्मिक मुख्य व्यक्ति लामा र ल्हेवनहरू हुन्। ताङ्बे जातिमा पूजा गर्दा पशु वा पंक्षीलाई बलि दिने चलन छैन। पूजा सामग्रीको रूपमा विभिन्न खानेकुरा, धूप, धजा तथा फलफूलहरू प्रयोग गर्दछन्। यस जातिमा गहिरो धार्मिक विश्वास रहेको हुनाले आफ्नो गाउँको वरिपरि गुम्बा र छोर्तेनहरूको निर्माण गरेका छन्। उनीहरू विभिन्न समयमा गुम्बा र छोर्तेनमा पूजापाठ गर्ने गर्दछन्। केही बुढापाकाको भनाइअनुसार ताङ्बे जातिले बुद्ध धर्म मान्नु अगाडि बोन धर्म मान्ने र प्रकृतिपूजक थिए। उनीहरूले विभिन्न देवीदेवताको पूजा गर्दा पशुपंक्षीको बलि दिने गर्थे। अझै पनि केही चलन बोन धर्मअनुसार रहेको छ।

यस जातिमा मानिसको मृत्यु भएपछि नयाँ अर्को संसारमा गइन्छ भन्ने विश्वास रहेको छ। स्वर्ग, नर्क, अधर्मी, पापी र धर्म, दयालु, माया, राम्रो र नराम्रो कर्म भन्ने चलन रहेको छ। त्यसैले बाँचुन्जेल सकेसम्म राम्रा काम गर्नुपर्दछ। अरुको सेवा गर्ने, गच्छेअनुसारको दान दक्षिणा गर्ने, माला गणना गर्ने र त्यस समयमा *ओ म्हाने पेमे हुँ* भनेर मन्त्र उच्चारण गर्ने गर्दछन्। माला गणना गर्दा १०८ पुऱ्याएपछि पुनः मन्त्र दोऱ्याउने चलन रहेको छ। यसरी मालाको गेडाहरू गणना गरेमा दोष र पापबाट मुक्ति पाइन्छ भन्ने गहिरो विश्वास रहेको छ। कुनै व्यक्तिको मृत्यु भएपछि लासलाई काटेर गिद्धलाई दिने क्रममा लामाले मन्त्रोचारणसहित परम्परागत बाजाको धुनमा गिद्ध बोलाउदा धेरै गिद्ध आएमा धर्मी र असल मान्छे भनिन्छ। यदि गिद्ध कम आएमा खराब आचरण र पापी रहेको भन्ने विश्वास समेत रहेको छ।

५.३. धार्मिक संघ-संस्थाहरू

यस जातिको धार्मिक कार्य पूरा गर्नको लागि मात्र भनेर छुट्टै संस्था स्थापना गरिएको छैन। सामाजिक कार्यको अतिरिक्त धार्मिक कार्य सम्पन्न गर्नको लागि भने गुठी स्थापना गरिएको छ। जुन गुठीद्धारा धार्मिक कार्यहरू सम्पन्न गर्नुपरेमा

ऊवालगायत अन्न तथा जिन्सीहरू सङ्कलन गरी आवश्यकताअनुसार खर्च गर्ने गरिन्छ। गुठी व्यवस्थान तथा सञ्चालनको लागि ताङ्गबेमा एउटा भवन छ, जसलाई सामाजिक घर भनिन्छ। जातीय देवताको पूजा गर्दा पनि यो संस्था सक्रिय हुन्छ। यो धार्मिक संस्थाले ताङ्गबेहरू बिचमा एकता र भातृत्वको भावनालाई कायम राखेको छ। अर्कातिर संस्कृति र परम्परालाई जीवन्त राख्न पनि योगदान गरेको छ।

५.४.ताङ्गबे जातिको देवीदेवता र पूजाहरू

ताङ्गबे जातिले विभिन्न देवीदेवतालाई मान्छन् र पुज्छन्। देवतालाई सेर्के भाषामा ल्ह भनिन्छ। ती देवीदेवतालाई परम्परागत रूपमा परापूर्वदेखि पूजा गर्ने चलन रहेको हो। यस जातिले मान्ने र पुज्ने देवीदेवताहरू यसप्रकार रहेका छन्।

देवता (ल्ह)**हरू**

१. झिहुल्ह	२. चेन	३. च्याप्च
४.फोलो	५. झो छेक्याल न्हिम्बु	६. बुद्ध
७. गुरु रिम्बो छेन	८. ढाङच पेम	९. याक्पे स्हयुङगर

माथि उल्लेखित देवताहरूमध्ये च्याप्चे, फोलो, ढाङच पेम र याक्पे स्हयुङगर कुल देवताअन्तर्गत पर्छन्। जानिफकारका अनुसार कुल देवताको रूपमा पहिले एकै देवताको पूजा गरेता पनि समय क्रमसँगै अन्य ४ वटा देवतालाई पूजा गर्ने चलन विकास भएको हो। यी देवताको आधारमा पनि ताङ्गबेहरू एक आपसमा फरक ल्हः वा देवता मान्ने समूहमा पर्छन्।

घ्याम्हो (**देवी**): फल घङन सुक्बे आमा नाम्दोङ घ्याम्हो

यस जातिले माथि उल्लेखित देवीदेवताहरूलाई विभिन्न पर्व र समयमा पूजा गर्दछन्। ती देवीदेवता र पूजाहरू निम्न प्रकार रहेका छन्।

१. झिहुल्ह

झिहुल्ह देवता ताङ्गबे जातिको जातीय रुपमा साझा देवता हुन्। झिहुल्लह देवताको थान गाउँभन्दा माथि रहेको छ। यस देवतालाई सबै ताङ्गबेहरूले विश्वास र सम्मान गर्दछन्। यस देवताको पूजा गर्नाले जीवन सुखमय र राम्रो हुने, पेशा व्यवसायमा

सफल हुने, बालीनाली सप्रने र सन्तान बृद्दि हुने आदि विश्वास गर्दछन् । मानिसहरू गाउँबाट यात्रामा निस्कदा र फर्केर आउदा, कुनै पनि नयाँ कामको थालनी गर्दा, अप्ठ्यारोको अवस्था, बिरामी हुँदा समेत भिहुल्हलाई सम्झने र पूजा गर्ने गर्दछन् । पुस महिनामा सबै ताङ्गबे दाजुभाइ गाउँमा भेला भएर सामूहिक तरिकाले परम्परागत विधिअनुसार ल्हवेन (पुजारी)द्धारा यस देवताको पूजा गर्ने चलन रहेको छ । सामूहिक रूपमा भिहुल्ह देवताको पूजा गर्दा गाउँका सबै चुल्होलाई जानकारी गराइन्छ । त्यसैले प्रत्येक चुल्होबाट एक एक जना अनिवार्य रूपमा समाजको घरमा जम्मा हुनुपर्दछ ।

परापूर्व कालदेखि परम्पराअनुसार विशेष मिति, बार र तिथिमा भिहुल्ह देवताको पूजा गर्ने दिन निर्धारण हुने गर्दछ । पूजाबारे ल्हवेनले सबै चुल्होलाई जानकारी दिएको हुन्छ । पूजाको दिन बिहानै मुखियाले पुजारी लिन जान्छन् । पुजारीलाई ल्याएपछि मिठो-मिठो खानेकुराहरू दिने गर्दछन् । पूजाको अवसरमा ल्हवेनले परम्परागत पोशाक लगाउनु पर्दछ । त्यसपछि पूजाको लागि आवश्यक पूजा सामग्रीहरू जुटाउने कार्य हुन्छ । पूजामा जलाउने धूप जम्मा गर्नको लागि खानेकुरा केही नखाइकन २ जना छोक्पोहरू बिहानै खेतबारीमा गएर धूपीको धूपसँग मिसाएर बाल्नको लागि फलफूल लाग्ने बिरुवाको पातहरू सङ्कलन गरेर ल्याउछन् । जुन बिरुवाको फल मान्छेले खाने हुनुपर्दछ । मुखियाको घरमा ल्हवेनले पूजाको सामग्रीहरूसहित सबै तयारी पूरा गरेपछि *घुम्च्याङ*[२१] बजाउदै केही व्यक्तिहरूले पुजारीलाई भिहुल्ह देवताको थानसम्म पुऱ्याउँछन् । देवताको थानमा पुगेपछि थानको ढोकाको साँचो खोलेर पुजारीमात्र भित्र जान्छ । किनकि ल्हवेनबाहेक अरु थानभित्र जानु हुँदैन भन्ने मान्यता रहेको छ । त्यसैले अन्यलाई थानभित्र जाने अनुमति हुँदैन । ल्हवेनले थान सफा गर्ने, थानमा गाँडिएको रुखको हाँगामा सेतो

२१ ढोलकजस्तै ताङ्गबे जातिको पराम्परागत बाजा ।

धजा बाँध्ने र रातो सेता रंगले थानलाई रंगाउने काम गर्दछ ।

त्यसपछि पुजारीले देवतालाई साङ्[२२] जलाउने, बत्ती बाल्ने, लगिएको प्रसादहरू छ्याङ, भुटेको उवा, रक्सी, फलफूल आदि चढाउने, साथै छ्याङ फी[२३] र क्यू फी[२४]लाई २ वटा बटुकामा राखेर थानमा छर्कनुको साथै पूजा गर्ने गर्दछ । यसरी पूजा गर्ने क्रममा ल्हवेनले तिब्बतीयन भाषामा मन्त्र उच्चारण गरी देवताको प्रार्थना गर्ने गर्दछ । परम्परागत विधिअनुसार पूजापाठ गरिसकेपछि ल्हवेनसहित थानमा गएका व्यक्तिहरू समाज/गुठी घरमा आउँछन् । उक्त घरमा गाउँका सबै मानिसहरू भेला भएका हुन्छन् । ताङ्बे जातिमा भ्रिहुल्हको पूजालाई उत्सवको रूपमा मनाउने चलन रहेको छ । त्यसैले पूजाको अवसरमा मानिसहरूले विभिन्न परिकारको खानाहरू, छ्याङ, रक्सी आदि २/३ दिनसम्म खाने र रमाइलो गर्ने गर्दछन् । यस पूजामा प्रत्येक चुल्होले समाजले निर्धारण गरे बमोजिमको उवा उठाउने चलन रहेको छ ।

पूजा सकेपछि कहिलेकाही पूजा गर्ने क्रममा विधि, प्रक्रिया एवं तरिका पुगेन वा चोखो गर्न सकिएन भने भ्रिहुल्ह देवता व्यक्तिको शरीरमा उत्रन्छन् । यसरी उत्रेपछि उक्त व्यक्ति काप्न थाल्दछ । काप्ने व्यक्तिले पूजामा नपुग कुराहरू के-के थिए तिब्बतीयन भाषामा भन्ने गर्दछ । यसरी व्यक्ति काप्दै (थरथराउदै) बोल्दा भ्रिहुल्ल देवता बोलेको हो भन्ने विश्वास र मान्यता रहेको छ । काप्ने व्यक्ति बोल्दा तिब्बतीयन भाषा बुझ्ने मान्छेले भाषा अनुवाद गरी ल्हवेन र गाउँको बुढापाकाहरूलाई जानकारी गराउँछ । त्यसपछि उक्त देवतालाई धूपीको शुद्ध काँचो पात लिएर दिने र धूपको रूपमा बाल्ने चलन रहेको छ । यसरी दिएको काँचो पात काप्ने व्यक्तिले खाने गर्दछ, जसलाई भ्रिहुल्ह देवताले खाएको विश्वास गरिन्छ । देवताको पूजाआजा गर्दा परम्परागत विधि र प्रक्रियाअनुसार गरिएन भने समस्याहरू आउन सक्छ । त्यसैले पूजा गर्दा अनिवार्य परम्परागत थितिअनुसार विधि र प्रक्रियालाई पालना गर्नुपर्छ भन्ने गहिरो विश्वास छ ।

भ्रिहुल्ह देवताको पूजा सामाजिक रूपमा वर्षको एक पटक अनिवार्य गर्ने चलन छ । तर कुनै व्यक्ति र परिवारले अन्य दिन र महिनामा पनि गर्न सक्छ । व्यक्ति वा परिवारद्धारा गरिने भ्रिहुल्ल देवताको पूजामा गाउँका सबै मानिसहरू भेला हुने,

---

२२ सातवटा बोटबिरुवाको पातहरुलाई धूपीको पातसँग मिसाएर बनाइएको धूप ।

२३ पहिले नै पकाएर राखेको चोखो जाँड ।

२४ पूजा गर्नको लागि लिएको चोखो पानी ।

खाने, पिउने, रमाइलो गर्ने र सामूहिक रूपमा उवा उठाउने चलन हुँदैन । पूजा गर्ने व्यक्तिले परम्परागत ल्हवेन बोलाएर वा जानकारी दिएर वा जानकारी नदिई आफैले मात्र पूजा गर्न सक्छ। पूजा गर्ने व्यक्तिले आफ्नो भाकल र इच्छाअनुसार विधिपूर्वक पूजा गर्ने भएकोले पूजाको सबै व्यवस्था एक्लै गर्नुपर्दछ।

२. **च्हेन**

झिहुल्ह देवताको पूजा गर्दाको दिनमा नै यस देवताको पूजा गरिन्छ। यस देवतालाई झिहुल्ह देवताको सुरक्षा वा अंगरक्षक भएको विश्वास गरिन्छ। झिहुल्ह देवताले राजाको प्रतिनिधित्व गर्दछ भने च्हेनले सुरक्षा गार्डको प्रतिनिधित्व गर्दछ। यस देवतालाई ल्हवेनले रातो धजा बाँधिदिने र भुटेको उवा, रक्सी, छ्याङ र फलफूल आदि प्रसादको रूपमा चढाउने गर्दछ । अन्तमा पूजा गर्दा कहीकतै प्रक्रिया नमिलेको वा आवश्यक सामग्री, धूप, धजाको कमी भएमा क्षमा पाऊ, अबदेखि गाउँ र समाजमा सबैको भलो एवं राम्रो होस् भनी प्रार्थना गरिन्छ। झिहुल्ह र च्हेन देवता गाउँको सामूहिक देवता हुन्।

३. **झो छेक्याल न्हिम्बु**

झिहुल्ह देवताको पूजा गर्दाको दिनमा नै झो छेक्याल न्हिम्बु देवताको पूजा गरिन्छ। यस देवतालाई पूजा गर्दा ल्हवेनले थान लिपपोत गर्ने, सेतो धजा, छ्याङ फी र क्यु फी चढाउने र धूप बत्ती बाल्ने गर्छन्।

४. **गुरु रिम्बो छेन**

गुरु रिम्बो छेनकौ पूजा पुरुष व्यक्तिको थर्च्याङ पूजा गर्ने बेलामा गरिन्छ। उनको पूजा गर्दा भाङछा चढाइन्छ। भाङछा भन्नाले थर्च्याङ गर्दा घ्यूको घेरा बनाइएको हुन्छ। उक्त घेराभित्र छ्याङ राखिएको हुन्छ। सोही छ्याङलाई भाङछा भनिन्छ। गुरु रिम्बो छेन निकै गुणी, ज्ञानी र दानी भएकोले यस जातिले गुरुको रूपमा मान्ने गर्दछन्।

५. **बुद्ध**

यस जातिमा बुद्ध धर्मका प्रर्वतक भगवान गौतम बुद्धलाई देवताको रूपमा पूजा गर्ने चलन रहेको छ। बुद्धको पूजा पुरुषको थर्च्याङ गर्दा र वैशाखे पूर्णिमा अर्थात बुद्धको जन्मदिनमा गुम्बामा गएर बत्ती बाली पूजा गरिन्छ।

६. च्याप्चे

च्याप्चे यस जातिको अर्को देवता हुन् । यस देवताको पूजा भाद्र महिनाको ८ गतेभित्र पर्ने गरी वर्षमा जम्मा एक पटक गर्ने चलन छ। यो देवताको पूजा ताङ्गबे गाउँमा बसोबास गर्ने केवल १०/११ चुल्होले मात्र गर्दछन् । यस देवताको पूजा विधि सबै फल घङन सुक्बे आमा नाम्दोङ घ्याम्हो देवीको जस्तै गरेर गरिन्छ। यस देवतालाई सीमित खलकहरूको देवता भनेर चिनिन्छ।

७. फोलो

फोला देवता अरु देवीदेवताभन्दा छुट्टै भएकोले सोहीअनुसार घरभित्र पूजा गरिन्छ। पात्रोअनुसार दिन हेरेर जेठ महिनाको ८ गतेभित्र वर्षमा एक पटक यस देवताको पूजा गर्ने चलन रहेको छ। पूजा गर्नको लागि उवाको सातुको ३ वटा टोर्मा, सेतो एक जोडा धजा थानमा चढाइन्छ। यसभन्दा अगाडि ढुङ्गाको मूर्तिलाई देवताको प्रतीकको रूपमा राखेर थानलाई सिँगारिन्छ। त्यसपछि मात्र सङ (धूप) जलाउने गर्दछन् । यस देवताको पूजा गर्दा गाउँमा लगाएको बालीनाली तथा फलफूलहरू राम्रो होस्, जीवनमा देश परदेश जादाको बखत गलत बाटो हिँड्न नपरोस् र सधै सही बाटो हिँड्न र राम्रो काममा मात्र लाग्न पाइयोस् भनेर कामना गर्दै पूजा गर्ने परम्परा रहेको छ।

८. ढाङच पेम

यस देवता पनि केही समूहको कुल देवता हुन्। जसको पूजा केवल सोही समूहका व्यक्तिहरूले मात्र गर्छन् । देवताको पूजा गर्दा थान लिपपोत गर्ने, साङ् बाल्ने, छ्याङ् फी, क्यू फी र अन्य फलफल प्रसादको रूपमा चढाउने गरिन्छ। यस देवतको पूजामा सम्बन्धित कुलभित्र पर्ने दाजुभाइ जम्मा हुने र खानपिन गर्ने गर्छन् ।

९. याक्पे स्हयुङगर

याक्पे स्हयुङगर देवता पनि केही ताङ्गबेहरूको देवता हुन्। अन्य समूहले जस्तै गरी यस देवताको पूजा गर्ने गरिन्छ।

१०. कुल देवता

कुल देवतालाई यस जातिले निकै महत्वको साथ पूजा गर्छन् । पहिले कुल पूजा

गर्दा एउटै देवताको पूजा गरेता पनि समयको विकास क्रमसँगै च्याप्चे, फोलो, ढाङच पेम र याक्पे स्हयुङगरलाई कुल देवता मानी पूजा गर्छन् । कुल देवताको हरेक दिन बिहान बेलुकी घरभित्र नै धूप, बत्ती बाल्ने र विभिन्न चिजहरू जस्तै छ्याङ, रक्सी, फलफूल आदि चोखो चिजहरू प्रसादको रूपमा चढाएर पूजा गर्छन् । कुल देवतालाई बालिने धूप धूपी सल्लाको पातसहित सात वटा फलफूल लाग्ने वा हुने बोटबिरुवाहरूको पात मिसाएर बनाइन्छ । कुल पूजा कुनै विशेष दिन लामाहरू बोलाएर विधि र नियमअनुसार मन्त्र पाठ गर्न लगाइ पूजा गर्ने चलन पनि छ । कुल देवताको पूजामा परिवारको सबै सदस्यहरू सहभागी भई प्राथना गर्छन् । पूजामा आएका लामाहरूलाई गच्छेअनुसार दान-दक्षिणा दिइन्छ । यस दिन आफन्तहरूलाई बोलाएर पूजामा चढाएका खानेकुराहरू प्रसादको रूपमा खान दिने चलन रहेको छ । पूजा र खानपान गरिसकेपछि पाहुनाहरूलाई बिदाइ गरिन्छ ।

११. थप्साङ् पूजा

ताङ्बे गाउँमा ताङ्बे जातिको प्रत्येक घरको सबैभन्दा माथिल्लो तलामा थप्साङ् हुन्छ । जहाँ थप देवतालाई स्थापनाको गरिएको हुन्छ । उक्त देवतालाई विशेषत फानिङ पर्वको दिन सम्बन्धित घरका व्यक्तिले पूजा गर्छन् । पूजाको दिन थप्साङ लिपपोत गर्ने र विभिन्न रङ लगाएर सिंगार्ने गरिन्छ । सोपछि धजा बाँध्ने, साङ् बाल्ने, छ्याङ् फी, क्यू फी र फलफूल आदि प्रसाद चढाएर पूजा गरिन्छ । यसरी पूजा गरेमा घर, परिवार तथा श्रीसम्पत्तिको रक्षा र भलो हुने एवं मन शान्ति हुने विश्वास रहेको छ ।

१२. सोनम खोलो पूजा

यो पूजा खेतमा उवा छर्ने मौसम विशेषत असोज महिनामा साइत हेरेर कुन समयमा पूजा गर्ने भनी समय निर्धारण गरिन्छ । साइतअनुसार खेत जोत्नको लागि प्रयोग गरिने झोपाको शिर कतातिर फर्काउदा राम्रो हुन्छ, सोहीअनुसार झोपालाई जुवामा नारेर टाउको उतैतिर फर्काइन्छ । त्यसपछि झोपाको सिङ र टाउको तथा हलीको कान, हलो र फाली आदिमा घ्यू लगाइन्छ । त्यसैगरी खेतको ढिकमा ३ वटा ढुङ्गालाई देवताको रूपमा राखेर पूजा गरिन्छ । त्यसपछि उवाको बिउ छर्ने व्यक्तिले आकाशतिर फर्केर बालानाली राम्रो होस्, धेरै फलोस्, मुसा, चराचुरुङ्गी, पशुहरूले नाश नगरोस्, समयमा वर्षा र हिउँ धेरै परोस्, बाला एक बित्ता लामा होस्, उवाको डाँठ पनि

ठूला-ठूला होस्, घरको माथिल्लो तला मानिसले भरियोस् । बिचको तल्ला उवाले भरियोस् । भुइँतला पशुधनले भरियोस् भन्दै भगवानलाई 'छे छे' भनेर पुकार गर्दछ ।

यस पूजा विशेषतः खेतबारीमा लगाइने बालीहरू सधै राम्रो गरी धेरै फलोस् भन्ने कामनासहित अन्न प्रतिको समर्पण रुपमा गर्ने चलन छ । परम्परागत रूपमा उवा बाली ताङ्गबे जातिले लगाउने प्रमुख बाली भएको हुनाले यसरी पूजा गरिएको बुढापाकाहरू बताउँछन् । उवाबाहेक अरु बाली लगाउदा भने सोनम खोलो पूजा गरिँदैन । उवा बाली लगाउदाको उक्त सोनमा खोलो पूजाले नै सबै बालीनालीको प्रतिनिधित्व गरेको मानिन्छ । उवा छर्ने बेलामा पूजा गरेता पनि बाली स्याहार्ने वा काट्ने बेलामा भने कुनै पूजा गर्ने चलन छैन । उवा, फापर आदि बाली स्याहार्ने समयमा खला वा खलोको डिलमा ३ वटा ढुङ्गालाई रङ्रोगन गरेर पूजा गर्ने चलन भने रहेको छ । जसले सहकालको प्रतिनिधित्व गर्नुको साथै यस जातिले अन्नप्रति सम्मान गरेको संकेत गर्दछ ।

१३. फल घडन सुक्बे आमा नाम्दोङ घ्याम्हो

यस जातिले फल घडन सुक्बे आमा नाम्दोङ घ्याम्होलाई देवीको रूपमा पूजा गर्ने चलन रहेको छ । यस देवीको भिहुल्ह देवतासँग सम्बन्ध रहेको पाइदैन । यस देवीको वर्षा र हिउँदको समयमा गरी वर्षमा २ पटक पूजा गरिन्छ । वर्षाको समयमा जेठको २/३ गतेभित्र र हिउँदको समयमा माघको २/३ गते भित्रमा पूजा गरिन्छ । यी दुई महिनाको ३ गतेभन्दा पछाडि पूजा गर्नु हुँदैन भन्ने परम्परागत मान्यता रहेको छ । फल घडन सुक्बे आमा नाम्दोङ घ्याम्हो देवीलाई सात जोडा सेतो धजा चढाउनुको साथै धूप, बत्ती जलाउने गरिन्छ । यस बाहेक ल्हवेनद्धारा *टोर्मा*[२५] *(हिड्थी) र चेनसेन*[२६] थानमा चढाइन्छ । यस देवीको पूजा ताङ्गबे गाउँका केवल ७ चुल्होले मात्र गर्दछन् ।

ताङ्गबे जातिले माथि उल्लेखित देवीदेवताहरूको विभिन्न समयमा जातीय मौलिकता र परम्परागत विधि विधानअनुसार पूजा गर्दछन् । यी देवीदेवताको पूजा परापूर्वकालदेखि ताङ्गबे पूर्वजहरूले गर्दै आएका थिए र वर्तमानमा नयाँ पुस्ताले

---

२५ उवाको सातु चोखो पानीमा मोलेर बनाइएको खानेकुरा ।

२६ उवाको सातु मोलुर बनाएको २ वटा चील, १ वटा खरायो, २ वटा बाघ, २ वटा चितुवा, १ वटा नाउर र १ वटा गोठालोको मूर्ति ।

पनि पूजालाई निरन्तरता दिएका छन् । जुन पूजा देवताप्रतिको विश्वास, आस्थाका आधारमा भक्ति र सम्मानपूर्वक गर्दछन् । यी देवीदेवताको पूजा गरेमा गाउँघरमा राम्रो हुने, बालीनाली बढी फल्ने र कार्यमा सफल हुने विश्वास रहेको छ। यी विभिन्न पूजा ल्हवेनद्धारा गरिने भएकोले अरु जातिका पण्डितहरूको आवश्यकता पर्दैन । पूजाको विधि र तरिका ल्हवेनको एक पुस्ताबाट अर्को पुस्तामा मौखिक र व्यवहारिक रूपमा हस्तान्तरण हुँदै आएको छ। जसले ताङ्बे जातिको मौलिक पहिचान, विशिष्टता र धार्मिक आस्था, विश्वास परम्परा, चलनलाई सुरक्षित गरेको छ । अर्कातिर यसैले पनि अन्य आदिवासीभन्दा थप पृथक पहिचान दिएको छ।

५.५. ताङ्बे जातिले मनाउने चाडपर्वहरू

ताङ्बे जातिले मौसम, प्रकृतिको चक्र, विश्वास र धार्मिक आस्थाअनुसार विभिन्न परम्परागत चाडपर्वहरू मनाउदै आएका छन् । एकातिर ती चाडपर्वहरूले सामाजिक सम्बन्ध, एकता, पहिचान, मनोरञ्जन र सांस्कृतिक जीवनलाई जीवन्तता दिएका छन्, अर्कातिर चाडपर्वमा जीवन, दर्शन र आस्थाका विम्बहरू प्रतिविम्बित भएका हुन्छन् । परम्परागत चाडपर्वहरू छौ (ल्होसार), यार्तोङ, फाक्निङ र बुद्धजयन्ती आदि मुख्य हुन् । त्यसैगरी ताङ्बेहरूले गैरपरम्परागत चाडपर्व अत्यन्त कम र सीमित रूपमा मनाउने गरेको पाइन्छ । जुन चाडपर्वहरू बढी मात्रामा अन्य धर्म र समुदायसँगको सम्पर्कका कारण अनुकरण र प्रभावले मान्ने गरेका हुन् । त्यसकारण उनीहरूको जीवनमा गैर चाडपर्वहरू जस्तै दसैं र तिहार आदिको खासै धार्मिक, सांस्कृतिक र सामाजिक महत्व छैन र हुँदैन । गैर परम्परागत पर्वहरू मनाउने गरेको इतिहास पनि धेरै लामो छैन ।

१. **छौ (ल्होसार)**

ल्होसार चाडलाई ताङ्बे भाषामा छौ भनिन्छ । यो पर्व पुस महिनामा धुमधामसँग मनाउने चलन रहेको छ । पर्व मनाउनेको लागि घेन्पले लामासँग गएर तिथि मिति निर्धारण गर्छन् । ताङ्बे जातिले कृष्ण पक्षको समयमा कुनै पनि शुभ कार्य पूजा गर्ने, चाडपर्व मनाउने र विवाह संस्कारको कार्य गर्दैनन् । त्यसैले छौ पर्व पुस महिनाको शुक्ल पक्षको समयमा मिति र दिन निर्धारण हुन्छ । छौ पर्वको दिनदेखि ताङ्बे जातिको नयाँ वर्षको आरम्भ हुन्छ । त्यसैले यो नयाँ वर्षको रूपमा पनि मनाउने चलन विकास हुदै आएको छ ।

छौको दिन घरको देवताको पूजा (मध्य दिन) १२ बजे अगाडि नै गरिन्छ। जसमा धूप, बत्ती बाल्ने र विभिन्न खानेकुरा तथा फलफूल चढाउने गरिन्छ । विशेषत यस दिन कचौरामा छ्याङ फी राखी कचौराको किनारमा तीनतिर नौनी घ्यू राखेर देवतालाई चढाउने गरिन्छ । जसलाई ताङ्गबे मातृभाषामा *हेयर लव* भन्छन् । त्यसपछि चोखो उवा भुटेर बनाइएको पौक्स्यु खान्छन्। जुन परिवारको सदस्यबाहेक अरुलाई खान दिनु हुँदैन भन्ने मान्यता रहेको छ। सो दिन ९ किसिमका अन्नका गेडागुडी, गहुँ[२७] (कालो रङको गेडागुडी र अन्न नमिसाउने) र च्याङ्ग्रा, भेडा वा चौरीको टाउकोको मासुसँग मिसाएर बनाइएको विशेष परिकार *छेन्दु खु* खाने गरिन्छ। छेन्दु खु खाएमा मानिसलाई चिसोबाट जोगाउछ भन्ने विश्वास रहेको छ। यस पर्वमा घरमा नयाँ दुलही भएमा दुलहीको आमा बालाई केटा पक्षले पाहुना खानको निम्ति निमन्त्रणा गर्ने चलन छ। त्यसपछि माइती पक्षले दुलाहा र उसको बाआमालाई निम्तो गर्ने परम्परा छ। जसले दुईवटा परिवारबिचको सम्बन्धलाई बलियो बनाउन योगदान गर्छ।

छौ पर्वको दिन मानिसहरू नजिकको गुम्बा र छोर्तेनमा गएर पनि पूजा गर्दछन्। पूजा गरिसकेपछि परिवारको सबै सदस्यहरू भेला भएर छ्याङ, रक्सी, मासु र तरकारी लगायत विभिन्न परिकारका खानाहरू खाएर रमाइलो गर्ने गर्दछन् । गाउँबाट बसाइँसराइ गरेर जोमसोम, पोखरा र काठमाडौँ गएका प्रायः दाजुभाइहरू पनि एक ठाउँमा भेला भएर यो पर्व मनाउने चलन रहेको छ। यस दिनमा खानाको विभिन्न परिकारहरू तयार गरी मिठो खाने, राम्रो र नयाँ कपडाहरू लगाउने तथा एक आपसमा मनोरञ्जन गरिन्छ। यसका साथै पर्वको अवसरमा दाजुभाइ, इष्टमित्रहरू जम्मा भएपछि परम्परागत तारा र पारा खेलहरू खेल्ने गरिन्छ। यस पर्वको तेश्रो दिनमा आफन्तलाई निम्तो गरी विभिन्न परिकारका खानाहरू पकाएर खुवाइन्छ। यसरी खुवाउने खानामा पकाएको ठूला-ठूला मासु चोक्टा विशेष मानिन्छ। यो पर्व एक हप्तासम्म रमाइलो गरी मनाउने चलन रहेको छ। यस पर्वले धार्मिक आस्थालाई जीवन्तता, सामाजिक सम्बन्धलाई बलियो, सांस्कृतिक परम्परालाई निरन्तरता र मनोरञ्जन प्रदान गरेको हुन्छ।

---

२७ पानीमा भिजाएर एक दिन पहिले नै ढिकी वा ओखलमा कुटेर बोक्रा निकालिएको गहुँ।

२. **योर्तोङ**

योर्तोङ पर्व अर्को महत्वपूर्ण चाड हो । योर्तोङ वर्षमा एक पटक साउन शुक्ल पक्ष जनै पूर्णिमाको दिन मनाउने चलन रहेको छ । यस पर्व विशेष गरी ताङ्गबे गाउँबाट मुक्तिनाथमा गएर मनाउने गरिन्छ । जहाँ ताङ्गबे लगायत बाह्रगाउँ क्षेत्रका युवाहरूले घोडा दौडको कला, नाच र गीतसमेत प्रस्तुत गर्छन् । यस दिन ताङ्गबेहरूले भिहुल्ह देवतालाई परम्परागत विधि र तरिकाअनुसार पूजा गर्दछन् । पूजा सकेपछि परम्परागत जातीय पोशाक लगाएर समूहमा ताङ्गबेबाट मुक्तिनाथको जात्रामा जान्छन् ।

मुक्तिनाथ जानु केही दिन अगाडि नै समूहको नेतृत्व गर्नको लागि ३ जना *क्होव थे* (पहिलो नेता), *क्होव परिम्ब* (दोश्रो नेता) र *क्होब च्याङ्ब* (तेश्रो नेता) फादोमाकीले चयन गर्छ । यिनै क्होवको निर्देशनअनुसार समूह मुक्तिनाथ जाने, पूजा गर्ने, नाचगान गर्ने, बस्ने र खाने आदि गर्नुपर्छ । क्होवले समूहलाई व्यवस्थित गर्न मुख्य भूमिका खेल्छ । सोहि दिन समूहको एक जना सचेतकको भूमिका निर्वाह गर्ने *ड्रेर्प* र जात्रा (मेला)मा समूहको खान, बस्न र रेखदेख गर्ने व्यवस्थाको लागि दुई जना व्यक्ति फोदोमाकीबाट नै छनौट गरिन्छ । मुक्तिनाथ जात्रामा समूहमा मिलेर पकाएर खाने तथा आफूले लिएर गएको खानेकुरा एक आपसमा बाँडेर खाने गरिन्छ । जसले सामूहिकता र एकता कायम राख्नका लागि महत्वपूर्ण योगदान गरेको हुन्छ । यदि कुनै व्यक्ति समूहबाट अलग भयो भने खाने अवसर कम हुन्छ, तर वर्तमानमा नगदको कारोबारले यो चलन भने ओझेलमा पर्न थालेको छ । यी माथि उल्लेखि सबै विधि, प्रक्रिया र व्यवस्थापनले ताङ्गबे एकतालाई प्रवर्द्धन र संरक्षण गरेको हुन्छ । जिम्मेवार व्यक्तिले ताङ्गबे जातिले मनाउने योर्तोङ् पर्वलाई व्यवस्थित गर्ने क्रममा आ-आफ्नो भूमिका जिम्मेवारीपूर्वक पूरा गर्नुपर्छ । जुन नेतृत्वकर्ताको मुख्य दायित्व र कर्तव्य हुन्छ ।

पूर्णिमाको अघिल्लो दिन मेला भर्न जाने युवा, युवती, महिला, पुरुष र केटाकेटीहरू घोडचढीसहित ताङ्गबेहरू योर्तोङ मेलामा मुक्तिनाथ आउदै गरेको प्रतिकस्वरूप म्हुइल्ह डाँडामा पुगरे बन्दुक पड्काउने चलन छ । बन्दुक पड्केको आवाज सुनेपछि झारकोट गाउँको मुखियाले मुक्तिनाथमा रहेको ल्हकाङ् सम्ब गुम्बा अगाडिको स्थान खाली गराउँछन् । जुन स्थानमा मेला अवधिभर ताङ्गबेहरू बस्ने गर्छन् । मेला स्थानमा पुगेपछि मुक्तिनाथ मन्दिर र गुम्बाको परिक्रमा गर्छन् । साथै क्होवहरूले ३ वटा मुख्य

गुम्बामा सुखमय जीवनको कामना र मृत आत्माहरूको सम्झनामा बत्ती बालेर पूजा गर्दछन् । सो क्रममा पहिले म्हरमे ल्हकाङ, त्यसपछि क्रमशः *सले म्हेम्ब* (माटोको आगो), *धोला म्हेम्ब* (ढुङ्गाको आगो) र *छुला म्हेम्ब* (पानीको आगो)मा बत्ती बाल्ने र पूजा गर्ने कार्य सम्पन्न गर्छन् । त्यसपछि सबै जनाले सेर्के भाषामा भएको योर्तोङ पर्वसम्बन्धी गीत गाउदै *स्हप्रु/स्हप्टुङ्* नाच नाच्छन् । यार्तोङ पर्व मनाउने क्रममा गाउँ परिक्रमा गर्दा, मुक्तिनाथ जाँदा, गुम्बा परिक्रमा र ताङ्गबे गाउँ फर्कदा भिन्न-भिन्न भाव र विषयवस्तु समावेश भएको यार्तोङ गीत गाउने चलन छ । जुन गीत अनुसूची १ मा समावेश गरिएको छ ।

पूर्णिमाको दिन बिहान मुक्तिनाथको १०८ धारामा नुहाउने, बत्ती बाल्ने, पूजा गर्ने, घोडा दौडमा सहभागी हुने र नाचगान गर्छन् । तेश्रो दिन पनि बिहान नुहाउने, पूजा गर्ने, दिउँसो नाचगान गर्ने र साँझमा मुक्तिनाथको मेलाबाट ताङ्गबे गाउँतिर फर्कन्छन् । गाउँमा आएपछि *झोम ङट्हयु* (समाज घर)मा भेला भएर खानपान र नाचगान लगायत विभिन्न प्रहसन गर्छन् । यस पर्वमा ताङ्गबे जातिको परम्परागत विभिन्न खानाको परिकार छ्याङ, रक्सी, चिया, *स्य त्हुम्ब* (ठूलो चोक्टा भएको मासु), *रुरु* (नुन र खुर्सानी मिसाएको पानीमा मात्र पकाएको स-साना मासु) *क्हेन ङ्हुङ्व* (अलि बाकुलो गहुँको रोटी) र *मिक* (फापरको सालादको खान बनाइएको साग) आदि खाएर रमाइलो गर्दछन् । ताङ्गबे आएर पनि २/३ दिनसम्म रमाइलो गर्ने चलन छ । यसरी योर्तोङ पर्व एक हप्तासम्म मनाउने परम्परागत प्रचलन रहेको छ । यस पर्वको अवसरमा पनि आफन्तहरूलाई खाना खान बोलाउने र आफू पनि जाने चलन रहेको छ । जुन चलनले ताङ्गबे बिचको पारिवारिक र छिमेकीको सम्बन्धलाई बलियो बनाउँदै आएको छ ।

यार्तोङ पर्वमा रूपमा ताङ्गबेहरू समूहमा मुक्तिनाथ जाने, गाउने, नाच्ने, पूजा गर्ने र त्यहाँबाट फर्केर समाज घरमा भेला भएर खानपान र मनोरञ्जन आदि कार्य गर्ने चलन छ । तर सारमा ताङ्गबे जातिको धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक, मनोञ्जन, लोकबाजा, गीत, नाच, खाना, जातीय भेषभुषा, खेलकुद र सामूहिक एकतालाई प्रवर्द्धन तथा जीवन्तता दिन योगदान गरेको छ ।

३. फानिङ

बाली भित्र्याएको र नयाँ बाली लगाउन बाँकी रहेको अवसरमा उँधौली चाडको रूपमा मनाउने चाड नै फानिङ् हो । गाउँको जानकार व्यक्ति वा लामाले साउन

महिनाको पहिलो हप्ताको कुन दिन यो पर्व मनाउने भनेर किटान गर्दछन् । लामाले किटान गरेको दिनमा यो पर्व मनाउने चलन रहेको छ। यस पर्वमा गाउँको सबै जनाले आ-आफ्ना घरको छानामाथि बनाएको थप्साङमा रङ लगाउछन् । उक्त थप्साङमा एक जोडा सेतो धजा, छ्याङ, रक्सी, टोर्मा र अन्य खानाका परिकार आदि प्रसादको रूपमा चढाएर पूजा गर्दछन् । यसको साथै अरु देवताहरूलाई पनि सम्झेर साङ् र बत्ती बालेर पूजा गर्ने परम्परा छ । यस पर्वमा मानिसहरूले दुध, घ्यू, दही, मासु, छ्याङ र रक्सी आदि खाने गर्दछन् । अरु चाडमा जस्तै घरमा विभिन्न परिकारका खानेकुराहरू पकाएर परिवारका सदस्यहरू भेला भएर खाने र रमाइलो गर्छन् ।

यस दिन मानिसले खाने जुनसुकै परिकार र चीजमा बढी तागत हुन्छ भन्ने विश्वास रहेको छ । त्यसैले फानिङ पर्वमा विभिन्न परिकारका खानेकुराहरू प्रशस्त बनाएर खाने गर्दछन् । जसले गर्दा बलियो भइन्छ भन्ने मान्यता रहेको छ । फानिङ् मनाउदा आफन्तहरूलाई निम्तो गर्ने चलन खासै छैन । फानिङको अवसरमा भएसम्म नयाँ र राम्रा कपडा लगाउने चलन रहेको छ । पर्वको अवसरमा परम्परागत तारा खेल खेलेर रमाइलो गर्ने चलन छ ।

४. धज्याङ

ताङ्गबेहरूको चौथो महिना धावा स्हिब्र (चैत्र महिना)मा उँभौली चाडको रूपमा ७ दिनसम्म धज्याङ चाड मनाउने चलन छ । विशेषत हिउँदको चिसो मौसम सकिएर न्यानो मौसमको आरम्भ भएको, लगाएको बालीहरू बिस्तारै हुर्कदै गएको र रुखबिरुवाहरूमा नयाँ पालुवा, फूल र फल लाग्न सुरु भएको अवसरमा धज्याङ मनाउने गरिन्छ । हिउँदको समयमा गाउँ र बारीहरू हिउँले छोपिएका हुन्छन् । उवा, फापर र जौंका बिउहरू चिसोले तुसाउन पाएका हुँदैनन् । फागुन र चैत्रको न्यानो पछि टुसाउने र बढ्ने गर्छन् । त्यसैले यो पर्व प्रत्यक्ष मौसम र ऋतुसँग सम्बन्धित छ ।

धज्याङ चाड मनाउनको लागि प्रत्येक घरबाट सात आठ *प्याङ* (काठको ३ माना जति अन्न अट्ने भाडा) उवाको जाँड पकाइन्छ । जुन जाँडलाई धज्याङ सुरु हुनु अगाडि समाज घरको ठूलो घ्याम्पोमा सङ्कलन गरिन्छ । चाडको दिन घ्याम्पोको पिँधको छेउमा भएको प्वालबाट झोल (आधुनिक बियर जस्तै) निकालेर फोदोमाकी लगायत सबैलाई खान दिने चलन छ । घ्याम्पोबाट पहिलोपटक पानी नमिसाएर निकालेको झोल र पहिलोपटक पानी मिसाएर निकालिएको झोललाई *प्हचच्याङ* र दोश्रो पटक पानी मिसाएर निकालिएको झोललाई *सुमच्याङ* भनिन्छ । उवाबाट

यसरी बनाइएको जाँडको झोल वा छ्याङलाई ताङ्गबे भाषामा *पाझी* भनिन्छ। यस पर्वमा पुरुष भेला भएर विभिन्न परिकारका खाना र पेय पदार्थ खाएर रमाइलो गर्ने चलन छ।

त्यसपछि जातीय पहिरनमा फोदोमाकी सदस्यहरू परम्परागत बाजासहित तारा खेलको लागि गीत गाउँदै र नाच्दै धस/त्हस (तारा खेल)मा जान्छन्। तारा खेल औपचारिक उद्घाटनपछि आरम्भ हुन्छ। तारा उद्घाटन गर्दा बाण/तिर तारामा लागेमा सकेसम्म थर्च्याङ गरेका, नभएमा गर्ने उमेरका वा अन्य बुढापाका व्यक्तिले आशीर्वाद दिने र तारा लगाउने व्यक्तिलाई सम्मानस्वरूप खेल मैदानको एक किनाराबाट अर्को किनारसम्म बोकेर लैजाने गरिन्छ। सेर्के भाषामा धनुलाई *त्हस*, तिर वा वाणलाई *त्ह* र फलेकलाई *तेन* भनिन्छ। तारा खेल हेर्नको लागि महिला, केटाकेटी, युवायुवती, जेष्ठ व्यक्ति सबै जना सहभागी हुन्छन्। लामाले निर्धारण गरेअनुसार समापनको दिन परम्परागत जातीय पहिरनमा ताङ्गबे युवायुवतीहरू धस/त्हस (तारा खेल)बाट गीत गाउँदै र नाच्दै समाज घरमा फर्कन्छन्। जहाँ युवायुवतीले जीवन, जगत, माया र प्रेमसम्बन्धी घतलाग्दो र मर्मस्पर्शी गीत गाउने, नाच्ने र खानपान गर्छन्। यस पर्वमा परम्परागत खानाको परिकार र तारा खेलको विशेष महत्व हुन्छ। यस चाडमा गाइने गीतलाई अनुसूची २ मा समावेश गरिएको छ।

५. **घ्याच्याङ (बुद्धपूर्णिमा)**

यो बुद्ध देवताको जन्मदिनको अवसरमा मनाउने पर्व हो। यस दिन गुम्बामा गएर बत्ती बाल्ने, धूप बाल्ने र पूजा गर्ने गर्दछन्। यो पर्व पनि अन्य पर्वजस्तै गरेर मनाउने चलन रहेको छ। बुद्धजयन्ती भए पनि खासै अरु चाडपर्वहरूजस्तो धुमधामसँग मनाउने गरेको भने पाइदैन।

५.६. धार्मिक तथा सांस्कृतिक सम्पदा

५.६.१. झिहुल्हको थान

यस जातिका साझा देवता झिहुल्हको थान ताङ्गबे गाउँदेखि करिब १०० मि. माथि पर्खालले घेरिएको अवस्थामा रहेको छ। जुन देवताको वर्षमा एक पटक समाजको तर्फबाट अनिवार्य रूपमा पूजा गरिन्छ। त्यसबाहेक व्यक्तिगत रूपमा भाकलअनुसार पनि विभिन्न समयमा पूजा गर्ने चलन रहेको छ।

५.६.२. तेर्पुङ गुम्बा

तेर्पुङ गुम्बा ताङ्बे गाउँको उत्तर कालीगण्डकी नदीको किनारभन्दा माथिको तह चिम्चोथङ भन्ने स्थानमा रहेको छ । यस गुम्बामा ताङ्बे जातिले निकै सम्मान र आदरपूर्वक पूजा गर्छन् । विशेष *तई ल्हम्वो* (गाउँ सरकार)द्धारा पूजा गर्ने परम्परा छ । पूजा गर्दा *साङ्* जलाउने, *पोक्स्यु, छ्याङ् फी* र *क्यू फी* चढाउने गरिन्छ। पहिले पूजा गर्दा भेडाको सार बलि दिने चलन थियो । पछि स्यम्पो रिम्बोछेन आएर बलि दिने चलन बन्द गराए भन्ने भनाइ रहेको छ । साथै पछि उवाको पिठोको प्रतिकात्मक सार बनाएर बलि दिने चलन थियो ।

५.६.३. उ गुम्बा

उ गुम्बा ताङ्बे गाउँको पूर्व दुई वटा भीरको खोचस्थित उसुङ भन्ने स्थानमा रहेको छ। यस गुम्बामा भुमाहरूलाई ध्यान गर्न, खान र बस्नको लागि व्यवस्था गरिएको थियो। त्यसैले गुम्बामा पूजा पनि भुमाले मात्र गर्ने चलन थियो। भुमाको सङ्ख्या कम हुँदै गएपछि यस गुम्बा हाल जीर्ण अवस्थामा रहेको छ। त्यसैले संरक्षणको आवश्यकता रहेको छ।

५.६.४. लप्राङ गुम्बा

ताङ्बे गाउँको पूर्वतिर लप्राङ स्थानमा रहेको गुम्बा नै लप्राङ गुम्बा हो । उक्त गुम्बामा पनि भुमाहरूले मात्र पूजा गर्ने चलन थियो। वर्तमानमा भुमाहरू नभएकोले युवाहरूले नै बिहान र साँझमा धूप बत्ती बालेर पूजा गर्दै आएका छन् । यो गुम्बा उ गुम्बाभन्दा केही राम्रो अवस्था रहेको छ। तथापि समयमा ध्यान दिन सकिएन ताङ्बे जातिको एउटा महत्वपूर्ण सांस्कृतिक धरोहर लोप हुने संभावना धेरै छ।

५.६.५. म्हेनखं गुम्बा

ताङ्बे गाउँको पूर्वतिर गाउँसँगै जोडिएको गुम्बा नै म्हेनखं गुम्बा हो । स्थानीय जाफिकार र बुढापाकाअनुसार यो गुम्बा अन्य गुम्बाभन्दा धेरै पुरानो र प्राचीन समयमा निर्माण भएको हो । अहिलेको स्थानमा निर्माण गर्नु अगाडि यो गुम्बा गाउँको अलि तल पश्चिममा रहेको थियो। जहाँ हाल ढिस्कोमाथि ढुङ्गाको थुप्रो वा चाङ लगाइएको छ। उक्त स्थानमा पनि घेम्प (मुखिया)ले अहिले पनि बिहान

र बेलुका धूप बत्ती बालेर पूजा गर्छन् । म्हेनखं गुम्बामा सबै ताङ्गबेहरूले निकै आदर र सम्मानपूर्वक पूजा गर्ने चलन छ । प्रत्येक महिनाको १ र १५ गतेका दिन छेवं च्यु पूजा गरिन्छ । यसका साथै उक्त गुम्बामा प्रत्येक वर्ष हिउँदमा एक पटक र वर्षा मौसममा एक पटक तई ल्हम्बो (गाउँ सरकार)द्धारा विशेष रूपमा कङ सोल पूजा गरिन्छ । जुन पूजाको चलन अझै कायम रहेको छ ।

५.६.६. चाक्चो च्याक्चो छोर्तेन

ताङ्गबे गाउँका पूर्वपट्टि पैदल मार्गको बिचमा रहेको छोर्तेन नै चाक्रचो च्याक्चो छोर्तेन हो । यस छोर्तेनलाई विभिन्न रङले लिपपोत गरिएको छ र विभिन्न समयमा पूजा पनि गरिन्छ ।

५.६.७. छोर्तेन ओल

यस छोर्तेन ताङ्गबे गाउँको दक्षिणपट्टि कालीगण्डकी नदीभन्दा माथि रहेको छ । यो निकै पुरानो छोर्तेन भएकोले निकै ऐतिहासिक रहेको स्थानीय जानकार बताउँछन् । यस छोर्तेनमा यौनाङ्गसहितको महिलाको आकृति रहेको छ । उँभौलीको समयमा वर्षमा एक पटक लामाले मन्त्र पढ्ने, बाजा बजाउने र विभिन्न प्रसादहरू चढाएर पूजा गर्ने प्रचलन छ । छोर्तेनलाई विभिन्न रङले रंगाइएको छ ।

५.६.८. डिमा छोर्तेन

डिमा छोर्तेन गाउँको पूर्वपट्टि बाटोभन्दा माथि रहेको छ। यस छोर्तेनलाई सेतो रङेले मात्र रङ्गाउने गरिन्छ। साथै विभिन्न समयमा पूजा गर्ने चलन छ।

५.६.९. ढंवी छोर्तेन

यो गाउँको पुरानो छोर्तेनमध्येको एक हो। ढंवी छोर्तेन गाउँको उत्तरपट्टि पैदलमार्ग भन्दा तलतिर रहेको छ। यसलाई पनि विभिन्न रङ्हरूले सिङ्गारिएको छ। साथै समय समय पूजा पनि गर्ने चलन छ।

५.६.१०. सले म्हेन्तङ छोर्तेन

ताङ्बे गाउँको पश्चिमतिर गाउँको नजिकै रहेको छोर्तेन नै सले म्हेन्तङ छोर्तेन हो। यो छोर्तेन ९ वटा समूहमा रहेको छ। यसलाई विभिन्न रङले रङ्गाइएको छ। साथै वर्षमा एक पटक पूजा गरिन्छ।

५.६.११. चिङ छोर्तेन

गाउँको पूर्वतिर सिँचाइ तथा खानेपानीको कुलोको दक्षिण तलतिर रहको छोर्तेन नै चिङ छोर्तेन हो। यसलाई विभिन्न रङले रङ्गाइएको छ। विभिन्न समयमा पूजा पनि गर्ने चलन छ।

५.६.१२. पङ्नहङ छोर्तेन

ताङ्बे गाउँको पश्चिम कालीगण्डकी पारी लेकमा रहेको छोर्तेन नै पङ्नहङ छोर्तेन हो। यो छोर्तेन ढुङ्गाले बनाइएको छ। यसमा रङरोगन गरिएको छैन। यस छोर्तेनमा वर्षमा एक पटक अनिवार्य पूजा गर्ने चलन छ।

५.६.१३. च्याक्चो ह्रिसो गोम्पो

यस गोम्पो गाउँको पूर्वपट्टि पदैल मार्गको बिचमा रहेको छ। सबै हिम्रो गोम्पोमा एकै स्थानमा तीनवटा छोर्तेन हुने गर्छ। त्यसैले ह्रिसो गोम्पो भनिएको हो।

माथि उल्लेखित छोर्तेनसहित गाउँ वरिपरि ह्यस खो छोर्तेन, छप्युता ब्रेन छोर्तेन, छोर्तेन कर, सुम्ह्लो छोर्तेन, फोलो छोर्तेन, दंच च्यङ्प छोर्तेन, चिङ्चो थं ह्रिसो

गोम्पो, चिङचा ह्रिसो गोम्पो, स्हुम्बो थं ह्रिसो गोम्पो र म्यहव ह्रिसो गोम्पो आदि धार्मिक तथा सांस्कृतिक सम्पदा रहेका छन् ।

५.७. धर्म र लैङ्गिक सम्बन्ध

यस जातिमा धर्मको आधारमा चाडपर्व, पूजा र अन्य सांस्कृतिक कार्यहरूमा प्रत्यक्ष लैंगिक विभेद भएको पाइदैन । महिलाहरू महिनावारी हुँदा तथा छोरी पहिलोपटक रजस्वला हुँदा समेत ताङ्गबेहरूमा बार्ने वा कुनै चिज वर्जित गर्ने चलन छैन । महिनावारी भएको समयमा समेत महिलाहरू खाना पकाउने, परिवारलाई खुवाउने, खेतमा काम गर्ने र पूजाका कार्यहरूमा सहभागी हुने गर्दछन् ।

परम्परागत रूपमा समाजमा महिला र पुरुषको स्थान समान रहेको बुढापाकाहरू बताउँदछन् । उनीहरूको अनुसार परिवार व्यवस्थित गर्न, समाजमा हुने सामाजिक कार्यहरू पूरा गर्न, एक आपसमा छलफल र सल्लाह गर्न तथा सहयोग आदानप्रदान गर्न महिलाको अत्यन्त महत्वपूर्ण भूमिका हुन्छ । राज्यले महिलालाई विभिन्न किसिमले विभेद गरेता पनि ताङ्गबे समाजको सामाजिक मूल्य, मान्यता र परम्पराले कुनै विभेद नगरेको ताङ्गबे महिलाहरू बताउँदछन् ।

सामाजिक र संस्कारगत कार्यहरूमा उल्लेख्य भूमिका निभाउनु, छोराछोरी पालनपोषण गर्नु, खेतीपातीमा काम गर्नु, घरधन्दा गर्नु, ढिकी जाँतो गर्नु, घरदैलो लिपपोत गर्नु, व्यापार गर्नु, आम्दानीको व्यवस्थापन गर्नु, कोमल र भावनात्मक हृदय हुनु, श्रीमानले ल्याएका वस्तुहरू परिवारको लागि उपयोग र संरक्षण गर्नु, विभिन्न गरहगहनाप्रति आकर्षित हुनु, पूजापाठमा सहभागी हुनु आदि यस समुदायको महिलाहरूको पहिचान हुन् । त्यसै गरी व्यापार-व्यावसायमा गएर पैसा कमाउनु, परिवारको संरक्षण गर्नु, हलो जोत्नु, पुजारी बन्नु, खेतीपातीमा काम गर्नु, सामाजिक र संस्कारगत कार्यहरूमा सहभागी हुनु आदि पुरुषहरूको पहिचान हुन् ।

५.८. पूजा, चाडपर्व र लैङ्गिक सम्बन्ध

व्यवहारिक पक्षअन्तर्गत यस जातिको पूजाहरूमा पुरुष र महिलाको जिम्मेवारी तथा भूमिका बराबर भएको बुढापाकाहरू बताउँछन् । यद्यपि पूजाको थानमा पूजा गर्ने ल्हवेन केवल पुरुषमात्र भएको देखिन्छ, जसले यस क्षेत्रमा केही मात्रामा

लैङ्गिक विभेद भएको संकेत गर्दछ । विभिन्न पूजाहरूमा ल्हवेन महिला भएको पाइदैन । सामान्यतया पूजा सामग्रीहरू देवतालाई अर्पण गर्ने, खाने कुराहरू थानमा चढाउने, गुम्बामा धूप बत्ती बाल्ने कार्यमा महिला र पुरुष दुवैको समान सहभागिता हुन्छ । पूजाका आवश्यक सामग्री तयारी र व्यवस्था गर्न महिलाको महत्वपूर्ण जिम्मेवारी हुन्छ ।

चाडपर्व मनाउने क्रममा महिलाको जिम्मेवारी र भूमिका धेरै हुन्छ । किनभने चाडपर्वमा आवश्यक पर्ने चिया, छ्याङ, रक्सी, मासु लगायत खानाका परिकारहरू के, कति, कसरी बनाउने भन्ने निर्णय र जिम्मेवारी महिलाको हुन्छ । त्यसैगरी आएका निम्तालु र चेलीबेटीलाई कसरी सत्कार गर्ने भन्ने जिम्मेवारी पनि उनीहरूको नै हुन्छ । जुन कार्यमा पुरुषले पनि सहयोग गर्दछन् । माथि उल्लेखित कुराहरूले पूजा र चाडपर्वमा महिला र पुरुषको भूमिका समान रहेको पाइन्छ ।

५.९. धार्मिक र सांस्कृतिक परिवर्तन

ताङ्गबे जातिले भगवान र देवीदेवताप्रति गहिरो आस्था र विश्वास राख्दै आएका छन् । नेपालका अन्य जातिमा हिन्दु र क्रिश्चियन धर्मको प्रभाव छ । उक्त धर्मको प्रभाव प्रत्यक्ष संस्कार-संस्कृतिमा प्रतिविम्बित भएको देखिन्छ । जसले गर्दा आदिवासी जनजातिको मौलिक र विशिष्ट धार्मिक पहिचान लोप हुँदै गएको छ । तथापि त्यस किसिमको प्रभाव र असर ताङ्गबे जातिको धार्मिक आस्था र विश्वास धेरै परेको देखिँदैन । उनीहरूको पुर्ख्यौली थलो ताङ्गबे गाउँमा न त कुनै हिन्दु देवीदेवताको मन्दिर छ, न त कुदै मस्जिद र चर्च नै छ । गाउँ वरिपरि केवल देवताको थान, गुम्बा र छोर्तेनहरू प्रशस्त निर्माण गरिएका छन् । जहाँ उनीहरूले विभिन्न चाडपर्व र पूजाको अवसरमा पुज्ने गर्छन् । यसले यस जातिको मुलथलोमा अझै अन्य धर्मको प्रभाव परेको छैन भन्ने बुझाउँदछ । जसले धार्मिक र सांस्कृतिक रूपमा ताङ्गबे हुनुको सत्व जीवित राखेको छ भन्न सकिन्छ ।

यस जातिमा धार्मिक परिवर्तन नभएकोले उनीहरूको भिहुल्ह देवता र अन्य देवतालाई पूजा गर्ने परम्परागत विधि, तरिका र शैलीमा पनि कुनै परिवर्तन आएको छैन । मुलथलो ताङ्गबेबाट विभिन्न समयमा विशेषतः पोखरा र काठमाडौँ बसाइँसराइ गरेका मानिसहरूमा भने केही विरोधाभाषपूर्ण अवस्थाहरू पाइन्छ । किनभने उनीहरूले आफ्नो जातीय देवता र धर्मलाई पनि मानेका छन् भने संस्कारका कार्यहरू जस्तै

विवाह गर्दा ब्यान्ड बाजा बजाउने, दुलहीलाई सिन्दूर हाल्ने गर्दछन् । परम्परागत विवाहमा केटीलाई घ्यू लगाइदिने चलन छ । लासलाई टुक्रा पारेर गिद्धलाई खान दिन वा खोलामा बगाउने परम्परागत चलनमा परिवर्तन भएर जलाउने वा गाँड्ने गरिन्छ । यसबाहेक चाडपर्व, संस्कार र पूजामा सामान्य खानपान र भोज भतेर गर्दा पनि आवश्यकताभन्दा बढी खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा बसाँइसराइ गर्ने ताङ्गबेहरूमा धार्मिक र सांस्कृतिक परिवर्तन हुँदै गएको संकेत गर्दछ ।

अर्कातिर नेपालमा विगतदेखि राज्यद्धारा लादिएको एक भाषा, धर्म, संस्कृति र भेषभूषाबाट ताङ्गबेहरू पनि अछुतो छैनन् । राज्यले गरेको विभेदबारे उल्लेख गदै संचय शेरचन लेख्छन् (२००४:४६)- 'नेपाल राज्यको सांस्कृतिक साम्राज्यवाद वा आन्तरिक उपनिवेशले आदिवासी जनजातिहरूको सांस्कृतिक परिवेश अतिक्रमण गरेर उनीहरूमाथि नेपालका शासकहरूको संस्कृति, मूल्यमान्यता, रीतिथिति, दृष्टिकोण तथा जीवनपद्धति लादिदिएको छ ।' राज्यको यस्तो नीतिले गर्दा ताङ्गबे जातिको धार्मिक र सांस्कृतिक क्षेत्रमा केही परिवर्तन गराएको छ । तर मूल सत्व वा तत्व चाहि कायम रहेको छ । अर्कातिर समूह वा सामूहिक हित र पहिचानलाई भन्दा व्यक्तिलाई प्रमुख मान्ने पुँजीवादले पनि ताङ्गबेको साझा सम्पदालाई असर गरेको छ ।

अध्याय: छ

ताङ्गबे जातिको जीवन चक्रीय संस्कारहरू

६ प्रमुख संस्कार

ताङ्गबे जातिको गर्भधारणदेखि मृत्युउप्रान्तसम्म सम्झना, धार्मिक आस्था, विश्वास र व्यक्तिको उमेर तथा अवस्थाअनुसार गरिने मौलिक कार्यहरूलाई जीवन चक्रीय संस्कारहरू भनिन्छ। जसले व्यक्तिको जीवन र व्यवहारलाई पूर्णता दिनको लागि सहयोग गरेको हुन्छ। संस्कारको निरन्तर अभ्यासले नै व्यक्ति, परिवार र समाजको रीतिथिति, मर्यादा र गुण, दोषलाई केलाउने, पालना गर्ने र गराउने जिम्मेवारीमा अभ्यस्त हुन्छ। सोहीअनुसार सामाजिक जिम्मेवारी, भूमिका तथा दायित्व प्राप्त गर्छ। परिणामतः एक व्यक्ति समाजप्रति जिम्मेवार र उत्तरदायी हुन्छ। सामाजिक जिम्मेवारीले गर्दा व्यक्तिले अघिल्लो पुस्ताबाट संस्कार, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, प्रशासनिक र न्यायीक क्षेत्रसम्बन्धी ज्ञान, सीप र प्रविधि प्राप्त गर्छ। त्यसपछि उक्त ज्ञान, सीप र प्रविधि नयाँ पुस्तालाई हस्तान्तरण गर्छ।

ती संस्कारहरू ताङ्गबे जातिको पहिचानको आधार स्तम्भ हुन्। संस्कार मानव विकासको लामो कालखण्डसँगै विकास हुँदै आएको हुन्छ। जुन मानव सभ्यतासँग अभिन्न रूपमा जोडिएको हुन्छ। ताङ्गबे जातिले पनि परापूर्वकालदेखि भौगोलिक अवस्था, वातावरण र धार्मिक आस्था एवं विश्वासअनुसार छुट्टै मौलिक संस्कारको विकास र अभ्यास गर्दै आएका छन्। जुन संस्कार अन्य जातिहरूको भन्दा भिन्न र विशिष्ट खालका छन्। ताङ्गबे संस्कारहरू विशेषत बुद्ध धर्मबाट प्रभावित रहेका छन्। त्यसैले उनीहरूले संस्कारका विभिन्न कार्यहरू लामाद्धारा सम्पन्न गराउँछन्। यस जातिमा देवीदेवताको पूजापाठको काम गर्ने पुजारीलाई ल्हवेन भनिन्छ। संस्कारको कार्य गर्नेलाई भने लामा भनिन्छ। यस जातिको प्रमुख संस्कारहरू निम्नानुसार रहेका छन्।

६.१. गर्भावस्था र जन्मावस्था

यस जातिमा महिलाले गर्भाधारण गरेपछि बच्चा नजन्मदासम्म पालना गर्नुपर्ने नीति-नियम भएको पाइदैन। कुनै महिला गर्भवती भएको अवस्थामा परिवार वा

दाजुभाइमा शुभ कार्य तथा पाठ पूजाहरू पनि बार्रिदैन । केवल परिवार र घरको अवस्थाको आधारमा गर्भवती महिलालाई कति आराम गराउने, कस्तो खानेकुरा खुवाउने भन्ने कुरा निर्धारण हुन्छ । यसबाहेक सधैको झैं परम्परागत खाना खाने र काम गर्ने चलन रहेको छ । यसले गर्भवतीको स्वास्थ्यमा के कति असर गरेको छ भन्ने कुरा सजिलै थाहा हुँदैन । वर्तमानमा भने प्रायः सबै ताङ्गबे गर्भवती महिलाहरूले नजिकको उपस्वास्थ्य चौकी वा अस्पतालमा गएर स्वास्थ्य जाँच गराउछन् ।

ताङ्गबे गर्भवती महिलाले पहिलेदेखि नै घरमा नै बच्चा जन्माउने चलन रहेको छ । घरमा बच्चा जन्मेपछि गाउँको सिपालु, अनुभवी र पाको मान्छेले चक्कुको प्रयोग गरी नवजात शिशुको नाल काट्छन् । यसरी नाल काट्ने क्रममा छोरी जन्मेमा सुल्टो र छोरा जन्मेमा उल्टो गरी नाल काट्ने चलन हुन्छ । छोरीको सुल्टो गरी नकाट्ने हो भने पिसाब गर्दा माथि आउने र छोराको तलमात्र जाने हुन्छ भन्ने धारणा रहेको छ । यसरी बच्चा भएपछि सुत्केरीलाई आवश्यकताअुनसार खाना खुवाउने गरिन्छ । साथै बच्चाको भिसी त्हाङप (छोर्तेन घुमाउने कार्य) संस्कार नगरुन्जेल घरपरिवारको सदस्यले बाहेक गाउँका अन्य व्यक्तिलाई बच्चाको अनुहार देखाउनु हुँदैन भन्ने मान्यता रहेको छ ।

६.२. ठि (चोख्याउने)

ताङ्गबे जातिमा कुनै महिला सुत्केरी भएमा सुत्केरी भएको ३ दिनमा चोख्याउने कार्य गरिन्छ । जसलाई ठि भनिन्छ । यस दिन बिहान लामालाई बोलाइन्छ । लामाहरूले विधिअनुसारको पूजापाठ गर्नुको साथै सङ र बत्ती बाल्छन् । त्यसपछि बच्चा र आमालाई चोखो पानीले छर्केर ठि (चोख्याउने) गरिन्छ । सो क्रममा तीनवटा ढुङ्गालाई आगोमा तातो बनाइन्छ । सोपछि उक्त तातो ढुङ्गामा काँचो धूपीको पात राखेर पानीको थोपा राखिन्छ । जसबाट धूपीको धुवाँ र पानीको बाफ निस्कन्छ । उक्त धुवाँ र बाफको मिश्रण बच्चा, आमा, सुत्केरी बनाउन सहयोग गर्ने सुँडेनी र आफन्त आदिलाई सुँघ्न दिने चलन छ । यस कार्यलाई *साङ् तेव* भनिन्छ । *साङ् तेव*ले बच्चालाई बाहिरी वातावरणसँग अनुकूलन हुन सहयोग गर्छ । ठिको दिन लामाहरूले जन्मेको बच्चाको वर्ग, खम र पात्रोमा लेखिएको कुराको आधारमा भविष्यवाणी र नामकरण गर्ने चलन हुन्छ । नामकरण विशेषत जन्मेको दिनको आधारमा गरिन्छ । जस्तै आइतबार जन्मेको छोरा भए ङिहमा

धोर्जे, डिहमा छिरिङ, बुधबार जन्मे ल्हाक्पा आदि । त्यस्तै छोरी भए डिहमा धोका, डिहमा ल्होमो आदि । ठि गरेपछि सुत्केरी घरपरिवारको सामान्य कार्यहरूमा सहभागी हुन थाल्छन् ।

६.३. भिसी त्हाङप (बच्चा बाहिर निकाल्ने)

बच्चा जन्मेपछि आमा काम गर्न खेतवारीमा गएपनि बच्चालाई भने गाउँको अन्य मानिसको अगाडि देखाइएको हुँदैन । त्यसैले उक्त बच्चालाई जहाँसुकै लैजान र अरुलाई देखाउन बच्चाको भिसी त्हाङप संस्कार गर्ने चलन रहेको छ । बच्चा एक महिना पुगेपछि लामाले निर्धारण गरेको दिन र शुभ समयमा बच्चाको अनुहारमा घ्यू लगाईदिने चलन छ । यस अवसरमा छ्याङ र रक्सीको ठेकीलाई घ्यूले बुट्टाभरेर बडो आर्कषक बनाइन्छ । त्यसपछि घरमा धूप र बत्ती बाल्ने गरिन्छ । एक जना बच्चाको आफन्तले धूप, बत्ती, बुट्टा भरिएको छ्याङ र रक्सीको ठेकी हातमा उचालेर बच्चाको अगाडि गुम्बा वा छोर्तेन वरिपरि घुम्छ । त्यसको पछि-पछि प्रौढ वा पाको महिला वा आमाले बच्चालाई बोकेर ३ पटकसम्म गुम्बा वा छोर्तेन घुमाउछन् । यसरी लामाले निर्धारण गरेको दिन र समयमा बच्चालाई गुम्बा वा छोर्तेन घुमाएपछि मात्र गाउँका अरु इष्टमित्रलगायत सबैले उक्त बच्चाको मुख हेर्न पाउछन् । यस दिन लामाहरूले बच्चाको घाँटीमा निरोगी र राम्रो होस् भनेर बुट्टी बाँधिदिने गर्दछन् । जसलाई *न्हामो ल्हि* भनिन्छ । यसरी बुट्टी बाँधेमा बच्चा भूत, प्रेत, दुष्ट आत्मा तथा बोक्सीबाट मुक्त हुन्छ । साथै कुनै पनि दुष्ट आत्मा र नजर लाग्दैन भन्ने गहिरो विश्वास रहेको छ । साथै छोरा भएमा ९९ वर्षसम्म बाँच्नु र छोरी भएमा ८९ वर्ष बाँच्नु, जीवनमा राम्रा-राम्रा काम गरेर ख्याति कमाउनु र जीवनलाई सफल बनाउनु भनी आशीर्वाद दिने गर्दछन् । यसरी बच्चाको आयु सम्बन्धमा आशीर्वाद दिने क्रममा लैङ्गिक विभेद गरेको होकि भन्ने सङ्केत देखिन्छ ।

६.४. चोङघिङ

यस जातिमा छोरा र छोरी १३ वर्ष पुगेपछि चोङघिङ गर्ने चलन रहेको छ । यस दिन गाउँका १३ वर्ष पुगेका छोरा छोरीलाई एक दिनको लागि कुलो बनाउने वा मर्मत गर्ने काममा सहभागी बनाइन्छ । यस दिनमा १३ वर्ष पुगेका युवायुवतीहरू सामूहिक रूपमा सामाजिक कार्यमा सहभागी भएको हुनाले उनीहरू अब उप्रान्त

समाजको सामाजिक कार्यको लागि योग्य छन् भन्ने कुरा जनाउँदछ। चोङघिङपछि युवायुवतीहरू समाजको सामाजिक तथा सार्वजनिक काममा सहभागी हुन केही मात्रामा भए पनि बाटो खुल्ला भएको हुन्छ। साथै यस चलनले बच्चा शारीरिक र मानसिक रूपमा परिपक्व भएको कुरालाई संकेत गर्दछ।

६.५. फोदोमाकी

छोरो १९ वर्ष पुगेपछि उसलाई सामाजिक काममा आबद्ध गराउने उद्देश्यले समाजमा ३ मोहरदेखि ५ मोहरसम्म रकम तिर्न लगाइ सामाजिक जिम्मेवारी र अधिकार दिइन्छ। समाजले निर्धारण गरेको रकम तिरेपछि सो व्यक्तिले परिवारका अतिरिक्त समाजको लागि आर्थिक, सामाजिक, सांस्कृतिक र सुरक्षा लगायतका कार्य तथा जिम्मेवारी पूरा गर्नुपर्दछ। फोदोमाकी गरेपछि उक्त पुरुषले समाजबाट उपलब्ध हुने सेवा सुविधा पनि अरु सरह प्राप्त गर्दछ। जुन समाजमा उसको अधिकार क्षेत्रभित्र पर्दछ। जबकी १९ वर्षभन्दा अगाडिसम्म समाजले उपलब्ध गराउने सेवा सुविधाबाट उ वञ्चित रहेको हुन्छ। सेवा, सुविधासँगै उसको समाजिक हैसियत अन्य परिपक्क पुरुषसरह हुने गर्दछ। फोदोमाकी पछि पुरुषहरूले ५७ वर्ष नपुगुञ्जेल निरन्तर रूपमा समाजको जिम्मेवारी र कार्यहरू पूरा गर्नुपर्दछ। जुन यस जातिको परम्परागत प्रथा जनित सामाजिक नीति-नियम हो। फोदोमाकीले एक पुरुष शारीरिक, मानसिक र सामाजिक रूपमा परिपक्व भयो भन्ने संकेत गर्छ।

६.६. विवाह

मानवीय जीवनको एक महत्वपूर्ण चरन तथा परम्परागत संस्था विवाह हो। यसले छाडा यौन सम्बन्धलाई निषेध गरी यौन आवश्यकतालाई सु-व्यवस्थित एवं नियन्त्रित ढंगबाट पूरा गर्न मानव समाजले अप्नाएको स्वीकृत एवं वैधानिक प्रचलनलाई बुझाउँदछ। यसका साथै विवाहलाई सामाजिक मूल्य र मान्यताअनुसार स्त्री र पुरुष बिचको वैधानिक यौन सम्बन्धको रूपमा पनि लिन सकिन्छ। ताङ्बे जातिमा छोराछोरी १९ वर्षभन्दा बढी उमेरको भएमा विवाहको लागि योग्य भएको मानिन्छ। किनभने १९ वर्षमा छोराको फोदोमाकी गरी सामाजिक जिम्मेवारी दिएको हुन्छ। उसले सामाजिक सेवा र कार्य गर्नुको साथै पारिवारिक जिम्मेवारी पनि पूरा गरेको हुन्छ। परम्परागत रूपमा यस जातिमा इच्छा अनुसारको बहुपति प्रथाअनुसारको विवाह चलन रहेको थियो। तर वर्तमान समयमा भने यो प्रथा विस्तारै लोप हुँदै गएको

पाइन्छ। केटाकेटीको इच्छाअनुसार एकल विवाह हुने चलन स्थापित हुँदै गएको छ। यस जातिमा हुने गरेको विवाहका प्रकारहरु निम्नानुसार रहेका छन्।

६.६.१. विवाहको प्रकार

५.६.१.१. प्रेम विवाह

युवायुवतीहरू दाउरा, घाँस, मेलापात, जात्रा, भ्रमण र व्यापार आदि जाँदा एक आपसमा माया मोह बसी उनीहरूबिच विवाहको सहमति भयो भने घरपरिवारलाई जानकारी नदिई विवाह गर्ने चलनलाई प्रेम विवाह भनिन्छ। प्रेम विवाहमा केटी र केटा दुवैको सहमति हुन्छ। यसप्रकारको विवाह वर्तमान समयमा बढी प्रचलित रहेको पाइन्छ। केटाकेटीको प्रेम सम्बन्ध भएपछि आफ्नो परिवारलाई जानकारी गराएर मागी विवाह गर्ने चलन पनि रहेको छ।

६.६.१.२. बहुपति विवाह

यस जातिमा परम्परागत रूपमा बहुपति विवाह प्रथा प्रचलित रहेको थियो। वर्तमानमा भने यो प्रथा लोप हुँदै गएको पाइन्छ। यस विवाह प्रथाअनुसार घरको जेठो छोराले विवाह गरेर ल्याएको श्रीमती उसको भाइहरूको पनि श्रीमती हुन्छ। तर केटीले आफ्नो इच्छाबमोजिम श्रीमानको अन्य भाइलाई श्रीमान अस्वीकार गर्न पनि सक्छ। त्यसैले केटीले स्वीकार गरेमा मात्र अन्य भाइको पनि पत्नी हुन्छ, अन्यथा हुँदैन। बहुपति विवाहको विशेष महत्व रहेको थियो र छ। यस विवाह प्रथाले कम मात्रा रहेको उत्पादनशील जग्गा जमिनको खण्डीकरण गर्नबाट रोक्छ। परिवारलाई केन्द्रीकृत र एकताबद्ध गर्न योगदान गर्छ। भौगोलिक र पर्यावरणीय अवस्थाअनुसार परिवारभित्र श्रम विभाजनमा सहयोग पुऱ्याउछ।

ताङ्गबे जातिमा बहुपति विवाह ऐच्छिक थियो। सोको निर्णय अधिकार केटीको हुन्थ्यो। मगनी जाँदा नै जेठो छोरासँग मात्र बस्ने वा श्रीमानको अन्य भाइलाई पनि श्रीमानको रूपमा स्वीकार गर्ने वा नगर्ने भनि केटीलाई सोध्ने चलन थियो। केटीले जेठो छोरोसँग मात्र बस्ने कुरा जनायो भने केटाको अन्य भाइहरू उक्त दुलहीको श्रीमान बन्न पाउदैनन् र श्रीमान बन्ने अधिकार हुँदैन थियो। तर केटीले सबै भाइ श्रीमानको रूपमा स्वीकार गऱ्यो भने सबै जना दाजुभाइहरू विवाहको दिन उपस्थित भई दुलाहा बन्ने चलन थियो। जेठा छोराले जस्तै नव दुलहीलाई प्रत्येक भाइले

दुलहीको कपालमा घ्यू लगाईदिनुको साथै खादा लगाएर श्रीमतीको रूपमा स्वीकार गर्ने परम्परा थियो । त्यसपछि दुलहीले आलोपालो गरी सबै भाइसँग रात बिताउनु प्रचलन थियो । तर दुलहीले सबै दाजुभाइलाई दुलाहाको रूपमा स्वीकार गरेन भने नव दुलाहाका भाइहरू दुलहीसँग रात बिताउने अधिकारबाट वञ्चित हुन्थे । उनीहरूले केवल घरको काम गर्ने, बस्ने र खाने चलन थियो । तर दुलही घरमा ल्याई सकेपछि पनि केटीलाई भाइहरूले सहमति ल्याउन सकेमा भने उनीहरू पनि जेठो छोराले सरह रात बिताउन र श्रीमतीको रूपमा राख्न सक्दथे । जुन कुरा केवल सहमति र समझदारीमा मात्र हुने परम्परागत चलन थियो ।

दुलाहाका अन्य भाइहरूले विवाह गर्न नपाएर पिता पुर्खाको अंश वा जग्गा जमिनलाई टुक्राएर अंश लिएर अलग हुन पाउदैनन् । जुन यस जातिको परम्परागत मूल्य, मान्यता र सामाजिक नियम थियो र हो । यसरी बुबाको अंश नपाएता पनि भाइहरूले आफूलाई मन पर्ने केटीसँग भने विवाह गर्न पाउथे । परिवारमा जेठो भन्दा तलको भाइहरूले इच्छाअनुसार छुट्टै विवाह गरेमा विवाह गर्ने छोरो बुबाको घरमा बस्न पाउदैन थियो । त्यसैले विवाहपछि उक्त नव दम्पतिहरू परिवारबाट एउटा चरेशको थाल र एउटा कचौरा लिएर गाउँ छोडी अन्यत्र बसाइँसराइ गर्ने चलन थियो । जसले गर्दा ताङ्गबे गाउँमा परापूर्वकालदेखि बस्दै आएको ३२ चुल्हो अझै पनि ३२ चुल्होमा नै सीमित रहेको छ । परिणामस्वरूप जेठो छोरोबाहेक अन्य भाइहरू ताङ्गबे गाउँबाट बसाइँसराइ गरी जोमसोम, पोखरा र काठमाडौँमा बसोबास गर्ने चलन बिकास भएको थियो । कुनै पनि भाइले आफूलाई मन पर्ने केटी विवाह गरेमा उक्त भाइको दुलहीसँग जेठो छोरो र अन्य भाइ वा दाइले रात बिताउन भने पाउदैन थिए ।

ताङ्गबे जातिमा बहुपति प्रथा सामाजिक रूपमा बाध्यकारी थिएन र हुँदैन । जुन कुरा ताङ्गबे जातिको सबै बुढापाकाहरूले स्वीकार गर्दछन् । यस जातिको विवाह संस्कारबारे कतिपय व्यक्तिको बुझाइ, भनाइ र लेखाइमा बहुपति प्रथा बाध्यकारी हुन्छ भने रहेको छ । जुन कुरालाई यस अध्ययनको क्रममा भेट भएका ताङ्गबे जातिका बुढापाका र जानिफकारले स्वीकार गर्दैनन् । उनीहरूले बहुपति प्रथा बाध्यकारी हुन्छ भन्ने निष्कार्ष केवल सतही अध्ययनको प्रतिफल भएको बताउँछन् । ताङ्गबेहरूका अनुसार विभिन्न अध्ययनकर्ताले बहुपति प्रथाको सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक र साधन स्रोतको उपलब्धता आदिसँग जोडिएका पक्षलाई केलाउन नसकेको भनाइ रहेको छ ।

६.६.१.३. नातागत र सजातीय विवाह

ताङ्गबे जातिमा पहिलेदेखि नै नातागत र सजातीय विवाह प्रथा रहेको थियो र छ । उनीहरूले फरक च्हिचका मामा तथा फुपूको छोरी विवाह गर्छन् । त्यसैले यो जातिको समाज वैवाहिक सम्बन्ध सञ्चालनको लागि फरक-फरक च्हिचका एक एक परिवार गरी जम्मा दुई परिवार भए पूर्ण हुन्छ । यसप्रकारको विवाहले सम्पत्ति हस्तान्तरण, उत्तराधिकारी छनौट र बुढ्यौली अवस्थामा स्याहारसुसारको पक्षमा महत्वपूर्ण योगदान गरेको हुन्छ । नातागत र सजातीयमा नै प्रेम तथा मागी विवाह हुने गर्छ । वर्तमानमा भने नाता र सजातिबाहेक अन्यत्र विवाह गर्ने गरिन्छ । एकै च्हिचका सबै दाजुभाइ हुने भएकोले हाडनाता सम्बन्ध रहेको हुन्छ । त्यसैले आफ्नो च्हिचमा केटाकेटीबिचको विवाह निषेधित रहेको छ । यदि त्यस्तो अप्रिय अवस्था आएमा समाजले दण्ड जरिवाना र कारवाही गर्छ ।

६.६.१.४. मागी विवाह

सामान्यतया ताङ्गबे जातिमा केटाकेटी वयस्क अवस्थामा प्रवेश गरेपछि विवाह प्रक्रिया सुरु हुने गर्दछ । यस जातिको सामाजिक नीति तथा नियमले मागी विवाहलाई प्राथमिकता दिएको पाइन्छ । केटा र केटीको मन्जुरीमा अभिभावकको सल्लाह एवं सहमतिमा हुने विवाहलाई मागी विवाह भनिन्छ । यस प्रक्रियअनुसार विवाह गर्दा दुवै पक्षबिचमा वर्ग, खम र ल्होवा लामाद्धारा जुराई शुभ साइत पारेर विवाह गरिन्छ । वर्तमानमा भने यस जातिको विभिन्न ठाउँहरूमा भएको बसाइँसराइ र बाह्य परम्पराको प्रभावले गर्दा विस्तारै मागी विवाहको स्थान प्रेम विवाहले ओगट्न थालेको छ । परम्परागत रूपमा गरिने मागी विवाहको लागि यस समुदायमा केही निश्चिन विधिहरू पूरा गर्नुपर्ने हुन्छ ।

६.६.२. विवाहको विधि र प्रक्रिया

६.६.२.१. मगनी र घ्यु दल्ने

छोराको विवाह गर्नुपर्ने भएमा केटा पक्षका ३/४ जना आफन्तहरू जम्मा भएर केटीको बारेमा छलफल गर्दछन् । त्यसपछि उचित र राम्रो लागेको केटीको घरमा घ्यू, एक ठेकी छ्याङ र एक ठेकी रक्सी लिएर केटी माग्न जाने चलन रहेको छ । केटा पक्षबाट छोरी माग्न आएपछि सामान्यतया केटीको बा आमाले

केटीको इच्छा के छ भनेर सोध्ने गर्दछन् । त्यसपछि केटीले सकरात्मक उत्तर दिएमा र घ्यू लगाउन स्वीकार गरेपछि माग्न गएका व्यक्तिहरूले ल्याएको छ्याङ र रक्सी केटी पक्षका परिवार एवं उपस्थित व्यक्तिहरूले खाने चलन रहेको छ । यसरी छ्याङ र रक्सी केटीको बाआमाले खाएपछि छोरी दिएको मानिन्छ । त्यसै समयमा केटा पक्षका मगनी गएका मध्ये एक जनाले केटाको प्रतिनिधित्व गर्दै केटीको कपालमा तीन पटक घ्यू लगाइदिन्छन् । जुन कार्यलाई घ्यू दल्ने भनिन्छ । त्यसपछि विवाह पक्का भएको मानिन्छ । घ्यू लगाएपछि केटा केटीको घरमा गएरसँगै रात बिताउन र यौन सम्पर्क राख्न सक्दछ । परम्परागत रूपमा केटी मागेपछि एउटा बच्चा नहुन्जेलसम्म प्रायः केटी माइतीको घरमा नै बस्ने चलन थियो । यो चलन हाल विस्तारै लोप हुँदै गएको छ । विवाह पक्का भएपछि केटाले चाहेको खण्डमा अलि कति जन्ती लिएर केटीको घरमा गई बच्चा हुनुभन्दा अगाडि नै दुलही ल्याउन पनि सक्दछ । यी सबै कुराहरू सहमति र समझदारीमा हुने चलन थियो र छ ।

६.६.२.२. दुलही लिन जाने र भित्र्याउने

घ्यू दल्ने विधि सम्पन्न भएपछि केटा पक्षले केटी लिन जाने कार्यलाई दुलही लिन जाने भनिन्छ । यसको लागि निश्चित दिन निर्धारण गरिन्छ । सो दिन दुलाहाले परम्परागत पहिरन लगाउनु पर्छ । सोपछि दुलाहा घोडामा चढ्ने चलन छ । साथै दुलाहसहित जन्ती धुम्च्याङ र दमाहा बजाउदै तथा बन्दुक पड्काउदै दुलहीको घरतिर जान्छन् । जन्ती केटी पक्षको घरमा पुगेपछि नव दुलाहा र दुलहीलाई एकै स्थानमा राखेर केटीको बा र आमा लगायत उपस्थित अन्य आफन्तले खादा र घ्यू लगाई सुखमय जीवनको कामना गर्दै आशीर्वाद दिन्छन् । जन्ती गएका सबै जनालाई रक्सी, छ्याङ, चिया र तरकारीसहित विभिन्न खानेकुराको परिकारले स्वागत एवं सम्मान गर्छन् । त्यसपछि दुलहीलाई आमाले तीन पाइला अगाडि र *आमनी क्होम सुभ ज्योङ्* भनी पुनः पछाडि आउन भन्छिन् । सो कार्य पूरा भएपछि केटा पक्षले दुलही लिएर घर फर्कन्छन् ।

केटा पक्षले विधिवत रूपमा दुलही ल्याएर गाउँ घुमाइ लामाद्धारा विधिअनुसार पूजापाठ गरी केटाको घर भित्र्याउने प्रक्रियालाई दुलही भित्र्याउने भनिन्छ । नव दुलहीलाई केटाको घर भित्र्याउनुभन्दा अगाडि केटीको आफन्त पर्ने व्यक्तिले दुलहीलाई पिठँयुमा बोकेर गाउँ घमाउनु पर्दछ । त्यसपछि समाजको घरमा गएर उपस्थित व्यक्तिहरूलाई भोज खुवाउने चलन रहेको छ । यस प्रक्रियाले

नवदुलहीलाई सामाजिक मान्यता दिन्छ भने समाजमा परिचित हुने अवसर पनि प्रदान गर्दछ। समाजको घरमा भोज खुवाएपछि दुलहीलाई केटाको घरमा लगिन्छ। केटाको घरमा पुऱ्याएपछि ढोकामा लामाद्धारा पूजापाठ गरिन्छ। त्यसपछि नव दुलहीलाई घरभित्र भित्र्याउने प्रक्रिया पूरा हुन्छ। यस समयमा केटाको आमाले दुलहीलाई खादा लगाएर स्वागत गर्नुको साथै घ्यू लगाइदिएर परिवारको सदस्यको मान्यता प्रदान गर्ने चलन छ। सो अवसरमा केटाको आमाले घरको मूल साँचो बुहारीको हातमा बुझाउने परम्परा रहेको छ। जसको अर्थ उक्त परिवारको सम्पूर्ण आर्थिक, सामाजिक र सांस्कृतिक आदि जिम्मेवारी र कर्तव्य नव दुलहीको हुन्छ। त्यसबेला त्यहाँ उपस्थित सम्पूर्ण निम्तालुहरूले नव दुलाहा र दुलहीलाई खादा लगाइ सम्मान गर्दछन्।

६.७. थर्च्याङ

पुरुष ५७ वर्ष पुगेपछि थर्च्याङ गर्ने चलन रहेको छ। पहिले ६० वर्ष पुगेपछि थर्च्याङ गर्ने चलन थियो। थर्च्याङ भन्नाले ५७ वर्ष उमेर पुगेको व्यक्तिले सामान्तया फोदोमाकी संस्कारपछि पूरा गरेको सामाजिक काम, कर्तव्य, अधिकार र जिम्मेवारीबाट सामाजिक रूपमा नै छुट्कारा वा अवकाश भएको भन्ने बुझाउँछ। जुन अवकाशको जीवन बिताउनको लागि गरिने संस्कार हो। थर्च्याङपछि व्यक्ति सामाजिक कार्य र जिम्मेवारीबाट बिदा हुन्छ। थर्च्याङ विशेष ३ दिनसम्म गरिन्छ।

थर्च्याङ संस्कारको नाचको झलक

थर्च्याङ गर्नको लागि लामाले ५७ वर्ष पुगेको मान्छेको वर्ग र खमको आधारमा पात्रो हेरेर शुभ महिना, गते, दिन, समय, आसन ग्रहणको दिशा र थर्च्याङमा आवश्यक पर्ने छ्याङ र रक्सी बनाउन कुन वर्ग र ल्ह भएको व्यक्तिलाई दिने आदि विषयको निर्धारण गर्छ। सोपछि थर्च्याङमा आवश्यक पर्ने छ्याङ र रक्सीको लागि राम्रो वर्ग र ल्ह भएको तथा सहयोग गर्न चाहने व्यक्तिलाई उवा दिइन्छ। सोहिअनुसार तयार गरिन्छ। साथै थर्च्याङमा आफन्त र इष्टमित्रलाई निमन्त्रणा गरिन्छ।

निर्धारित दिनमा बिहान लामाहरू थर्च्याङ गर्ने व्यक्तिको घरमा आएर तिब्बतीयन भाषामा **पूजापाठ** गर्नुको साथै *नाङ्गे र तर्सिच्याक्पा* नामक किताब पढ्ने गर्दछन्। जुन किताबमा जीवनका नराम्रा पक्षहरू छन् भने हटोस् र बाँकी जीवन सुखमय बनोस् भन्ने कुरा उल्लेख भएको कर्म ढतुल ताङ्बे बताउँछन्। थर्च्याङको दिन याङजे पनि गरिन्छ, जसमा धूप बत्ती बालेर भगवानको पूजा गरिन्छ। यस दिन गुरु रिम्बोछेनको पनि पूजा गर्ने चलन छ।

थर्च्याङ गर्ने व्यक्ति र पत्नीलाई एकै स्थानमा बस्ने व्यवस्था गरिन्छ। सोपछि थर्च्याङ गर्ने व्यक्तिलाई तोकिएको वर्ग र ल्होको व्यक्तिले चाँदीको कपमा छ्याङ् दिने र खादा लगाई आशीर्वाद दिने गर्छन्। साथै पत्नीलाई पछ्यौरा ओढ्याइ दिन्छन्। त्यसपछि क्रमशः सबै निम्तालुले खादा लगाई आशीर्वाद दिने गर्छन्। यस क्रममा निम्तालुले विभिन्न जिन्सी र नगद उपहार दिने गर्छन्। निम्तालुलाई विभिन्न परिकारको खाना खान दिने गरिन्छ। सम्मान गर्ने र आशीर्वाद दिने कार्य सम्पन्न भएपछि सबैले थर्च्याङ गीत गाउने गर्छन्। साँझमा थर्च्याङ गर्ने व्यक्तिले उपस्थित निम्तालुलाई सबै जनालाई तपाईहरू पनि ९९ वर्षसम्म बाँचेर समाजको सेवा गर्नु, थर्च्याङ गर्नु आदि भन्दै दीर्घायुसहितको घ्यूको टीका पुरुषलाई शिरको दायाँपट्टि र महिलालाई बायाँपट्टि लगाइ आशीर्वाद दिने चलन रहेको छ।

थर्च्याङ गीत गाउँदै थर्च्याङ गर्ने व्यक्तिले अलिपर सँघार नजिकबाट सबैभन्दा पहिले घेन्प (मुखिया), सोपछि क्रमशः छोक्पो, फोदोमाकी, आमाहरू, जेष्ठ व्यक्ति, थर्च्याङमा छ्याङ, रक्सी लगायत विभिन्न कार्यमा सहयोग गर्ने महिला आदिलाई सम्बोधन गर्दै गीतिलयमा *ङ थरथर ग्य थर्न, फोलो स्ंहयोम्बो घोबच्यु घर्कु छे डुटु न्हंन* आदि भनेर बिदा माग्ने गर्छन्। जसलाई घाङ्वो स्हुव भनिन्छ। समग्र गीतमा हिमाल र पहाडलाई सम्झदै १९ देखि ५७ वर्षको अवधिमा मैले

सामाजिक, राजनैतिक, सांस्कृतिक काम कर्तव्य, जिम्मेवारी एवं दायित्व पूरा गर्ने क्रममा जान अन्जानमा कुनै भूल र गल्ती गरेको भए माफी देऊ, क्षमा गर । म समाजको जिम्मेवारी र दायित्वबाट छुटकारा पाउदै निवृति लिँदै छु । तपाईंहरू पनि धेरै बाँच्नुहोस् । समाजको जिम्मेवारी र दायित्व पूरा गर्नुहोस् आदि जस्ता जीवनमा गरेका कार्यहरूको बयान र विवरण गीतमा समावेश गरिएको हुन्छ । त्यसैगरी दोश्रो दिन याङ्जे गरिन्छ। याङ्जेका लागि मद र त्हेङक्योलाई नौनी घ्यूले सिंगारिन्छ । जुन क्रममा सहवृद्दिको लागि आशीर्वाद मागिन्छ । याङ्जे गरेमा गाउँघरमा अन्नको सह रहने भएकोले अन्नपात र धनको कुनै कमी नहुने विश्वास गरिन्छ । अन्तिम दिनमा पनि निर्धारित विधिअनुसार कार्य गरी थर्च्याङ सम्पन्न गरिन्छ । थर्च्याङमा फोदोमाकी गर्दा उक्त व्यक्तिले समाजलाई तिरेको निश्चित पैसा मोरु ३ वा ५ (१ रुपैयाँ पचास पैसा वा २ रुपैयाँ पचास पैसा) समाजको नेतृत्व गर्दै घेन्प (मुखिया)ले फिर्तासहित सामाजिक जिम्मेवारीबाट बिदाइ गर्ने चलन रहेको छ। थर्च्याङमा गाइने गीतलाई अनुसूची ३ मा समावेश गरिएको छ।

६.८. मृत्यु संस्कार

प्राकृतिक नियमानुसार मानिसको मृत्यु अनिवार्य र स्वभाविक हो । त्यसैले कुनै पनि व्यक्तिको मृत्यु भएमा मृतकको आत्माले शान्ति पाओस्, शोकमा रहेको परिवारमा धैर्यधारणको क्षमताको वृद्धि होस् र मानसिक रूपमा कमजोर भएको अवस्थामा सबै नातेदार, इष्टमित्र भेला भई सहज वातावरणको निर्माण होस् भन्ने आध्यात्मिक तथा व्यहारिक उद्देश्यले समाजमा विभिन्न तरिका र चलनअनुसार मृतकको अन्त्येष्टि र मृत्यु संस्कार गर्ने परम्परा छ । जुन संस्कार विभिन्न जाति सुमदायले भौगोलिक अवस्था, साधन स्रोतको उपलब्धता, धार्मिक आस्था एवं विश्वास र चलनअनुसार फरक-फरक विधि तथा पद्धतिद्धारा सम्पन्न गर्दछन् ।

ताङ्गबे जातिले ऐतिहासक कालदेखि नै बुद्ध धर्म र जातीय परम्पराअनुसार मृत्यु संस्कार गर्दछन् । जुन संस्कार उनीहरूको मूल थातथलोको भौगोलिक संरचना, प्राकृतिक साधन स्रोतको उपलब्धता, आवश्यकता र धार्मिक विश्वास एवं आस्थाका आधारमा बुद्ध धर्मअनुसार सम्पन्न गर्दै आएका छन् । जुन नेपालको पहाडी र तराई क्षेत्रमा बसोबास गर्ने अन्य जातजातिहरूको मृत्यु संस्कारको विधि र तरिकाभन्दा भिन्न रहेको छ । यस जातिले मृत्यु संस्कारसम्बन्धी विधि र प्रक्रियाहरू तल उल्लेखित भए बमोजिम सम्पन्न गर्छन् ।

६.८.१. लासको अन्त्येष्टि

कुनै पनि व्यक्ति मृत्यु शैयामा छ र उक्त व्यक्ति जीवनको अन्तिम अवस्थामा छ भन्ने लागेमा सम्भव भएसम्म गाउँको दाजुभाइ जम्मा हुन्छन् । बोल्न सक्ने भएमा उक्त व्यक्तिलाई नजिकको मान्छेले उसको जीवनको इच्छा र आकांक्षा केही छ वा छैन भनी सोध्ने गर्दछ । उसको इच्छालाई परिवारले सम्भव भएसम्म पूरा गर्ने वचन दिन्छन् । मृत्यु शैयामा भएको व्यक्तिको मृत्यु भएमा चम्चाले मृतकको मुखमा घ्यू राखी दिने चलन छ । किनभने घ्यू पवित्र हुन्छ भन्ने मान्यताअनुसार राम्रो होस् भनेर मुखमा राखिन्छ । यससँगै मृत्यु भएको जानकारी गाउँको दाजुभाइ र इष्टमित्रलाई दिइन्छ । व्यक्तिको मृत्यु भएपछि लासलाई मूल ओछ्यानमा बालुवाको ढिस्कोमाथि कपडाले छोपेर राखिन्छ । गाउँको जान्ने पाको र अनुभवी व्यक्तिले मृतकको ढाड भाँचेर लासलाई कुप्रो पारेर राख्ने गरिन्छ । *होल्दं* (नबिउझिओस् वा मृत्यु सुनिश्चित गर्न)को लागि र मान्छे बसेको जस्तै अवस्थामा लासलाई सजाउन सजिलो होस् भनेर ढाँड भाँचेर कुप्रो पार्ने चलन छ ।

मृत्युपछि तुरुन्तै लामालाई बोलाइन्छ । लामाले बुद्ध धर्म र परम्पराअनुसार मन्त्रोउच्चारण गरी संस्कारअनुसारको चि कोर्चे पूजा गर्दछ । त्यतिबेलासम्म उपस्थित व्यक्तिहरूले लास घाटमा लैजानको लागि आवश्यक काठ बनाएका हुन्छन् । लामाले पूजाआजा गरिसकेपछि लासलाई काठमा हात फैलाएको, टाउको ठाडो भएको र मृतकलाई आधा शरीरको (व्यक्ति पलेटीमा बसेको अवस्था) स्वरूप दिएर सेतो कपडाले छोपेर बाँधिन्छ । सोपछि मृतकले जीवित हुँदा र विभिन्न पर्वहरूमा लगाउने कपडा र गरगहनाले सिंगारिन्छ । यदि मृतकको थर्च्याङ पूजा गरिएको छ भने याङ्चा गरिन्छ । जसमा त्हेङक्योलाई नौनी घ्यूले सजाइन्छ । सोपछि हामी बाँचेकाहरू दीर्घायु हुन सकौं भन्दै लयबद्ध रूपमा प्रार्थना गरिन्छ । अन्त्यमा त्हेङक्या सजाइएको नौनी मलामी जाने सबैलाई शिरको दाहिनेपट्टि लगाइदिने गरिन्छ । साथै करीको मदं प्रसादस्वरूप सबैलाई बाँडिन्छ ।

त्यसपछि लासलाई घाटमा लैजाने प्रक्रिया अगाडि बढ्छ । जसमा सबैभन्दा अगाडि हाडको नली बजाउने मान्छे हिँड्छ । सोपछि बाजा बजाउने व्यक्ति हिँड्छ । हाडको नलीको आवाजले शोकको संकेत गर्नुको साथै मृत्यु भएको जानकारी गराउँछ । बाजा र नली बजाउने मान्छेको पछि-पछि एक जना चाक्साङ (ताप्के)मा

आगोको कोइला राखी साङ् (धूप) जलाउदै हिँड्छ। तेश्रो स्थानमा डमरु र घण्टी बजाउदै दुई तीन जना लामाहरू हिँड्छन् । चौथो स्थानमा लास लगिन्छ भने त्यसपछि रित्तै मलामीहरू घाटतर्फ लाग्छन् । मलामीमा गाउँको प्रत्येक चुल्होको १ जना व्यक्ति अनिवार्य सहभागी भएका हुन्छन् । लामाहरूले तिब्बतीयन पात्रोको आधारमा मृतकको वर्ग र खम जुराएपछि त्यसबाट आउने जानकारीअनुसार कुन वर्ग र खमको व्यक्तिले लासलाई हेर्न र छुन हुने तथा कुन वर्ग र खमको व्यक्तिले हेर्न र छुन नहुने भन्ने निर्धारण गर्छन् । सोहीअनुसार हेर्न र छुन हुने व्यक्तिहरूले मात्र उक्त लासलाई बाँध्ने, बोकेर घाटमा पुऱ्याउने गर्दछन् । छुन नहुने व्यक्तिहरू केवल मलामीको रूपमा सहभागी हुन्छन् भने हेर्न नहुने ल्वहोका व्यक्तिहरू मलामी पनि जाँदैनन् । कुनै पनि व्यक्तिको मृत्यु भएमा मृतकका चेलीबेटीहरू मृतकको गुणगान, जीवन, सम्बन्ध र विछोड आदि विषयलाई लयबद्ध भाकामा रुदै शोक प्रकट गर्छन् । जुन शब्द छनौट, लय र भाका मर्मस्पर्शी हुन्छन् ।

लासलाई घाटमा पुऱ्याएपछि लामाले मतृकको वर्ग, खम र जन्म आदिलाई आधार मानेर पात्रो हेरी उक्त लासलाई आकाशलाई चढाउने भन्ने जानकारी दिएमा लासलाई काटेर टुक्रा-टुक्रा बनाइ गिद्धलाई दिने गरिन्छ। सो क्रममा लामाले मन्त्र उच्चारण गर्दै, डमरु बजाउदै र हाड नली फुकेर ध्वनी वा आवाज चर्को बनाउँछ। जुन लासको टुक्राहरू खानको लागि गिद्धलाई बोलाएको संकेत हो । धेरै गिद्ध आएर मृतकको मासु खाएमा मृतक सज्जन र धर्मी रहेछ भन्ने विश्वास गरिन्छ । यसरी गिद्धलाई खान दिएमा गिद्ध धेरै अग्लो र चोखो ठाउँमा बस्ने भएकाले गिद्धको दिशा पनि चोखो ठाउँमा हुने हुनाले मृतकको आत्मा सजिलै स्वर्ग जान्छ भन्ने विश्वास रहेको छ ।

त्यसैगरी लामाले मृतकको शरीर जललाई चढाउने भनेमा लासलाई काटेर टुक्रा बनाइ खोलामा बगाउने गरिन्छ । यसरी खोलामा बगाउँदा माछालगायत अन्य जलीय जीवहरूले खान्छन् । माछालाई खान दिएमा मतृकको आत्मा स्वर्ग जान्छ भन्ने विश्वास छ । अर्कातिर पर्यावरणीय क्षेत्रमा Eco-system मा पनि सन्तुलन हुन्छ । साथै एक प्राणीको आधारमा अर्को प्राणी बाँच्ने भएकोले कुनै पनि प्राणीको अस्तित्व लोप हुँदैन । यसले खाद्य चक्रलाई समेत प्रत्यक्ष योगदान गरेको हुन्छ । त्यसैगरी ताङ्बे जातिको बसोबास निकै उचाइमा रहेको र गाउँ वरिपरि इन्धनको रूपमा प्रयोग गरिने दाउरा प्रशस्त नभएकोले इन्धनको अभावमा लासलाई माछा

वा गिद्धलाई दिने गरिएको हो । यसरी लामाको निर्देशनअनुसार लासको अन्त्येष्टि गरिसकेपछि घरबाट लगिएको उवाको सातु, भुटेको मकै, रोटी, छ्याङ र रक्सी आदि घाटमा नै खाएर घर फर्केने चलन छ ।

वर्तमान समयमा पोखरा र काठमाडौँतिर बसाइँसराइ गरेका ताङ्गबेहरूले भने लासलाई सकेसम्म जलाउने वा गाड्ने गर्दछन् । खाजाको रूपमा भुजा, चिउरा, चिसो, चिया र विभिन्न फलफूल आदि खाने गर्दछन् । जसले यस जातिको पुरानो चलनमा केही परिवर्तन भएको जनाउँदछ । कुनै पनि व्यक्तिको मृत्यु भएमा परिवार वा दाजुभाइमा छाक तथा नुन छोड्ने चलन हुँदैन र छैन । केवल मृतकको परिवारका सदस्यहरू ४९ देखि १ वर्षसम्म कुनै पनि मनोरञ्जनको कार्यक्रममा सहभागी हुनु हुँदैन भन्ने मान्यता र विश्वास रहेको छ ।

६.८.२. स्ह्याक्सुम्प

मरेको ३ दिनमा मृतकको परिवारले मृतको सम्झनामा *स्ह्याक्सुम्प* गर्ने चलन रहेको छ । यस दिन बिहान लामा बोलाइ पूजापाठ गरिन्छ । घरको मूल कोठामा लामा बस्ने स्थानतिर कपडाका टुक्राहरू मिलाएर मृतकको शरीरजस्तै अर्ध कदको एउटा पुत्ला वा प्रतिमूर्ति बनाइन्छ । सो प्रतिमूर्ति भित्र मृतकको अस्तु (लास घाटमा लैजादा लिएको सकेसम्म टाउकोको हड्डी वा नली हड्डीको सानो टुक्रा), उवा, चामल, गहुँ आदि सेतो कपडामा पोको पारेर राखिन्छ । प्रतिमूर्तिलाई पुरुष मृतक भए सोहिअनुसार र महिला मृतक भए सोहीअनुसार विभिन्न कपडा र गरगहनाले सिँगारिन्छ । प्रतिमूर्तिलाई टेबलको छेउमा राख्नुको साथै टेबलमाथि मृतक जिउँदो हुँदा मन पराउने र खाने विभिन्न परिकारहरूका खानाहरू जस्तै फलफूल, छ्याङ, रक्सी, घ्यू र अन्य खाना आदि चिजहरू कचौरामा मिलाएर राख्ने र बत्ती बाल्ने गरिन्छ । यसलाई मृत आत्माले खाएको छ भन्ने विश्वास गरिन्छ । यसका साथै एउटा माटोको घैटोलाई सेतो रङ्गाउने र सोभित्र उवाको पिठो, विविध जुडीबुटी, सर (विशेष दुध, सातु, भेली, धूपीको धुलो आदि मिसाएर बनाइएको धुलो) आदि राखिन्छ । जसलाई खुऊ भनिन्छ । घैटो (खुऊ)लाई प्रतिमूर्तिको नजिक उल्टो गरी बाटेको ऊनको डोरीले झुण्डाएर राखिन्छ । खुऊलाई घ्यउ नगर्दासम्म बिहान बेलुकी धूपबत्ती गर्ने, प्रत्येक दिन बेग्लाबेग्लै कचौरा वा कपमा पेय पदार्थ पानी, रक्सी, छ्याङ र चिया आदि राख्ने वा चढाउने गरिन्छ। यस दिनमा लामाले तन्त्रमन्त्र गरेर मृतकको आत्मालाई बोलाउछन् । साथै घरको माथिल्लो

तलामा गएर लामाले हाडको नली बजाउने गर्छन् । यस अवसरमा आफन्तहरू भेला भई सामान्य खानपान गर्दछन् ।

६.८.३. धिन्स्या

मरेको ७ औं दिनमा लामाहरू बोलाएर मृतकको नाममा पूजापाठ गरिन्छ, जसलाई धिन्स्या भनिन्छ । धिन्स्या ७/७ दिनको फरक वा अवसरमा गरिन्छ । धिन्स्या गर्दा अन्य पूजाहरूमा जस्तै मृतकको नाममा धूप जलाउने, १०८ बत्ती बाल्ने तथा नली हाड बजाउने गरिन्छ । साथै स्ह्याक्सुम्पमा राखिएको घैटोमा बत्ती बालिन्छ । धिन्स्या ४९ दिनको अवधिमा ७/७ दिनको फरकमा ७ पटक गर्नुपर्छ ।

६.८.४. घ्यउ

मान्छे मरेको २१ दिनमा घ्यउ गर्ने चलन रहेको छ । गुम्बामा गएर लामाद्धारा बुद्ध धर्मको विधिअनुसार मृतकको नाम र सम्झनामा पूजापाठ गर्ने, चिरशान्तिको कामना गर्ने र धूप, बत्ती बाल्ने गरिन्छ । साथै स्ह्याक्सुम्प संस्कार गर्दाको दिन तयार गरिएको प्रतिमूर्तिको अस्तुलाई धूलो बनाएर मुक्तिनाथ पुऱ्याउने चलन छ । बाँकी रहेको घाँस, कपडा, काठ, पिठो, चामललगायत अन्य चिज र खुऊ (घैटो)लाई ज्वाइँ र इष्टमित्रले खोलामा लैजान्छ । ज्वाईंले उवाको पिठोको डल्लामा दियो (बत्ती) बनाउछन् । उक्त बत्तीलाई घैटोमाथि राखी बालेर पानीमा ३ पटक घुमाएर बगाउछन् । यसरी बगाउदा यदि मृतकको आत्माले शान्ति पाएको छैन भने पानीमा घुमिरहन्छ र शान्ति पाएको छ भने सललल पानीसँगै बगेर जान्छ भन्ने विश्वास गरिन्छ । सो दिन गच्छे र औकातअनुसार विभिन्न परिकारका खाना तयार गरी उपस्थित आफन्तलाई खुवाउने र लामाहरूलाई दान दक्षिणा दिने चलन रहेको छ । घ्यउ मान्छे मरेको ४९ दिनसम्मको अवधिमा १ पटकमात्र गर्ने चलन रहेको छ ।

६.८.५. स्हिप्च्यु स्हर्कु

अन्तिम वा सातौं धुन्स्या तथा मरेको ४९ दिनमा गरिने संस्कार स्हिप्च्यु स्हर्कु हो । यस दिन कम्तीमा पनि २ जना लामाहरूलाई बोलाउने गरिन्छ । लामाले बुद्ध धर्म र परम्पराअनुसार म्हेमे पढ्ने, बाजा बजाउदै पूजाआजा गर्ने तथा मृतकको नाममा धूप, बत्ती बाल्ने गर्छन । सो दिन विभिन्न परिकारका खानेकुरा, चिया, छ्याङ, रक्सी आदि छोक (प्रसाद) आदि बनाई मृतकको आत्माले खाओस् भनी

चढाउने चलन रहेको छ। साथै उपस्थित आफन्तहरूलाई प्रसाद खुवाउने गरिन्छ।

६.८.६. धुलेन

मरेको १ वर्ष (ठीक ३६५ दिन)मा मृतकको सम्झनामा लामा बोलाएर घरमा गरिने पूजालाई धुलेन भनिन्छ। यसका अतिरिक्त आफन्तहरू भेला हुन्छ। उपस्थित आफन्तलाई विभिन्न परिकारका खाना खुवाउने तथा गच्छेअनुसार लामाहरूलाई दान-दक्षिणा दिने गरिन्छ। चिया, छ्याङ र रक्सी मृतकको नाममा चढाउने गरिन्छ।

६.८.७. ह्याङदेन

मरेको २ वर्षमा मतृकको स्मरणमा गरिने संस्कारगत कार्यलाई ह्याङदेन भनिन्छ। यस दिनमा पनि ठुलनेको विधिअनुसारका कार्यहरू गरिन्छ। यो संस्कारको कार्य गर्नको लागि बाध्यकारी भने छैन। केवल इच्छा हुने व्यक्ति वा परिवारले मात्र मृतकको सम्झनामा ह्याङदेन गर्दछ।

मृतकको स्मृति र नाममा सम्बन्धित परिवार र व्यक्तिले तई ल्हुम्बो (गाउँ सरकार)ले निर्धारण गरेको स्थानमा म्हाने र छोर्तेन निर्माण गर्ने चलन पनि रहेको छ। ती म्हाने र छोर्तेनलाई दाहिने पारेर हिँड्डुल तथा यात्रा गरेमा धर्म र शान्ति मिल्छ भन्ने धार्मिक विश्वास रहेको छ। त्यसैले ताङ्बे गाउँको वरिपरि प्रशस्त छोर्तेनहरू रहेका छन्। कतिपय छोर्तेन मर्मत सम्भारको अभावमा लोप समेत भएका छन्।

६.९. मृत्युपछिको जीवनसम्बन्धी विश्वास

ताङ्बे जातिमा मान्छे मरेपछि उसको भौतिक शरीर समाप्त भए पनि आत्मा जीवित हुन्छ भन्ने विश्वास रहेको पाइन्छ। उक्त मृतकको आत्मा अदृष्य रूपमा स्वर्ग जान्छ भन्ने विश्वास गरिन्छ। मान्छे मरेपछि नयाँ संसारमा जान्छ भन्ने मान्यताको आधारमा मृत्यु भएपछि सकेसम्म लामाले पात्रो हेरेपछि उसको भनाइअनुसार लासलाई टुक्रा-टुक्रा पारेर गिद्धलाई दिने वा खोलामा बगाउने चलन रहेको छ। यसरी गिद्धलाई दिएपछि उसले खाएर दिशा गर्दा पवित्र ठाउँमा गर्ने भएकोले सजिलै अर्को लोकमा गइन्छ भन्ने आम मान्यता रहेछ। तर वर्तमानको वैज्ञानिक चमत्कारिताको समयमा माथि उल्लेखित मान्यताप्रति मानिसहरूको धारणा भने परिवर्तन हुँदै गएको पाइन्छ।

६.१०. ताङ्गबेको संस्कार र लैङ्गिक सम्बन्ध

ताङ्गबे जातिमा संस्कारको जे जति कार्यहरू गरिन्छ । ती सबैको व्यवस्थापनमा महिला पुरुषको बराबर योगदान रहेको हुन्छ । फरक केवल कसको के भूमिका र कार्य भन्नेमा हुन सक्छ । त्यसैले ताङ्गबे जातिमा लैङ्गिक समानता नेपालमा भएका आर्य मूलको जातको तुलनामा बढी रहेको छ । संस्कारका कार्य सम्पन्न गर्नको लागि मुख्य भूमिका महिलाको हुन्छ । तथापि उनीहरूको संस्कारमा भने केही विभेदका पक्षहरू पनि देखिन्छ । ठि, भिसी त्हाङ्पा आदि गर्दा छोरा भए ९९ वर्ष बाँच्नु, छोरी भए ८९ वर्ष बाँच्नु भनेर आशीर्वाद दिने गरिन्छ । त्यसैगरी छोरा १९ वर्ष पुगेपछि सामाजिक, सांस्कृतिक र राजनैतिक (घेन्प, छोक्पो) जिम्मेवारी दिनको लागि फोदोमाकी गरिन्छ । तर उक्त जिम्मेवारी महिलालाई दिएको पाइदैन र फोदोमाकी गरिँदैन । गाउँमा महिलाले घेन्प र छोक्पो आदिको जिम्मेवारी पाएका छैनन् । साथै ताङ्गबे महिलाको निश्चित उमेर पुगेपछि कुनै पनि संस्कारको कार्य गरिँदैन । जबकि पुरुषको ५७ वर्ष पुगेपछि धुमधामसँग थर्च्याङ गरिन्छ । त्यसैले संस्कारको कार्य गर्ने क्रममा पूरा गर्नुपर्ने जिम्मेवारी र दायित्वमा लैङ्गिक समानता देखिए पनि समग्र संस्कारमा भने विभेद र फरक रहेको छ ।

अध्यायः सात

लोक संस्कृति र परम्परा

७.१. लोकवार्ता

कुनै पनि जातिको परम्रागत लोकवार्ता र भौतिक संस्कृतिले सम्बन्धित जातिको जातीय पहिचान, इतिहास, आस्था, दर्शन र जीवनशैलीलाई प्रतिविम्बित गरेको हुन्छ। जसबाट इतिहास र आस्था आदि सम्बन्धी जानकारी तथा ज्ञान प्राप्त गर्न सकिन्छ। ताङ्गबे लोकवार्ताहरू हालसम्म लेख्य भएको पाइदैन। लोकवार्ता थाहा भएका र जानेका मान्छेहरूको सङ्ख्या पनि कम छ। जीवित र अभ्यासमा भएका लोकवार्ताहरू पनि पुस्तान्तरण हुन सकेको छैनन्, जुन चिन्ताको विषय हो। ती लोकवार्ताद्धारा विभिन्न किसिमका भूत, प्रेत, बोक्सी, ताङ्गबे जातिको उत्पत्ति, समाजको नीति-नियम र पुर्खाहरूले गरेको कार्य आदिबारे प्रशस्त जानकारी हुन्छ। ताङ्गबे जातिमा विभिन्न लोकवार्ता भए पनि विद्यालय शिक्षा र आधुनिकताको प्रभाव आदि कारणले लोप हुँदै गएको बुढापाकाहरू बताउँछन्।

यसै सन्दर्भमा ताङ्गबे जातिको पुर्खाहरूको ज्ञान र शक्तिको इतिहासबारेमा एउटा लोककथा प्रस्तुत गरिएको छ, जुन निम्नानुसार रहेको छ।

हाल मुस्ताङ जिल्लाको बाह्रगुँ मुक्ति क्षेत्र गा.पा. ३, (साविक छुसाङ गा.वि.स.) मा पर्ने तीन वटा गाउँ तेताङ, ताङ्गबे र छुसाङ गाउँका तीन जना मुखियाहरूबिचमा धेरै पहिले कसले के-के गर्न सक्छ र कसको शक्ति कति छ देखाउने भन्ने होडबाजी चलेछ। मुखियाहरूले शक्ति देखाउने भएपछि सबै गाउँका मानिसहरू भेला भए। शक्ति प्रदर्शन गर्ने क्रममा सबैभन्दा पहिले तेताङको मुखियाको पालो परेछ। उनले शक्ति देखाउन मरेको बाख्राको छाला आफ्नो शक्तिले भ्याएसम्म बल लगाएर आकाशतर्फ फ्याँकेछन्। उक्त छाला आकाशमा नै हराएछ। तेताङको मुखियाको शक्ति देखेर सबै जना छक्क परेछन्- कस्तो शक्ति! आकाशतिर फालेको छाला नै उतैतिर हराउने भनेर। त्यसपछि शक्ति देखाउने पालो छुसाङको मुखियाको आएछ। उनले बाणले पहरामा हिर्काएछन्। वाण लागेको स्थानबाट अन्न निक्लिएछ। पहराबाट अन्न निरन्तर खसेको खसेकै गरेछ। अन्त्यमा ताङ्गबेको मुखियाको पालो आएछ। उनले अब कसरी, के गरेर, कस्तो तागत देखाउने भनी केही बेर सोचेछन्।

त्यसपछि उनले उदाएको सूर्यको किरण तीन दिनसम्म लगातार छेकेछन् र जसले गर्दा जमिनमा तीन दिनसम्म लगातार सूर्यको किरण पर्न पाएन, केवल छायाँमात्र पऱ्यो । ताङ्गबेको मुखियाको यो शक्ति देखेर मानिसहरू छक्क परेछन् । शक्ति प्रर्दशनमा ताङ्गबे मुखियाले जिते ।[२८] तीन गाउँका मुखियाको प्रतिस्पर्धाबाट अन्य दुई गाउँका तुलनामा छुसाङमा अन्नबाली धेरै हुनेको प्रमाणित भयो ।

ताङ्गबेको मुखियाले तीन दिनसम्म सूर्यको किरण छेकेको हुनाले सूर्यको किरणको अभावमा ताङ्गबे गाउँमा बाली कम फल्यो । त्यसैले वर्तमानमा पनि अरु ठाउँको तुलनामा ताङ्गबे गाउँमा अन्न कम फल्छ भन्ने धारणा रहेको छ। त्यसैगरी छुसाङको मुखियाले धनुबाण पहरामा हिर्काएर अन्न निकालेको हुनाले उक्त गाउँमा अरु ठाउँको तुलनामा धेरै अन्न फल्ने र अनिकाल पर्दैन तथा तेताङमा पशुपालन बढी हुन्छ भन्ने धारणा रहेको छ। यस कथाले तत्कालीन अवस्थामा पनि वरिपरिको अन्य मुखियासँग विभिन्न कारणले प्रतिस्पर्धा भएको, सबैले आफ्नो साख र इज्जत एवं क्षेत्रलाई सुरक्षित गरेको पाइन्छ।

७.२. लोकगीत र नाच

लोकगीत, संगीत र नाचले सम्बन्धित स्थान र जातिको इतिहासको कथा एवं ज्ञानलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्न योगदान गरेको हुन्छ। ताङ्गबेको पनि मौलिक लोकबाजा, गीत र नाचहरू छन्। जसले जातीय इतिहास, कला, संस्कृति र परम्परालाई झल्काउनुको साथै नयाँ पुस्तामा पुस्तान्तरण गर्दै आएको छ । परम्परागत गीत र नाचहरूमा स्हिङघर गीत र नाच, म्हलम ढोङपी घ्ये पुङचो (आशीर्वाद दिने गीत), लुस्याथप्पीचो (दोहोरे गीत), स्याप्रुङ नाच (समूहमा नाचिने नाच), म्हने सेवा नाच, घ्हजाङगे गीत, योर्तोङ् गीत र नाच आदि हुन्।

२८ दिलीपसिङ ताङ्गबेसँग मिति २०६८ असार २८ गते पोखरामा भएको अन्तर्वार्तामा आधारित । उनी ताङ्गबे समाज सेवा संघ केन्द्रीय समितिका पूर्व केन्द्रीय अध्यक्ष हुन् ।

योर्तोङ् गीत जनैपूर्णिमाको अवसरमा राम्रा कपडा लगाएर पहिलो दिन मुक्तिनाथ जाने र दोश्रो दिनमा त्यहाँको गुम्बामा धूप बत्ती बाल्ने र गुम्बा तथा मन्दिर घुम्ने क्रममा यो गीत गाएर नाच्ने चलन रहेको छ। तेश्रो दिन गाउँमा फर्किएर अविवाहित महिलाको समूह बनाउने र त्यसैगरी पुरुषको पनि समूह बनाएर याक काटेर मासुसँग छ्याङ, रक्सी खादै समाजको घरमा भेला भएर गीत गाउने नाच्ने गरिन्छ।

ताङ्गबेहरू हिउँदको समयमा बसाइँसराइ गरी अन्यत्र गएका हुन्छन्। फागुन, चैत्र महिनामा गाउँ फर्कने क्रम सुरु हुन्छ। गाउँमा फर्केपछि उवा बाली भित्र्याइसकेपछि वैशाखमा गाउँ फर्केको खुशीयाली घ्हजाङगे गीत गाउने चलन रहेको छ। जसले बसाइँसराइको क्रममा पाएका दुःखलाई भुलाउन सहयोग गर्छ।

नाच र गीतहरूले मनोरञ्जन प्रदान गुर्नको साथै दाजुभाइ तथा दिदीबहिनी, नाता कुटुम्बबिचमा भेटघाट, आपसी सहयोग, दुःख सुखका भलाकुसारी गर्ने अवसर जुराउँछ। त्यससँगै सामाजिक एकीकरणलाई पनि अगाडि बढाएको हुन्छ। वर्तमानमा यी महत्वपूर्ण नाच तथा गीतहरू ओझेलमा पर्दै गएका छन्। अर्कातिर नाच्ने, गाउने र बजाउने मानिस सीमित मात्रामा छन्। आधुनिकीकरण र विज्ञानको चमत्कारिताले मनोरञ्जनका आधुनिक साधन प्रशस्त विकास भएको छ। नयाँ पुस्ता त्यतैतिर ढल्केको पाइन्छ। जसले गर्दा पुख्र्यौंली लोकगीत र संगीतको इतिहास र महत्व लोप हुने चिन्ता बढाएको छ।

७.३. लोक (संगीत) बाजा

ताङ्गबेहरू आफ्नो परम्परागत सीप, ज्ञान र प्रविधिद्धारा विभिन्न बाजाहरू बनाउने गर्छन्। जुन बाजाहरू विभिन्न संस्कार, पूजा र चाडपर्व मनाउदा बजाउने गरिन्छ। साथै कतिपय बाजाहरू धार्मिक र संस्कारका कार्यहरूमा पनि बजाउने गरिन्छ। परम्परागत बाजाहरू घ्यङम, ढुम्च्याङ, ढन्यम् र पुली आदि प्रमुख हुन्।

७.४. प्रमुख खाना

ताङ्गबेहरू स्थानीय रूपमा उत्पादन हुने अन्नबाली, फलफूल र गेडागुडीबाट विभिन्न प्रकारका खानेकुरा बनाउन सिपालु छन्। कम उत्पादन हुने स्थानमा पनि धेरै प्रकारका

खानाहरू बनाएर खाने गर्छन् । मुख्य खानाहरू निम्नानुसार रहेका छन् ।

म्हाकेन (भात) : चामलबाट बनाइने खाना ।

घ्यवकेन (ढिडो) : फापर र उवाको पिठोबाट बनाइने खाना ।

घ्याङ् (रोटी) : गहुँ र फापरको पिठोबाट बनाइने खानाको परिकार ।

धोधो : गहुँको पिठोबाट बनाइने परिकार ।

स्यई प्ला : आलु र सुकुटी मासु मिसाएर बनाउने ।

खुपु : गहुँको पिठोबाट बनाइने पुरीजस्तै परिकार ।

घ्याङ : गहुँको पिठोबाट बनाइएको रोटी; जुन आगोमा पोलिएको वा पकाएको हुन्छ ।

म्हभप : चामलको जाँडको चोक्टा वा रससँगको छोक्रा तेलमा फ्राइ गरेको परिकार ।

च्याम्ताखु : हरियो सागसब्जी मिसाएर पकाएको जाउलोजस्तै परिकार ।

खु ताक ताक :चोक्टा नभएको मासु, बोसो र गहुँको पिठो मिसाएर बनाएको सुप ।

म्हो म्हा : गहुँको पिठो र मासु मिलाएर बनाएको परिकार मःमः ।

पेदाथ्याङ : फापरको गिलो सुक्खा रोटी वा परिकार ।

पेय पदार्थ : चिया, मही, दुध, दही, छ्याङ, पाभ्भी, पाघ्युङ् र रक्सी आदि हुन् ।

तरकारी : मासु, माछा, हरियो साग, च्याउ, विभिन्न प्रजातिका मुला, आलु, बन्दाकोपी, काउली, बेसार, करेला, ढाप्रा, भुसो, तिम्हचु, जिम्बु, क्होने आदि २०/२५ भन्दा बढी प्रकारका तरकारीहरू ।

७.५. परम्परागत जातीय भेषभूषा

ताङ्गबेहरूले आफूलाई आवश्यक पर्ने कपडाहरू पहिले आफैले भेडाको ऊन तथा अन्य वनजङ्गलमा पाइने रेसादार बिरुवाबाट तयार गर्थे । कच्चा पदार्थलाई परिमार्जन र सुधार गरी धागो बनाउने तथा सोलाई बुनेर कपडा बनाउने गर्थे । जुन उनीहरूको परम्परागत ज्ञान सीप र प्रविधिमा आधारित थियो । धागो बनाउने

चरनसम्म महिला पुरुषको बराबर योगदान हुन्थ्यो । तान बुन्ने कार्य भने प्रायःजसो महिलाले गर्थे र गर्छन् । तानबाट तयार भएको कपडा लगाउनको लागि आवश्यक डिजाइन र साइजमा ताङ्गबे महिलाहरूले नै सिलाउने गर्थे । वर्तमानमा भने यो सीप र ज्ञान हराउदै गएको छ । यस जातिको परम्परागत भेषभूषा निम्नानुसार रहेको छ ।

पुरुषको पहिरन : दोचा, स्यंखेन, बख्खु, कमीज आदि पहिरन लगाउँदछन् ।

गरगहना : आलुङ र माला लगाउने चलन रहेको छ ।

महिलाको पहिरन : जामा, किटी, म्हेन्दो फिकी, चोली, बख्खु, स्वीटर, छप्ची, दोचा आदि लगाउने गर्दछन् ।

गरगहना : कुरा, सिक्री, टप, रिङ, चुरा, बाला, औठी, म्हिकी ऱ्हाङगु, मुआ आदि गरगहना लगाउने प्रचलन रहेको छ । वर्तमान समयमा भने यस जातिको महिला पुरुष दुवैको पोशाक र गरगहनामा विविधिकरण र परिवर्तन आएको छ ।

७.६. दैनिक रूपमा प्रयोग गर्ने सामग्रीहरू

दैनिक कामहरू सरल तरिकाले सम्पन्न गर्न ताङ्गबेले परम्परागत सामग्री र औजारहरू प्रयोग गर्दछन् । खेतबारीमा काठको हलो, जुवा, नारा र जतारो, कोदालो, काठ र फलामको गल, कुतो, कोदालो आदि प्रयोग गरेको पाइन्छ । हतियारको रूपमा पाको उमेरका पुरुष र महिलाले बन्चरो, हँसिया, खुर्पा, खुकुरी, खुडा, चक्कु, कर्द, छुरा र खुरमली आदि प्रयोग गर्दछन् । घाँस, दाउरा गर्दा सानो र ठूलो आकारको डोको, नाम्लो, बरियो, घुरियो, डोरी आदि बढी उपयोगी हुन्छन् । यस जातिले भान्सामा गाग्री, टाउली, खद्कुनो, भड्डु, कराई, ताप्के, झाङ्गा, थाल, गिलास, कचौरा, बगोना, आम्खोरा, डेक्ची, हाँडी र चिया बनाउने काठ तथा धातुबाट बनाइएको भाडो आदि प्रयोग गर्दछन् ।

पहिले यी माथि उल्लेखित वस्तुहरू धेरैजसो ताङ्गबे आफैले निर्माण गर्दथे ।

वर्तमानमा उक्त सीप हराउदै गएको छ। त्यसैले सीप र प्रविधि हराएकोमा बुढापाका चिन्ता व्यक्त गर्दछन्। यी सामग्रीहरू बनाउन जानेका व्यक्तिहरू सकिदै गएका छन्। नयाँ पुस्ता सहरतिर बनाइएका सामानप्रति बढी आकर्षित भएको पाइन्छ। त्यसैले दैनिक रूपमा प्रयोग गरिने सामग्रीहरू अधिकांश आयात गरिन्छ। स्थानीयस्तरमा भने अन्य सीप भएका व्यक्तिद्धारा मर्मत गराउने वा नयाँ बनाउने गर्छन्।

७.७. पाहुनाको सत्कार

यस जातिले पाहुनालाई नाता वा सम्बन्धको आधारमा नमस्कार एवं ढोग गर्ने र खादा लगाइ दिएर स्वागत गर्दछन्। साथै सम्मानपूर्वक गलैंचा वा भेडाको ऊनबाट बनाइएको कम्बल बिछाएर राखिन्छ। ताङ्गबेहरूको अतिथि सत्कारको मुख्यवस्तु चिया, उवाको सातु, छ्याङ, रक्सी र सुकुटी मासु हो। त्यसैले घरमा पाहुना आएमा सामान्यतया पाहुनाको चाहनाअनुसार चिया, छ्याङ, रक्सी आदि दिएर स्वागत गर्ने चलन छ। यसका साथै मासु तथा विभिन्न तरकारी र अचारहरू खान दिने प्रचलन छ। खाना खाने समयमा घरको बुढोपाको मान्छले पाहुनालाई खान अनुरोधसहित आफूले पनि खान सुरु गर्दछन्। यस किसिमको वातावरणले पाहुनालाई उक्त घरमा घुलमिल गर्न तथा आपसी सद्भाव र सम्बन्धलाई बलियो बनाउन सहयोग गरेको हुन्छ। घरमा भएका पाहुनालाई चुल्हो वा पूजा कोठा आदिमा प्रवेश निषेध हुँदैन।

अध्यायः आठ

भाषिक, शैक्षिक र स्वास्थ्य अवस्था

८.१. ताङ्गबे भाषा (सेर्के)

भाषा भाव एवं विचार आदानप्रदान गर्ने एउटा माध्यम साथै शक्तिको स्रोत पनि हो । भाषाले मानिसलाई अन्य प्राणीभन्दा भिन्न पहिचान दिएको छ । भाषा मानव जीवनको महत्वपूर्ण पक्ष, संस्कृतिको बाहक र सभ्यताको परिपूरक हो । नेपालका प्रत्येक आदिवासी जनजातिहरूका आ-आफ्नै मौलिक मातृभाषा छन्, जुन उनीहरूका पहिचानको प्रमुख आधार हो । ती मातृभाषाहरूले सम्बन्धित जातिको उत्पत्ति र विकासको इतिहाससँग प्रत्यक्ष सम्बन्ध राख्छन् । केन्द्रीय तथ्याङ्क विभागको सम्वत् २०५८ र सम्वत् २०६८ को तथ्याङ्कअनुसार नेपालमा क्रमशः ९२ वटा र १२३ वटा भाषाहरू नेपालका विभिन्न जातजातिले बोल्ने गर्छन् । जुन भाषाहरूमध्ये धरैजसो आदिवासी जनजातिले बोल्ने भाषाहरू छन् । प्रा.डा. योगेन्द्रप्रसाद यादवका अनुसार नेपालमा ७५ वटा भाषाहरू यहाँका आदिवासी जनजातिहरूले बोल्ने भाषाहरू छन् । त्यसैगरी सन् २००२ मा नेपालमा युनेस्कोद्धारा गरिएको भाषा सर्वेक्षण प्रतिवेदनअनुसार ५७ वटा भाषाहरू आदिवासी जनजातिहरूले प्रयोग गर्ने उल्लेख गरिएको छ । यी माथि उल्लेखित तथ्याङ्कमा सेर्के भाषा समावेश गरिएको छैन ।

ताङ्गबे जातिले बोल्ने भाषालाई ताङ्गबे भाषा वा सेर्के भनिन्छ । यो भाषा ताङ्गबेहरूको पहिचानको एक प्रमुख आधार हो । सेर्के भाषा ताङ्गबेसहित बाह्रगाउँलेहरूले पनि बोल्ने गर्छन् । साथै सेर्के भाषाको भौगालिक फैलावट सेर्के/ताङ्गबे तथा मुक्तिनाथ क्षेत्र हो । सेर्के भाषा भोट-बर्मेली भाषा परिवारअन्तर्गत पर्दछ । यस जातिको मातृभाषाको बारेमा एक दुई जनाले केही मात्रामा अध्ययन गरेका छन् भन्ने मौखिक जानकारी भएता पनि लिखित प्रतिवेदन वा पुस्तक पाउन सकिएको छैन । सेर्के भाषाको हालसम्म कुनै त्यस्तो भाषिका भएको पाइदैन । ताङ्गबे गाउँलगायत जोमसोम, पोखरा र काठमाडौँमा बसोबास गर्ने सबै ताङ्गबेहरूले बोल्ने भाषा एकै किसिमको रहेको छ । सेर्के भाषा गुरुङ, थकाली र तामाङ भाषासँग नजिक रहेको छ ।

८.१.२. सेर्के भाषाको वर्तमान अवस्था

सेर्के भाषा संरक्षणको दृष्टिकोणले लोपोन्मुख अवस्थामा रहेको छ । भाषावक्ता सङ्ख्या दिन प्रतिदिन घट्दो अवस्था रहेको छ । उत्तम ताङ्गबेको अनुसार ताङ्गबे जातिमा मातृभाषा बोल्ने र बुझ्ने जनसङ्ख्या ७० प्रतिशतमात्र रहेको बताउनुहुन्छ । जुन जनसङ्ख्या ३० वर्षभन्दा बढी उमेर समूहका छन् । ३० वर्षभन्दा कम उमेर समूहका व्यक्तिले भाषा बोल्दैनन् । यसले निकट भविष्यमा सेर्के भाषा लोप भएर जाने संकेत गर्दछ । यसरी कम उमेर समूहका व्यक्तिहरूले मातृभाषा नबोल्नुको प्रमुख कारणहरू निम्नप्रकार रहेको छ ।

- मातृभाषा बोल्न लजाउनु र हिनताबोध महसुस गर्नु ।
- मातृभाषा बोल्दा अरु जातजातिका मानिसहरूले गिज्याउनु र जिस्काउनु ।
- नेपाली र अङ्ग्रेजी भाषा सिकेमा अवसरहरू बढी पाइनु ।
- सरकारी कामकाजमा मातृभाषाको प्रयोग नहुनु ।
- विद्यालयमा मातृभाषामा पढाइ नहुनु ।
- भाषा लेख्य रूपमा नहुनु ।
- सेर्के भाषाको लिपि नहुनु आदि ।

यस जातिको मातृभाषाले नेपाल सरकारको ११ पटकको राष्ट्रिय जनगणनाको समयसम्म पनि पहिचान पाउन सकेको छैन भने जिल्ला वस्तुगत विवरण मुस्ताङ २०६५ मा पनि उल्लेख गरिएको छैन । अर्कातिर यस जातिको भाषालाई भाषाविज्ञहरूले अध्ययन-अनुसन्धान गरेको पनि पाइदैन । अन्य जातिको कतिपय व्यक्तिहरूले यस जातिको मातृभाषालाई गुरुङ भाषा पनि भन्छन्, तर वास्तवमा गुरुङ भाषासँग केही शब्दहरूको मिल्दोजुल्दो भए पनि यो पृथक भाषा हो । यो भाषाको शब्दार्थ पनि फरक रहेको छ । ताङ्गबेहरूले आफ्नो जातिभित्रमा बोलीचालीको निम्ति मातृभाषालाई प्रयोग गर्दछन् । अन्य जाति र समुदायका व्यक्तिहरूसँग सम्पर्क भाषाको लागि नेपाली र अङ्ग्रेजी भाषाको प्रयोग गर्छन् ।

८.१.३. सेर्के भाषाको लेख्यपरम्परा र शिक्षाको स्थिति

ताङ्गबे भाषाको लिपि छ भनिए पनि मातृभाषी र ताङ्गबे समाज सेवा संघले अझै लिपिको प्रयोग गरेका छैनन् । साथै कुन अवस्थामा के कस्तो रहेको छ भन्ने पनि थाहा छैन । त्यसैले ताङ्गबे भाषा लेख्दा देवनागरी लिपिको प्रयोग गरिन्छ । उत्तम ताङ्गबे[२९]ले धेरै पहिले गाउँमा तिब्बतीयन भाषाको अक्षरजस्तो देखिने निकै पुराना र च्याटिएका कागजपत्रहरू फेला परेको भएता पनि त्यस समयमा उक्त अक्षरहरू कसैले पढ्न नसकेको बताउँदछन् । उनको अनुसार ती अक्षरहरू ताङ्गबे भाषाको लिपिमा लेखिएको अनुमान रहेको छ । उक्त दस्तावेज पढ्न र बुझ्न सक्ने व्यक्तिको अभावको कारण संरक्षण गर्न सकिएन । त्यसैले सेर्के भाषाको आफ्नै लिपिमा दस्तावेज र कागजातहरू तयार हुन र गर्न सकिएको छैन । अर्कातिर देवनागरी लिपिमा समेत सेर्के भाषाको शब्दसङ्ग्रह, शब्दकोश, व्याकरण, पाठ्यपुस्तक तथा विभिन्न विद्याका साहित्यक कृतिहरू जातीय संस्था र अन्य व्यक्तिहरूबाट प्रकाशन हुन सकेका छैनन् ।

जातीय संस्था तथा अन्य कुनै सरकारी र गैरसरकारी संस्थाको तर्फबाट ताङ्गबे भाषामा औपचारिक तथा अनौपचारिक शिक्षाको व्यवस्था हुन सकेको छैन । अझै सरकारी तथ्याङ्कमा त गुरुङ भाषामा मिसाइएको हुनाले कुनै पहिचान पाएको छैन । ताङ्गबे गाउँमा सम्वत् २०१९ सालमा स्थापना गरिएको प्राथमिक विद्यालयमा पनि शिक्षाको माध्यम भाषा नेपाली रहेको छ । जबकि त्यहाँ बसोबास गर्ने मानिसहरूले ताङ्गबे वा सेर्के भाषा बोल्ने गर्दछन् । अर्कातिर उक्त विद्यालयमा अध्यापन गराउन बाह्य जिल्लाबाट नेपाली भाषी शिक्षक गएका छन् । यसले गर्दा ताङ्गबे भाषामा पठनपाठन गर्न गराउन कठिन हुने देखिन्छ । माथिको दृष्टान्तबाट स्पष्ट हुन्छ कि ताङ्गबे भाषामा शिक्षाको स्थिति शून्य रहेको छ ।

८.१.४. सेर्के भाषाको प्रयोग क्षेत्र

सेर्के भाषाको प्रयोग क्षेत्र साँगुरो छ । ताङ्गबेहरूले समुदाय, परिवार र व्यक्तिगत सञ्चार, संवाद, कुराकानी, ख्याल ठट्टा, हँसीमजाक, छलफल, बैठक, अन्तरक्रिया, झगडा, गाली र पुख्र्यौली भूमिको नाममा मातृभाषा प्रयोग गर्छन् । त्यसैगरी मौखिक रूपमा संस्कारका कार्य, धार्मिक एवं सांस्कृतिक अनुष्ठान, पूजा र चाडपर्वको

---

२९ उत्तम ताङ्गबेसँग २०६८ असार १० गते जोमोसोममा गरिएको व्यक्तिगत कुराकानीमा आधारित ।

अवसरमा सेर्के भाषा प्रयोग गर्छन् । विभिन्न चाडपर्व, पूजा, थर्च्याङमा गाइने गीत, मनोरञ्जन, तारा एवं पारा खेलहरूमा पनि सेर्के भाषा प्रयोग हुन्छ । जे, जति क्षेत्रमा सेर्के भाषाको प्रयोग हुन्छ, ती सबै सम्बन्धित जातिभित्र र अनौपचारिक क्षेत्रमा मात्र प्रयोग हुँदै आएको छ ।

सेर्के भाषा औपचारिक क्षेत्रहरू जस्तै विद्यालय, अद्दालत, सरकारी कार्यालय, सञ्चार क्षेत्र (पत्रपत्रिका, एफ.एम. रेडियो, टेलिभिजन र सामाजिक सञ्जाल आदि), विभिन्न संघसंस्था, बजार क्षेत्र र सार्वजनिक समारोह आदिमा प्रयोग हुँदैन । सेर्के भाषा केवल भाषावक्ताहरूले बोल्ने गरेका छन् । संरक्षणको लागि अनौपचारिक रूपमा व्यक्तिगत पहल एवं प्रयास पनि भएको छ । तर प्रकाशनमा आएको छैन । त्यसबोहक राज्यतर्फबाट सेर्के भाषाको संरक्षण र संवर्द्धनको लागि कुनै प्रयास भएको छैन । यसले ताङ्बे जाति र सेर्के भाषा राज्यबाट बहिष्करण र सीमान्तकरण परेको स्पष्ट हुन्छ । विष्णु ताङ्बे[३०]को अनुसार एक जना विदेशीले ताङ्बे भाषाको शब्दकोशको लागि काम गरेको भनिए तापनि अध्ययन गर्ने व्यक्ति को हो ? कहिले गरेको हो ? अध्ययन प्रतिवेदन कहाँ, कस्तो अवस्थामा छ ? भन्ने कुरा जानकारी नभएको बताउँछन् । यसले ताङ्बे जाति र भाषाबारे अध्ययन गर्ने क्रममा अध्ययनकर्ता र सम्बन्धित जातिको प्रथाजनित संस्था वा प्रतिनिधिमूलक संस्थाबिचमा प्रभावकारी समन्वयको अभाव रहेको प्रष्ट्याउछ । विभिन्न समस्याको बाबजुद ताङ्बेहरूले सेर्के भाषामा केही जङ्गल, जमिन र पहाडको नामलाई संरक्षण गरेका छन् । ती नामहरू जुन निम्नप्रकार रहेका छन् ।

गाउँको नामः ताङ्बे ।

खोलाको नाम : घिङघ्योस्हङ् (खोलाको नाम), स्याताङ (खोलाको नाम), कि क्यु (पानीको मुल) ल्होङचिङ (सिँचाइको पोखरी) आदि ।

पहाड र वनजङ्गलको नाम : लेवेनथाङ (जङ्गल), स्याईल्ह (पहाडको नाम), पुङचोल्ह (पहाडको नाम), स्या (भेडा, बाख्रा चराउने ठाउँ), मेन्जेथाङ (फाँट) उभिभ्रा (ठूलो भीर), भ्राओल (रातो भीर), पाइङ थे (गोरेटो बाटो), थे (बाटो), आदि ।

---

३० विष्णु ताङ्बेसँग मिति २०७६।०८।०१ गते पोखरामा गरिएको व्यक्तिगत कुराकानीमा आधारित

ठाउँको नाम : न्हईज्या (बिसौनी), छ्युलम (खोला तर्ने घाट)

धार्मिक स्थान : म्हेङ्घाङ्, लाप्राङ्, उ आदि ।

ऐतिहासिक स्थानहरू : फोङ्को, घिनघ्यो, उभि, क्यूत्हाङचे, क्यारोब्रेन आदि ।

८.१.५. ताङ्बे भाषाको शब्दहरू

सेर्के भाषाका शब्दहरू मातृभाषीको दैनिक बोली र व्यहारमा प्रयोग हुँदै आएको छ । व्यक्तिगत, परिवार र समुदायबिचमा एक आपसमा सञ्चार गर्दा अन्य भाषाका शब्दहरू खासै प्रयोग गरेको पाइदैन । उनीहरूको शब्द र वाक्यहरू सेर्के भाषामा नै छन् । अन्य जातजातिको व्यक्ति र सरकारी कार्यालय आदिमा आवश्यकताअनुसार नेपाली, अङ्ग्रेजी र हिन्दी भाषाका शब्दहरूलाई दोस्रो र माध्यम भाषाको रूपमा प्रयोग गर्दै आएका छन् । सेर्के भाषाको शब्द प्रयोगमा राज्यको संरक्षणमा थोपरिएको नेपाली भाषा र विश्वमा फैलिदै गएको हिन्दी एवं अङ्ग्रेजी भाषाको प्रभाव रहेको छ । जुन शिक्षा आर्जन गर्ने क्रममा ताङ्बे विद्यार्थीले अनिवार्य रूपमा विद्यालय र क्याम्पसमा प्रयोग गर्नुपर्छ । जसले गर्दा नयाँ पुस्तामा सेर्के भाषाको शब्द प्रयोगमा कमी आएको छ । ताङ्बेहरूले सेर्के भाषामा नभएका केही प्राविधिक शब्द, आगन्तुक शब्द, नयाँ शब्द, नेपाली र अङ्ग्रेजी भाषाको शब्दको सेर्के भाषामा पर्यायवाची शब्दको अभाव भएमा नेपाली, हिन्दी र अङ्ग्रेजी आदि भाषाको शब्द सापटी लिएर प्रयोग गर्छन् ।

संस्थागत र औपचारक रूपमा सेर्के भाषाको शब्द सङ्कलन, वर्ण, निर्धारण, पाठ सङ्कलन, शब्दकोश निर्माण र पठनपाठनको निम्ति पाठ्यक्रम एवं पाठ्यपुस्तक तयारीसम्बन्धी कुनै किसिमको पहल गरिएका छैन । परिणामतः सेर्के भाषाको शब्दहरू घट्दै जाने सम्भावना धेरै छ । अनौपचारिक र व्यक्तिगत तहमा केही जागरुक व्यक्तिहरूले शब्द सङ्कलनको प्रयास भने गरेका छन्, जुन कार्य प्रकाशनमा आएको छैन ।[३१]

सेर्के भाषाको शब्द पुरानो पुस्तासँग बढी छ । ती शब्दहरू नयाँ पुस्तामा पुस्तान्तरण हुन सकेको छैन । जसले गर्दा सेर्के भाषा लोप हुने चिन्ता बढाएको छ । त्यसैले सेर्के भाषाको संरक्षण र विकासको लागि राज्य, तीन तहको सरकार, भाषासँग सम्बन्धित विभिन्न निकाय, प्रतिनिधिमूलक जातीय संस्था, समुदाय र व्यक्तिगत

३१ सुशील ताङ्बे र शैलेन्द्र ताङबेद्धारा सङ्कलित र अप्रकाशित सेर्के भाषाको शब्दहरू ।

तहबाट आवश्यक कदम चाल्नुपर्छ । अध्ययनको क्रममा सेर्के भाषाको केही शब्दहरूलाई सङ्कलन गरिएको छ । उक्त शब्दहरूलाई अनुसूचीमा ४ समावेश गरिएको छ ।

८.२. शैक्षिक अवस्था

वर्तमान समयमा ताङ्गबे जातिको शैक्षिक स्थिति राम्रो छ । बुढापाकाहरूबाहेक नयाँ पुस्ताहरू सबै शिक्षित छन् । अध्ययनको क्रममा गरिएको सर्वेक्षणअनुसार यस जातिको करिब ९० प्रतिशत जनसङ्ख्या साक्षर रहेको छ । त्यसैगरी ४० प्रतिशतले एस.एल.सी. (वर्तमानमा एस.ई.ई.) उत्तीर्ण गरेका छन् । यस जातिको विभिन्न व्यक्तिहरू हाल इन्जिनियर, डाक्टर र व्यवसायी बनेका छन् । जसले यस जातिको शैक्षिक अवस्था राम्रो भएको जनाउँछ । ताङ्गबेमा शिक्षा तथा ज्ञान पुस्तान्तरण र नयाँ ज्ञान आर्जन निम्नानुसार विधि एवं माध्यमबाट हुन्छ ।

८.२.१. परम्परागत (अनौपचारिक) शिक्षा पद्धति

ताङ्गबे जातिमा ज्ञान, सीप र प्रविधि पुस्तान्तरण तथा ज्ञान आर्जनको विधि परम्परागत पद्धतिजस्तो व्यवहारिक अभ्यास र समाज, परिवार, अग्रज व्यक्तिबाट प्राप्त शिक्षा हो । यसबाट व्यक्तिलाई जीवन निर्वाह गर्नको लागि अत्यावश्यक पर्ने ज्ञान, सीप, क्षमता र दक्षताको विकास हुन्थ्यो । जसले गर्दा व्यक्ति, परिवार र समाजमा काम गर्ने ज्ञान र शिक्षा प्राप्त हुन्थ्यो । यसमा विशेष ज्ञान दिने स्रोतहरू आमा, बा, अग्रज र गाउँका जानिफकारहरू हुन्थे । उनीहरूले नयाँ खोज र प्रविधिको आधारमा भन्दा दैनिक जीवनमा भोगेका र भोग्नुपर्ने समस्या तथा अनुभवबाट प्राप्त ज्ञानलाई पुस्तान्तरण गर्थे । पुरानो पुस्ताबाट घोडालाई भारी बोकाउने साधन, घर, गोठ, थान, गुम्बा र छोर्तेन आदि निर्माण, कृषि सामग्री जस्तै हलो, जुवा, कोदाली र हतियारहरू, लत्ताकपडा, राडी पाखी र दोचा साथै व्यापारलगायत आत्मरक्षाका सीप र ज्ञान पुस्तान्तरण हुन्थ्यो । त्यसैगरी सामाजिक, सांस्कृतिक र संस्कार कार्य के, कसरी र कहिले गर्ने भन्ने ज्ञान र शिक्षा पनि सिकाउने गरिन्थ्यो । यस पद्धतिअनुसार व्यक्तिले जति धेरै अभ्यास र व्यवहारिक रूपमा ज्ञान र शिक्षालाई प्रयोग गर्ने प्रयास गऱ्यो, ज्ञान र शिक्षामा उति नै निखार र परिपक्क हुन्थ्यो र हुन्छ । यो परम्परागत पद्धति परिवार र समाजमा अझै पनि अभ्यासमा रहेको छ । जसको निश्चित संयन्त्र र लिखित पाठ्यक्रम एवं सामग्री भने छैन ।

८.२.२. गुम्बा वा बौद्ध परम्पराअनुसारको शिक्षा

यस जातिका मानिसहरू बुद्ध धर्मावलम्बी भएको हुनाले परम्परागत शिक्षा आर्जन पनि बौद्ध गुम्बामा गई गर्ने चलन थियो । गुम्बाबाट शिक्षा आर्जन गर्नका लागि परिवारको माहिला छोरो गुम्बा जानुपर्थ्यो र पर्छ । जहाँ बौद्ध परम्पराअुनसार ज्ञान र शिक्षा आर्जन गर्नका लामा बन्नुपर्थ्यो । त्यसैगरी परिवारको माहिली छोरी पनि गुम्बामा गएर भुमा बनेर ज्ञान र शिक्षा आर्जन गर्ने चलन थियो र छ । गुम्बामा लामा र भुमालाई बौद्ध परम्पराअनुसार दर्शन, ज्ञान, शिक्षा, नीति-नियम र संस्कारका कुराहरू सिकाउने गरिन्थ्यो । ताङ्बे बुढापाकाहरूको अनुसार माहिला छोरा र माहिली छोरी गुम्बा जाने, शिक्षा र ज्ञान आर्जन गर्ने चलन हराउँदै गएको छ । जसले गर्दा यस शिक्षा प्रणाली हाल लोप हुँदै गएको छ । विगतमा गुम्बामा गएर लामा बनेर बुद्ध दर्शनअनुसारको शिक्षा आर्जन गर्ने परम्पराबाहेक अन्य शिक्षाको प्रणाली नभएको हुनाले अशिक्षा र निरक्षरता व्यापक भएको अनुमान गर्न सकिन्छ ।

८.२.३. औपचारिक (विद्यालय) शिक्षा

ताङ्बे जातिमा औपचारिक वा विद्यालय शिक्षा सम्वत् २००७ सालपछि भएको हो । सम्वत् २००७ सालभन्दा अगाडि नेपालमा वर्तमानको जस्तो विद्यालय खोल्ने, पठनपाठन गर्ने र गराउने चलन थिएन । जसले गर्दा सीमित व्यक्तिहरूबाहेक अरु नेपालीहरूले शिक्षा आर्जन गर्ने अवसर पाएका थिएनन् । जुन अवस्थाबाट यो ताङ्बे जातिका अग्रजहरू पनि अछुतो रहन सकेनन् । राणा शासनको पतनपछि केही अगुवा र सम्पन्न परिवारका ताङ्बे बालबालिका शिक्षा आर्जनको लागि गाउँ छोडेर जोमसोम र पोखरामा गएर पढ्न थाले । अर्कातिर नेपालको विभिन्न स्थानमा शिक्षाको विकासको निम्ति विद्यालयहरू खुल्न थाले ।

सोही क्रममा ताङ्बे गाउँमा पनि सम्वत् २०१९ सालमा ताङ्बे प्राथमिक विद्यालय स्थापना भएको थियो । जसले औपचारिक शिक्षा विकासको लागि कोशे ढुङ्गाको

भूमिको खेल्दै आएको छ । सोही विद्यालय र अन्य विद्यालयबाट औपचारिक शिक्षा आरम्भ गरेका विद्यार्थीहरू हाल इन्जिनियर, डाक्टर, व्यापार-व्यवसाय र सेवा क्षेत्रमा आबद्ध छन् । बसाइँसराइ गरेका स्थानमा पनि ताङ्गबे बालबालिकाले राम्रो र गुणस्तरको शिक्षा आर्जन गरेका छन् । जसले गर्दा सम्बन्धित ताङ्गबे जातिको शैक्षिक अवस्थामा सुधार ल्याउन महत्पपूर्ण योगदान गरेको छ ।

सम्वत् २०१९ सालमा ताङ्गबे गाउँमा ताङ्गबे प्राथमिक विद्यालय स्थापना भएर औपचारिक शिक्षाको आरम्भ हुनु शैक्षिक दृष्टिले सकरात्मक र सुखद थियो र हो । जसले ताङ्गबेहरूलाई साक्षर र शिक्षित बनाउन महत्वपूर्ण योगदान गर्दै आएको छ । औपचारिक शिक्षाको सुरुवातले एकातिर ताङ्गबेको शैक्षिक विकासमा सकरात्मक प्रभाव पाऱ्यो । अर्कातिर उनीहरूको पहिचान र सभ्यतामा नकरात्मक प्रभाव पारेको थियो र छ । ताङ्गबे भाषा, संस्कृति, इतिहास र सभ्यतासम्बन्धी ज्ञान र शिक्षा कमजोर बन्दै गएको छ । विद्यालयमा सेर्के भाषामा पठनपाठन भएन । नेपाली भाषामा पढ्नुपर्ने बाध्यता भयो । पाठ्यसामग्रीहरू सबै नेपाली शब्द र भाषामा भए । शिक्षकहरू बाहुन र क्षेत्री समुदायका गाउँभन्दा बाहिरका र नेपाली भाषा बोल्ने थिए र छन् । ती शिक्षकहरू सेर्के भाषा बोल्न र लेख्न नजान्ने थिए र छन् । शिक्षकलाई उच्चारण गर्न कठिन हुने ताङ्गबे शब्द, व्यक्ति, स्थान, वस्तु र अन्य नामहरूलाई नेपालीकरण गर्न सुरु गरे । जसले विद्यार्थीको नाम, विभिन्न स्थान सेर्के भाषा र जातीय परम्पराअनुसार नभएर नेपालीकरण गरियो र भयो । जस्तो विद्यार्थीको नाम राम, हरि, विष्णु, शैलेन्द्र, धुव्र, सुशील, दिलीप, गीता, सिता, लक्ष्मी र रिना आदि जस्ता नामहरूबाट विद्यार्थीको व्यक्तिगत परिचय बन्न सुरु भयो । पाठ्यपुस्तकमा ताङ्गबे संस्कार, चाडपर्व, इतिहास र कथाका पाठ समावेश भएनन् । ताङ्गबेको रैथाने उत्पादन, सीप, ज्ञान र प्रविधिका बारेमा पठनपाठन भएन । अरुको कथा, संस्कार, चाडपर्व, इतिहास, ज्ञान, सीपलाई आफ्नो भनेर पढाइयो र सिकाइयो ।

शिक्षकले ताङ्गबेहरूको ज्ञान, सीप, परम्परा, संस्कृति र सरोकारमा कुनै चासो राख्दैन थिए र राखेनन् । शिक्षक र स्थानीय चालचलनबिचमा अन्तरक्रिया भएन । तत्कालीन समयमा यस्तो अवस्था ताङ्गबे गाउँमा गएका शिक्षक र स्थानीय परम्परा, चालचलन, संस्कृतिबिचमा मात्र थिएन । यो अवस्था नेपालका अन्य आदिवासी जनजातिहरूको बसोबास रहेको स्थानमा स्थापना भएका विद्यालय,

शिक्षक र शिक्षा क्षेत्रमा व्याप्त थियो । त्यसैले लमजुङ जिल्लाको क्लिनु गाउँको ग्रामीण गुरुङ सङ्गीतको इथ्नोग्राफिक अध्ययन गर्ने क्रममा पिर्को मोइजाला (अनु. २०७४:५०) क्लिनु गाउँमा स्थापना भएको विद्यालय, शिक्षक र शिक्षाबारे सन् १९८० को दशकतिरको अवस्थालाई केलाउदै लेख्छन्- '१० जनामध्ये ३ जनामात्र स्थानीय शिक्षक थिए र अन्य शिक्षकहरू टाढाको गाउँबाट आएका थिए । उनीहरू फरक जात (क्षेत्री र ब्राहमणहरू) थिए । शिक्षकहरू आफ्ना विद्यार्थीसँग त्यहीको मातृभाषामा कुराकानी आदानप्रदान गर्दैनथे । स्थानीय व्यवहार र समस्याहरू बुझ्दैनथे । किनकि त्यहाँ उनीहरू अस्थायी रूपमा मात्र बस्थे । उनीहरूसँग त्यहाँ भएको संस्कारहरूसँग मिल्ने, घुलमिल हुने इच्छा थिएन । शिक्षकहरूले गुरुङ संस्कृतिमा रुचि राखेनन् । अन्य स्थानीय मामलामा रुचि राखेनन् भनेर अभिभावकहरू सिकायतसमेत गर्दथे ।'

जसरी क्लिनु गाउँमा नेपाली भाषाको औपचारिक शिक्षाले सङ्गीतमा परिवर्तन ल्यायो । त्यसरी नै ताङ्बे मूलथलो भएको ताङ्बे जातिको भाषा, संस्कृति, पहिचान र इतिहासमा नराम्रो प्रभाव पर्नुको साथै लोपोन्मुख अवस्थामा पुऱ्यायो र पुऱ्याएको छ ।

८.३. स्वास्थ्य अवस्था

ताङ्बेहरूको स्वास्थ्यसम्बन्धी धारणाअनुसार स्वास्थ्यले व्यक्तिमा शारीरिक र मानिसक समस्या/रोग भएको वा नभएको गुण र अवस्थालाई बुझाउँछ । शरीरमा समस्या वा रोग भए खराब स्वास्थ्य र नभएमा राम्रो स्वास्थ्य भएको भन्ने बुझिन्छ । स्वास्थ्य खराब भएमा दैनिक कार्य, व्यापार, पशुपालन, खेतीपाती गर्न र बाह्य वातावरणसँग जुध्न कठिन हुन्छ । सामान्यतया स्वास्थ्य राम्रो हुनुपर्छ र राख्नुपर्छ भन्ने धारणा छ । त्यसैले मौसम र कार्यबोझको अवस्थाको आधारमा तागतिलो खानेकुराको व्यवस्था गर्ने र खाने गर्छन् । जसले गर्दा ताङ्बे जातिका व्यक्तिहरू हृष्टपुष्ट र शारीरिक रूपमा बलिया देखिन्छन् र हुन्छन् । जसमा हिमाली स्वच्छ हावापानी, खाना र दैनिक रूपमा गर्ने शारीरिक कार्यको ठूलो भूमिका छ ।

व्यक्तिको बढ्दो उमेर, असन्तुलित खानपान, प्रतिकूल वातावरण र अन्य विविध कारणले शरीरमा विभिन्न समस्या देखिन सुरु हुन्छ । जसले गर्दा व्यक्ति बिरामी र अस्वस्थ्य हुन्छ । ताङ्बे जातिमा कुनै व्यक्ति बिरामी भएमा मुख्य २ वटा

कारणले त्यस्तो भएको हो भन्ने धारणा रहेको थियो र छ । पहिलो, अंग रोग अर्थात शरीरका विभिन्न अंगले सही र ठीकसँग काम गर्न नसकेको कारणले हुने बिरामी हो । यस अन्तर्गत दुर्घटनाबाट भएको अंगभंगसहित विभिन्न चिकित्सकीय ज्ञानअनुसार पत्ता लागेका रोगहरू र व्यक्तिको बढ्यौली अवस्थाका कारण सृजित स्वास्थ्य समस्याहरू पर्छन् । दोश्रो, अदृष्य शक्ति जस्तै भूत, प्रेत, बोक्सी र खराब आत्माका कारणले गर्दा हुने बिरामी हो । जुन कारणलाई केवल अनूभतमात्र गर्न सकिन्छ । तर दृष्य रूपमा तथ्यसहित थाहा पाउन कठिन हुन्छ र सकिँदैन । जुनसुकै कारणले व्यक्ति बिरामी भए पनि ताङ्गबेहरूले परम्परागत र आधुनिक विधिबाट उपचार गर्दथे र गर्छन् ।

८.३.१. परम्परागत लामा र झाँक्रीद्धारा गरिने उपचार पद्धति

ताङ्गबे जातिमा कुनै व्यक्ति सामान्य बिरामी भएमा तन्त्रमन्त्र जानेको लामा र झाँक्रीलाई बोलाउने र आखत हेर्न लगाई झारफुक गरिन्थ्यो र गर्छन् । अझै पनि बिरामी निको नभएमा थप उपचारको लागि तान्त्रिक विद्या जानेका लामा वा झाँक्रीलाई बोलाएर अक्षतापाती र पैसा राखेर आखत हेराउने तथा बिरामीको नाडी छाम्न लगाउने चलन पनि छ । यसरी लामा र झाँक्रीले आखत हेरेपछि भूत, प्रेत, लागो-भागो, बोक्सी, देवीदेवता र अदृष्य दुष्ट आत्मा लागेको ठम्याएमा सोहीअनुसार धजा मन्साउने, झारफुक गर्ने, बुटी मन्तरेर बाँध्ने साथै भाकल पनि गर्ने गर्दछन् । यो उपचार पद्धतिअनुसार बिरामीको अवस्था र कुन अदृष्य आत्माको कारणले त्यस्तो भएको हो सोको ठम्याइअनुसार उपचारको समयावधि लामो समयका लागि पनि हुन सक्छ । जसले बिरामीको मनोविज्ञानमा म उपचार गर्दै छु र निको हुने छु भन्ने सकरात्मक भावना र विचार प्रभाव गर्न भूमिका खेल्छ । यदि बिरामी निको नभएमा थप उपचार गर्नुपर्ने अवस्था र ठीक उल्टो नैराश्यता पनि पैदा गर्न सक्छ ।

८.३.२. परम्परागत जडिबुटीको प्रयोगद्वारा गरिने उपचार पद्धति

ताङ्गबे जातिमा बिरामी भएको व्यक्ति लामा वा झाँक्रीले गरेको धजा मन्साउने, झारफुक गर्ने, बुटी मन्तरेर बाँध्ने र भाकल गर्ने विधिले ठीक नभएमा आम्जीलाई बोलाएर जडिबुटीबाट औषधी बनाएर उपचार गर्ने गर्दछन् । आम्जीले बिरामीको रोगको गुण, विशेषता र लक्षणको आधारमा के, कस्ता र कुन किसिमको बिरामी हो पहिचान र निर्क्यौल गर्छ । सोपछि आम्जीले रोगको प्रकृति र लक्षणअनुसार विभिन्न प्रकारका जडीबुटी, बिरुवा तथा रुखका जरा, बोक्रा, पात, फूल, डाँठ र स-साना औषधीजन्य कीरा आदिको सङ्कलन गर्छन् । ती सङ्कलित वस्तुहरूलाई आवश्यकताअनुसार परिमाण र मात्रामा मिसाइ पिसेर पानीसँग घोल बनाउँछन् । त्यसपछि आम्जीले बिरामीको उमेर र स्वास्थ्य अवस्थालाई मध्यनजर गरेर कति मात्रा, दिनमा कति पटक र कति दिनसम्म खाने वा खुवाउने भन्ने कुरा निर्क्यौल गर्छ । आम्जीले दिएको सुझावअनुसार बिरामीलाई जडीबुटीको औषधी खुवाइन्छ ।

यसरी गरिएको उपचारले रोगअनुसारको औषधी र मात्रा मिलेमा बिरामी निको हुन्छ । यो उपचार पद्धति आम्जीसँगै लामा र झाँक्रीले पनि उपयोग गर्दथे र गर्छन् । विगतमा यो उपचार पद्धति निकै भरपर्दो र उपयोगी थियो । वर्तमानमा भने यसरी औषधी बनाउन जानेका आम्जीहरूको कमी छ । जसले गर्दा यस पद्धति लोप हुँदै गएको छ । लामा, झाँक्री र आम्जीको उपचार पद्धतिअनुसार उपचार गर्दा पनि बिरामी निको नभएमा र धरै लामो समयसम्म वा अलि गम्भीर रूपमा बिरामी भएमा भने नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा लैजाने त्यहाँ पनि निको नभएमा पोखरा, काठमाडौँतिर बिरामीलाई उपचारको निम्ति लैजाने गर्दछन् ।

८.३.३. विद्यमान औषधी उपचार विधि/पहुँच र सुविधा

वर्तमान समयमा यस जाति आफ्नो स्वास्थ्यप्रति बढी संवेदनशील र सचेत भएका छन् । हाल ताङ्गबेहरूले आधुनिक उपचार विधि र परम्परागत दुवै विधि अवलम्बन गरेको पाइन्छ । तुलनात्मक रूपमा आधुनिक उपचार विधि बढी प्रयोग गर्छन् । त्यसैले उनीहरू बिरामी भएमा नजिकको मेडिकल वा स्वास्थ्य चौकीमा गएर जाँच गराउने, आवश्यक परेमा स्वास्थ्यकर्मीको सल्लाह र सुझावअनुसार रगत, दिशा, पिसाब आदि परीक्षण गराउने गर्दछन् । साथै स्वास्थ्यकर्मीले दिएको औषधीहरू

भनेबमोजिम सेवन गर्दछन् । यदि निको भएन भने पोखरा, काठमाडौँलगायतका सुविधा सम्पन्न अस्पतालहरूमा गएर उपचार गर्दछन् ।

तत्कालीन अवस्थामा प्रत्येक गा.वि.स.मा उपस्वास्थ्य चौकी वा स्वास्थ्य चौकी भए पनि ताङ्गबे गाउँबाट उपस्वास्थ्य चौकी पुग्न सरदर एक घण्टा लाग्ने गर्दछ । उनीहरूको नजिकको उपस्वास्थ्य चौकी भनेको छुक्साङ र कागबेनी हो । त्यसैले उनीहरू उपस्वास्थ्य चौकी पुग्न १ घण्टाभन्दा बढी समय लाग्दछ । यस जातिका मानिसहरू स्वास्थ्यप्रति संवेदनशील भएको हुनाले गाउँमा साप्ताहिक रूपमा आमा समूहको नेतृत्वमा सरसफाई कार्य गर्दछन् । सम्वत् २०६८ सम्म खानेपानीको व्यवस्थाको लागि धाराको व्यवस्था भए पनि सिँचाइ र खानेपानीको मुहान एउटै रहेकोले केही समस्या देखिएको थियो । साथै गाउँमा चर्पीको व्यवस्था एक दुई घरमा बाहेक अन्यमा भने हुन सकेको थिएन । त्यसैले दिशा पिसाब परम्परागत रूपमा नै विसर्जन गर्ने चलन थियो । सम्वत् २०७८ मा सरसफाइसँगै खानेपानी र शौचालय निर्माण तथा प्रयोगको अवस्थामा सुधार र परिवर्तन भएको छ ।

८.३.४. परम्परागत उपचार पद्धतिको अवस्था

ताङ्गबे जातिको विगतको भरपर्दो लामा झाँक्री र जडीबुटीबाट गरिने उपचार पद्धति लोप हुने अवस्थामा छ । आधुनिक शिक्षा प्रणाली र तथ्यमा आधारित रोग पहिचानको वैज्ञानिक उपचार पद्धतिको तुलनामा उक्त परम्परागत पद्धति कमजोर हुँदै गएको छ । अर्कातिर झाँक्री र आम्जीको सङ्ख्या कम हुँदै गएको छ भने लामाद्धारा गरिने उपचार पद्धति लोपोन्मुख अवस्थामा छ । एकातिर झाँक्री, लामा र आम्जीको सङ्ख्या कम छ । अर्कातिर अनुभव र प्रयोगमा आधारित उपचार पद्धति लिखित र औपचारिक नहुँदा लोप भएको छ ।

अध्यायः नौ

परम्परागत आर्थिक पद्धति

९.१. आर्थिक प्रणाली

ताङ्गबे जातिको आर्थिक प्रणाली मूलथलोका भौगोलक अवस्था, हावापानी, उपलब्ध साधन श्रोत, माटोको किसिम, उत्पादन, श्रम, पुँजीको लगानी, उपभोग र आवश्यकतामा भर परेको पाइन्छ। त्यसैले उनीहरूको आर्थिक प्रणालीमा लागत, उत्पादन/प्रतिफल, वितरण र उपभोग आदि तत्वहरू समावेश भएका हुन्छन्। जुन तत्वहरू यस जातिको जीविकोपार्जनको प्रमुख आधार कृषि, पशुपालन र व्यापारसँग जोडिएका छन्। वर्तमानमा उक्त आधार वा क्षेत्र विस्तार भएर कृषि, पशुपालन, व्यापारसँगै औपचारिक तथा अनौपचारिक क्षेत्रमा व्यवसाय, नोकरी, मजदुरी र सेवा आदि जस्ता पक्षहरू थपिएका छन्।

यस जातिको वर्तमानको आर्थिक प्रणालीलाई बसाइँसराइले केही प्रभाव पारेको छ। पहिलेको आर्थिक प्रणाली नितान्त कृषि, नुन, लत्ताकपडा लगायत अन्य सामानहरूको तिब्बत-नेपाल-भारत र भारत-नेपाल-तिब्बतबिचको व्यापार प्रमुख थियो। त्यसैगरी मूलथलोमा कृषि एवं पशुपालन व्यवसाय स्थायी आर्थिक प्रणाली थियो। अहिले व्यापारको रुटमा परिवर्तन आएको छ। जसले गर्दा उनीहरूको व्यापार प्रायः नेपालमा विशेषतः जोमसोम, पोखरा र काठमाडौँजस्ता स्थानमा मात्र सीमित रहेको छ। त्यसैगरी कृषि उत्पादन र पशुपालन व्यावसायमा कमी आएको छ। व्यापार र स्वदेश एवं विदेशमा नोकरी तथा मजदुरी गर्नेको सङ्ख्या बढेको छ। यस परिवर्तित आर्थिक प्रणालीले उनीहरूको लवाइखवाइ, रीतिथिति, संस्कार, स्वास्थ्य, शिक्षा, जीवनस्तर आदिलाई समेत प्रभाव पारेको पाइन्छ।

आर्थिक उत्पादनको दृष्टिकोणले ताङ्गबे जनसङ्ख्यालाई तीन समूहमा विभाजन गर्न सकिन्छ।

क) पहिलो उत्पादनशील जनशक्ति हो। जसअन्तर्गत १९ वर्षदेखि माथिका युवायुवती र ५७ वर्षसम्मका महिला र पुरुष रहेका छन्। यो समूह आर्थिक प्रणालीको मेरुदण्ड हो। जसले प्रत्यक्ष रूपमा आर्थिक उत्पादन र उपार्जनको

क्षेत्रमा बढी समय लगानी गरी उत्पादनमा योगदान गर्दछन् ।

ख) दोस्रो अर्ध उत्पादनशील जनशक्ति हो । यस जनशक्तिमा १० देखि १९ वर्ष र ५७ देखि ७० वर्षबिचको जनशक्ति पर्दछन् । जसले उत्पादनमा सहायक भूमिका खेल्दछन् । यस समूहको जनशक्तिले प्रत्यक्ष रूप कम तर अप्रत्यक्ष रूपमा बढी उत्पादनमा योगदान गर्छन् ।

ग) तेस्रो निस्क्रिय जनशक्ति हो । जुन समूहले उमेर र न्यून शारीरिक क्षमताको कारण उत्पादन र आर्थिक प्रणालीमा खासै योगदान गर्न सक्दैन । यस समूहमा १० वर्षभन्दा साना बालबालिका र ७१ वर्षभन्दा माथि मानिसहरू पर्छन् । ताङ्गबे जातिका उत्पादनशील जनशक्ति कृषि, व्यापार, नोकरी, पशुपालन र मजदुरीमा सहभागी हुन्छन् । जसबाट प्राप्त आर्जनले उनीहरूको आर्थिक प्रणालीलाई चलयमान बनाउँछ ।

९.२. परम्परागत पेशा र जीविकोपार्जन पद्धति

९.२.१. कृषि

यस जातिको परम्परागत पेशा कृषि तथा पशुपालन हो । जुन पेशामा हाल कम मानिसहरू आबद्ध भएको पाइन्छ । यद्यपि उक्त पेशा ताङ्गबे गाउँमा बस्दै आएका मानिसका लागि भने जीवन निर्वाहको निर्विकल्प आधार बनेको छ । मूलथलोमा खेती लगाउने जमिन थोरै रहेको छ । त्यहाँको सुक्खा, चिसो हावापानी तथा भौगोलिक अवस्थाले प्रशस्त मात्रामा जमिन उपयोग गर्न साथ दिएको छैन । उत्पादन पनि कम हुन्छ ।

खेती गर्ने जमिनमा उनीहरूले सामाजिक रूपमा गाउँका सबै ढोङवे (घरधुरी) मिलेर नजिकैको खोलाबाट कुलो खनेर एउटा पोखरी निर्माण गरी सिँचाइको व्यवस्था गरेका छन् । उक्त पोखरीमा रातभर पानी जम्मा गरी दिउँसो पालैपालो खेतमा सिँचाइ गर्छन् । जसले उत्पादकत्वमा वृद्धि गर्न सहयोग गर्दछ । सिँचाइको लागि नियम बनाएका छन् । जसअनुसार एक दिनमा ३ ढोङवेको खेतमा सिँचाइ गरिन्छ । एवं रीतले सबैको खेतमा सिँचाइ गर्दा ११ दिनमा पुनः पालो दोहोरिन्छ । ताङ्गबेहरूले मुख्य अन्नबालीको रूपमा उवा, फापर, आलु, जौं र मकै लगाउँछन् । हरियो सागसब्जी, मुला, सलगम, धनियाँ आदि लगाउँछन् । फलफूलमा स्याउ, खुरपानी, खला र घ्यखम आदि लगाउने गर्दछन् । यसरी उत्पादन गरिएको बालीले आफू र परिवारलाई वर्षभरी खानलाई अपुग भएमा हिउँदको मौसममा म्याग्दी, बागलुङ, पोखरा र बुटवल आदि व्यापारिक क्षेत्रबाट खाद्यान्न आपूर्ति गर्दै आएका थिए र छन् ।

मुख्यतया पुर्ख्यौली थातथलो ताङ्गबे र जोमसोममा बसोबास भएका ताङ्गबेले मात्र खेती र पशुपालन व्यवसाय गरेका छन् । परम्परागत पेशा अवलम्बन गर्नेमा बढीजसो पुरानो पुस्ता रहेका छन् । नयाँ पुस्ता बढी व्यापार र निजी, सरकारी र गैह्र सरकारी क्षेत्रमा रोजगारमा आबद्ध छन् । कतिपय ताङ्गबे रोजगारीको लागि विदेशमा पनि गएका छन् । हाल कुल जनसङ्ख्याको ७.३ प्रतिशत जनसङ्ख्या मात्र कृषिमा र पशुपालन व्यवसायमा आबद्ध रहेका छन् । मूलथलोबाट बसाईंसराइ गरेका ताङ्गबेहरू व्यापार र अन्य रोजगारीमा लागेका छन् । जसले गर्दा परम्परागत पेशा कृषि र पशुपालन लोपोन्मुख अवस्थामा रहेको छ ।

तालिका नं.९ विभिन्न पेशा व्यवसायमा आबद्ध ताङ्गबे जातिको विवरण

सि.न.	पेशा व्यवसाय	आबद्ध जनसङ्ख्या	प्रतिशत	कैफियत
१	कृषि र पशुपालन	४६	७.३	
२	व्यापार	२२२	३५.४	
३	नोकरी	८४	१३.४	
४	अध्ययन	१५०	२३.९	
५	घरेलु कार्य	७५	११.९	

सि.न.	पेशा व्यवसाय	आबद्ध जनसङ्ख्या	प्रतिशत	कैफियत
६	धार्मिक कार्य	३	०.५	
७	आराम र अन्य (बच्चा, वृद्ध र वृद्धाहरू)	४८	७.६	
	जम्मा	६२८	१००	

(स्रोतः स्थलगत अध्ययन २०७६)

बाली लगाउनको लागि उनीहरूले परम्परागत रूपमा विभिन्न साधन र सामग्रीहरूको प्रयोग गर्दछन् । परम्परागत रूपमा हलोको टुपोमा सानो फलामको फाली, काठको हरिस र घोर मिलाएर झोपाले खेत जोत्ने गर्दछन् । खेतबारी खन्न कोदालो, कुटो, तो, गैती, गल र हतियारको रूपमा हँसिया, खकुरी, बन्चरो आदि सामग्रीहरूको प्रयोग गर्दछन् । उनीहरूले कार्तिक महिनामा उवा छर्ने बेलामा झोपाको पूजा गर्नुको साथै मन्त्र उच्चारण गरेर धेरै बाली फलोस् भन्ने कामना गर्छन् । परम्परागत साधनको साथै उनीहरूको कृषि उत्पादन गर्न पुरानो प्रविधि र सीपको प्रयोग गर्छन् । वर्तमानमा भने केही नयाँ प्रविधिको रूपमा उन्नत बिजन, मल तथा औजारहरू पनि प्रयोगमा ल्याएको पाइन्छ ।

९.२.२. **पशुपालन**

ताङ्गबे जातिको परम्परागत अर्को पेशा भनेको पशुपालन हो । उनीहरूले पशुपालनको निम्ति च्याङ्ग्रा, भेडा, गाई, गोरु, झोपा, घोडा, खच्चड, गधा र कुखुरा आदि पाल्दछन् । यी पशुहरू विशेषत खानेकुरा प्राप्त गर्ने, आवश्यकतानुसार कृषि तथा व्यापारमा उपयोग गर्ने र सौखको लागि पाल्ने चलन छ । यी पशुहरूलाई आवश्यकताअनुसार विभिन्न काममा उपयोग पनि गर्दछन् । झोपालाई खेत जोत्न, घोडा, खच्चड, गधालाई सामान तथा खाद्यान्न ढुवानी गर्न, गाईलाई दुध, घिउ, दहि र मल प्रयोग गर्न, भेडा, च्याङ्ग्रा र कुखुरालाई मासु खानको लागि उपयोग गर्दछन् । माथि उल्लेखित पशुहरूलाई स्थानीयस्तरमा आवश्यकताअनुसार उपयोग गर्नुको साथै बेचेर थप आयआर्जन गरी अन्य सामानहरू खरिद गर्ने पनि गर्दछन् ।

पशुपालन व्यवसाय गर्ने मान्छेहरूको सङ्ख्या विगतमा धेरै भए पनि वर्तमानमा भने कम हुँदै गएको पाइन्छ। जसको प्रमुख कारणहरू पशुपालन परम्परागत र निर्वाहमुखी हुनु, आय कम हुनु र कष्टकर हुनु, जीवन निर्वाहका अन्य विकल्प तुलनात्मक रूपमा सजिलो हुनु, बसाइँसराइ, आवश्यक खाद्य ढुवानी र मासुको अन्यत्रबाट आपूर्ति हुनु र शैक्षिक विकासको कारण अन्य क्षेत्रमा रोजगारीको लागि आबद्ध हुनु आदि प्रमुख हुन् । त्यसैले धेरै ताङ्गबेहरू जोमसोम, पोखरा तथा काठमाडौँ आदि स्थानहरूमा आएर विभिन्न व्यापार-व्यवसायमा आबद्ध भएका छन् ।

९.२.३. **व्यापार**

मुस्ताङ पहिलेदेखि नै व्यापारी मार्ग हो । जुन बाटो तिब्बत, नेपाल र भारतबिचको व्यापार हुन्थ्यो । त्यसैले टेकबहादुर श्रेष्ठका अनुसार (२०५९:१७५) 'मुस्ताङ एउटा सानो राज्य थियो । प्राचीनकालदेखि मुस्ताङ प्रदेश व्यापार मार्गमा परेको हुँदा आर्थिक महत्व निकै थियो । विक्रमको पन्ध्रौं शताब्दीतिर स्थापना भएको मुस्ताङको केही प्रदेश जुम्लाले आफ्नो अधिनमा पारी व्यापारीसँग कर उठाइ लिने गरेको थियो ।' श्रेष्ठले व्यापारबाट आउने करको लागि जुम्लाको राजाले मुस्ताङको भूभाग आफ्नो अधिन लिएको समेत उल्लेख गरेका छन् ।

तिब्बतसँगको व्यापारको र आफ्नो पैदल यात्राबारे वर्णन गर्दै टोनी हागन लेख्छन् (२०५८:७९-८०)- 'सन् १९५९ सम्म मानिसहरूको लर्को उत्तरतर्फ तिब्बतको सिमानासम्म जाने गर्थ्यो । यस आधारमा हिसाब गरी हेर्ने हो भने बर्सेनी चारदेखि आठ हप्ता लगाएर आफ्नो अन्नपातसँग नुन साट्न हिँड्ने मानिसहरूको सङ्ख्या २० लाख हुने देखिन्छ । अर्थात त्यसबेला नेपालको २० देखि २५ प्रतिशत मानिसहरू यसरी हिँड्ने गर्थे । नेपालीहरू तिब्बती बजार जाने क्रम सन् १९५९ सम्म रह्यो । त्यस साल चिनियाँहरू तिब्बत पसेपछि नेपाल र तिब्बतबिचको व्यापार पूर्णतया रोकियो । पछि तिब्बतसँगको सिमानाको व्यापार त खुला भयो, तर पहिलेको जस्तो सर्वसाधारणले व्यापार गर्न पाउने चलन हट्यो । दुई देशका सरकारी संस्थानहरूमार्फत व्यापार हुन थाल्यो । यसरी खुला व्यापारमा रोक लाग्नाले हिमाली भेगमा व्यापार गरी जीवनयापन गर्ने शेर्पा र थकालीजस्ता समुदाय (ताङ्गबे, ल्होवा आदि)को आर्थिक र सामाजिक जीवनमा कस्तो असर गऱ्यो भन्ने कुरा पहिले ती व्यापारी मार्गमा मानिसहरूको ताँती र त्यसबेला उनीहरूको समृद्धि देख्ने मानिसले मात्र बुझ्न सक्छन् ।' यसरी हागनले

प्रष्टसँग मुस्ताङका बासिन्दाको तिब्बतसँग भएको व्यापारबारे उल्लेख गरेका छन् ।

मुस्ताङ व्यापारिक मार्ग भएको कुरा लुडविग स्टिलरले ह्यामिल्टनलाई उद्दृत गर्दै लेख्छन् (ई.स. १९९५:१५२)- 'यो (पर्वत राज्य) दक्षिणमा बुटवलको मैदान हुँदै उत्तरमा थाक र मुस्ताङबाट तिब्बतसम्मको बिचको व्यापारिक मार्गमा फैलिएको थियो । यसले कालीगण्डकीको घाँटी हुँदै तिब्बतसँगको व्यापार मार्गमा नियन्त्रण कायम गरेको थियो ।' सबै लेखकले मुस्ताङ जिल्ला कालीगण्डकी नदीको किनारको मार्ग तिब्बत, नेपाल र भारतबिचको व्यापारको मार्ग भएको उल्लेख गरेका छन् । जुन मार्गमा ताङ्गबे जातिको मूलथलो अवस्थित थियो र छ । जसले गर्दा स्वभाविक रूपमा ताङ्गबे जातिलाई व्यापार गर्न अनुकूल र सजिलो भयो ।

ताङ्गबे जातिले पहिलेदेखि नै व्यापार गरेको हो भन्नेमा जानिकार र बुढापाका सहमत छन् । उनीहरूका अनुसार गर्मी मौसम र खाली समयमा घोडा र खच्चडको माध्यमबाट तिब्बतमा गएर त्यहाँको उत्पादित वस्तुहरू विशेषत नुन, चौरीको पुच्छर, जिम्मु र अन्य वस्तुहरू ल्याएर हिउँदमा बेनी, बागलुङ, पोखरा, बुटवल हुँदै भारतको विभिन्न व्यापरिक केन्द्रहरूमा गएर बिक्री वितरण गर्थे । व्यापारबाट प्राप्त पैसाले आफूलाई आवश्यक पर्ने सामान, खाद्यान्न तथा तिब्बती बजारमा बिक्री हुने सामग्री खरिद गरी लैजान गर्थे । व्यापारिक सामानहरूमा ताङ्गबे आफैले उत्पादन गरेका घरेलु वस्तुहरू पनि हुन्थे ।

हालको गण्डकी प्रदेशको कास्की, पर्वत, स्याङजा, गुल्मी, बागलुङ र म्याग्दी आदि जिल्लाको पहाडी गाउँबाट नुन साट्नको लागि मुस्ताङ जाने गर्थे । तिब्बतसँग व्यापार बन्द भएपछि ताङ्गबेसहित मुस्ताङबासीहरूको व्यापारिक क्षेत्रमा परिवर्तन भयो । सोही क्रममा अधिकांश ताङ्गबेहरू पोखरा, काठमाडौँ आदि सहरमा आएर व्यापार गर्न थाले । पोखरामा ताङ्गबेहरू चाउचाउ, प्लाष्टिक उद्योग, निर्माण व्यवसाय, सेवा क्षेत्र र थोक तथा खुद्रा व्यापारमा संलग्न भए । जुन पेशा व्यवसायमा अझै आबद्ध रहेका छन् । उनीहरूको व्यापार सामग्री स्वदेशी तथा विदेशी कम्पनीबाट उत्पादित भएका सामानहरू हुन् । त्यसैले कर्साङ छङ ताङ्गबे भन्छन्- 'यस जातिको हालको मुख्य पेशा भनेको नै व्यापार हो । पढेर जागिर खाने वा केही गर्ने भन्ने सोचाइ कम र व्यापार व्यापसायमा बढी लगाव रहेको छ ।'[३२]

---

३२ मिति २०६८ असार १५ गते पोखरामा गरिएको कुराकानीमा आधारित ।

हुन पनि अध्ययनको क्रममा कुल जनसङ्ख्याको ३५.४ प्रतिशत जनसङ्ख्या व्यापारमा आबद्ध भएका पाइएको छ। जुन पेशाले उनीहरूको जीवन निर्वाहको मेरुदण्डको काम गरेको छ।

९.२.३. नोकरी (स्वदेशी तथा वैदेशिक रोजगारी)

तिब्बतसँगको व्यापार बन्द भएपछि आरम्भ भएको बसाइँसराइ र सहज जीवन निर्वाहको खोजीको कारण केही ताङ्गबेहरू स्वदेश तथा विदेशमा नोकरी गर्छन्। विशेषत नेपालमा भन्दा रोजगारीको लागि विदेशमा रहेका छन्। अध्ययनको क्रममा नोकरी क्षेत्रलाई हेर्दा कुल जनसङ्ख्याको १३.४ प्रतिशत जनसङ्ख्या नोकरीमा आबद्ध रहेको छ। उनीहरूको रोजगारी विशेषत शिक्षा र जनशक्ति माग भएअनुसारको क्षेत्र हो। जुन नेपालमा सरकारी तथा गैरसरकारी, निजी क्षेत्र र उद्योग आदि हुन्।

९.३. अतिरिक्त उत्पादन र वितरण प्रणाली

यस जातिले कृषि र पशुपालनसँगै अतिरिक्त आम्दानीको लागि विभिन्न वस्तुहरू उत्पादन गरी बिक्री वितरण गरेको पाइन्छ। जसमा आफ्नो परिवारको लागि आवश्यक परेको खण्डमा पैचो गरी काम चलाउन सजिलो हुन्छ। अतिरिक्त उत्पादनको रूपमा स्थानीय रक्सी, छ्याङ, छुर्पी, सुकुटी मासु, जिम्बु, सुकुटी स्याउ, पाखी, राँडी बनाउने र बेचबिखन गर्ने चलन रहेको छ। जसले उनीहरूको आर्थिक समस्यालाई न्यूनीकरण गर्न सहायक भूमिका खेल्दछ। यी माथि उल्लेखित वस्तुहरू स्थानीयस्तरमा आवश्यकताअनुसार किनबेच गर्नुको साथै जोमसोम, बेनी, बागलुङ, पोखरा आदि ठाउँहरूमा बिक्री गर्दछन्। नगद नभएको समयमा घरेलु उत्पादन छिमेकीहरूबिच विनिमय गर्ने परम्परा पनि रहेको पाइन्छ।

९.४. खाद्य सुरक्षा

यस जातिले उत्पादन गर्ने खाद्य र नगदेबालीहरू जीवन निर्वाहको लागि मात्र हो। लामो समयसम्म अन्न भण्डारण गरेर राख्ने चलन कम रहेको पाइन्छ। बिउबाट राम्ररी बेर्ना उम्रन सकोस् भनेर बिउ बिजनलाई भने सुरक्षित रूपमा राख्ने चलन रहेको छ। संचित खाद्यान्नलाई परम्परागत तरिकाले भण्डार गर्ने र सुरक्षाको विधि अपनाउने गरेको पाइन्छ। जुन तरिकाबाट खाद्यवस्तुलाई लामो समयसम्म

सुरक्षित गर्न सकिँदैन । बिउ तथा संचित खाद्यवस्तुलाई भण्डारण गर्नुभन्दा पहिले राम्ररी केलाउने, घाममा सुकाउने, त्यसपछि काठको बाकसमा राख्ने गरिन्छ । उक्त बाकसको अन्न तीन वर्षसम्म राख्ने गरिन्छ । तीन वर्षपछि उक्त बाकसमा पुनः नयाँ अन्न राख्ने चलन रहेको छ । यसरी तीन वर्षसम्म काठको बाकसमा अन्न राख्दा अन्नमा खासै समस्या नआउनुको पछाडि त्यहाँको हावापानीले भूमिका खेलेको हुन्छ । उक्त बाकसलाई रित्तो वा खाली राख्न हुँदैन भन्ने मान्यता रहेको छ । यदि खाली राखेमा गरिबीको संकेत हुन्छ ।

९.५. भू-स्वामित्व

नेपाल कृषि प्रधान देश भएको हुनाले कृषि गरेर जीवन निर्वाह गर्ने धेरै मानिसहरू छन् । त्यसैले कृषकको लागि जमिन सबैभन्दा महत्वपूर्ण स्रोत वा सम्पत्ति हो । यसैको आधारमा समाजमा धनी र गरिब, हुने र नहुने, खान पुग्ने र नपुग्नेको बिचमा वर्ग विभाजन भएको छ । जसको असर सबै जातजाति र क्षेत्रमा रहेको छ ।

ताङ्गबे जातिको धेरैजसो भूमिमा सिँचाइको व्यवस्था नभएको, हावापानी चिसो र सुक्खा र भू-सतह भिरालो रहेको छ । त्यसैले ताङ्गबे गाउँको पूर्वउत्तर र पश्चिमतिरको सम्म परेको जमिनमा मात्र बाली लगाउने गर्दछन् । बाँकी जमिन केवल चरनको रूपमा प्रयोग गरेको पाइन्छ । गाउँ नजिकको खेतीयोग्य जमिन ३२ ढोङवोको स्वामित्वमा रहेको छ । तत्कालीन पञ्चायती व्यवस्थाको समयमा भूमिलाई आर्थिक स्केलमा मापन गरेपछि ताङ्गबे जातिको खेतहरू व्यक्तिको नाममा दर्ता भएका छन् । जसले गर्दा उक्त खेती लगाउने खेतको अधिकार र स्वामित्व ताङ्गबे व्यक्तिहरूको रहेको छ । सीमित मात्रामा खेतीको लागि जमिन प्रयोग भएको हुनाले सरदर एक जनाको भागमा ५/७ रोपनी जग्गा रहेको छ । उक्त जग्गा उपभोग गरेवापत राज्यलाई भूमि कर तिर्ने गर्दछन् । सम्वत् २०६७/०६८ मा ताङ्गबेहरूको संयुक्त लगानीमा ९ करोडको ग्रीन ताङ्गबे परियोजना (Green Tangbe project) सुरु गरिएको थियो । जुन परियोजनाअनुसार कालगण्डकी नदीबाट विद्युतको मद्दतले पानी तानेर ८ हजार रोपनीमा सिँचाइको व्यवस्था गर्ने र स्याउलगायत विभिन्न फलफूल र तरकारी उत्पादन गर्ने योजना थियो, तर सफल हुन सकेन । उक्त परियोजना सञ्चालन गरिएको भूमिमा यस जातिको सामूहिक स्वामित्व रहेको थियो र छ ।

९.६. पारिवारिक जमिनको स्वामित्वको ढाँचा र लैङ्गिक पक्ष

पहिले जमिन ताङ्गबे जातिको सामूहिक स्वामित्वमा हुँदा सबै परिवारहरूले आवश्यकता, क्षमता र सहमतिको आधारमा छोक्प र घ्येम्पले निर्धारण गरेको जमिनमा अधिकार र स्वामित्व कायम गरेको बुढापाकाहरूले बताउने गर्दछन् । किनभने सुरुको अवस्थामा जग्गा जमिन पौरख र काम गर्ने सक्ने भएपछि जति सदुपयोग गरे पनि हुने अवस्था थियो । पारिवारिक रूपमा जमिनको स्वामित्व पुरुषसँग रहेको छ; जो घरको मुली हुन्छ । तर उपभोगको हिसाबले सबै समान स्वामित्व रहेको हुन्छ ।

९.७. श्रम विभाजन

यस जातिको परिवार वा समुदायमा कुनै काम गर्नुपर्दा श्रम विभाजन गर्ने चलन रहेको छ । पुरुषले हलो जोत्ने, भत्किएका पर्खालहरू मर्मत गर्ने, ढुङ्गाहरू फुटाउने, खच्चड, घोडामा सामान ओसार्ने र व्यापारको निम्ति हिँड्ने गर्दछन् । महिलाहरू डल्ला फुटाउने, ढिक कान्ला बनाउने, खानाको व्यवस्था गर्ने आदि काम गर्दछन् । बालबालिका तथा वृद्धवृद्धाहरूले घर तथा वस्तुभाउ हर्ने आदि जिम्मेवारी बहन गरेको पाइन्छ । यी सबै प्रक्रियाले खेतीबाली लगाउन सजिलो हुन्छ । यस्तै घरायसी काममा पनि पुरुषहरू दाउरा, घर-गोठ मर्मत गर्ने, छाउने, घाँस काट्ने लगायतका काम गर्दछन् भने महिलाहरू घरधन्दा गर्ने, वस्तुभाउको स्याहार गर्ने आदि गर्दछन् । यी माथिका कुराहरूले यस जातिले कुनै पनि काम गर्दा श्रम विभाजन गरेर सम्पन्न गर्दछन् भन्ने पुष्टि हुन्छ । तर औद्योगिक समाजको जस्तो विशिष्ट श्रम विभाजन ग्रामीण क्षेत्रमा हुँदैन र अभ्यास छैन ।

समुदायमा सामूहिक कुनै पनि कार्य गर्नुपरेमा श्रम विभाजनकै आधारमा गर्दछन् । श्रम विभाजनको लागि प्रायः समूह विभाजन गरेर कामको बाँडफाँड गरेको पाइन्छ । उक्त समूहमा पनि व्यक्तिको कार्य क्षमता मूल्याङ्कन गरेर उपसमूह बनाएर काम सम्पन्न गर्ने चलन रहेको छ । जसमा कुलोको मर्मत, समाजको भवन निर्माणजस्ता कार्यहरू पर्दछन् ।

९.८. प्राकृतिक श्रोत साधनको व्यवस्थापन प्रणाली

आदिवासी जनजातिको बसोबास रहेका स्थानहरूमा प्रशस्त नदी, खोला, वनजङ्गल, वनस्पति, वन्यजन्तु, पंक्षी, चरन, भूमि आदि हुन्छन् । त्यसैले ताङ्गबे जातिको बसोबास रहेको क्षेत्रहरूमा पनि माथि उल्लेखित प्राकृतिक श्रोत साधनहरू प्रशस्त रहेका छन् । ती श्रोत साधनहरूको संरक्षण र व्यवस्थापन परम्परागत तरिकाले गरेको पाइन्छ । उनीहरूले गाउँको खेतमा सिँचाइ गर्दा एक दिनमा ३ ढोङवोले गर्दछ । यदि उसले पालो मिचेमा मुखियाद्धारा जरिवाना गर्ने चलन रहेको छ ।

वनजङ्गलमा दाउरा काट्न पनि सामूहिक रूपमा कसरी, कुन क्षेत्रमा, कस्ता खालका रुखहरू काट्ने भन्ने सल्लाह गर्ने परम्परा रहेको छ । गाउँको वनमा दाउरा काट्नलाई मुखियाद्धारा समूह विभाजन गरिन्छ । दाउरा काटेपछि बराबर बाँड्ने चलन रहेको छ । चरनको व्यवस्थापन निम्ति कार्तिकदेखि वैशाखसम्म भेडा, च्याङ्ग्राहरू गाउँभन्दा पश्चिम भेक कालीगण्डकी नदी पारी लैजाने प्रचलन रहेको छ । जुन समयमा नदीमा पानीको बहाव कम हुनुको साथै नदीमाथि पुल पनि बनाइएको हुन्छ । बाँकी जेठदेखि असोज महिनासम्म गाउँदेखि पूर्वी क्षेत्रमा भेडा, च्याङ्ग्रा चराउनको निम्ति निर्धारण गरिएको छ । त्यसैगरी गाईवस्तु तथा घोडा, खच्चड आदिलाई पनि १५/२० दिन एक ठाउँमा राखेपछि अन्यत्रको चरन क्षेत्रमा लैजाने चलन रहेको छ ।

९.९. परम्परागत ज्ञान, सीप र प्रविधि

ताङ्गबे जातिले परम्परागत ज्ञान, सीप र प्रविधिको आधारमा आफूलाई आवश्यक पर्ने वस्तुहरूको उत्पादन गर्दछन् । जुन ज्ञान, सीप र प्रविधि निकै लामो समयको कालखण्डसँगै अनुभवको आधारमा विकास गरेका हुन्छन् । यस जातिले उद्योग स्थापना गरी त्यसलाई व्यवसायीकरण गरेको चाही पाइदैन । यस जातिका

पुरुषहरूले ढुङ्गा र काठबाट जाँतो, ओखल, पानीघट्ट, हलो, जुवा, खुर्पेटो बनाउने, बाँस र निगालेबाट धनु, वाण बनाउने आदि गर्दछन् । जसले उनीहरूको दैनिक आवश्यकता पूरा गर्दछ ।

महिलाले भेडाको ऊनबाट कम्बल, राडी, पाखीहरू बुन्ने साथै छ्याङ, रक्सी, मही, दही, छुर्पी, स्याउको सुकुटी आदि बनाउने गर्दछन् । यी उत्पादित वस्तुहरू यस जातिसँग भएको परम्परागत ज्ञान, सीप र प्रविधिको उपज हुन् । यस्ता ज्ञान, सीप, प्रविधि जानेका र थाहा पाएका व्यक्तिहरूले नयाँ पुस्ताहरूलाई सिकाएर हस्तान्तरण गर्नुको साथै व्यवहारमा प्रयोग गरेमा उक्त ज्ञान, सीप, प्रविधिले जीवन्तता र निरन्तरता पाउँछ । तर बर्तमानमा विभिन्न कारणहरुले अपेक्षा अनुसार ज्ञान, सीप र प्रविधि पुस्तान्तरण हुन सकेको छैन् । त्यसैले ती परम्परागत ज्ञान, सीप, प्रविधि पुरानो पुस्तासँगै लोप हुने सम्भावना बढी छ ।

९.१०. परम्परागत आर्थिक संस्था, यसको उपयोगिता र योगदान

ताङ्गबे जातिको परम्परागत आर्थिक संस्थाको रूपमा ढुकुटी प्रथा र गुठी रहेका छन् । जसमा कसैलाई नगद वा अन्नको खाँचो पऱ्यो भने उक्त संस्थामा लगानी गर्न व्यक्तिलाई अनुरोध गर्ने चलन छ । ढिकुटीमा आबद्ध हुने व्यक्तिहरू सहमत भएपछि सबै जनाले बराबर रकम उठाउने गर्दछन् । यसरी उठाएको रकम पालोअनुसार घोपाले अरु सदस्यहरूलाई दिने चलन छ । यसरी आर्थिक क्रियाकलाप गर्दा साहुको ऋण लिनु नपर्ने हुन्छ । त्यसै गरी गुठीमा पनि वर्षेनी निश्चित अन्न जम्मा गर्ने र आवश्यक परेको खण्डमा व्यक्तिको अनुरोधको आधारमा पछि फिर्ता गर्ने गरी अन्न दिने चलन रहेको छ । यी दुई संस्थाको आर्थिक क्षेत्रमा महत्वपूर्ण योगदान रहेको हुन्छ ।

९.११. गैर परम्परागत पेशा

परम्परागत व्यापार, कृषि र पशुपालनबाहेक यस जातिले अन्य पेशा व्यवसाय पनि गरेका छन् । यस्ता पेशा व्यवसाय भनेको ज्याला मजदुरी तथा नोकरी आदि रहेका छन् ।

रोजगारी (नोकरी)

यस जातिका कति जना मानिसहरू सरकारी र निजी क्षेत्रमा जागिर गर्दछन् भन्ने

यकिन तथ्याङ्क छैन । अर्कातिर यस जातिका मानिसहरू नोकरी वा जागिर गर्नेभन्दा बढी स्वतन्त्र रूपमा आफ्नो व्यापार-व्यवसाय गर्नीतिर लागेका छन् । यस जातिका मान्छेहरूले थोरै सङ्ख्यामा भए पनि रोजगारी गरेको पाइन्छ । सरकारी नोकरीअन्तर्गत प्रशासनिक क्षेत्रमा ताङ्गबे जातिको उपस्थिति शून्यप्रायः रहेको छ । दुई चार जना सरकारी तथा निजी विद्यालयका शिक्षक रहेका छन् । वैदेशिक रोजगारीमा भने यस जातिका नयाँ पुस्ताहरू प्रशस्त मात्रामा अमेरिका, बेलायत, सिंगापुर, अष्ट्रेलिया र युरोपियन देशहरूमा गएका छन् । जसले गर्दा उनीहरूको आर्थिक अवस्था निकै राम्रो रहेको छ ।

९.१२. आर्थिक जीवनमा आएका परिवर्तन र असरहरू

यस जातिको परम्परागत मुख्य आर्थिक उपार्जन कृषि, पशुपालन र व्यापारलाई मानिन्छ । आफूसँग भएको थोरै जमिनको उब्जाउले वर्षभरी खान, लाउन नपुग्ने हुनाले र यस जाति समयको क्रमसँगै खेती र पशुपालनलाई भन्दा व्यापार जोड दिएको पाइन्छ । जिविकोपार्जनको लागि वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गएको छ । जसले गर्दा उनीहरूले निकै आर्थिक फड्को मारेका छन् । आर्थिक रूपमा सम्पन्न नभएसम्म अन्य कुराहरू आभेल पर्ने उनीहरू बताउँछन् ।

यसबाट उनीहरूको आर्थिक जीवनमा परिवर्तन आएको छ । यस आर्थिक परिवर्तनले ताङ्गबे समुदायमा सकरात्मक र नकरात्मक दुवै पक्षहरू देखा परेका छन् । आर्थिक सुधारले उनीहरूको शिक्षा, स्वास्थ्य, लवाइखवाइ, प्रविधिमा पहुँच, पारिवारिक व्यवस्थापन लगायत कार्यमा राम्रो भूमिको खेलेको छ । साथै उनीहरू आफ्नो परम्परागत पेशालाई भन्दा नाफा र आयमूलक कार्यहरू गर्न तर्फ लागेको छन् । त्यसैगरी स्वदेश तथा विदेशका नयाँ नयाँ प्रविधिमा पहुँच पुऱ्याएर प्रयोग गर्न सक्ने अवस्थामा रहेका छन् । यसले भूमण्डलीकरण र आर्थिक उदारीकरणसँग सम्बन्ध स्थापना गरेको छ ।

आर्थिक परिवर्तनले स्थानीय उत्पादन र वस्तुहरूको प्रयोग कम हुँदै गएको छ । आत्मनिर्भर आर्थिक उपार्जनको सट्टा परनिरर्भरता बढेको छ । आवश्यक सामानहरू बाहिरबाट आपूर्ति गर्ने परम्पराको थालनी र विकास भएको छ । जुन वस्तु र सामानहरू खुल्ला प्रतिस्पर्धात्मक बजारको नाममा भित्रिएका छन् । उपभोक्ताको चाहना र वस्तु उपयोगको चलनमा विविधिकरण देखिएको

छ। नयाँ प्रविधिबाट उत्पादन भएका समानहरूप्रति आकर्षण बढेको छ। जसले गर्दा नेपालको परनिर्भर अर्थतन्त्रको झल्को ताङ्गबे जातिमा पनि देखिएको छ । उनीहरूको आर्थिक परिवर्तनले गर्दा परम्परागत ज्ञान, सीप, प्रविधि, उत्पादन, उपभोग, लगानी, संस्कार-संस्कृति आदि सबै क्षेत्रमा प्रभाव पारेको छ। परम्परागत ज्ञान, सीप, प्रविधि र उत्पादन लोप हुने सम्भावना दिन प्रतिदिन बढिरहेको छ। जुन यस समुदायमा आएको आर्थिक परिवर्तनको दुर्वल पक्षहरू हुन् । त्यसैले परम्परागत सीप, ज्ञान र प्रविधिलाई समयानुकूल परिमार्जित गरेमा ग्रामीणस्तरको आर्थिक सुधारको प्रक्रिया दिगो हुने संभावना रहेको छ। सोको लागि राज्य र ताङ्गबे समुदाय दुवै पक्ष सचेत र जागरुक हुन जरुरी छ।

अध्यायः दश

राजनैतिक र प्रशासनिक संरचना

१०.१ ताङ्गबे जातिको परम्परागत राजनैतिक र प्रशासनिक संरचना (अधिकार, जिम्मेवारी र प्रतिनिधित्व)

आदिवासीहरूले मूलथलोमा मौलिक राजनैतिक तथा प्रशासनिक संस्थाको विकास र विस्तार गरेका थिए र छन् । जसको आधारमा उनीहरूको समाज सञ्चालन भएको हुन्छ । ती संरचनाअनुसार सम्बन्धित आदिवासी समाजमा रीतिथिति, मूल्य, मान्यता, परम्परा, प्रचलन, रीतिरिवाज, अमनचयन र स्रोत व्यवस्थान आदि कार्य भएका हुन्छन् । जुन नेपालका आदिवासी जनजातिले पनि अभ्यास गर्दै आएका थिए र छन् ।

आदिवासीको राजनीतिक र प्रशासनिक संरचनाको अभ्यास र महत्वलाई संरक्षण गर्ने तथा निरन्तरता दिन आवश्यक हुन्छ र छ । यसले स्थानीयस्तरमा हुने विकास तथा समाज व्यवस्थापनलाई दिगो बनाउन र अपनत्व ग्रहणमा योगदान गर्छ । नेपालको सन्दर्भमा भने स्थिति पृथक छ। आदिवासी जनजातिको त्यस्ता परम्परागत राजनैतिक र प्रशासनिक संरचनालाई राज्यले संरक्षण, अभ्यास र मान्यता दिनुको सट्टामा बहिष्करण र नष्ट गरेको इतिहास छ । त्यसैले आदिवासीको ती संरचनाबारे वर्तमानमा जस्ताको तस्तै इतिहास पाउन कठिन छ । ताङ्गबे जातिको राजनीतिक, न्यायिक र प्रशासनिक इतिहास जस्ताको तस्तै पाउन सकिने कुरो भएन ।

ताङ्गबे जातिको परम्परागत राजनैतिक, न्यायिक एंव प्रशासनिक संरचना र अभ्यास वर्तमानमा पनि केही मात्रामा भने जीवित रहेको छ । जुन संरचना र अभ्यासहरूको विकास र विस्तार ऐतिहासिक कालदेखि भएको थियो । मुस्ताङ जिल्लाको शाह र राणाकालीन स्थानीय प्रशासनबारे उल्लेख गर्दै डा. घनश्याम भट्टराई (सम्वत् २०६४:२२७-२८) लेख्छन्, 'विभिन्न दस्तावेजहरूले संकेत गरेअनुसार मुस्ताङ जिल्लामा स्थानीय मामलामा परम्परागत रूपले स्थानीय पञ्चभलाद्मीहरूको महत्वपूर्ण भूमिका रहने गरेको देखिन्छ । एक जना लेखकका अनुसार मुस्ताङको अनेक गाउँमा एक प्रकारको स्वशासन नै थियो । स्थानीय विषयहरू उनीहरू आफैले मिलेर समाधान गर्दथे । यस कार्यमा उनीहरूलाई कुनै बाह्य हस्तक्षेप हुँदैन

थियो । सामाजिक रीतिथिति, झगडा छिन्ने काम स्थानीय पञ्चायतले नै गर्दथ्यो । यस्ता पञ्चायतहरूलाई धर्म पञ्चायत भनिन्थ्यो । यसैगरी स्थानीय भलाद्मीहरूले मुस्ताङमा उच्च सम्मान पाउँथे र उनीहरूलाई स्थानीय संस्था सरह नै मानिन्थ्यो ।' यसरी भट्टराईले मुस्ताङ जिल्लामा राणाकालमा भएको स्थानीय प्रशासनबारेमा वर्णन गरेका छन् ।

एम.एल. कर्मचार्यका अनुसार (सन् १९९५:६१) 'मुस्ताङमा १९औं र २०औं शताब्दीमा स्थानीय समस्या र मुद्दा समाधानको लागि स्थानीय भलाद्मीको भूमिका मध्यस्तकर्ता र सहजकर्ताको रहेको थियो । भलाद्मीले स्थानीय समुदायको रीतितिथिको संरक्षण र समुन्नति व्यवस्थापनलाई ध्यान दिनुपर्थ्यो ।' माथिका दुवै लेखकका अनुसार मुस्ताङको विभिन्न गाउँमा सम्बन्धित जातिको आफ्नै भलाद्मी, राजनैतिक एवं न्यायिक परम्परा भएको कुरालाई प्रष्ट संकेत गर्छ ।

पहिलेदेखि नै ताङ्बे जातिमा मौलिक प्रशासनिक (कार्यपालिका), न्यायपालिका र व्यवस्थापिकाको संरचना र अभ्यास थियो र छ । तीनवटै अंगको नेतृत्व घेन्प (मुखिया)ले गर्दै आएका थिए र छन् । घेन्पले न्यायिक र प्रशासनिक कार्यको लागि आवश्यक सहजीकरण गर्छन् । यी सबै निकाय वा अंगको समाज र गाउँलाई व्यवस्थित गर्नका महत्वपूर्ण भूमिका रहेको छ । ताङ्बे जातिको परम्परागत स्वायत्त राजनैतिक, न्यायिक र प्रशासनिक संरचनालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।



यस जातिको परम्परागत राजनैतिक, न्यायिक र प्रशासनिक निकायमा सबै ताङ्गबेहरूको सहभागिता रहेको हुन्छ। उनीहरूको प्रशासनिक, न्यायिक तथा राजनैतिक व्यवस्था कायम गर्न सबैभन्दा पहिले मुखिया चयन गर्ने चलन रहेको छ। जसलाई सहयोग एवं नियन्त्रण झोम्पो र फोदोमाकीले गर्छ। जसलाई संसदीय संरचनामा व्यवस्थापिका पनि भन्न सकिन्छ। झोम्पोको सदस्य प्रत्येक ढोङवोबाट उमेरको जेष्ठताको आधारमा १/१ जना पुरुष सदस्य हुने गर्छ। त्यसैगरी फोदोमाकीको सदस्य १९ वर्षभन्दा माथि र ५७ वर्षसम्मका ताङ्गबे पुरुषहरू सदस्य हुने गर्छन्।

कार्यपालिका गठनको लागि चक्रीय प्रणालीको आधारमा ढोङवोको टोलअनुसार ५ वा ६ जनाको छोक्पो नामक संयन्त्र रहेको छ। जसबाट घेन्प (मुखिया) र घेन्प च्याङ्प (सहायक मुखिया) छनौट हुने चलन छ। सोही छोक्पोले प्रत्येक वर्षमा आफ्नो सदस्यमध्येबाट मुखियाको चयन गर्छ। मुखिया भने प्रत्येक वर्ष ३२ ढोङवोबाट एक जना पालैपालो चक्रीय प्रणालीअनुसार चयन गर्ने परम्परा रहेको थियो र छ। साथै मुखियालाई सहयोग गर्नको निम्ति सहायक मुखिया र थुङ्ला (सञ्चार संवाहक एवं हुलाकी) पनि चयन गरिन्छ। जुन चलन हाल पनि कायम छ। राजनैतिक प्रणालीमा कार्यकारणी र न्यायिक व्यक्ति निम्नानुसार रहेका छन्।

१०.१. परम्परागत प्रशासनिक प्रणाली

१०.१.१. घेन्प (मुखिया)

मुखिया तई ल्हुम्बो (ताङ्गबे गाँउ सरकार)को प्रमुख हो। उसले प्रशासन तथा न्याय प्रमुखको भूमिका निर्वाह गर्दछ। जसले गाउँमा प्रचलित नियमलाई पालन गर्न र गराउन तथा अमन चयन कायम गर्ने, समाजमा देखिएका समस्याहरूलाई समाधान गर्ने र प्रकृतिक स्रोत साधनको व्यवस्थापनमा नेतृत्वकर्ताको भूमिका खेल्दछ। मुखियाको पदावधि एक वर्षको हुन्छ। जसको उत्तराधिकारी वंशज वा निर्वाचनबाट हुँदैन। घेन्प परम्परागत रूपमा चक्रीय प्रणालीअनुसार पालै पालो प्रत्येक ढोङवोबाट एकपछि अर्को गर्दै छोक्पोको सदस्यमध्येबाट चयन हुने चलन रहेको छ। यस प्रक्रियामा अनुसार प्रत्येक ढोङवोले ३२ वर्षको अवधिमा एक पटक मुखिया हुने अवसर पाउँछ। साथै उक्त मुखियालाई सहयोग गर्ने अर्को सहायक मुखियाको चयन पनि सोहीअनुसार हुने गर्दछ। यसरी घेन्प चयन गर्ने परम्परागत नियमले गाउँको सबै ढोङवोको व्यक्तिले समाजको नेतृत्व गर्ने अवसर

पाउछ। साथै उसको व्यक्तिगत नेतृत्व विकास पनि हुन्छ।

मुखिया चयन भएपछि कार्यभार एक वर्षको लागि सम्हाल्नुपर्छ। नयाँ मुखिया छनौट भई कार्यभार ग्रहण गर्ने दिनमा मात्र निवर्तमान मुखिया, सहायक मुखिया र थुङ्लाले सपथ ग्रहण गर्नुपर्दछ। अर्थात कार्यकालको अन्त्यमा सपथ ग्रहण कार्य हुन्छ। जसमा 'मेरो कार्यकालमा निष्पक्ष भई गाउँ, समाजको सेवा गरेको छु। मेरो वुद्धि विवेकले भ्याएसम्म दुधको दुध, पानीको पानी गराइ कार्य पूरा गरेको छु। यदि मैले कही कतै कुनै बेलामा आफन्त भनी वा जानी जानी वा अन्जानवंश वा अन्य कारणले कसैको पक्ष लिएर कार्य गरेको भए समाज र ईश्वरले दिने सजाय वा कार्वाही भोग्न तयार छु' भनी सपथ लिनुपर्दछ। यदि मुखियाले कसै उपर अन्याय गरेको ठहरिएमा दण्ड जरिवाना गर्ने चलन समेत रहेको छ। सपथको अतिरिक्त मुखियाहरू र थुङ्लालाई एकातिर लहरमा उभिन लगाएर उसको कार्यकालमा न्याय अन्याय के गरेको छ भनी परीक्षणस्वरूप सानो गोलो ढुङ्गालाई उनीहरू उभिएको स्थानतिर पल्टाइन्छ। यदि उक्त ढुङ्गाले उनीहरूलाई छोएमा पक्षपाती भएको र नछोएमा निष्पक्ष र निष्कलङ्कित भएको विश्वास गरिन्छ। जसले गर्दा उनीहरूलाई समाजका मानिसहरूले हेर्ने दृष्टिकोणमा केही फरक आउँछ।

यस जातिको परम्परा र मान्यताअनुसार घरको जेठो छोराले मात्र मुखिया बन्ने अवसर पाउँछ। अन्यथा जेठोभन्दा अरु छोराहरूले उक्त अवसर पाउँदैनन्। यसबाट के देखिन्छ भने यस जातिमा अरु छोराहरूभन्दा जेठो छोराको महत्व विशेष किसिमको हुने गर्दछ। जसलाई विवाह गरेर पिताको अंश पाउने अधिकार पनि हुन्छ। जुन अवसर अरु छोराहरूलाई हुँदैन।

ताङ्गबे जातीमा मुखियाको अधिकार र काम कर्तव्य निम्नानुसार रहेको हुन्छ

१. प्रशासनिक, र न्यायिक संयन्त्रको कार्यकारणी प्रमुखको रूपमा रहने।
२. झोम्पो र फोदोमाकीबाट पारित नीति-नियम, मूल्य, मान्यताको पालना गर्ने र गराउने।
३. झिहुल्ह देवताको पूजामा व्यवस्थापकीय भूमिको खेल्ने।
४. सार्वजनिक र निजी जग्गा, सार्वजनिक सम्पत्ति, जङ्गल र पानीको संरक्षण गर्ने।
५. समाजको झगडा र मनोमालिन्यको मेलमिलाप गर्ने।

६. प्रथाजनित कानुन र परम्पराको संरक्षण तथा पालना गर्ने ।

७. संस्कृति र संस्कारको पालना एवं संरक्षण गर्ने ।

८. सार्वजनिक जग्गाको फलफूल र बोटविरुवा आदिको संरक्षण र व्यवस्थापन गर्ने ।

९. अन्य गाउँ वा समुदायसँग चरन, वनजङ्गल, सार्वजनिक सम्पत्ति आदिको सम्बन्धमा विवाद भए समाधानको लागि समन्वय, सहजीकरण र नेतृत्व गर्ने ।

१०. समुदायका सबै व्यक्तिलाई सूचना प्रवाह र सिचाई व्यवस्थापन ।

११. झोम्पो र फोदोमाकीको नेतृत्व र समन्वय गर्ने ।

१२. सम्बन्ध विच्छेद, जबरजस्ती करणी, हाड नाता करणी जस्ता विषयमा सहजीकरण र समाधान गर्ने ।

कुनै पनि व्यक्तिले थर्च्याङ् गर्नुभन्दा पहिले दुई कार्यकाल घेन्प वा घेन्प च्याङ् पको जिम्मेवारी पूरा गर्नुपर्छ । साथै घेन्पको जिम्मेवारी पाएको व्यक्तिले ताङ्बे गाउँबाहेक अन्य गाउँमा रात बिताउनु हुँदैन भन्ने मान्यतासमेत रहेको थियो र छ ।

१०.१.२. घेन्प च्याङ्प (सहायक मुखिया)

घेन्पलाई छनौट गर्ने प्रक्रियाअनुसार नै घेन्प च्याङ्पको चयन गरिन्छ । घेन्प च्याङ्पको अधिकार, भूमिका र काम कर्तव्य घेन्पलाई सहयोग गर्ने हुन्छ । यदि घेन्प अनुपस्थितमा घेन्प च्याङ्पले सोको भूमिका र काम गर्नुपर्छ ।

१०.१.३. छोक्पो

ताङ्बे गाउँको घरहरू बाटो माथि र तल, दायाँ र बायाँ लहरै रहेका छन् । सोही बाटोलाई साँध सिमाना मानेर टोलअनुसार घरहरूलाई विभिन्न समूहमा विभाजन गरिएको हुन्छ । उक्त समूहले कुन पहिले छोक्पोको सदस्य बन्ने भनेर सहमति वा चिठ्ठा विधिबाट निर्क्यौल गर्छन् । छोक्पोको सदस्य बन्ने समूहको ५/६ वटा घरधुरीको घरमूलीको समूहलाई छोक्पो भनिन्छ । छोक्पोले आफ्नो सदस्यबाट घेन्प, घेन्प च्याङ्प र थुङ्ला चयन गर्छ । थुङ्ला भने छोक्पो सदस्यको पालो सकिएपछि आफ्नो समूहको अन्य घरधुरीलाई जिम्मेवारी दिनुपर्छ । जसको निर्णय

पनि छोक्पोले गर्छ । छोक्पोले आवश्यकताअनुसार घेन्पलाई सहयोग गर्नुपर्छ । पहिले समूहबाट छोक्पोको सदस्य र घेन्प, घेन्पच्याङ्प र थुङ्लाको जिम्मेवारी पुरा गरेपछि अर्को समूहलाई सो जिम्मेवारी हस्तान्तरण गर्ने नियम छ ।

१०.१.४. थुङ्ला

टोल र गाउँको खबर एक आपसमा आदानप्रदान गर्ने, ताङ्बे गाउँबाट अर्को गाउँमा खबर वा समाचार पुऱ्याउने र ल्याउने कार्य थुङ्लाले गर्छ । थुङ्ला ताङ्बे जातिको सञ्चार वाहक हो । यसलाई राज्यले विकास गरेको हुलाकी र विभिन्न गाउँमा हुने कटुवाल पदजस्तो रहेको मान्न सकिन्छ । साथै गाउँमा झैं-झगडा भएमा मिलाउने र मुखियाको तजबिजमा तोकिएको अन्य कार्यहरू गर्ने गर्दछ । सबै घरधुरीले पालैपालो थुङ्लाको जिम्मेवारी पूरा गर्नुपर्छ । जानिफकारका अनुसार समाचार पुऱ्याउने र ल्याउने स्थान वा गाउँको आधारमा थुङ्ला ५ किसिमका रहेका छन् । तर अध्ययनको क्रममा ४ किसिमको थुङ्लाको नाममात्र प्राप्त भएको छ । जुन निम्नानुसार रहेका छन् ।

क) का थुङ्ला

ताङ्बेदेखि खबर दक्षिण कागबेनीसम्म पुऱ्याउने र सो स्थानबाट ताङ्बेसम्म खबर वा सूचना ल्याउने जिम्मेवारी पाएको सञ्चारवाहक का थुङ्ला हो ।

ख) छुक् थुङ्ला

ताङ्बेदेखि उत्तर छुसाङसम्म खबर पुऱ्याउने र सो स्थानबाट ताङ्बेसम्म खबर वा सूचना ल्याउने जिम्मेवारी पाएको सञ्चारवाहक छुक् थुङ्ला हो ।

ग) मुआ थुङ्ला

ताङ्बे गाउँदेखि उत्तर समर र घिलिङसम्म खबर पुऱ्याउन र सो स्थानको खबर वा सूचना ताङ्बे गाउँसम्म ल्याउने जिम्मेवारी पाएको सञ्चारवाहक मुआ थुङ्ला हो ।

घ) सम्ल थुङ्ला

ताङ्बे गाउँदेखि छुसाङ, चैले, कागबेनी, तेताङसम्म खबर पुऱ्याउने र ती स्थानबाट ताङ्बेसम्म खबर वा सूचना ल्याउने सञ्चारवाहक सम्ल थुङ्ला हो ।

१०.२. परम्परागत न्यायिक प्रणाली

यस जातिको न्यायिक प्रणाली परम्परागत र मौलिक छ । न्यायकर्ता नभई सहजकर्ता एंव मध्यस्थकर्ता रूपमा मुखिया र सहायक मुखियाले प्रतिनिधित्व गर्दछन् । झै झगडा, विवाद, मनोमालिन्य भएमा दुवै पक्षलाई सहमतिमा ल्याएर सबैले जित्ने र मिल्ने स्थिति निर्माण गरी मेलमिलाप गराउने परम्परा छ । जुन दिगो र दिर्घकालिन हुन्छ । सोको लागि झगडियाहरूलाई बोलाएर दुवै पक्षको कुरा राम्ररी सुन्ने व्यवस्था गरिएको हुन्छ । त्यसपछि के, कस्तो प्रकृतिको झगडा हो ? कुन पक्षको दोष र कमजोरी बढी हो सोहीअनुसार मेलमिलाप र सहमति गराउने चलन रहेको छ । यदि मुद्दा जटिल प्रकृतिको भएमा वा मेलमिलाप गर्न नसकेको अवस्थामा घेन्पको नेतृत्व र अगुवाइमा छोक्पोमा छलफल गरिन्छ । सो छलफलबाट प्राप्त निष्कर्षको आधारमा मेलमिलाप गरिन्छ । यदि छोक्पोमा पनि मुद्दाको मेलमिलाप हुन नसकेमा झोम्पोमा दुवै पक्षको उपस्थितिमा सामूहिक छलफल गरी मेलमिलाप गर्ने गराउने परम्परा छ ।

मुद्दा झोम्पोबाट पनि निर्णायक रूपमा समाधान हुन नसकेमा घेन्पले फोदोमाकीमा छलफल गरी अन्तिम मेलमिलाप गर्ने चलन छ । सबै संयन्त्रमा झगडिया वा मुद्दाको प्रकृतिअनुसार सम्बन्धित पक्ष र विपक्षको बयान सुनुवाई गर्ने, उपस्थित व्यक्तिहरूबिच अन्तरक्रियात्मक छलफल गर्ने र फोदोमाकीका सदस्यहरूले दिएको सुझाव र सल्लाहका आधारमा अन्त्यमा घेन्प (मुखिया)ले अन्तिममा मेलमिलाप गराउँदछन् । घेन्पको नेतृत्वमा फोदोमाकीमा सम्बन्धित पक्षको साबिती बयानको आधारमा फोदोमाकीका सदस्यहरूबिच गरिएको अन्तरक्रियात्मक छलफलबाट आएका सुझाव, सल्लाह र निष्कर्षको आधारमा गरिएको मुद्दाको मेलमिलाप वा छिनोफानो वा फैसला नै अन्तिम हुन्छ । ताङ्गबे जातिको परम्परागत संरचनाअनुसार फोदोमाकीबाट भएको मेलमिलाप अन्तिम हुने भएकोले अन्यत्र उजुरी हुँदैन ।

ज्यान मार्ने, बलत्कार र चोरीसहित अलि जटिल तथा जघन्य अपराधजस्ता मुद्दाहरू भएमा सजाय स्वरूप कोर्रा हान्ने चलन पनि थियो । त्यसैगरी हाडनातामा यौन सम्पर्क वा विवाह भएमा उक्त जोडीलाई समाजको घरमा लगेर मुखियाले धूपी सल्लाको काँचो हाँगा बोक्रा फालेर बनाएको कोर्राले हानेर सजाय दिने गरिन्थ्यो । साथै विवाह सम्बन्ध छुट्टाइ दिने वा सम्बन्ध विच्छेद गरिदिने प्रचलन थियो र छ । तथापि सजायको प्रकृति र कोर्रा हान्ने चलन भने लोप हुँदै गएको

छ। अन्त्यमा उक्त विवाहित जोडीलाई *'होर्छे होर्छे'* भनेर समाजको अगाडि माफी माग्न लगाउने चलन थियो। अहिले यस्तो कोर्रा हान्ने वा कडा सजाय गर्ने चलन लोप भएको छ।

ताङ्गबे जातिको मेलमिलापको सिद्धान्तमा आधारीत न्यायिक प्रणालीलाई राज्यको अधुनिक कानून र नियमले प्रभाव पारेको छैन्। परिणामत सो प्रणाली अझै पनि जीवित रहेको छ।

१०.३. परम्परागत व्यवस्थापिका प्रणाली

ताङ्गबे जातिको परम्परागत रीतिथिति, नियम बनाउन र परम्परालाई क्रियाशील राख्नको लागि २ तह भएको व्यवस्थापिका रहेको छ। जसलाई फोदोमाकी र झोम्पो भनिन्छ। दुवै संस्थाको सदस्यको हैसियत, मर्यादा र अधिकार समान र बराबर हुन्छ। दुवै संस्थाको नेतृत्व, सहजीकरण र मध्यस्थता घेन्पले गर्ने नियम छ।

१०.३.१. झोम्पो

झोम्पो ताङ्गबे जातिको पाको व्यक्तिहरू सदस्य रहेको संस्था हो। झोम्पोमा प्रत्येक ढोङवोबाट उमेरको जेष्ठताको आधारमा १/१ जना पुरुष सदस्य हुने गर्छन्। झोम्पोले गाउँको रीतिथिति र परम्परा कायम गर्नको लागि आवश्यक नीति र नियम बनाउँछ। जसलाई घेन्पले समन्वय, सहजीकरण, मध्यस्थता र नेतृत्व गर्छ। विशेषत एक आपसम कुनै झगडा भयो वा अन्य गाउँसँग प्राकृतिक स्रोत, चरीचरन क्षेत्र, जुडीबुटी सङ्कलन र अनइच्छित करणी आदि जस्ता विषयमा विवाद एवं झगडा भयो, तर छोक्पो र घेन्पेले समाधान गर्न सकेनन् भने झोम्पोले सहयोग गर्छ। घेन्पले समस्या समाधानको लागि झोम्पोको सबै सदस्यहरूलाई भेला गराइ अन्तरक्रियात्मक छलफल गराउछन्। झोम्पोको भेलामा विवादको विषयमाथि समाधान र मेलमिलापको निम्ति छलफल र बहस हुन्छ। यदि झोम्पोमा समाधान हुन नसकेमा फोदोमाकीमा विषय प्रवेश गराइन्छ। अन्यथा झोम्पोबाट नै मुद्दाको किनारा लगाउने चलन छ।

१०.३.२. फोदोमाकी

ताङ्गबे जातिको परम्पराअनुसार फोदोमाकी अर्को व्यवस्थापिका संस्था

हो । उक्त संस्थामा १९ वर्षभन्दा माथि र ५७ वर्षसम्मका पुरुषहरू सदस्य रहेका हुन्छन् । सबै सदस्यहरूको हैसियत, मयार्दाक्रम र अधिकार समान हुन्छ । फोदोमाकीले गाउँको रीतिथिति, परम्परा कायम गर्ने, आपसी तथा अन्य गाउँ वा जातिसँगको झगडा मिलाउने, सिँचाइ तथा खानेपानी व्यवस्था गर्ने, प्राकृतिक स्रोत साधनको व्यवस्थापन, चरीचरनको क्षेत्र निर्धारण, व्यवस्थापन आदि लगायत ताङ्गबे समाजको लागि आवश्यक पर्ने सबै कानून, नीति र नियम निर्माण गर्छ । जुन कार्यको लागि घेन्पले आवश्यक समन्वय, सहजीकरण, मध्यस्थता र नेतृत्व गर्छ । अर्कातिर फोदोमाकीले न्यायिक कामको लागि घेन्पलाई सहयोग गर्छ । यदि घेन्प, छोक्पो, झोम्पोले कुनै विवाद, झगडा वा समस्या समाधान गर्न सकेनन् र फोदोमाकीमा आयो भने फोदोमाकीबाट हुने निर्णय नै अन्तिम हुन्छ । फोदोमाकीको निर्णयअनुसार घेन्पले आवश्यक कार्य अगाडि बढाउछ । नीति नियम र कानून सहज र सरल तिरकाले निर्माण गर्नका निम्ति फोदोमाकीमा उमेर का आधारमा तिन वटा समूह हुन्छन् जुन निम्नानुसार रहेका छन् ।

क) म्र्हतवंः १९ वर्षदेखि २९ वर्ष उमेर समूह ।

ख) वर्सीः ३० वर्षदेखि ३९ वर्ष उमेर समूह ।

ग) ह्र्यतवंः ४० वर्षदेखि ५७ (थर्च्याङ नगरेका) वर्ष उमेर समूह ।

विभिन्न विषय र क्षेत्रसम्बन्धी समग्र नीति-नियम बनाउनु परेमा फोदोमाकीबाट एकमुष्ट बनाउन पनि सक्छन् । यदि विशिष्ट र निश्चित विषयमा समूह-समूहमा बनाउनु पर्‍यो भने समूह सक्रिय हुन्छ । त्यसबाहेक ३ वटै समूहबाट अर्को नयाँ समूह वा समिति गठन गरी कार्य गर्नुपर्‍यो भने निम्न नियमअनुसार समितिमा सदस्यको प्रतिनिधित्व हुन्छ ।

तालिकाः१० फोदोमाकीमध्येबाट समूह वा समिति गठनको लागि प्रतिनिधित्व हुने सदस्य सङ्ख्याको निर्धारण विधि

समूह नाम	उमेर	समूह वा समितिमा प्रतिनिधित्व हुने सदस्य सङ्ख्या	
		६ वा सोभन्दा कम सदस्य भएमा	६ वा सोभन्दा बढी सदस्य भएमा
म्हेतवं	१९ देखि २९ वर्ष	१	२
वर्सी	३० देखि ३९ वर्ष	२	३
ह्र्यतवं	४० देखि ५७ वर्ष	३	४
जम्मा सदस्य		६	९

(स्रोतः स्थलगत अध्ययन २०६८ र २०७६)

यसरी गठन गरिने समूह वा समितिले घेन्पले प्रस्ताव गरेको विषय वा समस्या उपर छलफल गरेर फोदोमाकीको प्रतिनिधित्व गर्दै निष्कर्ष, सल्लाह र सुझाव दिन्छ। जुन घेन्पले कार्यान्वयन गर्छ। ताङ्गबेको व्यवस्थापिकाको दुई वटै संस्थामा प्रत्येक घरबाट सहभागिता हुने भएकोले निकै प्रभावकारी रूपमा कार्य गर्दै आएको इतिहास छ। साथै आफ्नै सहभागितामा रीतिथिति, नीति र नियम बनाउने भएकोले कार्यान्वनमा पनि आवश्यक सहजीकरण गर्ने अनुकूल वातावरण हुन्छ। अर्कातिर आफैले पनि अनिवार्य पालना गर्नुपर्छ । जसले गर्दा अपनत्व र जिम्मेवारी बोध गराउँछ। ताङ्गबे जातिको समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि फोदोमाकी सबैभन्दा अधिकार सम्पन्न संस्था हो। किनभने घेन्प, छोक्पो र झोम्पोले कुनै विषय, परम्परा, थितिको नीति-नियम बनाउन नसकेमा र कुनै झगडा वा समस्या समाधान गर्न नसकेमा फोदोमाकीमा छलफल र निर्णय हुन्छ। जुन अन्तिम निकाय वा संस्था हो।

१०.४. ताङ्गबे जातिको राजनैतिक इतिहास

यस जातिको राजनैतिक इतिहास लिखित भएको पाइदैन । केवल मौखिक र

व्यवहारिक रूपमा कार्यान्वयनमा रहेको छ । बुढापाकाको भनाइअनुसार यस जाति हालको मुलथलोमा बस्न थालेदेखि नै आफ्नो भू-भागमा स्वायत्त रूपमा राज्य गरेको बताउँदछन् । हाल पनि भग्नावशेषको अवस्थामा रहेको दरबारमा बसेर मुखियाले राज्य गरेको भनाइ छ । नेपालको राजनीतिमा भने यस जातिका मानिसहरू विशेषत सम्वत् २००७ सालको क्रान्तिपछिको प्रजातन्त्रिक कालमा पदार्पण गरेको पाइन्छ । तर नारायणप्रसाद क्षेत्रीले (क्षेत्री, २०४४:१८८) 'ठिनी राज्यका राजा भएका घेलथेकरचेन, दुछेल्पो र घेलधाङ ताङ्गबे नामक व्यक्ति राजा हुँदा.....' भन्ने उल्लेख गरेको हुनाले यस जाति पहिले पनि राजनीतिमा सक्रिय भई तत्कालीन ठिनी राज्यको राजा भएको जानकारी दिन्छ ।

सम्वत् २००७ सालपछि मुस्ताङ जिल्लाको चर्चित राजनैतिक व्यक्तिहरूमध्ये ढाक्पा दोर्जे ताङ्गबे पनि एक थिए । जसले उक्त क्षेत्रबाट नेपाली कांग्रेसलाई सम्वत् २०१५ सालको आम चुनावमा विजयी बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए । त्यसैगरी सम्वत् २०१७ सालमा नेपालमा पञ्चायती व्यवस्था लागू भएपछि सम्पन्न छुसाङ गाउँ पञ्चायतको प्रथम प्रधानपञ्च ढाक्पा ताङ्गबे निर्वाचित भएका थिए । त्यसबाहेक उनको पालामा भएको खम्पा काण्डमा ताङ्गबे गाउँलाई खम्पा निषेधित गाउँ बनाइएको थियो । ढाक्पा ताङ्गबे र धव धोर्जे ताङ्गबेको सक्रियता एवं पहलमा सम्वत् २०१९ सालमा ताङ्गबे गाउँमा ताङ्गबे प्राथमिक विद्यालय स्थापना भएको थियो । यसबाट यो जाति राजनीतिमा पहिलेदेखि नै सक्रिय थिए भन्ने देखिन्छ । सम्वत् २०४६ सालको आन्दोलनपछि पनि उक्त सक्रियताले निरन्तरता पायो । राजनैतिक सहभागिताको क्रममा नै सम्वत् २०३६ सालको प्रजातान्त्रिक आन्दोलनमा पोखराको पालिखे चोकमा प्रहरीको गोली लागेर धिन्डु ताङ्गबेको मृत्युसमेत भएको थियो । त्यसैले पनि ताङ्गबेहरू विभिन्न राजनैतिक पार्टीमा आबद्ध भएका छन् ।

यस जातिको तर्फबाट सम्वत् २०६४ साल चैत्र २८ गते भएको ऐतिहासिक संविधानसभाको चुनावमा मुस्ताङ जिल्लाबाट प्रत्यक्ष निर्वाचन प्रणालीबाट ने.क.पा. एमालेको तर्फबाट चन्द्रबहादुर ताङ्गबे विजयी भई संविधानसभाको सदस्य भएका थिए । त्यसैगरी ने.क.पा. र ने.का. पार्टीमा हाल पनि जिल्लास्तरका समितिमा यस जातिका मानिसहरू सदस्यको रूपमा सक्रिय रहेका छन् ।

सम्वत् २०६८ मा आदिवासी जनजाति जिल्ला समन्वय समिति मुस्ताङको

उपाध्यक्ष पदमा जातीय संस्थाका तत्कालीन अध्यक्ष उत्तम ताङ्गबे चयन भई कार्यभार सम्हाल्नुभएको थियो । सम्वत् २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा घरपझोङ गाउँपालिका वडा नं. ५ को वडा सदस्यमा धर्मवीर ताङ्गबे निर्वाचित भएका थिए । उल्लेखित राजनीतिक सहभागिताको अवस्थाले ताङ्गबे जातिमा राज्यको मूल राजनैतिक प्रवाहसम्बन्धी चेतना र सहभागिता राम्रो छ भन्ने संकेत गर्छ । उनीहरूले विभिन्न समयमा राजनीतिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेका पनि छन् । यस जातिले राजनैतिक तथा सामाजिकस्तरमा जातीय पहिचान र अधिकारको निम्ति छुट्टै विद्रोह र सङ्घर्षहरू गरेको इतिहास भने पाइदैन ।

१०.५. जातीय मुक्ति र आदिवासी अधिकार आन्दोलनमा संलग्नता

ताङ्गबेहरू जातीय मुक्ति र आदिवासीको अधिकारको आन्दोलनमा विगत लामो समयदेखि संलग्न हुँदै आएको छन् । स-जातीय संस्था र नेपाल आदिवासी जनजाति महासंघ आदिले आदिवासी जनजातिको अधिकारको निम्ति आव्हान गरेको आन्दोलनमा ताङ्गबे समाज सेवा संघ संलग्न हुँदै आएको छ। साथै विभिन्न संघसंस्थाले आयोजना गर्ने कार्यक्रमा पनि सहभागी भएका छन् । यस जाति सम्वत् २०२५/२६ सालदेखि नै यसरी जातीय मुक्ति र आदिवासी अधिकारको आन्दोलनमा संलग्न हुँदै आएको कुरा बुढापाकाहरू बताउँछन्, जुन कार्य वर्तमानमा पनि कायम रहेको छ ।

१०.६. जातीय संस्थाको अवस्था, महासंघ तथा प्रतिष्ठानसँगको सम्बन्ध

जातीय एकता, पहिचान र भाषा, संस्कृतिको सरक्षणको निम्ति ताङ्गबे समाज सेवा संघ नामक प्रतिनितिमूलक संस्था सम्वत् २०२५/२६ सालतिर स्थापना गरिएको थियो । तर तत्कालीन पञ्चायती व्यवस्थाको दमनचक्रको कारण उक्त संस्थाले सक्रिय रूपमा काम गर्न भने सकेन । तर पनि समय क्रमसँगै संस्थाले आफ्नो कार्यलाई सुशुप्त

रूपमा अगाडि बढाएको थियो । सम्वत् २०४६ सालको बहुदलीय प्रजातन्त्रपछि जातीय पहिचानको निम्ति संस्था सक्रिय हुँदै गयो । जसअनुसार सम्वत् २०५४ सालनमा नेपाल आदिवासी जनजाति महासंघमा आबद्ध भयो । सम्वत् २०५८ सालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषदको सदस्य प्राप्त गऱ्यो । यस जातिले प्रतिष्ठानबाट आर्थिक सहयोग प्राप्त गरी विभिन्न कार्यक्रमहरू पनि गर्दै आएको छ । त्यसैले महासंघ र प्रतिष्ठानसँगे जातीय संस्थाको सम्बन्ध राम्रो रहेको छ। हाल यस जातिको संगठनात्मक स्थिति निम्नानुसार रहेको छ।

१. ताङ्गबे समाज सेवा संघ केन्द्रीय समिति, पोखरा।

२. ताङ्गबे समाज सेवा संघ, काठमाडौँ।

३. ताङ्गबे समाज सेवा संघ, जोमसोम।

४. ताङ्गबे समाज सेवा संघ, ताङ्गबे, मुस्ताङ।

५. ताङ्गबे समाज सेवा संघ, अमेरिका।

१०.७. आदिवासी पहिचान र अधिकारसम्बन्धी सचेतनाको अवस्था

विगतमा भएको राज्यको विभेदकारी नीतिले कतिपय आदिवासी जनजातिको पहिचान लोप भइसकेको र कतिपयको हुने अवस्थामा छ । सदियौँदेखिको एकात्मक राज्य प्रणालीबाट प्रताडित हुने समूहमा आदिवासी जनजातिहरूमध्ये ताङ्गबे जाति पनि हो । सम्वत् २०४६ सालमा बहुदलीय व्यवस्था स्थापनापछि आदिवासीले आफ्नो भाषा, संस्कृति, परम्परा र राजनीतिक प्रणालीसम्बन्धी विषयको उठान सुरु गरे। सोही क्रममा लोपोन्मुख र सीमान्तकृत अवस्थामा रहेका ताङ्गबेहरू जातीय पहिचानको लागि सक्रिय हुँदै आएका छन् । त्यसैगरी निकै लामो समयपछि सम्वत् २०६२/६३ को आन्दोलनबाट २४० वर्षे शाहवंशीय राजतन्त्रको अन्त्यसँगै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यो । जसले पहिचानको आन्दोलनसम्बन्धी बहस र छलफलहरूलाई थप गहन बनाउन सहयोग गरेको छ।

विगत पञ्चायत कालदेखि नै ताङ्गबेमा जातीय पहिचानको जागरण आएको पाइन्छ । त्यसले सम्वत् २०२५/२६ सालतिर जातीय संस्था स्थापनाको

पहल गरे । संस्थामार्फत लोप हुन लागेको सामाजिक, धार्मिक, सांस्कृतिक र राजनैतिक पहिचानको संरक्षण गर्न लागे । सम्वत् २०४६ सालपछि अधिकारको आन्दोलनले गति लियो । विभिन्न आदिवासी जनजातिसम्बन्धी सभा, गोष्ठी, सेमिनार, सम्मेलन, छलफल, र राजनैतिक संगठनमा सामेल भई आफ्ना पहिचान र राजनीतिक अधिकारका मागहरू उठाउन थाले । जातीय पहिचानको क्रममा आफ्ना परम्परागत चाडपर्व, भाषा आदिलाई जीवनन्तता दिने, लिपिबद्ध गर्ने, ऐतिहासिक वस्तु तथा संस्कृतिको खोजी गर्ने, पुख्यौंली ज्ञान, सीप तथा संस्थाहरूलाई पुनर्जीवित गर्न सिङ्गो ताङ्गबे जाति र संस्था लागिपरेको छ ।

१०.८. राजनैतिक स्वायत्तताको इतिहास र वर्तमानको चाहना

यस जातिले ताङ्गबे भौगोलिक क्षेत्रभित्र समाजको प्रशासनिक, राजनैतिक र न्यायिक व्यवस्था स्वायत्त रूपमा शासन सञ्चालन गर्दै आएका इतिहास थियो र छ । जुन व्यवस्था अध्यावधि अभ्यासमा छ । जसलाई नेपालको सम्वत् २००७ र २०४६ को राजनैतिक परिर्वतन, १० वर्षे जनयुद्ध र २०६२/६३ को जनआन्दोलन-२ ले खासै नकरात्मक प्रभाव पार्न सकेको छैन् । त्यसैले ताङ्गबे जातिले आफ्नो पहिचान, भाषा, संस्कृति र जातिको उत्थान र विकास गर्न एवं राजनैतिक रूपमा अधिकार सम्पन्न बन्नको निम्ति आफैले निर्णय गर्न पाउनु पर्ने संरचना र प्रणालीको चाहना राख्छन् । जसका लागि आइएलओ १६९ र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणपत्र- २००७ ले प्रत्याभूत गरेको आत्मनिर्णयको अधिकार सहितको स्वायत्तता र नेपालको संविधान २०७२ ले व्यवस्था गरेको विषेश, संरक्षित वा स्वायत्त क्षेत्र मध्ये एक हुनुपर्ने माग दावी गर्छन । जसले ताङ्गबेको अग्राधिकार र आत्मनिर्णयको अधिकारलाई सुनिश्चित गर्दछ ।

१०.९. विद्यमान वहिष्करण, परामर्श र समावेशीकरण तथा सहभागिता अवस्था

वर्तमानमा नेपालमा विभिन्न क्षेत्रमा समावेशी र समानुपातिकसम्बन्धी सैद्धान्तिक बहस चलिरहेको छ । साथै सरकारले समावेशी र समानुपातिक सिद्धान्तको नीतिलाई अवलम्बन गरेको अवस्था छ । जसले गर्दा नेपालका राजनैतिक दल, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रले विभिन्न तहमा विभिन्न वर्ग, जात, जाति,

समूह क्षेत्र आदिलाई समावेश गर्न थालेका छन् । जुन तुलनात्मक रूपमा पहिलेको भन्दा प्रगतिशील र सकरात्मक रहेको छ । तथापि पुर्ण भने होईन ।

यस जातिका व्यक्तिहरू विभिन्न राजनैतिक दलको जिल्ला, पालिका तथा वडास्तरको संरचनामा समावेश भएका छन् । जसले गर्दा वडा, पालिका र जिल्लास्तरीय कार्यक्रम र योजना तर्जुमा विभिन्न राजनैतिक पार्टीको तर्फबाट परामर्श, छलफलमा सहभागी हुने गर्दछन् । त्यसैगरी ताङ्बे गाउँमा सम्वत् २०१९ सालमा स्थापित ताङ्बे प्राथमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा पनि ताङ्बेहरू सहभागी छन् । जसले गर्दा विद्यालयको विभिन्न गतिविधि र स्तर उन्नतिको लागि आवश्यक परामर्श, छलफल गर्ने कार्यमा प्रत्यक्ष सहभागी हुन्छन् । यस जातिको भूभागमा सरकारी तथा गैरसरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा छलफलमा सहभागी गराए पनि योजना तर्जुमा र निर्णय प्रक्रियामा भने सहभागी बनाएको पाइदैन ।

यस जातिलाई असर र प्रभाव पार्ने खालको कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गर्नुपरेमा सरकारी र गैरसरकारी संस्थाहरूले परामर्शको लागि केही मात्रामा सहभागी गराउने गर्दछ । यस्तो सहभागिताले निर्णायक भूमिका खेल्न सक्दैन । राज्यले ताङ्बेहरूलाई योजना निर्माण र कार्यान्वनमा सहभागी नगराएका धेरै दृष्तान्तहरू छन् । जसको उदाहरण कालीगण्डकी कोरिडोरको निर्माण हो । कालीगण्डकी कोरिडोर निर्माणको क्रममा ताङ्बेहरूको सांस्कृतिक सम्पदा छोर्तेनहरू भत्काइएका छन् । त्यसबेला ताङ्बेसँग छलफल, परामर्श र स्वतन्त्र पूर्व जानकारीसहितको मन्जुरी लिएको छैन । क्षतिपूर्ति दिने त कुरै भएन । सडक विकास त भयो, तर ताङ्बेको सांस्कृतिक सम्पदाको विनाश गरियो ।

१०.१०. ताङ्बे जातिको परम्परागत परामर्श र सहभागिताको पद्धति

यस जातिमा क्रिया-प्रक्रिया, स्व-परिचालित सहभागिता र परामर्श गर्ने परम्परागत पद्धति निकै प्रभावकारी रहेको पाइन्छ । यस समुदायले पहिले आफ्नो समस्या वा अवस्थालाई हेरी उक्त समस्यालाइ कसरी समाधान गर्न सकिन्छ भनेर घेन्प, घेन्प च्याङ्प र छोक्पोमा छलफल एवं परामर्श गर्छन् । परामर्श र छलफलमा निष्कर्ष नआएपछि समाधानको लागि झोम्पोमा छलफल र परामर्श गर्छन् । झोम्पोमा पनि समाधान भएन वा निष्कर्ष आएन भने फोदोमाकीमा छलफल र परामर्श गर्छन् ।

फोदोमाकीबाट भएको निर्णय अन्तिम हुन्छ । सबैले कार्यन्वयन र पालन गर्छन । विगतदेखि वर्तमानसम्म ताङ्गबेहरूले यही प्रक्रिया र व्यवस्थालाई कार्यान्वन गर्दै आएका छन् । उनीहरूको परम्परागत परामर्श, छलफल र सहभागिता प्रभावकारी छ भन्ने प्रष्ट हुन्छ ।

वर्तमानमा पनि गाउँमा विभिन्न देवीदेवताको थान, छोर्तेन, विद्यालय, पँधेरो, चौपारी, सरसफाइ, सिँचाइ कुलो मर्मत तथा निर्माण, प्राकृतिक स्रोतको व्यवस्थापन र आपसी एवं अन्य गाउँ तथा समुदायसँगको मनोमालिन्यको मिलापत्र आदि गर्दा यसै किसिमको सहभागिता र सोही प्रक्रियाबाट छलफल तथा परामर्श गरेको पाइन्छ । उनीहरूले गाउँ र समाजको हितको लागि काम गर्नुपर्‍यो भने ताङ्गबेको संरचानाबाहेक अर्को दोस्रो पक्षको सहयोगविना नै कार्य गर्दछन् । यसरी कार्य गर्दा कुन परिवारको के कस्तो अवस्था छ, परिवारको मूल्याङ्कन गरेर केही काममा सहयोग वा सुविधा पनि दिने गरिन्छ । यस्तो सहभागिताले नै ताङ्गबे समुदायलाई स्व-परिचालित तहसम्म पुर्‍याउन मद्दत गरेको छ । यस किसिमको पद्धति मुख्य गरी सामाजिक कार्यका लागि फाइदा पुर्‍याउने गरेको बुढापाकाहरू बताउँछन् । यसरी निर्णय गरेर काम गर्दा कुनै किसिमको विवाद भएको पाइदैन ।

१०.११. स्थानीयस्तरमा आदिवासी र गैर आदिवासीसँगको सम्बन्ध

ताङ्गबे जातिको मूलथलोमा पहिले विशुद्ध ताङ्गबे जातिमात्र बसोबास गरेका थिए । पञ्चायतकालीन समयमा केही दलितहरू गएर बसोबास गर्न थालेका थिए । त्यसैले वर्तमानमा ताङ्गबे गाउँमा ताङ्गबे र दलित जातिको बसोबास रहेको छ । त्यसबाहेक अरु जातजातिको बसोबास थिएन र छैन । ताङ्गबे र दलितबिचको सम्बन्ध राम्रो रहेको छ । त्यसैगरी यस जाति बसाइँसराइ गरेको जोमसोम, पोखरा, काठमाडौँ आदि ठाउँहरूमा भने अन्य गुरुङ, छन्त्याल, थकाली, तीन गाउँले थकाली, बाहुन, क्षेत्री, मगर, नेवार, राई, लिम्बू आदिसँग छ्यासमिसे बसोबास रहेको छ । यी विभिन्न जातिसँग पनि उनीहरूको राम्रो सम्बन्ध रहेको छ । अन्य जातजातिसँग जातीय द्वन्द र झगडा भएको इतिहास छैन । राज्यसँग पहिचान र अधिकारको सङ्घर्ष तथा आन्दोलन गर्दा माग गरिएका पहिचान र अधिकारलाई राज्य तथा शक्ति केन्द्रमा भएका व्यक्ति र जातहरूले साम्प्रदायिक र जातिवादी भन्ने गरेका छन् । यसले द्वन्द्वतिर घचेट्ने प्रयास गर्छ । अन्यथा अन्य अवस्थामा आदिवासी र गैर आदिवासीसँग सम्बन्ध राम्रो रहेको छ ।

अध्यायः एघार

सारांश र निष्कर्ष

११.१. सारांश

नेपालको हिमालीपारिका जिल्ला भनेर परिचित मुस्ताङ जिल्लाको बाह्रगुँ मुक्तिनाथ गाउँपालिका वडा नं. ३ (साविक छुसाङ गा.वि.स. वडा नं. १ र २) ताङ्गबे गाउँमा मूलथलो भएको आदिवासी जाति ताङ्गबे हो । जुन नेपालको सूचीकृत ५९ आदिवासी जनजातिमध्ये एक हो । उनीहरू आफूलाई ताङ्गबे र ताङ्गबेतानी भनेर चिनाउने गर्छन् । ताङ्गबे पुर्खाहरू मनाङको माथिल्लो उपत्यकाको भुज्रो भन्ने स्थानबाट बसाइँसराइ गरी हालको स्थानमा आएका हुन् भन्ने भनाइ छ । यस जातिबारे पर्याप्त अध्ययन र अनुसन्धान हुन सकेको छैन । तसर्थ ताङ्गबे जातिको उत्पत्ति र इतिहासले अझै स्पष्ट रूप लिएको छैन । विभिन्न अध्ययनकर्ता र सरकारी तथ्याङ्कले ताङ्गबे बाह्रगाउँ क्षेत्रमा बसोबास गर्ने अन्य समुदाय र गुरुङसँग मिसाएका छन् । ताङ्गबे जातिका बुढापाका र जानिफकारहरू विभिन्न अध्येता र राज्यले अन्य समुदाय र गुरुङसँग मिसाएकोमा असहमति प्रकट गर्छन् । उनीहरूको संस्कृति, भाषा र प्रथाजनित कानुनहरू अब्बल रहेका छन् । उनीहरूको भूगोलको साँध सिमाना पूर्व निर्धारित रहेको छ ।

ताङ्गबेको आफ्नै मौलिक भाषा छ, जसलाई सेर्के भाषा भनिन्छ । वर्तमानमा सेर्के भाषाको लिपि छैन । लेखनमा देवनागरी लिपि प्रयोग हुन्छ । त्यसैले मातृभाषा बोलिचालीमा मात्र सीमित छ । शब्दमा सेर्के भाषा धनी छ । त्यसको सङ्ग्रह, शब्दकोश निर्माण तथा विभिन्न पुस्तकमा लिपिबद्ध हुन सकेको छैन । विभिन्न भौगालिक स्थान, खोला, वनजङ्गल, नदी र वस्तुहरूको नाम सेर्के भाषामा रहेका छन् । सेर्के भाषाको निकटता थकाली, गुरुङ, तामाङ र छन्त्यालसँग रहेको छ । तर यी भाषाहरूबिचको सम्बन्ध स्थापित गर्ने पर्याप्त आधारहरू हालसम्म फेला परेको छैन । अर्थात अध्ययन-अनुसन्धान हुन सकेको छैन । भाषा संरक्षण एवं विकासको लागि राज्य र सम्बन्धित जाति दुवै पक्षबाट औपचारिक तथा ठोस पहल भएको छैन । अन्य जातजातिसँगको माध्यम भाषा नेपाली र अङ्ग्रेजी हो । नयाँ पुस्ताले मातृभाषा कम बोल्छन् । तर पुरानो पुस्ता सबैले सेर्के भाषा बोल्छन् ।

ताङ्गबेहरूको शैक्षिक स्थिति राम्रो भए पनि मातृभाषामा शिक्षा आर्जन गर्ने अवसर र अधिकारबाट वञ्चित भएका छन् । विद्यालयमा नेपाली र अङ्ग्रेजी माध्यमबाट पढाउने गरिन्छ ।

उनीहरूको परम्परागत धर्म बुद्ध हो । तथापि उनीहरूको कतिपय संस्कार र पूजाहरूमा बोन र प्राकृतिक धर्मको संकेतहरू देखिन्छ । ताङ्गबेहरूले आफ्नो संस्कारका कार्यहरू बुद्ध धर्मअनुसार लामाद्धारा सम्पन्न गर्छन् । बुद्धबाहेक भिहुल्ह, कूलदेवता र अन्य देवीदेवतालाई मान्ने एवं पुज्ने गर्छन । संस्कारमा ठि, भिसी त्हाङ्प, चोडघिङ, फोदोमाकी, विवाह, थर्च्याङ र मृत्यु संस्कार मुख्य हुन् । यी सबै कार्यमा लामाको प्रमुख भूमिका हुन्छ । त्यसैगरी मुख्य चाडपर्व छौ, योर्तोङ, फानिङ, धज्याङ र बुद्ध पूर्णिमा हो । सबै चाडपर्व उत्तिकै धुमधामसँग मनाउने गर्छन् ।

उनीहरूको आफ्नै सामाजिक संरचना र नाता सम्बन्ध रहेका छन् । नाता सम्बन्ध मुख्य विवाह एवं रगतको आधारमा कायम हुन्छ । घर बनाउने सीप, कला, ज्ञान र प्रविधि पर्यावरण र उपलब्ध साधन स्रोतमा निर्भर रहेको छ । गाउँको बसाइ सकेसम्म एकमा अर्को घर जोडिएर बनाइएको गुजुमुज्ज रहेको छ । गाउँको चारैतिर छोर्तेनहरू निर्माण गरिएका छन् । जसको सामाजिक र सांस्कृतिक महत्व रहेको छ । ताङ्गबे जातिको मौलिक ह्रिच (थर), वर्ग, खम र ल्ह रहेका छन् । विवाह विशेषत ह्रिचका आधारमा गर्ने चलन छ । मामाचेला फुपूचेली सोलीडोलीमा विवाह गर्ने परम्परा छ । उनीहरूमा हिन्दु धर्मको प्रभाव कम रहेको छ ।

ताङ्गबेहरूको परम्परागत पेशा कृषि, पशुपालन र व्यापार हो । ताङ्गबे गाउँ र जोमसोममा बस्नेहरूले अझै पनि उक्त पेशालाई निरन्तरता दिएका छन् । ताङ्गबेहरूले व्यापारीको रूपमा पहिले तिब्बत र नेपालको पहाडी क्षेत्र तथा भारतसँगको व्यापारमा मुख्य भूमिका खेलका थिए । तिब्बतसँग व्यापार बन्द भएपछि पोखरा र काठमाडौँ बसाइँ सरेका छन् । जहाँ उनीहरूले व्यापार गरेका छन् । त्यसबाहेक रोजगारीको लागि विदेशसमेत पुगेका छन् ।

ताङ्गबे जाति प्रथाजनित संस्था र कानुनमा निकै अब्बल रहेको छ । उनीहरूको राजनैतिक, न्यायिक र प्रशासनिक संरचना विशेष किसिमको रहेका छन् । जसले समाजमा सामाजिक, सांस्कृतिक, आर्थिक र न्यायिक कार्यमा मूख्य भूमिका खेल्छ । व्यावस्थापिकाको कार्य फोदोमाकी र झाम्पोले गर्छ । जहाँ ताङ्गबेको

परम्परा, रीतिथितिबमोजिम विभिन्न क्षेत्रसँग सम्बन्धित नीति-नियम बनाउने र कार्यान्वनको लागि भूमिका खेल्ने गर्छ । घेन्प, घेन्प च्याङ्प र छोक्पोले कार्यपालिका र न्यायपालिकाको कार्य गर्छन् । न्याय सम्पादन गर्ने क्रममा घेन्पले झ्योम्पो र फोदोमाकीको समेत सहयोग लिने गर्छ । उनीहरूको नीति, नियम र थितिहरू लिपिबद्ध एवं दस्तावेजीकरण भएको पाइदैन । ताङ्बेको प्रथाजनित राजनैतिक, न्यायिक र व्यावस्थापकीय संस्था तथा उनीहरूले गरेको कार्य, नीति, नियमको दस्तावेजीकरण गर्न आवश्यक छ। यसैको आधारमा स्थानीय समुदायको विभिन्न क्षेत्रमा विकास गर्न सकिन्छ।

जनसङ्ख्याको दृष्टिमा ताङ्बे जाति अल्पसङ्ख्यक हो । जनसङ्ख्या करिब एक हजार भएको अनुमान गरेपनि ताङ्बे समाज सेवा संघ केन्द्रीय समितिको भूपू र वर्तमान पदाधिकारीको आन्तरिक तथ्याङ्कअनुसार जम्मा ६२८ रहेका छन् । जसमा ३१३ जना महिला र ३१५ जना पुरुष रहेका छन् । नेपालको राष्ट्रिय तथ्याङ्क विभागले लिएको ११औं पटकसम्मको तथ्याङ्कमा पनि ताङ्बे जातिको जनसङ्ख्या र भाषा समावेश हुन सकेको छैन । त्यसैले सामूहिक पहिचानको दृष्टिले ताङ्बेहरूका लागि राष्ट्रिय तथ्याङ्क विभाग हुनु नहुनुले केही फरक पारेको छैन।

सम्वत् २००७ सालको प्रजातन्त्र स्थापनापछि ताङ्बे अग्रजहरू राजनीतिक क्षेत्रमा सहभागी भएका थिए । राजनीतिक चेतनाको कारणले नै सम्वत् २०१५ सालमा सम्पन्न आम निर्वाचनमा ढावा (धव) ताङ्बेले नेपाली कांग्रेसलाई जिताउनको लागि महत्वपूर्ण भूमिका खेलेको थिए । साथै सम्वत् २०१७ सालमा नेपालमा लागू भएको पञ्चायती व्यवस्थाको पहिलो गाउँ पञ्चायतको चुनावमा छुसाङ पञ्चायतको पहिलो प्रधानपञ्चको रूपमा ढाक्पा ताङ्बे निर्वाचित भएका थिए । पञ्चायती व्यवस्थाले एक भाषा, एक भेष, एक संस्कृति, एक धर्मलाई संरक्षित गरेपछि जातीय पहिचान र अधिकारको निम्ति ताङ्बे अग्रजहरूले सम्वत् २०२५/२६ सालतिर नै जातीय समाजिक संस्था स्थापना गरेका थिए । सक्रिय रूपमा काम गर्ने वातावरण नभए पनि सुषुप्त अवस्थामा समुदायमा काम गऱ्यो ।

जातीय पहिचान, स्वशासन र अधिकारको लागि ताङ्बेहरू सम्वत् २०४६ सालको बहुदलीय व्यवस्था लागु भएपछि बढी सक्रिय भए, जुन सक्रियता हालसम्म निरन्तर रहेको छ । वर्तमानमा ताङ्बे जातिको प्रतिनिधिमूलक संस्था नेपाल आदिवासी

जनजाति महासंघको सदस्य रहेको छ। त्यसैगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा विभिन्न सचेतनामूलक कार्य गरेको छ । जिल्ला प्रशासन कार्यालय कास्कीमा सामाजिक संस्था ऐनअनुसार दर्ता पनि भएको छ।

ताङ्गबे जातिको पहिचान, संस्कृति, भाषा, धर्म, र प्रथाजनित संस्था एवं कानुनहरूको विकास तथा संरक्षणको लागि समुदाय र जातीय संस्थाले महत्वपूर्ण भूमिका खेलेको छ । विभिन्न क्षेत्रबाट भएका प्रयासले मात्र पूरा हुँदैन । तसर्थ राज्य र तीन तहको सरकारले ऐनमा सूचीकृत तर राष्ट्रिय तथ्याङ्क विभागको तथ्याङ्कमा समावेश नगरिएको ताङ्गबे जातिको पहिचान र अधिकार सुनिश्चित गर्न तथा भाषा, संस्कृति आदिको संरक्षण र संवर्द्धन गर्नका लागि ठोस नीति, कार्यक्रम र बजेटको व्यवस्था गरी कार्यान्वन गर्न आवश्यक रहेको छ। त्यसैगरी ताङ्गबे स्वायत्त क्षेत्रको लागि आवश्यक पहल गर्न जरुरी छ।

११.२. **निष्कर्ष**

ताङ्गबे जातिको चिनारीको माध्यमद्धारा उनीहरूको साङ्गोपाङ्गो जातिशास्त्रीय अध्ययन गर्ने प्रयास गरिएको छ। यो अध्ययनले ताङ्गबे जातिको विविध पक्षमा बाह्य र आत्मिक दृष्टिले थप गहिरो अध्ययन गर्नुपर्ने आवश्यकता बोध गराएको छ। ताङ्बे आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ मा सूचीकृत ५९ वटामध्ये एक आदिवासी भएपनि उनीहरुको जनसङ्ख्या, भाषा, संस्कृति र पहिचानलाई राज्यले उचित स्थान दिएको छैन । उनीहरू राज्यबाट बहिष्करण र सिमान्तकरण परेका छन् । राज्यको दृष्टिमा अदृष्य छन् । सरकारी तथ्याङ्कमा समावेश गरिएका छैनन् । जसले गर्दा उनीहरूको अस्तित्वमाथि संकट देखा पर्ने स्थिति छ। सम्बन्धित जातिले पहिचान र अधिकारको लागि केही प्रयास गरे पनि राज्यले पहिचान र अधिकार सुनिश्चित नगर्दासम्म पूर्ण हुन सक्दैन ।

राज्यको मूलप्रवाहबाट वञ्चितीकरण परेका ताङ्गबेहरूको उत्पत्ति र इतिहाससम्बन्धी स्पष्ट तथ्य र प्रमाण अझैसम्म पाउन सकिएको छैन । त्यसैले यो जातिको उत्पति, इतिहास, पहिचान, सामाजिक, सांस्कृतिक, प्रथाजनित संस्था र कानुन, आर्थिक जीवनपद्धतिलगायत विविध पक्षमा मानवशास्त्रीय र समाजशास्त्रीय गहिरो अध्ययनको आवश्यकता छ। दस्तावेजीकरण हुन नसकेका राजनैतिक, न्यायिक र व्यवस्थापकीय संयन्त्र र नीति-नियमको दस्तावेजीकरण गर्नुपर्ने देखिन्छ।

सङ्ख्यात्मक हिसाबले अल्पसङ्ख्यक ताङ्गबे जातिको मूलथलो वर्तमान बाह्रगुँ मुक्तिक्षेत्र गाउँपालिका वडा नं ३ को ताङ्गबे गाउँ हो । उनीहरूको मूलथलोको साँध सिमाना परम्परागत र मौखिक रूपमा निर्धारित छ, तर नक्सा भने तयार गरिएको छैन । ताङ्गबेले बोल्ने सेर्के भाषा शब्दमा धनी भए पनि सोको सङ्ग्रह र शब्दकोश निर्माण हुन सकेको छैन । सांस्कृतिक सम्पदाहरू विकासको नाममा मासिदै गएका छन् । नेपालको आधुनिक शिक्षा प्रणाली लागू भएपछि ताङ्गबे बालबालिकाको नाम, भूगोल र वस्तुको नाम नेपालीकरण भएका छन् । शिक्षाको विकासले उनीहरूको भाषा र पहिचानका आधारलाई नेपालीकरण गराइ विनाश गरेको छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी तथा राज्यको विभिन्न निकाय, गैरसरकारी संस्था आदिमा सहभागिता र समावेशिताको अवस्था कमजोर छ । उनीहरूलाई प्रभाव पार्ने र असर गर्ने विकास निर्माण, नीति-नियम तयार गर्दा राज्यले सहभागी गराउने र परामर्श गरेको छैन । मूलथलो ताङ्गबे हुँदै कालीगण्डकी कोरिडोरको सडक निर्माण गरिएको छ । सो आयोजनाको योजना बनाउदा, सडकसम्बन्धी नियम बनाउदा, निर्माण गर्दा सामूहिक रुपमा ताङ्गबेसँग परामर्श र छलफल गरिएको छैन । यो कार्य नेपाल सरकार पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासी जनजातिको मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ को विपरित रहेको छ । यसबाहेक सरकारी निकाय तथा गैरसरकारी संस्थाले योजना निर्माण र कार्यान्वयनमा स्वतन्त्र पूर्व जानकारीसहितको मञ्जुरी लिएको पनि पाइदैन । जुन ताङ्गबे जातिलाई बेवास्ता गरेका उदाहरण हुन् ।

ताङ्गबेको पारिवारिक, सामाजिक संरचना र बसोबास भूगोल, पर्यावरण एवं उपलब्ध साधन स्रोतमा आधारित भएर विकास भएको छ । जसको ऐतिहासिक र व्यहारिक पक्षको गहिरो अध्ययन हुनुपर्छ । राज्यको आर्थिक उदारीकरणको नीति, रैथाने ज्ञान, सीप र प्रविधिप्रतिको बेवास्ता र विश्वमा विकास भएको भूमण्डलीकरण, पुँजीवाद आदिले ताङ्गबेको परम्परागत ज्ञान, सीप र प्रविधि लोप हुँदै गएका छन् । अर्कातिर एकल परिवारको सङ्ख्यामा वृद्धि भएको छ । मातृसत्तात्मक समाज पूर्ण पितृसत्तात्मक हुँदै गएको छ । धेरै थोरै बाह्य धर्म, संस्कृतिको प्रभाव ताङ्गबे संस्कार-संस्कृतिमा परेको छ । त्यसैले रुढीवादी र खर्चिलो संस्कार एवं संस्कृतिलाई समयानुकूल परिमार्जन गरी बाह्य धर्म र संस्कृतिका नकारात्मक

पक्षबाट जोगाउदै मौलिक धर्म, संस्कार-संस्कृतिको जगेर्ना गर्नुपर्छ । अन्यथा भएको जातीय पहिचानका आधारहरू पनि लोप हुने सम्भावना बढी रहेको छ ।

अन्त्यमा, ताङ्गबे जातिको विविध पक्षको गहिरो अध्ययन र अनुसन्धान गर्न आवश्यक छ । त्यसैले यथाशक्य जातीय पहिचान दिने मौलिक संस्कार, धर्म, संस्कृति, भाषा, आर्थिक, राजनैतिक र सामाजिक जीवनपद्धति, मूलथलोको साँध सिमाना लगायतलाई दस्तावेजीकरण र लिखित गर्ने, सोको लागि चेतनामुलक र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्न अपरिहार्य छ । यसका लागि राज्य, ताङ्गबे जातिको प्रतिनिधिमूलक संस्था र परम्परागत संस्था सबैको सहभागितामा आवश्यक योजना र कार्यक्रम बनाई कार्यान्वन गर्नु अनिवार्य छ। कर्ताको भूमिका ताङ्गबे जानिफकार, शिक्षित र बौद्धिक समूहले निर्वाह गर्न आवश्यक छ । साथै नेपालको संविधानले व्यवस्था गरेबमोजिम ताङ्गबे जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक विकासको लागि विशेष, संरक्षित र स्वायत्त क्षेत्र माग गर्नु जरुरी छ। जसले ताङ्गबे जातिको उत्थान र विकासमा योगदान गर्नेछ ।

अनुसूचीहरू

अनुसूचीः १ यार्तोङ् पर्वको अवसरमा गाउने गीत

१. यार्तोङ्मा घोडामा सवार हुँदा गाउने गीत

ल त सेर पला झोम, से की तउजी झोम्
ल त डुल पला झोम, से की ढे जेनजी झोम
ल थोकम् पेम धवके घ्युई करजी झोम्
ल तेर्क धेई त्यं लं दु न्हिम जी स्यर
ल ऱ्हप्तम् ऱ्हुप्क ध्युईले घ लु जी ल्हेन्

२. ताङ्बे गाउँ परिक्रमा गाउने गीत

उईल नङ्बी उईस्य ह्य नोम ध्युई ध्युसो म्ह नम्न
ह्यं ही नम् सेन धव ह्य थो थो
डेन्ल नम्बी डेन्यु "
ठङ्ल नम्बी ठंके "
छ्याक्ल नम्बी छ्याक्दीप "
ल्व्हील नम्बी पुरु "
केल नम्बी केर "
प्वील नम्बी प्वीस्यु "
स्ह्यप्ल नम्बी स्हप्सेन् "
काल नम्बी स्ह्म्टो "

क) लं..... ऱ्हिई त्वेल ठुंपी फोलो सिङकी ताक्प
भ्वे सोनम् तप्पी ङ्ह थोङब खे ल ऱ्हे
ऱ्हे यं खेल ऱ्हे ले सोङ्
ङ्ह ङ्युयाङ् खेने ङ्युङ्

ङ्ह ङ्युङ् सी ताग्दुल्ह्याग्

ख) लं.....ऱ्हङ केल ठुंपी ल्ह ल च्येन्की स्युक्रप

भ्वे साङ्के तेम्पी ङ्ह खे ल ऱ्हे

हे याङ् खेल हे ले सोङ्

ङ्यूङ् यम् खे ने ङ्यूङ्

ङ्ह ङ्युङ्सी ताग्दुल्ह्याग्

ग) लं.....ऱ्हङ मेल ठुंपी म्होल्हो सिंकी लं ल म ध्यम्छे पोती

धम्बी ङ्ह लप्सी खे ल ऱ्हे

ऱ्हे यं खे ल ऱ्ह ले सोङ्ग

ङ्ह ङ्युयाङ् खेने ङ्युङ्

ङ्ह ङ्यु सी ताग्दुल्ह्याग्

घ) ल.....चंपी ढम्ल ठुंपी न्हुकम् सम्तेन् आंमो धम्छे पोती म्हयम्पी

ङ्ह न्हुकु खे ल

ऱ्हे यं खेल ऱ्हे ले सोङ्

ङ्ह ङ्युं याङ् खेने ङ्युङ्

ङ्ह ङ्यु सी ताग्दुल्ह्याग्

३. छ्युमेमा (मुक्तिनाथमा गुम्बा) परिक्रमा गर्दा गाउने गीत

ल.....फो या को म्हयेम्बे भँचे घमरु सेरघवी छ्योर्तीङ्ग

प्वीन सुम स्हयं

धे दम् सु तम् सूर्य म्हेम्ब हीन धे दम् चवी लम स्हयम्ब हिन्

धे दम् सु तम् सुइ कोर्स हीन् धम्चे भ्होम्वी ङे कोर्स ही

ल..... .फो या को म्हयेम्बे भँचे घमरु ङुल घवी छ्योर्तीङ्ग

प्वीन सुम स्हयं

धे दम् सु तम् सूर्य कोर्स हीन छे धाङ स्यव भ्होम्पी् ङे कोर्स हीन्

धे दम् सु तम् सुइ म्हीसेर झोम्पो ङे कोर्स हीन्

ल.....फो या को म्हयेम्बे भँचे स्हयसकमरु धुँ धवी छ्योर्तीङ्ग

प्वीन सुम स्हयम्

धे दम् सु तम् सुइ कोर्स हीन धे नम् भुटु झोम्बो ङे कोर्स हीन्

धे दम् सु तम् सुइ कोर्स हीन धे नम् भुटु झोम्बो ङे कोर्स हीन

ल.....छेयाक्स घने तेने ह्यम्बी विट झ्यल्सोङ्

विट तेम छेले सोङ ङ नेचेन झिल्ब छे

नेचे छ्युमे घ्यर्छ ङ्ह म्हग्युर तेनह स्ह्युक

ङ्घि तम् सम्पे झ्यल्बी ङ्ह टसी मोलम् तव

ह्यंमे ह्यांसो झ्यलवी टसी मोलाम छर

४. यार्तोङ् पर्वको समापन गर्दा गाउने गीत

छ्याक यावी तम्दु सेर की ध दर नोम्

सेरकी धर दर नोम्दे टल स्हीव स्यो याङ्ल छ्याम्प स्यो

छ्याक्प यंम्वी त्यम्दु डुल की छे बुम नोङ छेङ छे बुम नोङ्

देछे बुम नोङ्दे टल स्हीव स्यो यंल छ्याक्पस्यो

छ्योक स्यर्की ञ्हिनी घम्ल की ञ्ही

छ्योक स्यकी ञ्हिगी म्हेन्दो ञ्हि म्हेन्देा सम्पी ञ्ही

म्हेन्देा सम्पी ञ्हील टल स्हीव स्यो

यङ्ल छ्याक्प स्यो

म्हेन्देा खङ चेन खे ल यङ फोक

म्हेन्दो ल्हाक्पी चेन ङिम याङ खे

म्हेन्दा कंपी न्हेन्न गोम्चे याङ स्योर ।

अनुसूचीः २ धज्याङ् पर्वको अवसरमा गाउने गीत

१. फोदोमाकी झोम्न्हुबाट धस खेल्ने ठाउँमा जाँदा गाउने गीत

१ हो सो युङक ढाक्पी ऱ्हील देरु सेरकी ध ज छ्याक
सर्की घ ची छ्याल मु ङे नम्ल चेनल् स्हिक
घ लरी अ ले ल ल
नुम सरी अ ले ल ल

२ ओ सो टसी भुञ्चे चेल्हे देरु खाता धर्च्यो चुक
धेय घेम्प छेले मुङे धर्च्यो ल पुल
सो ओ म ल ऱ्होले
सो ओ म ल ऱ्होले
घेम्प छेमी कटिल किपो म्हन ढुक्पो म्हिन्दु ह्वे ल

३ हो सो टसी भुञ्चे दुईले देरु धंचे खेमु खिल
धे यम् धेम्प छेले मुङे छ्याकल गेन्ल पुल
ध अ लरी अले ल मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल
सुम सरी अले ल मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल

२. फोदोमाकी धसबाट झोम्न्हु फर्कदा गाउने गीत

१ हो सो न्हिम्ह स्यर्ने स्यच्युङे स्हरे ङिन्च्य ङि
न्हिम्ही ह्वे मे ल्ह्य मुङे न्हिन्छे दिने स्यर
सो ओ न्हीञ्छे दिने स्यर
मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल

सुम सरी अले ल मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल

२ हो सो धक न्हुक्ने छेलेज्युङ् डेछे चिक छेङी धक
म्हऱ्ही म्हेम्प म्हिक्के मुङे होरे धेम्प छे
सो ओ होरे धेम्प छे
म्हही म्हेम्प म्हिक्के मुङे होरे माकी झोम
सो ओ होरे माकी झोम
म्हऱ्ही म्हेम्प अम खिम्ता पाल्की
म्हऱ्ही म्हेम्प अम छ्याङ्मो ल
ध अ लरी अले ल मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल
सुम सरी अले ल मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल

३ हो सो ध स चिने ह्याव देनी किपी सरु लेप
कम् च्युङ एव घ्यब्ने देनी म्हल छ्योक्ल म्हिक
सो ओ म्हल छ्योक्ल म्हिक
ध अ लरी अले ल मुङे अ ल ऱ्होल
मुङे अ ल ऱ्होल
सुम सरी अले ल मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल

४ हो सो न्हम्क विने स्यर्ल च्युङे मिक डिह्त्यम्यु चप्तिन्
कर्मि ऱ्हम्कु स्हीक्केन स्यर्की कर्केन पल्चन्
सो ओ स्यर्की कर्के पल्चन्
हो ओ घेम्प छेमो

सो ओ धेम्प छेमो

म्हीई ऱ्हङ्कु स्हिक्केन होरे आम खिम्ता पाल्की

सो ओ आम खिम्ता पाल्की

म्हीई ऱ्हङ्कु स्हिक्केन होरे आम छ्यांमो

सो ओ होरे आम छ्यांमो

ध अ लरी अले ल मुङे अ ल ऱ्होल

सो ओ अ ल ऱ्होल

धेम्पछेमो कटिल किपो म्हन

दुक्पो म्हिन्दु

ह्वे ह्वे ह्वे ल

५ हो सो छिने चाक्री खोर देनी च्यमी च्याक्री खोर

न्हल न्हुर्पु न्हुक्केन होरे धेम्प छेमो

सो ओ होरे धेम्प छेमो

न्हल न्हुर्पु न्हुक्केन होरे माकी झोम

सो ओ होरे माकी झोम

न्हल न्हुर्पु न्हुक्केन हेारे आम खिम्ता पाल्के

सो ओ होरे आम खिम्ता पाल्के

न्हल न्हुर्पु न्हुक्केन हेारे आम छ्यांमो

सो ओ होरे आम छ्यांमो

ध अ लरी अले ल मुङे अ ल ऱ्होल

सो ओ अ ल ऱ्होल

सुम सरी अले ल मुङे अ ल ऱ्होल

सो ओ अ ल ऱ्होल

६ हो सो सिङ्की दुगी छेले वनी घ्यई चेन दोङ्यो

म्हिङ दुगी छेले बनी होरे घेम्प छेमो
सो ओ होरे घेम्प छेमो
म्हिङ दुगी छेले बनी होरे माकी झोम
सो ओ होरे माकी झोम
म्हिङ दुगी छेले बनी हेारे आम खिम्ता पाल्के
सो ओ होरे आम खिम्ता पाल्के
म्हिङ दुगी छेले बनी हेारे आम छ्यांमो
सो ओ होरे आम छ्यांमो
ध अ लरी अले ल मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल
सुम सरी अले ल मुङे अ ल ऱ्होल
सो ओ अ ल ऱ्होल।

अनुसूचीः ३ थर्च्याङ्ग संस्कारमा गाउने गीत

आरम्भमा शुभकामना (मंगल गीत) को लागि गाउने गीत नं. १ (करिब ९/१० मि.)

१. अ... (थ ल व रं ... थ ल अ रो ..... लअ ....ल्हतर घांने थरो ....)^{२}

ल्हतर घांने थरो डे नम्ज्यल म्हीलेन्दो^{२}

धेल खोरे धा स्याडे सेर घ्युर्स म्हिलेन्दो

धेल खोरे स्ह्यूक स्ह्याडे थुक् घ्युर्स म्हिलेन्दो

सुम्ज्यो देशे ए बाडे एन् धजी घ्यलस्यो

सुम्ज्यो देशे एन् बाडे एन् स्हुक्ची घ्यलस्यो

तले ले ले ले ले ले ले ले..... तिले ले ले ले ले ले ले ले

२. अ... (थ ल व रं ... थ ल अ रो .....लअ झ्यतर सिङ्ने थरो...)^{२}

झ्यतर सिङ्ने थरो डे नम्ज्यल म्हीलेन्दो^{२}

धेल .....

३. अ... (थ ल व रं ... थ ल अ रो ..... लअ ङ्हाङ्प छोने थरो)^{२}

ङ्हाङ्प छोडे थरो डे नम्ज्यल म्हीलेन्दो^{२}

धेल .....

४. अ... (थ ल व रं ... थ ल अ रो ..... लअ ङ्हांमो चाङ्ने थरो)^{२}

ङ्हांमो चाङ्ने थरो डे नम्ज्यल म्हीलेन्दो^{२}

धेल .....

५. अ... (थ ल व रं... थ ल अ रो..... लअ म्ही ढल घोने थरो)^{२}

म्ही ढल घोने थरा डे नम्ज्यल म्हीलेन्दो^{२}

धेल .....

गीत नं. २ (करिब १३ मि.)

१. ल अ अ (थोलो व र मेलेचे)[३]

धुङ् धे थे बोङे थुक घ्युर्स म्हीलेन्दो
ढेव छिमे ओङ् बाङ्सो घुं ल्हेसो थोलोज्यूँ
माकी म्होम्बी "
खिम्ता पाल्की "
आम छ्याङ्मी "
धेल खोरे धा स्याङे सेर घ्युर्स म्हिलेन्दो
धेल खोरे स्ह्यूक स्ह्याङे थुक् घ्युर्स म्हिलेन्दो
सुम्ज्यो देशे ए बाङे एन् धजी घ्यलस्यो
सुम्ज्यो देशे एन् बाङे एन् स्हुक्ची घ्यलस्यो
तले ले ले ले ले ले ले.....तिले ले ले ले ले ले ले

२. ल अ अ (कल व र मेलेचे)[२]

धाङ् धे थे बोङे कर घ्युर्स म्हीलेन्दो
ढेव छिमे कुङ् धुंसो घाङ्ल्हेसो कर्लच्यू
माकी.....

३. ल अ अ (ऱ्हाक्ल व रं मेलेचे)[२]

ढाक् धे थे बोङे ऱ्हाक् घ्युर्स म्हीलेन्दो
ढेव छेमी कुं स्हुक्सो ढाक् ल्हेसो ऱ्हलज्यू
माकी .....

४. ल अ अ (थुप्लु व रं मेलेचे)[३]

न्हाक्दे थे बोङे थुक घ्युर्स म्हीलेन्दो[२]
ढेव छेमी छ्याक स्हेर्सो न्हाक्ल्हेसो थुप्लुज्यू
माकी .....

५. ल अ अ (ऱ्हिइ्ले व रं मेलेचे)[२]

च्छ्यू डे बोडे ऱ्हिइ् घ्युर्स म्हीलेन्दो २

ढेव छेमी धुं की सो छ्यु ल्हेसो ऱ्हिइ्लेज्यू

माकी .....

गीत नं. ३ (३०:४८ मि.)

१. हो सो..... ओ युडक ढाक्पी ऱ्हीले धे रु सेरकी ध जी छ्याक

(आ सेर्की घ जी छ्याक्ल मु डे नम्ल इ्यल स्हिक, सो ओ नम्ल चेन्ल स्हिक)[२]

अ घ लरी अ ले ल लो मु डे, आ ल लो लु ले

सो ओ आ ल लो लु ले

(आ...सुम सारी आ रे ल लो मु डे, आ ल लो लु ले सो ओ आ ल लो लु ले)[२]

हो सो

२. हो सो ....हो टसी भुञ्चे छेले धे रु खाता धर्च्यो चुक

(अ धेयाइ् घेम्प छेले मु डे न्हल ढल पुल, सो ओ न्हल ढल पुल)[२]

(अ धेयाइ् माकी झोम्ल मु डे न्हल ढल पुल, सो ओ न्हल ढल पुल)[२]

अ घ लरी .....

सुम सरी .....

घेम्प छेमी कटिल, किपो म्हन धुक्पो म्हेतो ह्वे ह्वे ह्वे

३. हो सो टसी भुञ्चे धुईल धे रु धुच छोमो खिल

(धे याइ् धेम्प छेले मु डे छ्याक्ल घेल पुल सोओ छ्याकल घेल पुल)[२]

(धे याइ् माकी झोम्ल मु डे छ्याक्ल घेल पुल सोओ छ्याकल घेल पुल)[२]

अ घ लरी .....

सुम सरी .....

४. हो सो...हो न्हिम्ह स्हर्ने स्यर्ल च्युङे स्हरे धिञ्च डी

आ न्हिम्ही ह्वे से ल्हल मुङे न्हिन्छे विने स्यर सो ओ न्हीछे विने स्यर

घ लरी .....

सुम सरी .....

५. हो सो धक न्हुक्ने छेलेञ्युङ् ङे छे चिक छेडी धक

(म्ह ञ्ही म्हेम्प स्हिने मु ङे होरे ढेप छे, धिङ्रे होरे ढेव छे)[२]

(म्ह ञ्ही म्हेम्प स्हिने मु ङे होरे माकी झोम, धिङ्रे होरे माकी झोम)[२]

(म्ह ञ्ही म्हेम्प स्हिने मु ङे होरे खिम्ता पाल, धिङ्रे होरे खिम्ता पाले)[२]

(म्ह ञ्ही म्हेम्प स्हिने मु ङे होरे आम छ्याङ्, धिङ्रे होरे आम छ्याङ्)[२]

ध लरी .....

सुम सरी .....

घेम्प छेमी ढोलेत किपो म्हेन धुक्पो म्हेन ह्वे ह्वे ल..... ह्वे ह्वे ल.....

६. हो सो ध स चिने ह्योल धे नी किपी सरु लेप

कम् च्युङ एव झ्यल धे नी म्हल छ्योक्ल स्हिक

सो ओ म्हल छ्योक्ल स्हीक

ध लरी .....

सुम सरी .....

७. हो न्हम्की व्हीने स्यर्ल च्युङे धिकर

हो कर्मि ञ्हङ्कु स्हीक्ले के डी स्यर्की कर्केन पल्च

सो ओ स्हर्की कर्केन पल

हअ म्ही ई ञ्हाङ्कु स्हीक्ले के डी होरे ढेप छे मो सोओ होरे ढेप छे

हअ म्ही ई ञ्हाङ्कु स्हीक्ले के डी होरे माकी झोम सोओ होरे माकी झोम

हअ म्ही ई ञ्हाङ्कु स्हीक्ले के डी ये होरे खिम्ता पाल सोओ होरे खिम्ता पाल

हअ म्ही ई ऱ्हाङ्कु स्हीक्ले के डी ये होरे आम छ्याङ् मो सोओ होरे आम छ्याङ्

ध लरी.....

सुम सरी .....

८. हो सो सिङ्की धुङ्की छेले वनी चेञ्चेन घोम्बो

म्हीई धुङ्गी छेलेन ब डी होरे ढेप छे मो होरे ढेप छेमो

म्हीई धुङ्गी छेलेन ब डी होरे माकी झोम होरे माकी झोम

म्हीई धुङ्गी छेलेन ब डी हेारे आम खिम्ता पाल् के होरे खिम्ता पाल्

म्हीई धुङ्गी छेलेन ब डी हेारे आम छ्यांङ् मो होरे आम छ्यांङ्

ध अ लरी .....

सुम सरी .....

९. हो सो छिले चाक्री खोर देनी च्यमी च्याक्री खोर

न्हल न्हुर्पु स्युक्ल के डी होरे ढेप छेमो भोडमे होरे ढेप छे मो

न्हल न्हुर्पु स्युक्ल के डी होरे माकी झोम भोडमे होरे माकी झोम

न्हल न्हुर्पु स्युक्ल के डी होरे खिम्ता पाल्क होरे खिम्ता पाल्

न्हल न्हुर्पु स्युक्ल के डी होरे आम छ्यांमो भोडमे होरे आम छ्यांङ्

ध अ लरी .....

सुम सरी .....

गीत नं. ४ सेर स्हाङ्ली (७:१० मि.)

१. धुं मे आ व सेर स्हाङ्वरस्यो...

चे आ व स्हे ऱ्हडी सेर स्हाङ्वरस्यो

चे स्ह म्ही ह्युल स्हे ऱ्हडी डोल स्हाङ्वरस्यो

चे ऱ्हाङ् ह्युल स्हे ऱ्हाडी धीङ् छ्याक्परस्यो

चे स्ह म्हेन्दो स्हे ऱ्हाङ् याङ् छ्याक्परस्यो

चे छ्याक ल्ह नी याङ् केवरस्यो

सेर स्हाङ्ली सेर स्यो स्यावे ल.....

२. हो ने आ व डुल स्हाङ्वरस्यो

चे आ व स्हे ऱ्हांडी डुल स्हाङ्वरस्यो

चे स्हा डी ह्यूल स्हे ऱ्हाडी डोल स्हाङ्वरस्यो

चे ऱ्हाङ् ह्यूल स्हे ऱ्हाडी धीङ् छ्याक्परस्यो

चे स्ह म्हेन्दो स्हे ऱ्हाङ् याङ् छ्याक्परस्यो

चे याङ्के ल्हमी याङ् भरपरस्यो

सेर स्हाङ्ली सेर स्यो, डुल स्हाङ्ली मुल स्यो...

स्यावे ..स्याव

३. हो ने आ व धुङ् स्हाङ्वरस्यो

चे आ व स्हे ऱ्हांडी धुङ् स्हाङ्वरस्यो

चे स्हा डी ह्यूल स्हे ऱ्हाडी डोल स्हाङ्परस्यो

चे ऱ्हाङ् ह्युल स्हे ऱ्हाडी घीङ् छ्याक्परस्यो

चे स्ह म्हेन्दो स्हे ऱ्हाङ् याङ् छ्याक्परस्यो

चे याङ् भरप ल्हमी याङ् फेलवरस्यो

सेर स्हाङ्ली सेर स्यो, डुल स्हाङ्ली मुल स्यो, धुङ् स्हाङ्ली धुङ्स्यो

स्यावे ..स्यावे

गीत नं. ५

ढेव (थर्च्याङ्ग) कर्तालि झोम् न्हुमा बिदाइ मागदाको गीत (१४:५० मि.)

हो सो..... ओ याडक ढाक्पी ऱ्हीलो धे र सेरकी ध जी छ्याक

(आ सेर्की घ जी छ्याक्ल मु घे नम्ल झ्यल स्हिक, होओ नम्ल झ्यल स्हिक)[२]

१. हो सो ..... स्ह्युक्ची हो ल स्ह्युक्लोची डे च्यमी घोङ्बो स्ह्युक

ह...ताङ्डो होल ताङ्लदो डे (च्यंमी झ्यझ्युं तम्) २

२. हो सो..... हो स्ह्युक्ची हो ल स्ह्युक्लोची डे घेम्प छेमी स्ह्युक

ह...ताङ्डो होल ताङ्ल दौो डे ढेव छेमो तम्

३. हो सा.... हो स्ह्युक्ची हो ल स्ह्युक्लोची डे माकी भ्होम्प स्ह्युक
ह.... ताङ्डो होल ताङ्ल (डो ङ माकी भ्होम्प तम्)[२]

४. हो सो..... हो स्ह्युक्ची हो ल स्ह्युक्लाची डे खिम्ता पाल्की स्ह्युक
ह..... ताङ्डो होल ताङ्ल दो डे खिम्ता पाल्की तम्[२]

५. हो सो..... हो स्ह्युक्ची हो ल स्ह्युक्लोभ्के डे आम छ्यांमो स्ह्युक
ह....ताङ्डो होल ताङ्ल डो डे आम छ्यांमो तम्[२]

६. हो सो....हो.. चिक ल घोङ्पो स्हीवेले डे डील घोङ्पो स्ह्युक
हो सो.... धे य घेम्प छेल मु घोम्प स्हीवने ल्होक सो ओ घोम्पो स्हीवने लोक्
धे य माकी भ्होम्ल मु घोम्प स्हीवने ल्होक सो ओ घोम्पो स्हीवने लोक्
धे य खिम्ता पाल्की डे घोम्प स्हीवने ल्होक सो ओ घोम्पो स्हीवने लोक्
धे य आम छ्याङ्मो डे घोम्प स्हीवने ल्होक सो ओ घोम्पो स्हीवने लोक्

७. हो सो.....होओ छिक्ल भ्होल्केन झ्युङ्न मु डे घेम्ब कप्केन मनम्
हो सो..... हो सो छिक्ल भ्होल्केन झ्युङ्न मु डे माकी कप्केन मनम्
हो सो..... होओ छिक्ल भ्होल्केन झ्युङ्न मु डे आम खिम्ता कप्केन मनम्
हो सो..... होओ छिक्ल भ्होल्केन झ्युङ्न मु डे आम छ्याङ्मो कप्केन मनम्
होरे स्हुक्ट भ्होम्ल डे - (घोङ्ब स्हिवले ल्होक् ढो)[२]
अ घ लरी अ ले ल लो मु डे, आ ल लो लु ले
सो ओ आ ल लो लु ले
(आ...सुम सारी आ रे ल लो मु डे, आ ल लो लु ले, सो ओ आ ल लो लु ले)[२]
हो सो

अनुसूची ४: सेर्के भाषाको केही शब्दहरू

नेपाली भाषा	सेर्के भाषा	नेपाली भाषा	सेर्के भाषा
टाउको	क्र	कपाल (रौं)	क्र
नाक	नकी	कान	न्हेभ्राङ्
घाँटी	खारे	दाँत	स
जिब्रो	ले	चिउँडो	कम्
गाला	ढम्पो	बङ्गरा	सई डहे
औला	या जि	छाती	कु
कुम	ल्हाओ	पाखुरा	ल्हाओ
पञ्जा	या ज्यप्	जोर्नी	छिक्
पेट	फो	नाइटो	भ्रुम
साँप्रा	भसी	तिघ्रा	ङ्यर्तोङ
पैतला	भले थिङ्	खुट्टा	भले
आँखीभौं	मि छम्	ढाड	के
नङ	याक्सीङ्	आँखा	मि
परेला	मि छम्	शिर	क्क
कानेगुँजी	न्हेप्याङ्खो	पिठ्युँ	घ्यप्
गर्दन	खारे	दुध	ङ्हे
मुन्टो	खारे	करङ	रे
मुटु	तिङ्	फोक्सो	घ्यउ
आन्द्रा	न्हाङ्छी	कलेजो	छिम्पो
रगत	का	नशा	च
हड्डी	ऱ्हिको	छाला	ढी
भुँडी	फो	मृगौला	खाल्तोघ
चामल	म्ह	धान	म्हसुन
जौं	चिखा	उवा	करु
आलु	तया	मकै	माखे
गहुँ	घो	तोरी	ननम्
मुला	ल्हउ	गाँजर	गाँजर

उखु	फेन्दीसिङ	लसुन	न्हो
फापर	घ्यावे	केराउ	ताङकर
दाल (गेडा)	पेतो	अण्डा	नाअफुङ
जिम्बु	भुमा	ढिँडो	घ्यवकेन्
भात	केन्	दाल	पेतो
रोटी	घ्याङ्	तरकारी	प्ला
माछा (फ्राइ)	ङ्हस्य	मासुस्य	
सुकुटी	स्यन्हरो	चिया	झ्य
पिठो	भ्रा	घ्यू	म्हर
रक्सी	आरा	जाँड	पा
रस	खुऊ	सिमी	भोङ्ठ
तेल	छ्युगु	चौरी	ह्या
घोडा	त	खच्चड	तठे
भैंसी	म्हय	राँगो	म्हय
गोरु	म्हे फो	गाई	म्हेमो
बाख्रा	र	भेडा	घ्यु
खसी	र	बोका	याङफो
कुखुरा	नाखा	चल्ला	नाखा भ भ
परेवा	ढोखेन्	खरायो	ञ्हेओङ्
पाडो	म्हय भ भ	माछा	ङ्हस्य
पुतली	खाला मोमो	कीरा	भुलुङ
माछा जिउँदो	ङ्हस्य सेम्पो	कमिला	नाखो
भाले	नाखा फो	पोथी	नाखा म्हो
चरा	ङिम्या	गिद्ध	झ्याक्के
काग	काखा	कुकुर	नक्यु
छाउरो	नक्यु भ भ	झोपा	झो
गधा	भुङ्बु	चितुवा	प्याङक्कु
बाघ	सेम्जेन्	स्याल	स्यल
फ्याउरो	ताङा	नाउर	फो
बन्चरो	त	हँसिया	भस्याक्

छुरी	घोज	चक्कु	घोज
खुकुरी	घोओल	बन्दुक	म्हेपा
लौरो	भेर्क	डोरी	ऱ्हुप्
सियो	घ्यखप्	ताउली	फुतुलि
थाल	थलिङ्	कचौरा	कुस्यु
चम्चा	घ्य	डेक्ची	अयङ
खुद्कुनो	गेखे	ताप्के	चाक्साङ्
खाट	ठिप्	कोदालो	तो
कर्ची	ठिप्	गलैंचा	ढोम्चे
कम्बल	स्हिले	सिरानी	खुम्ता
धूप	साङ्	आगो	मे
दाउरा	सिङ्	गोठ	ढोङ्
घर	धिम्	चुल्हो	कुतप्
लिस्नु	लि	ढोका	नप्
झ्याल	ऱ्हप्स	छाना	भे
जग	म्ह	भण्डार	भिङ
पूजा स्थान	छ्योमेन् फुल्पी ग्या	गाग्री	घारु
ठेकी	करि	घडेरी	धिम्स्होई स
घोचा	फुर्पू	दलिन	कुङ्
चौकोस	म्हरू	पर्खाल	घ्याङग्
दया	घ्यउ ख	माया	धिरवं
भगवान	कोन्च्यो	खोला	चाङगु
पहाड	ल्ह	वन	ढाङ
वर्षा	नम्	गर्मी	छेव छव
चिसो	खाङ्प	हिउँ	घिङ्
तुषारो	भ्रमो	शित	स्हिल्बो
थोपा	त्याक् त्याक्	तातो	ल्हप
घाम	धिनी	सूर्य	धिनी
चन्द्रमा	ल्हनी	झोला	नेन्प
कपडा	कम्	दाम्लो/डोरी	छो

पूजा	थप्ल	साङ्लो वा सिक्री	च्याक्ता
भारी	धे	पुजारी	ल्ह पेन
सम्बन्ध	छ्यम्प	घाँस	छि
रुख	धुङ्	ताल	चिङ्
छहरा	क्युतेचुव	हिउँ	घिङ्
फाँट	थाङ्	खेतबारी	स स्हिङ्गाङ्
अन्नबाली	ढु	राम्रो	घ्योप
नराम्रो	हाघ्योप	खोंच	धोङ् धोङ्
चुचुरो	न्युङ् न्यङ्	चरन	ढाङ्
तारा	सेर	जडीबुटी	मन्टोक
औषधी	मेन्	जानु	ङेव
आउनु	खव	भन्नु	भिव
डुल्नु र घुम्नु	भ्रव	गर्नु	लव
बोक्नु	नाक्प	दर्गुनु	तिक्युधाङव
खुसी हुनु	ङ्हाङ्घव	लेख्नु	भ्रिव
सुत्नु	न्हुक्प	बाल्नु	धव
बल्नु	लुम्व	बग्नु	क्युयुव
खस्नु	तेक्युव	हाँस्नु	ङेव
रुनु	काव	कराउनु	केतेव
गाली गर्नु	स्हिदाङ लव	माया गर्नु	धिरनलव
देखाउनु	ङोम्ब	सिकाउनु	लोप्प
लखट्नु	ञ्हाव	हप्काउनु	स्हिदाङ्लव
मन पर्नु	सेम थेव	विवाह गर्नु	स्हवाङ्लव
जन्मनु	केव	मर्नु	सिव
मार्नु	सेव	काट्नु	थाव
पिट्नु	तोव	सराप दिनु	मेमे केव
ठोक्नु	पुङप	अह्राउनु	कुल्प
सुन्नु	ङेम्प	खेल्नु	क्याङ्व
देख्नु	माङ्ब	कन्याउनु	रिव
चिलाउनु	क्यव	पकाउनु	भुग्प

मिसाउनु	ऱ्हेव	छान्नु	फेव
ढाक्नु/छोप्नु	धप्प	चढ्नु	केवं
पल्टनु	लालो धाङ्प	उड्नु	भ्रिक्प
उठ्नु	ऱ्हेप	भाग्नु	लाव
भगाउनु	लाली पिव	लगाउनु	कोम्प
खानु	चव	वान्ता गर्नु	स्हेङ्गव
दिसा गर्नु	कि पुङ्प	सल्लाह गर्नु	ढेलव
बनाउनु	स्होव	फुकाल्नु	फिन्ब
ढाँट्नु	भुनपाङ्प	कोर्नु	सिलव
लुकाउनु	छुम्प	स्याबासी दिनु	स्यावे लव
कपाल कोर्नु	क सिलव	ओसार्नु	खोव
रक्षा गर्नु	क्योर्प	पिङ खेल्नु	पिङ क्यङ्प
तारा खेल्नु	म्य क्याङ्प	किन्नु	घ्युव
बेच्नु	चुङ्प	ढल्नु	ह्योरङेव
झार्नु	खर्प	माग्नु	ऱ्हीव
दिनु	पिम्ब	बजार्नु	म्ह्याक्प
बजाउनु	ऱ्हप्प	नाच्नु	स्यव
गाउनु	घोय पुङ्प	टेक्नु	न्हेप्प
भुक्नु	नक्यु केतेव	दगुराउनु	तिक्यु धाङ्प
आरु	खाला	खुर्पानी	च्युली
सलगम	मोले	साग	ढप्
ओढार	ऊ	धनियाँ	थनी
जुमा	झ्योमो	लामा	लम
बाटो	घ्यम्/घ्यकम	तगारो	घोल्दाङ्
ढोका	नप्	झ्याल	ऱ्हप्स
भित्ता/पर्खाल	ढिम्	चुल्हो	थप्
गोठ	ढोङ्	हिमाली स्याउ	कुस्यु
बच्चा	भिसी	कुकुरको बच्चा	नक्यु झ झ
गाईको बच्चा	म्हेमो झ झ	घाँस	छि
फापर	घेवे	ओछ्यान	म्हल्ज

गलैंचा	ढोम्जी	गाग्री	घारु
तुङ्ना	ढन्यम्	ढोलक	धुम्च्याङ्
मुरली	पुली	टोपी	पुलु
लुगा	घोला	बाण	म्य
थोक्रो	धोङ्	बन्दुक	म्हेपा
गोली	भे	खोलो	चाङ्गु

वारहरूको विवरण

नेपाली	सेर्के भाषा
वार	स्हः
आइतवार	न्हिम्ह स्हः
सोमवार	ध्व स्हः
मंगलवार	मिमर स्हः
बुधवार	ल्हाक्प स्हः
बिहीवार	फुर्पू स्हः
शुक्रवार	पल्जाङ् स्हः
शनिवार	पेम्ब स्हः

सेर्के भाषामा गणना

नेपाली	सेर्के	नेपाली	सेर्के
एक	घी	चवन्न	इ्हेप्सी
दुई	इ्ही	पच्चपन्न	इ्हेइ्ह
तीन	सोम	छपन्न	इ्हेटु
चार	भ्री	सन्ताउन्न	इ्हप्धीन
पाँच	इ्ह	अन्ठाउन्न	इ्हाप्के
छ	ढु	उनन्साठी	इ्हर्कु
सात	डीस	साठी	ढुक्च्यु
आठ	भ्रे	एक्सठ्ठी	ऱ्हाक्ची
नौ	कु	बैसठ्ठी	ऱ्हेइ्ही

नेपाली	सेर्के	नेपाली	सेर्के
दश	च्यू	त्रिसठ्ठी	ऱ्हाक्सुम
एघार	चुकी	चौसठ्ठी	ऱ्हेप्सी
बाह्र	चुङ्डी	पैंसठ्ठी	ऱ्हेङ्ह
तेह्र	चुक्सोम	छैसठ्ठी	ऱ्हेटु
चौध	चुभ्ली	सतसट्ठी	ऱ्हप्धीन
पन्ध्र	चोङ	अटसट्ठी	ऱ्हाप्के
सोह्र	चीटु	उनन्सत्तरी	ऱ्हर्कु
सत्र	चिङ्डी	सत्तरी	धेन्च्यु
अठार	चोभ्रे	एकत्तर	धेन्ची
उन्नाइस	चिर्कु	बहत्तर	धेङ्ही
बिस	ङ्हीस्यु	त्रिहत्तर	धेन्सुम
एक्काइस	ङ्हीस्यु चाक्ची	चौहत्तर	धेन्स्ही
बाइस	ङ्हीस्यु चेङी	पचहत्तर	धेङ
तेइस	ङ्हीस्यु चोकसुम	छयहत्तर	धेन्ढुक
चौबिस	ङ्हीस्यु चेप्सी	सतहत्तर	धेन्धीन
पच्चिस	ङ्हीस्यु चेङ	अठहत्तर	धेन्गे
छब्बिस	ङ्हीस्यु चेटु	उनासी	धेन्गु
सत्ताइस	ङ्हीस्यु चप्तीन	असी	घ्यच्यु
अट्ठाइस	ङ्हीस्यु चाप्के	एकासी	घ्याक्ची
उनन्तीस	ङ्हीस्यु चोर्कु	बयासी	घ्हेङ्ही
तीस	सोम्च्यू	त्रियासी	घेन्सुम
एकतीस	सोक्ची	चैरासी	घेन्स्ही
बत्तिस	सेङी	पचासी	घेङ
तेत्तिस	सोक्सुम	छयासी	घेन्टु
चौतिस	सेप्सी	सतासी	घेन्धीन
पैतिस	सेङ	अठासी	घेन्घे
छत्तिस	सेटु	उनानब्बे	धेनघु

नेपाली	सेर्के	नेपाली	सेर्के
सैतिस	सेप्तीन	नब्बे	घोप्च्यु
अठतिस	साप्के	एकानब्बे	घोप्चीक
उनान्चालिस	सर्कु	बयानब्बे	घोइ्ही
चालिस	स्हिप्च्यु	त्रियानब्बे	घोन्सुम
एकचालिस	स्हाक्ची	चौरानब्बे	घोन्सी
बयालिस	स्हेइ्ही	पञ्चानब्बे	घोङ
त्रिचालिस	स्हाक्सुम	छयानब्बे	घोन्टु
चवालिस	स्हेप्स्ही	सन्तानब्बे	घोन्धीन
पैतालिस	स्हेइ्ह	अन्ठानब्बे	घोन्घे
छ्यालिस	स्हेटु	उनान्सय	घोर्कु
सतचालिस	स्हेप्धीन	सय	भ्र
अठचालिस	स्हाप्के	हजार	तोइ्डा
उनान्चास	स्हर्कु		
पचास	ङप्च्यू		
एकाउन्न	इ्हाक्ची		
बाउन्न	ङहेइ्ही		
त्रिपन्न	इ्हाक्सुम		

अनुसूचीः ५ सूचनादाताको नामावली

ताङ्गबे जातिको जातिशास्त्रीय अध्ययनको क्रममा आवश्यक जानकारी र सूचना प्रदान गर्ने प्रमुख सूचनादाताहरूको नामावली निम्नानुसार रहेका छ। सबैप्रति विशेष आभारी छौं।

क्र.सं.	नाम	बसोबास स्थान	जिल्ला
१.	उत्तम ताङ्गबे	जोमसोम	मुस्ताङ
२.	छवाङ सम्टु ताङ्गबे	जोमसोम	मुस्ताङ
३.	कर्म छिरिङ ताङ्गबे	जोमसोम	मुस्ताङ
४.	छवाङ डुटु ताङ्गबे	जोमसोम	मुस्ताङ
५.	देवसिङ ताङ्गबे	जोमसोम	मुस्ताङ
६.	भुजुङ आङदी ताङ्गबे	जोमसोम	मुस्ताङ
७.	कर्म ताङ्गबे	जोमसोम	मुस्ताङ
८.	धर्मवीर ताङ्गबे	जोमसोम	मुस्ताङ
९.	सुशील ताङ्गबे	पोखरा	कास्की
१०.	कर्साङ छवाङ ताङ्गबे	पोखरा	कास्की
११.	चेतन आनन्द सिंह ताङ्गबे	पोखरा	कास्की
१२.	दिलीप सिङ ताङ्गबे	पोखरा	कास्की
१३.	महेन्द्र ताङ्गबे	पोखरा	कास्की
१४.	टसी छिरिङ (विष्णु अर्पण) ताङ्गबे	पोखरा	कास्की
१५.	इन्द्रप्रसाद ताङ्गबे	ताङ्गबे	मुस्ताङ
१६.	ग्हिङ्जीङ् ताङ्गबे	ताङ्गबे	मुस्ताङ
१७.	सरिता ताङ्गबे	ताङ्गबे	मुस्ताङ
१८.	कर्म ढतुल ताङ्गबे	ताङ्गबे	मुस्ताङ
१९.	स्हाङ्मो ताङ्गबे	ताङ्गबे	मुस्ताङ
२०.	किरण ताङ्गबे	ताङ्गबे	मुस्ताङ
२१.	खेटुक ताङ्गबे	ताङ्गबे	मुस्ताङ
२२	डुटु स्हाङ्मो ताङ्गबे	पोखरा	कास्की
२३	लाक्पा छिरिङ ताङ्गबे	पोखरा	कास्की
२४	छिरिङ ढाक ताङ्गबे	पोखरा	कास्की
२५	आसबहादुर ताङ्गबे	पोखरा	कास्की

सन्दर्भ–सूची

उक्याव, ताम्ला, र श्याम अधिकारी. सन् २०००. *नेपालका आदिवासी जनजातिहरू.* काठमाडौँ, श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय जनजाति विकास समिति।

खनाल, कृष्ण, सम्पा. २०६५. *नेपालमा सङ्घीय शासन प्रणालीः व्यवस्थापन र कार्यान्वयन.* काठमाडौँ, राष्ट्रिय शान्ति अभियान।

खत्री, प्रेमकुमार. २०५५. *उत्पत्तिः मानव सभ्यताको केही पक्षको ऐतिहासिक एवं मानवशास्त्रीय अध्ययन,* काठमाडौँः नेपाल एसियाली अनुसन्धान केन्द्र।

गुरुङ, ओम (अनुवादक). *अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ स्वतन्त्र देशहरूका आदिवासी जनजातिसम्बन्धी महासन्धि.* काठमाडौँ । नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद सचिवालय।

जिल्ला विकास योजना. २०६६/२०६७. जिल्ला विकास समिति, मुस्ताङ।

जिल्ला विकास योजना. २०६५/२०६६. जिल्ला विकास समिति, मुस्ताङ।

जिल्ला वस्तुगत विवरण मुस्ताङ. २०६५. शाखा तथ्याङ्क कार्यालय बागलुङ।

जिल्ला वस्तुगत विवरण मुस्ताङ. २०७२. शाखा तथ्याङ्क कार्यालय बागलुङ।

ताङ्गबे, सुशील र फूर्प छिरिङ ताङ्गबे. *अप्रकाशित. ताङ्गबे जातिको परिचय.* कास्की।

नेपालको संविधान २०७२. काठमाडौँ । नेपाल सरकार कानुन, न्याय तथा ससंदीय मामिला मन्त्रालय कानुन किताब व्यवस्था समिति।

न्यौपाने, गोविन्द. २०६२. *नेपालको जातीय प्रश्न सामाजिक बनोट र साझेदारीको सम्भावना.* काठमाडौँ। सेन्टर फर डेभलप्मेन्ट स्टडिज्।

पुन, लालबहादुर. २०६८. *बाह्रगुँले (बाह्रगाउँले) जातिको चिनारी.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर र बाह्रगुँले (बाह्रगाउँले) समाज सेवा समिति, मुस्ताङ।

पाण्डेय, मधुसुदन. २०६५. *नेपालकाज जनजातिहरू (पाँचौ संस्करण).* काठमाडौँ, पैरवी प्रकाशन।

मुस्ताङ जिल्ला संक्षिप्त जानकारी. २०६६. मुस्ताङ जिल्ला विकास समितिको कार्यालय, मुस्ताङ।

मेचीदेखि महाकालीसम्म भाग ३ पश्चिमाञ्चल विकास क्षेत्र. २०३१. काठमाडौँ, श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग।

श्रेष्ठ, टेकबहादुर. २०५९. *पर्वत राज्यको ऐतिहासिक रूपरेखा.* काठमाडौँ, नेपाल एसियाली अनुसन्धान केन्द्र।

भट्टराई, घनश्याम. २०६४. *नेपालको स्थानीय प्रशासनको इतिहास* (१७६८-१९५१ ई.सं.), नयाँ दिल्ली, भारत। एड्रोयट पब्लिसर्स।

भट्टचन, ज्योति. अप्रकाशित. *ताङ्बे जातिको इतिहास र संस्कृति.* कास्की।

मोजाइला, पिर्को (अनु. टंकप्रसाद गुरुङ). २०७४. *ग्रामीण गुरुङ सङ्गीतको इथ्नोग्राफिक अध्ययनः निरन्तरता र परिवर्तन.* काठमाडौँ, रत्न पुस्तक भण्डार।

शर्मा, जनकलाल. २०३९. *हाम्रो समाजः एक अध्ययन (तेश्रो संस्करण).* काठमाडौँ, साझा प्रकाशन।

शेरचन, संजय. २००४. *नेपाली राज्य र आदिवासी जनजाति.* काठमाडौं, पसरिह गरयोवा।

हागन, टोनी. २०५८. *नेपालको चिनारी.* ललितपुर, हिमाल किताब।

क्षेत्री, नारायणप्रसाद. २०४४. *मुस्ताङ दिग्दर्शन.* काठमाडौँ, नेपाल, साझा प्रकाशन।

Gurung, Hark, 1980 A.D. *Vignettes of Nepal*. Kathmandu: Sahayogi Press.

Gurung Nareshwor, 1977 A.D. *An Introduction to the Socio-Economic Structure of Manag District.* Kathmandu: Kailash, Volumn-IV

Jackson, D.P. 1978 A.D. *Notes on the history of Serib and nearby places in the Upper kali Gandaki*. Kathmandu: Kailash, Volumn-VI.

Karmachary, M.L., *Role of the Bhaladmis in the Management of Local Affairs in Sourthern Mustang in the nineteenth and twentieth century*. Kathmandu: Ancient Nepal, Volumn-138.

Ramble, Charles and Seeber, Christian, 1995 A.D. *Dead and Living Settlements in the Shoyul of Mustang*. Kathmandu: Ancient Nepal, Volumn-138.

Stiller, F. Ludwig, 1995 A.D. *The Rise of the House of Gorkha*. Kathmandu: HRD Research center.

Ukyab, Tamla & Shyam Adhikari, 2001. *The Nationalities of Nepal*. Kathmandu: NCDN.

Yadav, Yogendra and Pradeep L. Bajracharya, 2005. *The Indigeneous Languages of Nepal (ILN), Situation, Policy Planning and Coordination*. Lalitpur: National Foundation for Development of Indigeneous Nationalities (NFDIN).

लेखकको परिचय

हरिचन छन्त्यालको जन्म थातथलो घैयाखानी, ढोरपाटन नपा- ६, बागलुङ, नेपाल हो। उनले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी र मानवशास्त्र विषयमा स्नातकोत्तर गरेका छन्। उनले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको अनुसन्धान सहयोगमा छन्त्याल (सन् २००८), बराम (सन् २०१०) र ताङ्बे (सन् २०१२) आदिवासी जनजातिबारे 'जातिशास्त्रीय' (Ethnographic) अध्ययन गरेका छन्। उनले सन् २००९/१० मा प्रतिष्ठानको अनुसन्धान सहयोगमा छन्त्याल जातिको पुख्यौंली पेशा खानीसम्बन्धी (सन् २००९) अध्ययन र गण्डकी प्रज्ञा-प्रतिष्ठानको सहयोगमा छन्त्याल जातिको लोकसंस्कृतिसम्बन्धी (सन् २०२२) अध्ययन समेत गरेका छन्। उनको लेखनमा 'बराम जातिको चिनारी' (२०७२) र 'छन्त्याल जातिको चिनारी' (२०७७) प्रकाशित छ भने उनी 'छन्त्याल पहिचानका आयाम' (सन् २०१४)को सह-सम्पादक समेत हुन्।

लेखकले छन्त्याल जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक अवस्था र पुख्यौंली परम्परागत पेसा तामाखानीको ऐतिहासिक, प्रशासनिक, न्यायिक पक्षबारे समाजशास्त्रीय तथा मानवशास्त्रीय रूपले अध्ययन गरेका छन्। उनले नेपाल छन्त्याल संघको सचिव (सन् १९९९-२००५), महासचिव (सन् २०१०-१४) र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषद् सदस्य (सन् २००७-१२) पदमा रहेर कार्य सम्पादन गरिसकेका छन्। हाल उनी छन्त्याल अध्ययन तथा अनुसन्धान केन्द्रका अध्यक्ष र संघको उपाध्यक्ष छन्। उनीसँग गैरसरकारी संस्थामा १७ वर्षभन्दा बढी लामो अनुभवसँगै कार्यरत छन्। उनको शिक्षण क्षेत्रमा समेत ७ वर्षको अनुभव छ। उनले इतिहास, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, सुशासन, स्थानीय शासन र शिक्षा विषयको अध्ययन-अनुसन्धानमा रुचि राख्छन्।

इमेल : harichanchh@gmail.com

लेखकको परिचय

फूर्प छिरिङ ताङ्बेको जन्म गण्डकी प्रदेश मुस्ताङ जिल्लाको घरपझोङ् गाउँपालिका-१, जोमसोममा सम्वत् २०१५ जेठ १५ गते भएको हो । उनले प्रारम्भिक एवं माध्यमिक शिक्षा जोमसोम र उच्च शिक्षा पुल्चोक क्याम्पसबाट ओभरसियर पूरा गरेका छन् । उनले करिब दुई वर्ष प्राविधिक क्षेत्रमा सरकारी सेवा गरे । सोही क्रममा सम्वत् २०३५ सालतिर हुम्लाको सार्वजनिक निर्माण शाखामा १ वर्षसम्म निमित्त इञ्जिनियरको जिम्मेवारी पूरा गरे । सरकारी सेवा छोडेपछि सम्वत् २०३६ सालमा पोखरामा आफ्नो काकाको पसलमा कामको थालनी गरे । सम्वत् २०५२ सालदेखि आफ्नै खानेपानी बोरिङ तथा वितरण, सेप्टी ट्याङ्की सफाइ र कंक्रिट मिक्स्चर मेशिनको व्यवसाय सुरु गरे । पोखरामा तीन किसिमको व्यवसाय एकै पटक सञ्चालन गर्ने व्यक्ति सायद उनी नै पहिलो हुन् । उनी पोखरामा स्थापित एक सफल व्यवसायी हुन् । उनी चलचित्रका निर्देशक पनि हुन् । उनको निर्देशनमा **फेरि भेटौँला** र **किड्न्याप** चलचित्र निर्माण भएको छ । **विविस** चलचित्र तयारीको क्रममा दुर्घटनाको कारण केही समय चलचित्रको कार्य बन्द भयो । हाल उनले नयाँ चलचित्रको लागि कथा, पटकथा र गीत लेखिरहेका छन् ।

उनले ताङ्बे समाज सेवा संघको संस्थापक सदस्य र सम्वत् २०६९ मा अध्यक्षको जिम्मेवारीसमेत पूरा गरेका छन् । हाल उनी संघ र युनिक ब्याटमिण्टन क्लबको कोषाध्यक्ष तथा पोखरा निर्माण व्यवसायी समितिको प्रमुख सल्लाहकार हुन् । निःस्वार्थ सामाजिक सेवाभावका धनी फूर्पले ताङ्बे जातिको सेर्के मातृभाषा जगेर्नाको लागि शब्द सङ्कलन, शब्दकोश तयारी, सेर्के भाषामा ९ वटा गीत रेकर्डिङ, सामाजिक, सांस्कृतिक र धार्मिक सम्पदा तथा जनसङ्ख्या आदिको विवरण अद्यावधि गर्ने कार्यहरूलाई निरन्तरता दिएका छन् । ताङ्बे जातिको चिनारी उनको पहिलो कोसेली हो ।